# पहिलो परिच्छेद

# zfw kl/ro

## १.१ शोध शीर्षक

प्रस्तुत शोधको शीर्षक **पारिजातको अध्ययन परम्परा** रहेको छ ।

## १.२ शोध प्रयोजन

प्रस्तुत शोधपत्र **त्रिभुवन विश्वविद्यालय मानविकी तथा समाजशास्त्र सङ्काय, नेपाली केन्द्रीय विभाग** अन्तर्गत **स्नातकोत्तर तह दोस्रो वर्ष**को दशौँ पत्रको प्रयोजनका निम्ति रहेको छ ।

## १.३ शोध परिचय

नेपाली साहित्यको क्षेत्रमा आफ्नो विशिष्ट योगदान दिने प्रखर स्रष्टा **पारिजात** (१९९०-२०५०) आफ्नो समयलाई नेतृत्व गर्न सफल साहित्यिक प्रतिभा हुन् । पारिजातको जन्मवर्ष र गतेको सम्बन्धमा विभिन्न मतहरू पाइन्छन् । यो मिति पिताले छोरीलाई नेपाल गर्ल्स हाइस्कुल दार्जिलिङमा दुई कक्षामा भर्ना गराउँदा लेखाएको आधारमा उल्लेख गरिएको हो ।[1] **धरती** (२०१३) पत्रिकामा फुटकर कविता प्रकाशित भएपछि नेपाली साहित्यको विशाल फाँटमा प्रवेश गरेकी पारिजातको प्रथम पुस्तकाकार कृति **आकाङ्क्षा** (२०१४) कवितासङ्ग्रह हो । त्यसपछि उनका दुईवटा कवितासङ्ग्रहहरू **पारिजातका कविता** (२०४४) र **बैँसालु वर्तमान** (२०५०) प्रकाशित भएका छन् । प्रारम्भमा कविता विधाबाट लेखन प्रारम्भ गरेकी पारिजात पछि क्रमश : आख्यान विधामा केन्द्रित भएको पाइन्छ । **रचना** (२०२१) पत्रिका **मैले नजन्माएको छोरो** शीर्षकको कथा प्रकाशित भएपछि उनको लेखनको सुरुवात भएको देखिन्छ । यसपछि उनका **आदिम देश** (२०२५), **सडक र प्रतिभा** (२०३२), **साल्गीको बलात्कृत आँशु** (२०४३) र **वधशाला जाँदा आउँदा** (२०४९) कथाकृतिहरू प्रकाशित भएका छन् ।

पारिजातले सबैभन्दा बढी उपन्यासकारको रूपमा ख्याति प्राप्त गरिन् । **शिरीषको फूल** (२०२२) बाट उपन्यास विधामा उनको सार्वजनिक उपस्थिति भएको हो भने क्रमशः **महत्ताहीन** (२०२५), **बैंसको मान्छे** (२०२९), **तोरीबारी, बाटा र सपनाहरू** (२०३०), **पर्खालभित्र र बाहिर** (२०३४), **उसले रोजेको बाटो** (२०३४), **अन्तर्मुखी** (२०३५), **अनिदो पहाडसँगै** (२०३९), **परिभाषित आँखाहरू** (२०४६) र **बोनी** (२०४८) गरी जम्मा १० वटा औपन्यासिक कृतिहरू प्रकाशित भएका छन् । यसरी नै उनका **आधी आकाश** (२०४८) लेख तथा निबन्धसङ्ग्रह, **धुपी सल्ला र लालीगुँरासको फेदमा** (२०४३), **एउटा चित्रमय सुरुवात** (२०४५), **अध्ययन र सङ्घर्ष** (२०५०) जस्ता तीनवटा आत्मसंस्मरण, **जुठी दमिनी** (२०५५), बालगीतिकाव्य र **पारिजातका नाटक** (२०६५) गरी जम्मा २३ वटा कृतिहरू प्रकाशित भएका छन् ।

पारिजातको मृत्युपछि पनि उनका कृतिहरू प्रकाशित भएका छन् । **बैंसालु वर्तमान** (कवितासङ्ग्रह, २०५०), **अध्ययन र सङ्घर्ष** (संस्मरण, २०५०), **पारिजातका नाटक** (नाटक,

---

[1] कृष्णप्रसाद घिमिरे र रामप्रसाद ज्ञवाली, **आख्यानकार पारिजात**, दो.सं., (काठमाडौं : हजुरको प्रकाशन, २०६४), पृ. १ ।

२०६४), **जुठी दमिनी** (बाल गीतिकाव्य, २०५५), मृत्युपछि प्रकाशित भएका कृतिहरू हुन् । पारिजातका ७ वटा गीतलाई गायिका सुसन मास्केले स्वरबद्ध गरी "स्वर श्रद्धाञ्जली" साङ्गीतिक एल्बम प्रकाशित गरेको पाइन्छ । २०५२ साल असार २७ मा पारिजातको फोटो र परिचय सहितको हुलाक टिकट प्रकाशित भएको पाइन्छ । यसमा "यस्ती बहुप्रतिभाशाली व्यक्तित्त्वको सम्मान स्वरूप यो संस्मरणात्मक हुलाक टिकट प्रचलनमा ल्याइएको छ"[२] भनिएको छ ।

पारिजातको नाममा पारिजात स्मृति केन्द्र (२०५०) को स्थापना गरिएको पाइन्छ । त्यस्तै वि.सं. २०५१ मा काठमाडौंको म्हेपीमा २०५१ मा साहित्यकार पारिजातको प्रतिभा स्थापना गरिएको र सो प्रतिभाको रचना मूर्तिकार रामकृष्ण भण्डारीले गरेको पाइन्छ । पारिजातको स्मृतिमा "पारिजात सङ्घर्षशील नारी पुरस्कार" (२०५१), पारिजात साहित्य पुरस्कार (२०५१) र पारिजात कला पुरस्कार (२०५९) पनि स्थापना भएको पाइन्छ । पारिजातको स्मृतिमा छात्रवृत्ति, छात्राबास स्थापना आदि विभिन्न कार्यहरूसमेत भएको पाइन्छ ।

कविता विधाबाट प्रारम्भ भएको लेखन क्रमशः कथा, उपन्यास, निबन्ध, नाटक र फुटकर रूपमा समालोचना हुँदै अघि बढेको पाइन्छ । नेपाली साहित्यको विशाल फाँटमा विभिन्न विधाका कृतिहरू रचना गरी उल्लेखनीय योगदान पुऱ्याउने पारिजातका बारेमा विभिन्न विद्वान्, समालोचक तथा अनुसन्धाताबाट शोधखोज तथा अध्ययन-अनुसन्धान हुँदै आएको छ । पारिजातका कृतित्व र व्यक्तित्वको टिप्पणी र मूल्याङ्कन गर्ने पहिलो व्यक्ति **दान खालिङ** हुन् ।[३] उनले **आकांक्षा** (२०१४) कवितासङ्ग्रहको प्रकाशनका क्रममा **दुई शब्द** शीर्षकमा भूमिका लेखेका छन् ।

खालिङले भूमिका लेखनबाट पारिजातको अध्ययन परम्पराको सुरुवात गरे पनि उनको विषयमा स्वतन्त्र रूपमा अध्ययन गर्ने व्यक्ति **हरिराज जोशी** हुन् । उनले **पारिजात : एक पारि एक जात नेपाली साहित्यको पारिजात** शीर्षकमा **मुकुट** (२:२, २०१२१, पृ. ४७-५०) पत्रिकामा उनलाई साहित्यकारको रूपमा चिनाएका छन् । यसरी निरन्तर रूपमा हुँदै आएको **पारिजात**को अध्ययन परम्परामा देखा परेका सामग्रीलाई व्यवस्थित गर्ने कार्यको सुरुवात **कृष्णप्रसाद अधिकारी**को **पारिजातको अध्ययन परम्परा** (वि.सं. २०६६) शीर्षकको शोधकार्यबाट भएको पाइन्छ । त्यसमा सुरुदेखि वि.सं. २०३० सम्म भएका पारिजातका कृतिको समीक्षा, टिप्पणी र समालोचनालाई कालक्रमिक रूपमा प्रस्तुत गरिएको छ । यही पृष्ठभूमिमा रहेर **राजेन्द्र पौडेलले पारिजातको अध्ययन परम्परा** (वि.सं. २०३०-५० मृत्युअघि) शोधकार्य २०६६ मा सम्पन्न गरिसकेको पाइन्छ । पारिजातको कृतिमा विद्यावारिधिसम्मका उच्च अनुसन्धानहरू भइरहेका छन् । प्रस्तुत शोधपत्रमा वि.सं. २०५० पछि पारिजातका बारेमा लेखिएका पुस्तकाकार कृति, शोधपत्र तथा पत्रपत्रिकामा प्रकाशित फुटकर लेखरचनाहरूमा पारिजातको अध्ययन र मूल्याङ्कन के कसरी भएको छ ? त्यसको ऐतिहासिक कालक्रमका आधारमा सर्वेक्षण र मूल्याङ्कन गर्ने कार्य यस शोधपत्रमा गरिएको छ । यसको विषयक्षेत्र पनि पारिजातको जीवनी, व्यक्तित्व र कृतित्वमा भएका अध्ययनको सर्वेक्षणात्मक मूल्याङ्कन गर्नु रहेको छ ।

---

[२] सुकुम शर्मा, **पारिजातका कविताको अध्ययन**, (काठमाडौं : सनलाइट पब्लिकेसन, २०६२), पृ. ३७-३८ ।

[३] कृष्णप्रसाद, अधिकारी, **पारिजातको अध्ययन परम्परा**, अप्रकाशित स्नात्तकोत्तर शोधपत्र, (त्रि.वि. कीर्तिपुर : नेपाली केन्द्रीय विभाग, २०६६), पृ. २८ ।

## १.४ समस्याकथन

प्रस्तुत शोधपत्रका शोधक्षेत्र नेपाली साहित्य क्षेत्रमा पारिजातको उपस्थितिसँगै उनको जीवनी, व्यक्तित्व र कृतित्वलाई आधार बनाएर गरिएको सामग्रीको विश्लेषण गर्नु रहेको छ । पारिजातसम्बन्धी अध्ययन-अनुसन्धान व्यक्तिगत र संस्थागत रूपमा हुँदै आएको छ । ती सामग्रीहरू यत्रतत्र छरिएर रहेका छन् । तिनलाई व्यवस्थित गरेर पारिजातको अध्ययन परम्परा कसरी अगाडि बढेको छ ? भन्ने विषय मूल समस्या रहेको पाइन्छ । यसका समस्याहरू यसप्रकार रहेका छन् :-

क) पारिजातसम्बन्धी पुस्तकाका कृति एवम् शोधपत्रहरूमा गरिएको अध्ययन के कसरी अगाडि बढेको छ ?

ख) पारिजातसम्बन्धी पत्रपत्रिकामा फुटकर रूपमा गरिएको अध्ययन के-कसरी अगाडि बढेको छ ?

ग) पारिजातसम्बन्धी पुस्तकाकार कृति, शोधपत्र, स्मृति ग्रन्थ र पत्रपत्रिकामा प्रस्तुत सामग्रीहरूमा पारिजातको मूल्याङ्कन के कसरी गरिएको छ ?

## १.५ शोधकार्यको उद्देश्य

प्रस्तुत शोधपत्रको उद्देश्य समस्या कथनमा देखापरेका समस्याहरूको समाधान गर्नु रहेको छ । त्यसैले प्रस्तुत शोधपत्रका उद्देश्यहरूलाई बुँदागत रूपमा यसरी उल्लेख गरिएको छ ।

क) पारिजातसम्बन्धी पुस्तकाकार कृति एवम् शोधपत्रहरूमा गरिएको अध्ययन सर्वेक्षण गर्नु ।

ख) पारिजातसम्बन्धी पत्रपत्रिकामा फुटकर रूपमा गरिएको अध्ययन सर्वेक्षण गर्नु ।

ग) पारिजातसम्बन्धी पुस्तकाकार कृति, शोधपत्र, स्मृति ग्रन्थ र पत्रपत्रिकामा प्रस्तुत सामग्रीहरूमा भएको पारिजातको मूल्याङ्कन प्रस्तुत गर्नु ।

## १.६ पूर्वकार्यको समीक्षा

पारिजातको सम्बन्धमा अध्ययन अनुसन्धान गर्ने कार्य व्यक्तिगत तथा संस्थागत रूपमा हुँदै आएको छ । दान खालिङबाट प्रारम्भ भएको पारिजातको अध्ययन परम्परा विस्तृत देखिन्छ । मृत्युअघि (वि.सं. २०५०) सम्मको अध्ययन परम्पराको सर्वेक्षण कार्य सम्पन्न भइसकेकोले त्यसपछिका सामग्रीहरू यस शोधकार्यमा समावेश गरिएको छ । यस शोधकार्यको पूर्वकार्यको समीक्षा गर्दा विभिन्न पत्रपत्रिकाहरूमा प्रकाशित फुटकर सामग्रीहरू, स्मृति ग्रन्थमा प्रकाशित सामग्रीहरू, शोधपत्रको रूपमा अध्ययन गरिएका सामग्रीहरू र पुस्तकाकार कृतिका रूपमा अध्ययन गरिएका सामग्रीहरूलाई ऐतिहासिक कालक्रमका आधारमा छुट्टाछुट्टै प्रस्तुत गरिएको छ ।

### क) शोधकार्यहरू

पारिजातको जीवनी, व्यक्तित्व र कृतित्वलाई आधार बनाएर फुटकर रूपमा अध्ययन, अनुसन्धान गर्ने लामो परम्परामा उनको एकमुष्ट अध्ययन परम्परा भने **नयना प्रधानको पारिजात**

: **जीवनी, व्यक्तित्व र कृतित्व,** अप्रकाशित स्नातकोत्तर शोधपत्र (कीर्तिपुर, नेपाली केन्द्रीय विभाग, २०३८) बाट प्रारम्भ भएको छ । यसपछि उनका विभिन्न विधामा स्नात्तकोत्तर र विद्यावारिधिका शोधकार्यसमेत सम्पन्न भएका छन् । यहाँ पूर्वकार्यको रूपमा केही शोधकार्यको विवरण प्रस्तुत गरिएको छ ।

**नयना प्रधान, पारिजात : जीवनी, व्यक्तित्व र कृतित्व** (२०३८), **अम्बुभवानी कार्की, पारिजातको कथाकारिता** (२०५२), **भैरवप्रसाद गेलाल, पारिजातको कृतित्वको अध्ययन** (२०५३), **पाशाकान्त थापा श्रीस, शिरिषको फूल उपन्यासको कृतिपरक अध्ययन** (२०५५), **दिनमणि आचार्य, अनिदो पहाडसँगै उपन्यासको कृतिपरक अध्ययन** (२०५८), **हरिहर चापागाईं, परिभाषित आँखाहरू उपन्यासको कृतिपरक अध्ययन** (२०६०), **राजन भट्टराई, पारिजातका उपन्यासहरूमा अभिव्यक्त विसङ्गतिवादी अस्तित्वको चिन्तन** (२०६१), **खगेन्द्र जोशी, अन्तर्मुखी उपन्यासको कृतिपरक अध्ययन** (२०६१) लगायतका त्रि.वि.अन्तर्गतका आङ्गिक क्याम्पसहरूबाट पारिजातका विषयमा प्रशस्त शोधकार्यहरू सम्पन्न भएको पाइन्छ । यसको साथै **कृष्णप्रसाद अधिकारीले पारिजातको अध्ययन परम्परा,** अप्रकाशित स्नातकोत्तर शोधपत्र (कीर्तिपुर, नेपाल केन्द्रीय विभाग, २०६६) मा पारिजातको अध्ययन परम्पराको सर्वेक्षण गरेको पाइन्छ । पारिजातको अध्ययन परम्परामा भएको यो प्रथम शोधकार्य हो । यसमा अधिकारीले पारिजातको अध्ययन परम्पराको सुरुदेखि २०३० सालसम्मको सर्वेक्षण गरेका छन् । यसै परम्परालाई निरन्तरता दिँदै राजेन्द्र पौडेलले पारिजातको अध्ययन परम्परा, अप्रकाशित स्नातकोत्तर शोधपत्र (कीर्तिपुर, नेपाली केन्द्रीय विभाग, २०६६) मा पारिजातको अध्ययन परम्परा (वि.सं २०३०-२०५०, मृत्यृअघि) सम्मको सर्वेक्षण गरेका छन् ।

**ख) पुस्तकाकार कृतिहरू**

**चुडामणि रेग्मीको पारिजात : परिचय र मूल्याङ्कन** (२०५०) शीर्षकको पुस्तक पारिजातका विषयमा लेखिएको प्रथम समष्टि पुस्तक हो । यसमा परिजातको सङ्क्षिप्त परिचय दिँदै उनका अहिलेसम्म छरिएर रहेका विचारहरू प्रस्तुत गरिएका छन् ।

मोहन दुवालद्वारा सम्पादित जनमत, पारिजात स्मृति अङ्क (२०५०) पृ. ६८-७१ मा पारिजातको जीवनका विभिन्न घटनाका साथै पारिजातसम्बन्धी एवम् विभिन्न स्रष्टा समालोचकहरूका रचनाहरू प्रस्तुत गरिएको छ ।

**निनु चापागाईं र खगेन्द्र सङ्ग्रौला**द्वारा सम्पादित **पारिजात स्मृति ग्रन्थ** (२०५१) पारिजातको मृत्युपश्चात प्रथम वार्षिकी समारोहमा लोकदर्शन गराइएको उल्लेख्य कृति हो । यसमा पारिजातका घटनापूर्ण जीवनवृत्त प्रस्तुत गर्नुका साथै मूल्याङ्कन खण्डमा विभिन्न स्रष्टा समालोचकहरूका लेखहरू प्रस्तुत गरिएको छ ।

**राजेन्द्र सुवेदी**को **सृजन विधाका परिधिमा पारिजात** (२०५३) नामक कृति पारिजातको अध्ययन परम्परामा देखापरेको सङ्क्षिप्त र महत्त्वपूर्ण पुस्तकाकार कृति हो । सुवेदीले यसमा पारिजातको सङ्क्षिप्त जीवनवृत प्रस्तुत गर्नुका साथै कवि, उपन्यासकार र कथाकार पारिजातको अभ्युदय, विकासको चर्चा गर्दै विभिन्न कोणबाट कृतिको विश्लेषण गरेका छन् ।

**नरेन्द्रराज प्रसाईद्वारा** लिखित **पारिजातको जीवनकथा** (२०५७) नामक कृति कृति पारिजातको जीवनीलाई साहित्यिक रूप प्रदान गरी प्रस्तुत गरिएको कृति हो ।

**कृष्णप्रसाद घिमिरे र रामप्रसाद ज्ञवालीद्वारा** लिखित **आख्यानकार पारिजात** (२०५८) नामक कृति पारिजातका उपन्यास र कथाहरूको विश्लेषण गरिएको एक महत्त्वपूर्ण समालोचनात्मक कृति हो । पारिजातको जन्ममितिबारे देखिएको अन्योललाई अन्त्य गर्न दार्जिलिङसम्म पुगी उनको जन्म वि.सं. १९९० सालमा भएको तथ्य प्रमाण सहित दावी गर्नु यसको छुट्टै वैशिष्ठ्य रहेको देखिन्छ ।

**डी.आर. पोखरेलको पारिजातको साहित्यिक मूल्याङ्कन** (२०६२) नामक कृति पारिजातका कृतिहरूको अध्ययन, अनुसन्धानको प्रचार-प्रसार गर्ने उद्देश्यले लेखिएको एक महत्त्वपूर्ण कृति हो । यसमा पोखरेलले पारिजातका कृतिहरूलाई मार्क्सवादी सौन्दर्यशास्त्रका आधारमा व्याख्या र विवेचना गर्ने प्रयत्न गरेका छन् ।

**सुकुम शर्माको पारिजातका कविताको अध्ययन** (२०६२) नामक कृतिमा पारिजातको जीवनी, व्यक्तित्व र कृतित्वको सङ्क्षिप्त रेखाङ्कन गर्नुका साथै तीन कवितासङ्ग्रहमा सङ्गृहीत कविताको अध्ययन, विश्लेषण गरेका छन् । कविता विश्लेषण गर्दा कवितामा प्रयुक्त शब्द र शब्द आवृत्तिसमेत देखाउने कार्य गर्नुका साथै पारिजातसम्बन्धी भएका कार्यहरूको सर्वेक्षण पनि गरेका छन् ।

**भवानीप्रसाद पाण्डेको पारिजातका उपन्यासमा समाजवादी यथार्थवाद** (२०६४) नामक पुस्तक विद्यावारिधिको शोधप्रबन्धको रूपमा छापिएको कृति हो । यसमा पाण्डेले पारिजातको औपन्यासिक यात्रालाई तीन चरणमा विभाजन गरी उपन्यासहरूको अध्ययन-विश्लेषण गरेका छन् ।

ग) पत्रपत्रिका

यस शीर्षक अन्तर्गत पारिजातको जीवनी, व्यक्तित्व र कृतित्वलाई आधार बनाएर प्रकाशित गरिएका समालोचनात्मक लेख, टीका-टिप्पणी, विश्लेषण, मूल्याङ्कन, संस्मरणात्मक लेख आदि प्रकाशित भएका पत्रपत्रिकाहरूको सूची प्रस्तुत गरिएको छ । यिनै सामग्रीहरू शोधकार्यका विश्लेषणीय सामग्री हुन् ।

**जनमत** (२०५०), **ज्ञानगुनका कुरा** (२०५०), **देशान्तर** (२०५०), **जनादेश** (२०५०), **प्रकाश** (२०५०), **दृष्टि** (२०५०), **जनमञ्च** (२०५०), **गोखापत्र शनिवार** (२०५०), **सुरुचि** (२०५०), **कान्तिपुर** (२०५०), **पुर्नजागरण** (२०५०), **युगसम्वाद** (२०५०), **वेदना** (२०५२), **समकालीन साहित्य** (२०५२), **प्रयोग** (२०५२), **बगर** (२०५३), **गरिमा** (२०५४), **जम्को** (२०५५), **मधुपर्क** (२०६२), **नवयुवा** (२०६२) ।

पारिजातको जीवनी, व्यक्तित्व र कृतित्वलाई आधार बनाएर गरिएका उपर्युक्त पूर्वकार्यहरू पारिजातको अध्ययन परम्परामा देखिएका महत्त्वपूर्ण कार्यहरू हुन् । प्रस्तुत शोधमा यिनै सामग्रीहरूलाई आधार मानेर सीमाङ्कनभित्र रहेर शोधकार्य सम्पन्न गरिने छ ।

## १.७ शोधको औचित्य र महत्त्व

पारिजातको जीवनी, व्यक्तित्व र कृतित्वलाई आधार बनाएर विभिन्न किसिमका अध्ययन, अनुसन्धान, विश्लेषण र मूल्याङ्कन भएका छन् । ती सामग्रीहरू जतातततै छरिएका छन् । ती सामग्रीहरू एकिकृत गरी ऐतिहासिक कालक्रममा राखेर सर्वेक्षण, विश्लेषण एवम् मूल्याङ्कन गर्ने कार्य यस शोधमा गरिएको छ । त्यसैले पारिजातको विषयमा गरिएका अध्ययनसम्बन्धी जानकारी राख्ने अध्येता, अनुसन्धाता सबैलाई यो कार्यले सहयोग पुऱ्याउने भएको हुँदा यो शोधकार्य औचित्यपूर्ण रहेको छ ।

## १.८ शोधको सीमाङ्कन

पारिजातको अध्ययन परम्परा (वि.सं. २०५० पछि, मृत्युपछि) शीर्षकको शोधपत्रमा पारिजातको बारेमा गरिएका सबै किसिमका अध्ययन, अनुसन्धान, विश्लेषण र मूल्याङ्कनलाई समावेश गरिएको छ । यसभन्दा पहिले **कृष्णप्रसाद अधिकारी**ले **पारिजातको अध्ययन परम्परा** (स्नातकोत्तर शोधपत्र, २०६६) र **राजेन्द्र पौडेल**ले **पारिजातको अध्ययन परम्परा** (स्नातकोत्तर शोधपत्र, २०६६) शीर्षकको शोधकार्य सम्पन्न गरेका छन् । **कृष्णप्रसाद अधिकारी**ले वि.सं. २०३० सम्मको अध्ययनको सर्वेक्षण र मूल्याङ्कन गरिसकेका छन् भने त्यस्तै गरी **राजेन्द्र पौडेल**ले वि.सं. २०३०-२०५०, मृत्युअघि) सम्म उपलब्ध सामग्रीको सर्वेक्षण र मूल्याङ्कन गरेका छन् । पारिजातको अध्ययन परम्परामा देखापरेका सबै सामग्रीलाई व्यवस्थित रूपले अध्ययन गर्न (वि.सं. २०५०-२०६२) भनेर समय सीमा तोकिएको छ । यस शोधकार्यमा नेपाली भाषामा लेखी प्रकाशित गरिएका उपलब्ध सामग्रीलाई समावेश गरिएको छ ।

## १.९ सामग्री सङ्कलन विधि

प्रस्तुत शोधपत्र तयार गर्दा सामग्री सङ्कलनका निमित्त पुस्तकालीय विधिको प्रयोग गरिएको छ । पुस्तकालयमा उपलब्ध नहुने सामग्रीका लागि सम्बन्धित व्यक्तिहरूसँग भेटघाट गरी सूचना लिने कार्य गरिएको छ । यसरी नै यस शोधपत्रको सैद्धान्तिक ढाँचा र शोधविधि चाँही ऐतिहासिक कालक्रमका आधारमा सर्वेक्षण र मूल्याङ्कन गरेर निष्कर्षमा पुग्ने काम गरिएको छ ।

## १.१० शोधपत्रको रूपरेखा

प्रस्तुत शोधपत्रको स्वरूप र संरचनालाई व्यवस्थित एवम् प्रभावकारी ढंगबाट संयोजन गर्नको लागि समग्र शोधपत्रलाई निम्न बमोजिम अध्ययन एवम् शीर्षकमा विभाजन गरिएको छ :

पहिलो परिच्छेद : शोध परिचय

दोस्रो परिच्छेद : पारिजातको साहित्यिक योगदान

तेस्रो परिच्छेद : पारिजातको अध्ययन परम्पराको सर्वेक्षण (अनुसन्धानात्मक शोध कृतिहरू/पुस्तकाकार कृतिहरू)

चौंथो परिच्छेद : पारिजातको अध्ययन परम्पराको सर्वेक्षण (पत्रपत्रिका/स्मृतिग्रन्थ/स्मृति अङ्क)

पाँचौं परिच्छेद : पारिजातको अध्ययन परम्पराको विधागत/विवेचनात्मक मूल्याङ्कन ।

छैंटौं परिच्छेद : उपसंहार

परिशिष्ट

सन्दर्भग्रन्थसूची

यसरी उपर्युक्त मूल शीर्षकमा केन्द्रित रहेर आवश्यकता अनुसार विभिन्न उपशीर्षकहरू दिँदै उपशीर्षकहरू संयोजन तथा परिमार्जन गरिएको छ ।

# दोस्रो परिच्छेद

# kfl/hftsf| ;flxlTos ofubfg

## २.१ विषय प्रवेश

पारिजात नेपाली साहित्यको क्षेत्रमा विशिष्ट योगदान दिने नारी साहित्यकार हुन् । नेपाली साहित्यको क्षेत्रमा कविता, आख्यान, निबन्ध र नाटक विधामा कलम चलाउने स्रष्टा पारिजात आख्यानकारका रूपमा लोकप्रिय एवम् बहुचर्चित बनिन् । पारिजातको लेखकीय व्यक्तित्वको निर्माण उनको आफ्नै जीवनसङ्घर्षको परिणाम हो । सामाजिक अन्तर्क्रिया एवम् आफ्नै जीवनदृष्टिलाई फराकिलो धरातलमा उभ्याउन सकेको खण्डमा व्यक्तित्व विकासको प्रक्रियाले व्यापक परिवेश पाउने गर्छ । लेखनमा स्रष्टाको जीवनको छाप एकातिर आएको हुन्छ भने समकालीन पारिवारिक, सामाजिक एवम् राजनैतिक/दार्शनिक चिन्तनको प्रभाव पनि त्यसमा समाविष्ट हुन्छ । पारिजातका साहित्यिक कृति एवम् रचनाहरूमा उनको जीवनको छाप पाइनुका साथै समाजबोध पनि छ । उनका कृतिमा निहित विचार, कला र साहित्यिक दृष्टिचेतका प्रसङ्गहरू विभिन्न किसिमले प्रकट हुँदै आएको छ । पारिजातको सम्बन्धमा प्रकाशित कृति एवम् पत्रपत्रिकामा प्रकाशित लेखरचनालाई आधार बनाएर उनको साहित्यिक परिचय दिने प्रयत्न गरिएको छ ।

## २.२ सिर्जनाका विभिन्न आयामहरूमा पारिजात

वि.सं. २०१३ सालमा **धरती** पत्रिकामा रचना प्रकाशित भएपछि पारिजातको औपचारिक लेखन यात्रा आरम्भ भयो । सर्वप्रथम **धरती** पत्रिकामा **व्यर्थ प्रयास**, **आज बिदाको दिन हो र को हो त्यो ?** शीर्षक कविता प्रकाशित भएका छन् ।[४] कविता हुँदै उनको लेखन आख्यानतर्फ मोडिएको पाइन्छ । आख्यानतर्फ भने **रचना** (१:३, २०२१) पत्रिकामा **मैले नजन्माएको छोरो** शीर्षकको कथा विधाको रचना प्रकाशित भएपछि झुल्किएकी हुन् । पारिजातले सबैभन्दा बढी प्रसिद्धी उपन्यास विधाबाट प्राप्त गरिन् । **शिरिषको फूल** (२०२२) उनको पहिलो उपन्यास हो । यस बाहेक निबन्ध, नाटक र समालोचनामा पनि उनको कलम राम्ररी चलेको पाइन्छ । नेपाली साहित्यको क्षेत्रमा विशिष्ट योगदान दिने प्रतिभा पारिजातको लेखनका विभिन्न विधाहरूको चिनारी दिनु आवश्यक देखिन्छ ।

### २.२.१ उपन्यास विधामा पारिजात

पारिजातले सबैभन्दा बढी लोकप्रियता उपन्यासबाट प्राप्त गरिन् । "पारिजातले २०२२ सालमा **शिरीषको फूल** उपन्यास लेखिन् जो आज पनि उत्तिकै चर्चामा छ । कवितामा सशक्त बनिसकेकी पारिजातले **मैले नजन्माएको छोरो** जस्तो बहुचर्चित र सशक्त कथा लेखी आख्यानतर्फ पहिले नै दरिलो पाइला चालिसकेकी थिइन् भने यस उपन्यासपूर्व पनि उनले ४ वटा उपन्यासहरू लेखेर नष्ट गरेकी थिइन् ।[५] सङ्घर्ष नामक उपन्यासको ठेली नै नष्ट गरिएको, **वरपीपल**, **मानव**, **अन्तर्यामी**, **शारदा** आदि उपन्यासहरू लेख्दै आगोमा होम्दै, आगो ताप्दै गरेको उल्लेख पाइन्छ ।[६]

---

[४] सुकुम शर्मा, **पारिजातका कविताको अध्ययन** (काठमाडौं : सनलाइट पब्लिकेसन, २०६२), पृ. २३ ।

[५] कृष्णप्रसाद घिमिरे र रामप्रसाद ज्ञवाली, **आख्यानकार पारिजात** (काठमाडौं, हजुरको प्रकाशन, २०५८), पृ. १० ।

[६] डी.आर. पोखरेल, **पारिजातको साहित्यिक मूल्याङ्कन** (काठमाडौं : भृकुटी एकेडेमिक पब्लिकेसन, २०६२), पृ. ३८ ।

पारिजातका उपन्यासमा भिन्न-भिन्न खाले वैचारिक दृष्टिकोण पाइन्छ । प्रयोगशील लेखन उनको अर्को विशेषता हो । शिरीषको फूल अस्तित्वको खोजीमा विसङ्गतिबोध गरिएको उपन्यास हो । यसमा जीवनको गर्वबोधको शून्यतामा अस्तित्वको चेत छ ।[७] पहिलो र दोस्रो विश्वयुद्ध पछि मानव समाज विसंगत बन्न पुग्यो । युद्धको विभिषिका, भय, सन्त्रास, लुछाचुँडीले गर्दा विसंगत इच्छाहरू जन्मन पुगे र तिनले साहित्यमा स्थान पाउन थाले । हेगेल, सार्त्र र नित्सेजस्ता प्रतिभाहरूले विश्व साहित्यमा प्रयोग गरेको यो चिन्तन नेपालमा इन्द्रबहादुर राई हुँदै पारिजातमा सर्दै गयो ।

"विसङ्गतिवादको जीवनमूल्यलाई **शिरीषको फूल** उपन्यासले तत्कालीन नेपाली समाज र त्यस समाजको परिस्थितिमा जोडिन आएका जटिलतालाई प्रकट गरेको छ । त्यस समयको परिवेश विसङ्गतिबाट ग्रसित छ र त्यसै विसङ्गतिभित्र आफ्नो अस्तित्व खोजिरहेछ भन्ने कुरा शिरीषको फूल उपन्यासले पुष्टि गर्दछ ।[८] आफ्नो शारीरिक अस्वस्थताका कारण मानसिक रूपमासमेत रुग्ण बनेको पारिजातको जीवनका यी दिनहरू अत्यन्त कष्टकर बन्न पुग्छन् । आफ्नो अस्तित्व एवम् पहिचानको विन्दु पहिल्याउने क्रममा उनले 'राल्फा' लाई रोज्न पुगिन् । राल्फामा आबद्ध भएपछि उनले महत्ताहीन उपन्यास लेखिन् । "म पात्रको केन्द्रीयतामा र शिया पात्रको आकर्षणमा हिँडेको यो उपन्यास विभत्स यौन र निरर्थक जीवनयात्राको प्रभावहीन आख्यानका रूपमा विश्लेषणीय छ । त्यसैले यो उपन्यासमा पारिजातको महाविसङ्गतिबोधको अभिव्यक्ति पाइन्छ ।[९] जीवनप्रतिको निराशा, कुन्ठा, हताशा यस उपन्यासमा आएको छ । जीवन जतिसुकै कष्टकर भए पनि बाँच्नुपर्छ भन्ने सोच यसमा आएको छ । जीवन र मृत्युबीच अल्झिएको निरस जीवन र मानिसका असफलताको अनन्त श्रृङ्खलाका बीच घुमेको यो उपन्यासमा कामुक प्रवृत्तिको चित्रण पाइन्छ । "देशमा रहेका केही विसङ्गतिहरूलाई साङ्केतिक रूपमा हेर्ने, व्यङ्ग्य गर्ने र केही मात्रामा विद्रोही लाग्ने स्वर उराल्नेजस्ता काम पनि भएका छन् ।[१०] यसरी नै वैंसको मान्छे उपन्यासमा विद्रोही चेतनाको साथसाथै दादावादी चिन्तन पनि आएको छ । "एक्लो वीर" बन्ने प्रवृत्तिको प्रभाव यस उपन्यासमा भेटिन्छ । **बैंसको मान्छे** मा जीवनलाई विसङ्गत ठाने तापनि जिजीविषामा फस्दाफस्दै जीवनप्रतिको रहरिलो आकर्षण छ । जीवनको वीभत्स र भद्दा चित्रण यसमा आएको छ । त्यसैले वैचारिक सङ्क्रमण यस उपन्यासमा पाइन्छ ।[११] यस उपन्यासमा अस्तित्ववादी-विसङ्गतिवादी चेतनाको साथै यथार्थवादी चिन्तन पनि आएको पाइन्छ । संक्रमणकालीन प्रवृत्ति यसमा देखिन्छ । पारिजातका २०३० पूर्वका उपन्यासहरूमा अस्तित्ववादी-विसङ्गति चेतनाका साथै राल्फाली नव-अराजकतावादी चिन्तन पनि पाइन्छ ।

वि.सं. २०२९ पछि नेपालको राजनीति विभिन्न घटनाहरूका कारण उथलपुथलपूर्ण रह्यो । यसै अवधिमा पारिजातले दिल्ली गएर दुई तीन पल्ट शारीरिक उपचार गरेर स्वास्थ्यमा सुधार

---

७ सुकुम शर्मा, पूर्ववत्, पृ. २८ ।

८ राजेन्द्र सुवेदी, **नेपाली उपन्यास : परम्परा र प्रवृत्ति**, दो.सं. (काठमाडौं : साझा प्रकाशन, २०६४), पृ. ३०९ ।

९ कृष्णप्रसाद घिमिरे र रामप्रसाद ज्ञवाली, पूर्ववत्, पृ. ३२ ।

१० ऐजन, पृ. ३५ ।

११ सुकुम शर्मा, पूर्ववत्, पृ. २८ ।

पाइन् । वि.सं. २०२८ सालको नयाँ शिक्षा, २०३१ सालमा कम्युनिष्ट पार्टीको सदस्यता ग्रहण गर्नु, विद्यार्थी संगठनहरूको सक्रियता, झापाली उग्रवामपन्थी आन्दोलन, पञ्चायती, गाउँफर्क जस्ता घटनाक्रमले उनमा व्यापक प्रभाव पर्दै गयो । यसै अवधिमा उनको **तोरीबारी, बाटा र सपनाहरू** उपन्यास देखा पर्दछ । मूलत : यात्रा वर्णन गरिएको भए तापनि समाजबोध एवम् आलोचनात्मक दृष्टि यसमा पाइन्छ । समाजवादी यथार्थवादी चिन्तन नपाइए तापनि वर्गचेतना भने यसमा आएको पाइन्छ । "तत्कालीन परिस्थितिमा टिपिएका यथार्थहरू सिङ्गै नेपाली पर्यावरणका सत्य हुन् । तत्कालीन राजनीतिक व्यवस्थाका आडमा दलालहरूले आतङ्क फैलाए पनि समाजमा उन्नति र प्रगतिको आँकडा उच्च भएको कुरा पेश गर्दथे । समाजका पीडित र शोषित वर्गले विद्रोहात्मक मानसिकताका उभार ल्याउनुपर्ने सन्देश उपन्यासले छरेको छ ।[१२] यसपछि प्रकाशित तीन उपन्यासहरू **उसले राजेको बाटो, पर्खाल भित्र र बाहिर** र **अनिँदो पहाडसँगै** समाजवादी यथार्थवादी उपन्यासका रूपमा चिनिएका पाइन्छन् । पारिजातको कम्युनिष्ट विचार रोज्नु र **उसले रोजेको बाटो** उपन्यासका बीचमा समानता पाइन्छ । आफूले रोजेको यहि बाटोबाटै मुक्ति सम्भव हुन्छ भने सोच पारिजातमा देखिन्छ । **पर्खालभित्र र बाहिर**मा सिद्धान्तको व्याख्या पाइन्छ भने **अनिँदो पहाडसँगै**मा त्यसको व्यवहारिक प्रयोग पक्ष पाइन्छ । "यी उपन्यासमा शोषितपक्षीय संघर्ष छ । यस संघर्षको उद्देश्य अर्थात् मुक्तिसंघर्ष र त्यसले निर्माण गर्ने समाजको मूल्य यी उपन्यासमा आएको छ । उपन्यासमा यस किसिमको सङ्घर्ष नेपाली भूमिमा, नेपाली पृष्ठमा र नेपाली संस्कृतिमा उभ्याइएको छ ।[१३] पारिजातका यी उपन्यासहरूमा प्रगतिवादी जीवनदृष्टिको व्यापकता पाइन्छ ।

पारिजातको **अन्तर्मुखी** उपन्यास वि.सं. २०३५ मा प्रकाशित पाइन्छ । पारिजातको लेखनको विकासका दृष्टिले हेर्दा यो उपन्यास **तोरीबारी, बाटा र सपनाहरू** भन्दा पहिले आउनु पर्ने देखिए तापनि **पर्खालभित्र र बाहिर** र **उसले रोजेको बाटो** पछि आएको देखिन्छ ।

"यो वस्तुतः विसङ्गतिबोध गर्ने, केही निराशा, केही अस्तित्वबोध, केही कुण्ठा, केही व्यङ्ग्यविद्रोह र केही प्रगतिशीलता मिलेर छ्यासमिस भई खिच्रोजस्तै बनेको उपन्यास हो ।[१४] यो उपन्यास पारिजातको अस्तित्ववादी-विसङ्गतिको चेतनाको अवशेष हो, यसमा धेरै बल छैन ।

वैचारिक रूपमा फड्को मार्ने क्रममा पारिजातले समाजवादी यथार्थवादी विचारलाई अँगालेको पाइन्छ । चालीसको दशकपछि उनमा विचलन देखिन्छ । त्यस अवधिमा उनी मानव-अधिकार, नारी हकहित, बालबालिका एवम् कैदीहरूको पक्षमा आफ्नो सक्रियता बढाउन पुग्छिन् । त्यस अवधिमा उनमा जातिवादी चेतना पनि प्रचुर रूपमा आएको देखिन्छ । नेपाली कम्युनिष्ट आन्दोलनमा देखापरेको फुट, विभाजन अनि पानी वारावाराको स्थितिबाट उनी दुःखित हुन पुग्छिन् । यसै अवधिमा उनका बोनी र पारिभाषित आँखाहरू नामक उपन्यास कृतिहरू प्रकाशित हुन्छन् । बोनी किशोर समस्यामा आधारित उपन्यास हो । "विश्वमा बढ्दै गएको लागूपदार्थ सेवन

---

[१२] राजेन्द्र सुवेदी, **सृजन विधाका परिधिमा पारिजात**, (वाराणसी : भूमिका प्रकाशन, २०५३), पृ. ५३ ।

[१३] सुकुम शर्मा, पूर्ववत्, पृ. २८ ।

[१४] कृष्णप्रसाद घिमिरे र रामप्रसाद ज्ञवाली, पूर्ववत्, पृ. ८७ ।

र यसले नेपाली घरपरिवारमा पार्दै गएको असरको सङ्केतात्मक प्रस्तुति यस उपन्यासमा पाइन्छ । कलकलाउँदो उमेरमा नशाको मादक, प्रेम, फेसन आदि विकृतिबाट विमुक्ताको चाहना उपन्यासको हेतु हो ।[१५] यस उपन्यासले सुधारवादी दृष्टिकोण अघि सारेको पाइन्छ । साहित्य साधनाको अन्तिमतिर लेखिएको उपन्यास परिभाषित आँखाहरू पनि हो । "यस उपन्यासमा पारिजात त्यति चर्चित भइनन् बरु प्रगतिवादी धारमा शिथिलता आएको र अस्तित्ववादी कालमा लेखिएका उपन्यासहरू जस्तो भएको आरोप सहनु परेको छ ।[१६]

नेपाली उपन्यास परम्परामा पारिजातको विशिष्ट एवम् मौलिक पहिचान छ । नवीन धारा र प्रवृतिलाई नेपाली उपन्यामसा भित्र्याउने उनका उपन्यासहरूमा विभिन्न विचार, दृष्टिकोणहरू पाइन्छन् । अस्तित्ववाद हुँदै विसङ्गतिवाद, सामाजिक यथार्थवाद, समाजवादी यथार्थवाद, अन्तिमतिर सामाजिक यथार्थवादी चिन्तन उनका उपन्यासहरूमा पाइन्छ । समकालीन राजनैतिक/सामाजिक परिवेश एवम् उनको व्यक्ति जीवनको प्रभाव उनका रचनामा स्पष्ट देख्न सकिन्छ । भिन्न-भिन्न कालखण्डमा भिन्न-भिन्न विचार प्रस्तुति रहे तापनि कवितात्मक भाषा, आकर्षक शैली, विधामिश्रण, डायरी शैलीजस्ता प्रयोगबाट प्रयोगहरू पनि उनका उपन्यासमा पाइन्छन् । उपन्यास विधाबाट ख्याति प्राप्त गरेकी पारिजातको योगदान उल्लेखनीय छ ।

### २.२.२ कथा विधामा पारिजात

पारिजातले सर्वाधिक ख्याति आख्यान विधामा प्राप्त गरिन् । आख्यान अन्तर्गत पर्ने कथा विधामा पनि उनको कलम राम्ररी चलेको एवम् चारवटा कृतिहरू प्रकाशित भएको पाइन्छ । "पारिजातको पहिलो कथा **मैले नजन्माएको छोरो** (२०२१) हो । यो **रचना** पत्रिकाको रेखा ३, विन्दु १, असोज-कार्तिकमा छापिएको छ ।[१७]

पारिजातको प्रथम प्रकाशित कथासङ्ग्रह **आदिम देश** हो । यसमा १२ वटा कथाहरू छापिएका छन् ।

**साल्गीको बलात्कृत आँसु** (२०४३) पारिजातको तेस्रो कथासङ्ग्रह मानिन्छ । यस कृतिमा ११ वटा कथाहरू छापिएका छन् । पारिजातको समाजवादी-यथार्थवादी चेतनालाई प्रतिविम्वित गर्न योसङ्ग्रहमा यथार्थको चित्रण राम्ररी गरिएको पाइन्छ । "उनका कथाहरूमा पारिजातको निजात्मकता वा आत्मपरकता कम भएको छ र पात्र, घटनावली तथा समग्र कथानक वस्तुपरक एवम् सम्प्रेषणीय भाषामा अभिव्यक्त हुन थालेका छन् । यी कथाहरूमा थपिएको अर्को नयाँ पक्ष हो- सम्प्रेषणीयसँग आएको सम्वेदनशीलता एवम् प्रभावकारिता ।[१८] समाजमा देखापर्ने विकृति, विसङ्गति, दमन, शोषण, अन्याय, अत्याचार, प्रशासनिक एवम् राजनैतिक दमनलाई मूल कथ्यको रूपमा प्रस्तुत गरिएको यो उपन्यासमा श्रमिक वर्गीय चेतनाका साथै नारी पात्रप्रतिको सहानुभूतिसमेत पाइन्छ । पारिजातको उत्कृष्ट जीवनवादी कथाकृतिको रूपमा यसलाई मानिन्छ ।

---

[१५] सकुमु शर्मा, पूर्ववत्, पृ. २०३ ।

[१६] डि.आर. पोखरेल, पूर्ववत्, पृ. ८४ ।

[१७] कृष्णप्रसाद घिमिरे र रामप्रसाद ज्ञवाली, पूर्ववत्, पृ. ७ ।

[१८] ताराकान्त पाण्डेय, **कलासाहित्य : भूमिका र मूल्याङ्कन** (काठमाडौं : चिन्तन प्रकाशन, २९५३), पृ. ११८ ।

पछिल्ला चरण आएको **पारिजातको** कथाकृति **वधशाला जाँदा आउँदा** हो । सातवटा कथा रचना समाविष्ट यस कृतिमा समाज र जीवनलाई नजिकबाट नियाल्ने कार्य गरिएको पाइन्छ । "दोस्रो चरणका कथामा जीवन-यथार्थका सापेक्षतामा मान्छे र र उसको अस्तित्वलाई हेर्ने तथा साँचो मानवीय अस्तित्वको रक्षार्थ वर्गसङ्घर्षको बाटोमा अघि बढ्नु पर्ने वैज्ञानिक चेतना मुखरित भएको छ ।[१९] यस चरणका कथाहरू मान्छेलाई सभ्य, परिष्कृत र सुन्दर प्राणीको रूपमा मानेको र सार्थक जीवनका निमित्त प्रेरित गरेको पाइन्छ । **वधशाला जाँदा आउँदा**का कथाहरू **साल्गीको बलात्कृत आँसु** जति शक्तिशाली नभए पनि यिनले अन्याय, अत्याचार, शोाषण-दमनका विरुद्धको संघर्षशील भावना भने पर्याप्त बोकेका छन् । नारी पात्रलाई प्रमुख स्थान दिइएको उनका कथाहरूमा सुधारमुखी सन्देश पनि प्रवाह भएको छ ।

पारिजातका पहिलो चरणका कथाहरूमा अस्तित्ववादी-विसङ्गतिवादी चेतना प्रबल रूपमा आएको छ । राल्फाकालीन चेतनाको प्रभाव पनि त्यसैमा मिसिएको छ । २०२८ सालपछिका दिनमा मार्क्सवादी जीवनदृष्टि अँगालेकी पारिजातले आफ्ना रचनामा त्यसलाई स्थान दिईं । वैयक्तिक जीवनमा आएका विभिन्न घुम्तीहरू पार गर्दै राजनीति, दर्शन र सामाजिक पर्यावरणका विविध पक्षलाई उनले आफ्ना रचनामा स्थान दिईन् । उनको कवितात्मक शैली लोभलाग्दो छ । अकथात्मक र निबन्धका गुणहरू पनि उनका कथामा पाइन्छन् । विभिन्न कालखण्डमा पृथक विचारका कथाकृति दिनु उनको लेखनको विशिष्ट पक्ष हो । आफ्नो मौलिक शैलीशिल्प एवम् विचार चेतनाको प्रवाहका दृष्टिले **पारिजात** स्मरणीय छिन् ॥

### २.२.३ कविता विधामा पारिजात

पारिजातको साहित्य लेखनको आरम्भ कविता विधाबाट भएको देखिन्छ । साहित्यकार पारिजात वि.सं. २०१३ सालको **धरती** पत्रिकामा कविता प्रकाशित गरी साहित्य सिर्जनातर्फ प्रवृत भएकी छन् । उनको प्रथम कविताकृति आकांक्षा (२०१४) हो ।[२०] स्कुले जीवनबाट छन्द छैन भनेर फालिदिएपछि कविता लेख्न छाड्छन् । पछि क्रमशः चेतना एवम् ज्ञानवृद्धिसँगै उनले लेखाइलाई निरन्तरता दिएको पाइन्छ ।

पारिजातले प्रथम कविता कृति आकांक्षा (२०१४) हो । यो उनको प्रारम्भिक कृति हो । एउटी नवयुवतीका मनमा जीवनका आशा निराशाले पारेका प्रभाव, प्रेम, विरह र पीडाका छटपटीहरूलाई उनले सल्लल पोखेकी छिन् । **आकांक्षा** कवितासङ्ग्रहका कविताको मूल विषय **यौवनकालका** सपना र पीडाहरू छन् ।[२१] उनका कवितामा स्वच्छन्दतावादी प्रवृत्ति दोस्रो विश्वयुद्धको छापका साथै शून्यवादी चिन्तन पनि पाइन्छ । आफ्नो असफल प्रेमको प्रभावमा परेर लेखिएका यी कविताहरूले प्रेम विरहिणी नारीका राग-विरागलाई स्वर प्रदान गर्ने काम गरेको छ । असफल प्रेमका छट्पटी, पीडा, कुण्ठा अनि असफलताको व्याख्यान् नै उनको लेखन केन्द्रित देखिन्छ ।

---

[१९] ऐजन, पृ. १२९ ।

[२०] सुकुम शर्मा, पूर्ववत्, पृ. ४७ ।

[२१] कृष्णप्रसाद घिमिरे र रामप्रसाद ज्ञवाली, पूर्ववत्, पृ. १३ ।

वि.सं. २०४४ सालमा पारिजातको **पारिजातका कविता** नामक कृति प्रकाशित हुन्छ । वि.सं. २०१४ देखि २०३१ सालसम्भ लेखेका कविताहरू यससङ्ग्रहमा पाइन्छन् । “यससङ्ग्रहभित्रका कविताहरूमा नेपाली समाज र नेपाली मानसिकताभन्दा पनि विश्वको कुण्ठित र वितृष्णाग्रस्त जीवन, विश्वमा बढ्दै गएका आणविक भट्टीका आतङ्कले आसन्न क्षणमा ल्याएको विभिषिकाहरू यसले उद्घाटन गरेका यस परिस्थतिका जीवन-भोगाइका विसङ्गतिहरू मानसिकता दुर्बलता र पलायनहरू, मृत्यु र नश्वरताका बोधहरू, मानवीय संवेग र त्यसका प्रतिक्रियाहरू, जीवनको निस्सारता र आत्महत्याका आवेगहरू **पारिजातका कविता**मा प्रस्तुत भएका छन् ।[२२] उनको यो कृतिमा पहिलेभन्दा नवीन प्रवृत्तिहरू देखापरेका छन् । विसङ्गत चिन्तन बोके तापनि तिनले जीवनबोध अनि समाजबोध पनि गरेका छन् । व्यक्तिगत जीवनमा भागेको निरस एवम् रोगी जीवनको प्रभाव उनका रचनामा पाइन्छ । प्रेम, विछोड, यौनकुण्ठा, अस्तित्ववादी, सोच आदि विचारहरू यी कविताहरूमा पाइन्छन् । तत्कालीन राजनैतिक व्यवस्थाले निम्त्याएको निराशा कुण्ठाका साथै विद्रोही भावनाको कमी, विसङ्गतिवादी दर्शनको अध्ययनले गर्दा उनका रचनामा सोही अनुरूपको विचार-चिन्तन आएको पाइन्छ ।

पारिजातको सशक्त कवितासङ्ग्रह मध्ये मानिने “वैंसालु वर्तमान” को प्रकाशन वि.सं. २०५० मा भएको पाइन्छ । यो कृति पारिजातको मृत्युपछि प्रकाशित भएको पाइन्छ । यो कवितासङ्ग्रंहका लागि पारिजातलाई **सर्वश्रेष्ठ पाण्डुलिपी पुरस्कार** पनि दिइयो । “जीवनका उज्याला पक्षहरू खोज्नु, जीवनलाई सार्थक र सारमय बनाउन चाहनु, निराशाको बदला जीवनवादी दृष्टिकोण लिनुजस्ता भिन्न प्रवृत्तिले पारिजातको यस कृतिको विशेषता जनाउँछ ।[२३] पारिजातले मार्क्सवादी दृष्टिकोण अँगालेपछिका कविता रचनाहरू यससङ्ग्रहमा पाइन्छन् । शोषित, पीडित, श्रमजीवी नेपाली जनताको दक्षता लेखिएको यी कविताहरूमा न्यायपूर्ण समाज स्थापनार्थ मुट्ठी कसेर लाग्नुपर्ने विचार प्रस्तुत गरिएको छ । जीवनप्रतिको आशावादी स्वर यससङ्ग्रहको उल्लेख्य पक्ष हो । “पारिजातको **बैंसालु वर्तमान** कवितासङ्ग्रहमा समूहको मर्म र वर्गमर्मको प्रस्तुति पाइन्छ । परिश्रम गरेर बाँच्ने वर्गले खेपेको दुःख नै उनको मूल चिन्तन बनेको छ । यही वर्गलाई सचेत पारेर मुक्ति आन्दोलनमा प्रतिबद्ध बनाउन उनको कवितात्मक साधना देखिन्छ ।”[२४] उनको यससङ्ग्रहमा एकातिर महिला मुक्ति, बालश्रमप्रतिको आवाज र जातीयताका स्वर सुनिएको छ भने अर्कोतिर वर्गबोधका साथै मुक्तिकामी चेतना झन् प्रखर भएर आएको पाइन्छ ।

कविता लेखनको सुरुवातका बेला प्रेम, बिछोडजस्ता स्वच्छन्दतावादी प्रवृत्ति देखिए पनि पछिल्ला दिनमा अस्तित्ववादी-विसङ्गतिवादी हुँदै प्रगतिवादी दृष्टिकोण प्रस्तुत भएको पाइन्छ । उनको लेखनमा व्यक्तिगत जीवनका उकाली-आरोलीका साथै सामाजिक एवम् राजनैतिक दार्शनिक मूल्यहरूको प्रभाव पनि टड्कारो रूपमा आएको पाइन्छ ।

---

[२२] राजेन्द्र सुवेदी, पूर्ववत्, पृ. ११ ।

[२३] कृष्णप्रसाद घिमिरे, रामप्रसाद ज्ञवाली, पूर्ववत्, पृ. १३ ।

[२४] सुकुम शर्मा, पूर्ववत्, पृ. १७० ।

## २.२.४ निबन्ध-विधामा पारिजात

साहित्यमा पारिजातको निबन्ध लेखन पनि सशक्त मानिन्छ । वि.सं. २०४८ मा उनका वैचारिक संगालेका रूपमा **आधी आकाश** नामक कृति प्रकाशित छ । विभिन्न पत्रपत्रिकामा छापिएका र फुटकर रूपमा छरिएका लेख सङ्कलन गरी कृतिको रूपमा समेटिएको पाइन्छ । यो कृति चितवन प्रकाशन प्रा.लि.ले प्रकाशन गरेको हो ।[२५] योसङ्ग्रहमा पारिजातका नारीमुक्ति, वर्गीय मुक्तिका साथै महिला विरुद्ध हुने शोषण र त्यसबाट पार पाउन लाग्नु पर्ने सन्देशपरक चिन्तन प्रस्तुत गरिएको पाइन्छ ।

**आधी आकाश** शोषण, अन्याय, अत्याचार तथा दमनबाट मुक्ति पाउन वैचारिक जागरणको उद्देश्य राखेर लेखिएको कृति हो । यसमा नारी केन्द्री चिन्तन पनि सशक्त रूपमा प्रस्तुत छ ।[२६] नारी अस्तित्वको खोज, नारी अधिकारी, नारी मुक्तिका चाहना यो कृतिमा आएको पाइन्छ । आफ्नो अधिकार लिन नारीहरू सचेत भएर अगाडि आउनु पर्ने चिन्तन उनका निबन्धमा आएको देखिन्छ । यो कृतिमा उनी सशक्त नारीवादी लेखिकाको रूपमा देखिएकी छन् ।

## २.२.५ आत्मकथा र संस्मरणकार पारिजात

पारिजातले आत्मकथा र संस्मरणका कृतिहरू प्रकाशित गराएकी छन् । उनका आत्मकथाका कृतिहरूमा **धुपी, सल्ला र लालीगुराँसको फेदमा** (२०४३), **अध्ययन र संघर्ष** (२०५०), एउटा चित्रमय सुरुवात (२०४५) रहेका छन् । आफ्नो विगत जीवनका विभिन्न घटनाहरूलाई पारिजातले यी कृतिहरूमा अभिव्यक्त गरेकी छन् । जीवनका तीता-मीठा घटनालाई निसंकोच उनले अभिव्यक्त गरेको पाइन्छ ।

"दार्जिलिङको चियाबारीमा अँध्यारो वर्तमान र अनिश्चित भविष्य बोकेर बाँचिरहेका लाखौं श्रमिक परिवारबीच जन्मिएकी एउटी एकान्तप्रेमी, अन्तर्मुखी र भावुक किशोरी पुरानो युगको भग्नावशेषलाई ध्वस्त पारेर नयाँ युगको चर निर्माण गर्ने सचेत जनप्रेमी, स्पष्ट, निडर र प्रबुद्ध कर्मीमा फेरिएको कथा नै हो उनको यो संस्मरण।[२७] **धुपी, सल्ला र लालीगुराँसको फेदमा** पारिजातको पहिलो आत्मसंरमण हो । यसमा उनले आफ्नो आरम्भ देखि २०११ सालसम्मका घटना उल्लेख गरेकी छन् । तेस्रोसङ्ग्रह **अध्ययन र संघर्ष** हो । यसमा काठमाडौं आएर डेरामा बसेदेखि जीवनमा भोगेका संघर्ष, पीडा, अध्यापन गरेको, प्रेम, बिमारी, सुकुन्याको विवाह र पिताको मृत्युजस्ता घटनाहरू प्रस्तुत भएका छन् । त्यसरी नै **एउटा चित्रमय सुरुवात** दोस्रोसङ्ग्रह हो । यसमा आफ्नो साहित्य-यात्रा, आफ्ना चिन्तनका साथै आफूसँग सम्बन्धित मानिसहरूसँग सम्बन्धित घटना प्रसंगहरू प्रस्तुत गरेकी छन् । उनको संस्मरणहरू क्रमबद्ध नभए तापनि भावुक मनको अभिव्यक्ति भने पाइन्छ । "वर्गद्वन्द्व र मानवीय दृष्कृति, शोषण र पूँजीवादी संस्कृति नेपाली समाजमा मात्र होइन विश्वमै छरिएर बसेका छन् भन्ने कुरा पारिजातका स्मृतिमा खोपिएको छ ।

---

[२५] ऐजन, पृ. १८९ ।

[२६] ऐजन, पृ. १८९ ।

[२७] पवन चामलिङ, भूमिका, **पारिजातका सङ्कलित रचनाहरू भाग-४**, (सिक्किम : निर्माण प्रकाशन, २०५४), पृ. ६ ।

त्यसकारण पारिजातको आत्मसंस्मरण कतिपय सन्दर्भमा दर्शनको अभिकथन पनि बनिरहेको देखिन्छ ।

### २.२.६ नाटक विधामा पारिजात

पारिजातको पहिचान नाटक विधामा पनि रहेको छ । **रूपरेखा**मा प्रकाशित पारिजातको प्रथम एकाङ्की **एक कठिन निश्कर्ष** (२०२३) का साथै **अँध्यारो नदी** (२०२७), **आफ्नो रात** (२०२८), जस्ता एकाङ्कीका साथै **एकजोडी अन्तराल** (२०५६) पूर्णाङ्की नाटकहरूलाई संकलन गरी **पारिजातका नाटक** (२०६५) नामक कृति कृष्णप्रसाद घिमिरेको सम्पादनमा प्रकाशित भएको छ ।

“पारिजातले बीसौँ शताब्दीमा नाटककार सार्त्र, कामु, युजिन ओ निल तथा बेख्त आदिका नाट्यचरित्रमा पाइने गुण आफ्ना एकाङ्कीका लोग्ने मान्छे र स्वास्नीमान्छे बेनका चरित्रहरूमा पनि अङ्कित गरेकी छन् । विसङ्गतिवादी चरित्रहरूमा मानिसको मित्रता र एकाङ्कीपनलाई प्रश्रय दिइन्छ । आन्तरिक द्वन्द्वलाई केन्द्रीय वस्तु बनाइन्छ । **आफ्नो** रात र **अँध्यारो** नदी एकाङ्कीका पात्रहरूमा उक्त प्रवृत्तिलाई अवलम्वन गरिएको छ ।[२८] पारिजातले आफ्नो जीवनमा भोग्नु परेको रोगव्याधी र तत्कालीन सामाजिक, राजनैतिक, परिस्थितिले उत्पन्न गरेको निराशा, कुण्ठा, हताशा, पलायनका चिन्तनहरू यी एकाङ्कीहरूमा आएको पाइन्छ । “पारिजातले **एक कठिन निष्कर्ष** एकाङ्कीमा प्रेमलाई विषय बनाएर परपीडन र आत्मपीडन दुवै प्रवृत्तिहरूको उल्लेख गरेकी छन् । यसमा अस्तित्ववादी प्रवृत्ति पनि आंशिक रूपमा देखिन्छ ।[२९]

पारिजातको **एकजोडी अन्तराल** (२०५६) पूर्णाङ्की नाटक विमल भौकाजीकी सम्पादनमा निस्कने **घुयँत्रो** द्वैमासिक (वर्ष २, अंक १, पूर्णाङ्क ३, वैशाख-जेठ, २०५६) मात्र तीन दृश्यसम्म प्रकाशित छ भने बाँकी भाग सोही पत्रिकाको वर्ष २, पूर्णाङ्क ७, पुस-माघमा छापिएको छ ।[३०]

पारिजातका नाटकहरूमा उतार-चढाव पाइन्छ । उनका एकाङ्कीमा एउटा खाले विचार छ भने नाटकमा अर्कै खाले विचार आएको पाइन्छ । “एकाङ्कीमा पारिजातले चेतनाले विश्वभ्रमण गरी अस्तित्व र विसङ्गतिवादलाई पछ्याएको छ । त्यहाँ पारिजातका कुण्ठा, मानसिक आवेग र फ्रायडवादी चिन्तनले प्रश्रय पाएको छ ।[३१] पारिजातको **एक जोडी अन्तराल**मा प्रगतिवादी चिन्तनले ठाउँ पाएको छ । पारिजातको पूर्वार्ध चरण कला कलाको लागि भन्ने मान्यतामा आबद्ध छ भने उत्तरार्ध चरण ‘कला जीवनका लागि’ भन्ने उच्चतम् मान्यताले परिवेष्ठित पाइन्छ ।[३२]

नारीको अस्तित्व र अस्मितालाई उच्चवर्गले स्वीकार नगरेको देखाउनु, प्रगतिवादी मूल्य र मान्यतालाई अवलम्बन गरी उत्कृष्ट नाटक लेख्नु, पात्रहरू संघर्षशील देखाउनु, अङ्कलाई दृश्यका

---

[२८] कृष्णप्रसाद घिरिमे, **पारिजातका नाटकको अध्ययन,** (काठमाडौं : क्षितिज प्रकाशन, २०६४), पृ. ३१ ।

[२९] ऐजन, पृ. ३२ ।

[३०] ऐजन, पृ. ३३ ।

[३१] ऐजन, पृ. ३३ ।

[३२] ऐजन, पृ. ४१ ।

रूपमा प्रयोग गर्नु, दार्शनिक विचारलाई कलात्मक अभिव्यक्ति दिनु पारिजातको नाटकको प्रमुख प्रवृत्ति मानिन्छन् ।[३३]

### २.२.८ समालोचना विधामा पारिजात

पारिजातका रचनाहरूमा विधागत विविधता पाइन्छ । उनका रचना समालोचनात्मक सोच/चिन्तन स्पष्ट देखिन्छ । भूमिका, अन्तर्वार्ता, लेख, निबन्ध लेखनमा उनले समालोचकीण गुण देखाएकी छन् । विभिन्न कृतिहरूका बारेमा गरेका टिप्पणी, साहित्य सम्बन्धमा लेखिएका लेख एवम् अन्तर्वार्ताहरूमा उनको समालोचक व्यक्तित्वको छाप देखिन्छ ।

"बोलाउँ भने तिमीलाई बात लाग्ने डर", "केही उपन्यास र केही यथार्थहरूबाट", "राष्ट्रिय ट्रफी", "शुभकामना संघर्षकारी महिलाहरूलाई" नाम रचनाहरूमा पारिजातको समालोचनात्मक चेत स्पष्ट छ । त्यसरी नै उनका विभिन्न अन्तर्वार्ताहरूमा पनि समालोचनात्मक चिन्तन पाइन्छ । "थाहा नपाइकन पनि साहित्यमा राजनीति लेख्छौँ ।"[३४] "विसंगति जीवनको अन्तिम परिणति नभएको हुँदा र क्रमशः जीवनको अर्थ खोज्नपट्टि लागेँ ।"[३५] "शिरीषको फूल उपन्यासलाई जनविरोधी उपन्यास भनेर घोषणा गरिसकेकी छु ।"[३६] "विष्णुकुमारी बाइबा कसरी पारिजात बनिन् ?"[३७] लगायतका अन्तर्वार्ताहरूमा उनका समालोचनात्मक टिप्पणीहरू पाइन्छन् ।

पारिजातका विभिन्न रचनामा समालोचनात्मक चेत पाइए तापनि पारिजातले समालोचना भनेर छुट्टै रचना प्रकाशित गराएको पाइँदैन । उनको लेखकीय व्यक्तित्वमा स्रष्टा व्यक्तित्व शक्तिशाली छ ।

### २.३ निष्कर्ष

नेपाली साहित्यको क्षेत्रमा पारिजातको विशिष्ट योगदान छ । विभिन्न विधाका माध्यमबाट उनले नेपाली साहित्यलाई हरिलो-भरिलो बनाउने कार्य गरिन् । आफ्ना रचनामा विभिन्न वाद वा सिद्धान्त प्रस्तुत गर्ने पारिजातको लेखनले उच्चता प्राप्त गरेको छ । उनले विभिन्न विधामा दिएको योगदान, अन्तर्वार्ता, टिप्पणी, साहित्यिक चिन्तन आदि उनको लेखनको चिनारीका सन्दर्भमा उल्लेख गर्नु पर्ने विषय हुन् । विभिन्न विधाका रचनाहरूको योगबाट नै पारिजातको समग्र लेखकीय व्यक्तित्वको निर्माण भएको हो । पारिजातजस्तो स्रष्टा एकै दिनमा तयार हुँदैन । वर्षौंको त्याग, साधना, समर्पणको बलमा नै उनी जस्तो व्यक्तित्व निर्माण हुन्छ । यस्तै खाले सन्दर्भमा उभिएर उनको पहिचानको मूल्याङ्कन गर्नु आवश्यक देखिन्छ ।

---

[३३] ऐजन, पृ. ४० ।

[३४] रुद्रप्रसाद खरेल, 'कुराकानी', **जनजागृति**, साप्ताहिक, (वर्ष १३, अंक १२, २०३०, पौष १८) ।

[३५] श्री भद्र न्यौपाने, अन्तर्वार्ता, **पृष्ठभूमि**, साप्ताहिक, (वर्ष ३, अंक १, २०४२, फागुन २३) ।

[३६] मणिप्रसाद राई, अन्तर्वार्ता, **छाल** (फरवरी १९८४) ।

[३७] राजेन्द्रप्रसाद अधिकारी, अन्तर्वार्ता, **मूल्याङ्कन**, मासिक, (वर्ष ११, पूणाङ्क १२, २०५० जेठ) ।

# तेस्रो परिच्छेद

# kfl/hftsf] cWoog k/Dk/fsf] ;j{If0f

**(अनुसन्धानात्मक शोध कृतिहरू/पुस्तकाकार कृतिहरू)**

## ३.१ पृष्ठभूमि

आधुनिक नेपाली साहित्यको क्षेत्रमा विशिष्ट प्रतिभा मानिनु हुने पारिजातले नेपाली साहित्यको क्षेत्रमा पुऱ्याएको योगदान अविश्मरणीय छ । पारिजात सम्बन्धमा विभिन्न अध्येता तथा समालोचकहरूबाट अध्ययन-अनुसन्धान हुने क्रम निरन्तर चलिरहेको छ । नेपाली साहित्यको क्षेत्रमा उनको जीवन र लेखनका विभिन्न पक्षहरूमा आधारित भएर अध्ययन गर्ने परम्पराको सुरुवात दानियल खालिङबाट सुरु भएको पाइन्छ । यसरी निरन्तर रूपमा हुँदै आएको पारिजातको अध्ययन परम्परामा देखा परेका सामग्रीलाई व्यवस्थित ढङ्गले प्रस्तुत गर्ने कार्यको सुरुवात **कृष्णप्रसाद अधिकारीको पारिजातको अध्ययन परम्परा** (२०६६) शीर्षकको शोधकार्यबाट भएको छ । त्यसमा प्रारम्भदेखि वि.सं. २०३० सम्म भएका पारिजातका कृतिका समीक्षा, टिप्पणी, संस्मरण र समालोचनालाई कालक्रमिक रूपमा प्रस्तुत गरिएको छ । यसै परम्परालाई अगाडि बढाउने क्रममा **राजेन्द्र पौडेलले पारिजातको अध्ययन परम्परा** (२०६६) शीर्षकको शोध सम्पन्न गरेको पाइन्छ । (वि.सं. २०३० देखि २०५० सम्म पारिजातसँग सम्बन्धित पत्रपत्रिका, पुस्तक, शोधपत्रमा प्रकाशित समीक्षा, समालोचना, टिप्पणी, संस्मरणहरूलाई प्रस्तुत गरिएको पाइन्छ । अधिकतम रूपमा सामग्री प्रस्तुत गर्ने प्रयत्न गरिए तापनि **उत्तमप्रसाद पन्त**को **पारिजातको कथाकारिता: एक विश्लेषण र मूल्याङ्कन** (अप्रकाशित स्नात्तकोत्तर शोधपत्र, त्रिचन्द्र बहुमुखी क्याम्पस, २०४३) र **डी.पि. अधिकारी**को **नेपाली उपन्यास र जनजीवन** (२०३२) कृतिमा प्रकाशित **नेपाली साहित्य र आलोचना** शीर्षकको लेखको बारेमा अध्ययन गरिएको छैन । यही पृष्ठभूमिमा पारिजातको अध्ययन परम्परालाई निरन्तरता दिने उद्देश्यले यस शोधपत्रमा **पारिजातको अध्ययन परम्परा** (वि.सं. २०५०, मृत्युपछि- २०६२)' को सर्वेक्षणात्मक मूल्याङ्कन गरिएको छ । यस अध्यायमा पारिजातसम्बन्धी अनुसन्धानात्मक कृतिहरू र पुस्तकहरूमा प्रकाशित सामग्रीहरूको सर्वेक्षण गरिएको छ ।

## ३.२ पारिजातको अध्ययन परम्पराको कालक्रमिक सर्वेक्षण

प्रस्तुत **पारिजातको अध्ययन परम्परा** शीर्षकको सर्वेक्षणमा अध्ययन परम्परामा देखा परेका सामग्रीहरूको कालक्रमिक सर्वेक्षण गरिएको छ । शोधलाई ठोस, वस्तुपरक र तथ्यसङ्गत बनाउन पारिजातका सम्बन्धमा भएका विद्यावारिधि एवम् स्नात्तकोत्तर तहका शोधकार्यहरू र पुस्तकाकार कृतिहरूको बारेमा अध्ययन गरिएको छ । त्यसरी नै एउटै लेखकका भिन्न-भिन्न विषय वस्तुलाई लिएर लेखिएका सामग्रीहरूलाई एकै ठाउँमा राखेर विश्लेषण गरिएको छ ।

### ३.२.१ अनुसन्धानात्मक कृतिहरू

यस उपशीर्षक अर्न्तगत पारिजातका बारेमा गरिएका विद्यावारिधि एवम् स्नात्तकोत्तर शोधकार्यहरूलाई प्रस्तुत गरिएको छ ।

### ३.२.१.१ ताराकान्त पाण्डेय

**ताराकान्त पाण्डेयले समकालीन नेपाली कवितामा अभिव्यञ्जित यथार्थ** (२०५५) मा २०३६-२०४५ सम्मको अवधिमा प्रकाशित प्रगतिवादी नेपाली कविताको बारेमा चर्चा गर्ने क्रममा पारिजातका केही कविताहरूको पनि टिप्पणी गरेका छन् ।

**आधुनिक भण्डार** भन्ने कवितामा पारिजातले राष्ट्रका विविध पक्षलाई प्रस्तुत गरेकी छन् । एकातिर मुलुकमा व्याप्त विसङ्गति र तत्जन्य यथार्थको उद्घाटन र अर्कातिर त्यसका कारक तत्त्वहरूप्रति व्यङ्ग्य व्यञ्जित गरेकी छन् ।

**एउटा निमुखा बुढाको अर्न्तवार्ता** मा कविताको आलम्बन पात्रको रूपमा बुढालाई समाजमा उत्पीडन भोगिरहेका मानिसहरूको रूपमा प्रस्तुत गरिएको छ । बुढाको विगत सुन्दर थिएन, वर्तमान पीडादायक छ र भविष्य त्यही वर्तमानकै रूपमा देखा परेको छ ।[३८]

**एउटा स्वास्नीमान्छेको अर्न्तवार्ता** मा आर्थिक दृष्टिले नारीहरूको जीवन दु:खमय हुनाको पछाडि समाजमा स्थापित सामन्ति र पूँजीवादी प्रकारको मिश्रित आर्थिक संरचना र तत्जन्य उत्पादन सम्बन्धहरू कारकको रूपमा रहेकोमा नारीहरूको अवस्था बुझ्ने र त्यसको कलात्मक अभिव्यञ्जना दिने काम गरेको पाण्डेय बताउँछन् ।

त्यसरी नै **मानुषी** मा पुरुष समाज र वर्गद्वारा नारीमाथि गरिएको उत्पीडन, उपेक्षा र अपमानको सन्दर्भलाई मुख्य विषय बनाएकी छन् ।

### ३.२.१.२ गोपीन्द्र पौडेल

**गोपीन्द्र पौडेलले प्रगतिवादी नेपाली कथाका प्रवृत्ति** ( २०६२) मा पारिजातका कथाहरूको वैचारिक जीवन दृष्टिको विश्लेषण गरेको पाइन्छ । **सडक र प्रतिभा** कथासङ्ग्रहमा १७ वटा कथा पाइने, त्यसमा अधिकांश विसङ्गतिवादी, अस्तित्ववादी चिन्तनमा आधारित भए पनि **साथीको सम्झना, सिटी हलको बुढी ज्यामी, वर्कशभित्र** र **बुढा बा** प्रगतिवादी कथा भएको पौडेलको ठहर छ ।

उपन्यास, कथा, कविता, निबन्ध, संस्मरण आदि विधामा कलम चलाएकी पारिजातको जेठो विधा कविता भए पनि योगदान र सिर्जनमूल्यका दृष्टिले उपन्यासपछि दोस्रो विधा कथा नै हो । उत्तरार्द्धको कथा लेखनमा समाजवादी-यथार्थवादी कथ्य र शिल्प पक्ष वस्तुवादी देखिन्छ ।

उत्तरार्द्ध चरणकी पारिजातमा समाजबोध, वर्गबोध र जीवनबोध यथार्थपरक हुनाले कथामा त्यसको वस्तुवादी प्रतिबिम्बन हुन गएको छ । यति बेलाकी पारिजातले कथामार्फत् समाजमा विद्यमान वर्गवैषम्यको मात्र आलोचना गरेको नभई वर्गसङ्घर्षका माध्यमबाट उन्मुक्तिको सन्देश पनि दिएकी छन् । उनका 'नैकापे सर्किनी', 'नाटकको चौथो चरण,' '**साल्गीको बलात्कृत आँसु**' शीर्षकका कथाहरू नारी विषयक प्रगतिवादी कित्ताका महत्त्वपूर्ण प्राप्ति हुन् ।[३९]

---

[३८] ताराकान्त पाण्डेय, **समकालीन नेपाली कवितामा अभिव्यञ्जित यथार्थ** काठमाडौं: अप्रकाशित विद्यावारिधि शोधप्रबन्ध, कीर्तिपुर, नेपाली केन्द्रीय विभाग, २०५५, पृ. ३८३-३८४ ।

[३९] गोपिन्द्र पौडेल, **प्रगतिवादी नेपाली कथाका प्रवृत्ति,** काठमाडौं: अप्रकाशित विद्यावारिधि शोधप्रबन्ध, कीर्तिपुर, नेपाली केन्द्रीय विभाग, २०६२, पृ. ५१८ ।

यसै सन्दर्भमा **सिटी हलकी बुढी ज्यामी** कथाको उनले विश्लेषण गरेको पाइन्छ । मजदुर वर्गले आफूमाथि हुने शोषणको पहिचान गरी सङ्घर्ष गर्नु पर्छ भन्ने वैचारिक सन्देश यस कथाको देखिन्छ । यस कथाको मुख्य प्रयोजन श्रम सौन्दर्यको उद्‌बोधन गर्नु रहेको छ ।

कथाकारको जीवनदृष्टि स्पष्ट भएको कारण यस कथामा क्रान्तिकारी आशावादको सञ्चार भएको र त्यसले मजदुर वर्गलाई भविष्य प्राप्तिका लागि अभिप्रेरित गरेको पौडेलको निश्कर्ष छ ।

### ३.२.१.३ भवानीप्रसाद पाण्डेय

भवानीप्रसाद पाण्डेयले **पारिजातका उपन्यासमा समाजवादी यथार्थवाद** (२०६२) मा पारिजातका उपन्यास, तिनमा पाइने प्रवृत्तिगत विशेषता एवम् प्रगतिवादी चिन्तनको गहन विश्लेषण गरेका छन् । उनको अध्ययन क्षेत्र समाजवादी यथार्थवाद भएता पनि अन्य प्रवृत्तिकोसमेत विश्लेषण गरेको पाइन्छ ।

पाण्डेयका अनुसार **शिरीषको फूल** उपन्यास घोर निराशा, हताशा र नैराश्यबोधले क्षतविक्षत भएको पारिजातको पहिलो र बहुचर्चित उपन्यास हो । यसमा अस्तित्ववाद, विसङ्गतिवाद, फ्रायडवाद र चरम व्यक्तिवादको एकमुष्ट संयोजन गरिएको छ । नारी अहम र नारी हकको केन्द्रीयतामा पुरुष दमनलाईसमेत समेटिएको प्रस्तुत उपन्यासले नेपाली सहरिया समाजका मध्यम वर्गीय चरित्रलाई प्रमुख स्थान दिएको छ ।[४०]

**महत्ताहीन** सानो आकार प्रकारको, विकृत मानसिकता बोकेका पात्रहरू भएको, बेढङ्गी एवम् विसङ्गत कथ्यले भरिएको महाविसङ्गतिबोधी उपन्यास हो । यसमा वस्तु विन्यास कमजोर, भाव विश्रङ्खलित र चेतना विभत्स प्रवृत्तिको छ । यसले जीवनको कुनै पनि सुन्दर दृश्य हेर्न सकेको छैन ।

**बैंसको मान्छे** विसङ्गति र अस्तित्वबोध जगाउने विद्रोही उपन्यास हो । यसले समाजका निम्न स्तरका पात्रहरूका चरित्रमार्फत् विकृत सामाजिक यथार्थको उद्‌घाटन गरेको छ । तत्कालीन नेपाली समाजकमा रहेका तुच्छ प्रवृत्तिहरूलाई यथार्थ शैलीमा देखाएको छ । यहाँ नेपाली युवा शक्ति एवम् जोस आर्थिक सङ्कटका कारण चिसिएको र त्यसैले उनीहरूको जीवन रोगी र अलपत्र शैलीमा वितिरहेको देखाएको छ । जुन युग सत्यको अभिव्यञ्जना भएको पाण्डेयको तर्क छ ।

**शिरीषको फूल** ले अस्तित्वबोधी विसङ्गतिबोध गराउँछ, **महत्ताहीन** ले महाविसङ्गतिबोधको अभिव्यक्ति दिन्छ भने **बैंसको मान्छे** ले अराजकतावादी अस्तित्वबोध गराउँछ ।[४१]

**तोरीबारी, बाटा र सपनाहरू** उपन्यासमा 'म' पात्रको प्रसङ्ग अनुसार व्यक्त गरेका विचारहरू र नेपाली राष्ट्रिय जनजीवन, आर्थिक विपन्नता, सामाजिक विभेद, प्रशासनिक भ्रष्टता आदिका सापेक्षतामा हेर्दा पारिजातभित्र विकसित हुँदै गएको वस्तुवादी चेतनाको संकेत पाइन्छ ।

---

[४०] भवानीप्रसाद पाण्डेय, **पारिजातका उपन्यासमा समाजवादी यथार्थवाद**, काठमाडौं: अप्रकाशित विद्यावारिधी शोधप्रबन्ध, कीर्तिपुर, नेपाली केन्द्रीय विभाग, २०६२, पृ. २३४ ।

[४१] ऐजन, पृ. २६३ ।

यही प्रगतिशील चेतनाले विस्तारै समाजवादी-यथार्थवादी बाटो समाएको छ । यति हुँदा-हुँदै पनि यस उपन्यासका पात्रहरूले आमुल परिवर्तनका लागि क्रमबद्ध, वैज्ञानिक एवम् व्यापक प्रयास गरेको पाइँदैन । थोरै विश्लेषणात्मक र निरिक्षणात्मक मात्र देखिन्छ । जीवनमा लागु हुने पद्धति अनुसार प्रयोग भएको छैन । संक्षिप्त र सारभूत रूपमा यस उपन्यासले समाजवादी यथार्थको संयोजन र संकलन मात्र गरेको, सम्पूर्ण समाजवादी-यथार्थवादी बन्न बाँकी रहेको पाण्डेय बताउँछन् ।

**उसले रोजेको बाटो** सचेत आयोजनाका साथ लेखिएका पारिजातका उपन्यासमध्ये पहिलो समाजवादी-यथार्थवादी उपन्यास हो । यहाँसम्म आइपुग्दा पारिजातमा द्वन्दात्मक भौतिकवादी मार्क्सवादी मान्यताहरूले विकास पाएका छन् । **पर्खालभित्र र बाहिर** उपन्यासमा तत्कालीन वर्गीय युगबोध, राजनैतिक चेतनाको विकास, मुक्तिका लागि क्रान्तिको बाटोको खोजी र क्रान्तिकारी एवम् पलायनवादी प्रवृत्तिहरूको परिचय गराइएको छ । गरिबी, सामन्ती शोषण र वर्गीय द्वन्दका चित्रणहरू प्रतिनिधिमूलक छन् । अभिव्यक्तिमा समाजवादी यथार्थवादी चिन्तन छ ।

**अनिदो पहाडसँगै** पारिजातको समाजवादी-यथार्थवादी उपन्यासहरूमध्ये सर्वोत्कृष्ट हो । यसमा पारिजातका बहुविधा जीवनानुभव, गहन अध्ययन विश्लेषण र लामो एवम् कठोर उपन्यास साधनाको निश्कर्ष आएको छ । वर्गीय द्वन्द्व, सामुहिकतामा विश्वास, आमूल परिवर्तनको सन्देश, जन प्रतिवद्धता, मार्क्सवादी दृष्टिकोण र प्रगतिशील प्रवृत्तिद्वारा समृद्ध पारिएकोले यो समाजवादी यथार्थवादी उपन्यास हो ।

### ३.२.१.४ दीपक गौतम

दीपक गौतमले **समकालीन प्रगतिवादी नेपाली कथाका प्रवृत्तिहरू** (२०६२) मा पारिजातका पछिल्ला चरणका कथा रचनाहरूको विश्लेषण गरेका छन् ।

**यसरी एउटा नाउँ काटिन्छ** कथामा 'बाह्र छोरा तेह्र नाति, बुढाको धोको काँधै माथि' भन्ने उखानको आशयलाई चरितार्थ गरिएको छ । कथाकार पारिजातको 'गोले' पात्रप्रति सहानुभूति रहेको र विदेशी ठेकेदारप्रति नकारात्मक दृष्टि रहेको छ । **कुनै गुलाफ ओभानो छैन** कथामा प्रत्येक नेपाली शोषण र त्रासबाट मुक्त छैन भन्ने कुराको प्रतिबिम्ब गरिएको छ । जनतालाई शोषणका विरुद्ध लाग्न लगाउनु यस कथाको उद्देश्य रहेको छ ।[४२]

**सम्बन्ध** कथामा वर्गीय समाजको चिन्तन र चरित्रलाई अनावरण गरिएको छ । वर्गीय समाजको सहरले जनतालाई कसरी शोषण गर्छ भन्ने देखाइएको छ । **नैकापे सर्किनी** कथामा सर्किनीको चेतना विकासलाई उद्घाटन गरिएको छ । लोग्नेबाट परित्यक्ता र विष्णुमतीमा बालुवा छानेर जीवनयापन गरिरहेकी सर्किनीको चेतना विकासलाई यस कथामा अनावरण गरिएको गौतमको तर्क छ ।

[४२] दीपक गौतम, **समकालीन प्रगतिवादी नेपाली कथाका प्रवृत्तिहरू**, काठमाडौं: अप्रकाशित विद्यावारिधि शोधप्रबन्ध, कीर्तिपुर, नेपाली केन्द्रीय विभाग, २०३२, पृ. ११२ ।

**पैसाको रंग** कथामा पूँजीको वर्गीकरण गरिएको र कुन रंगको पूँजीलाई समाजले स्विकृति दिने र कुनलाई नदिने भन्ने निर्णय कथामा आएको छ। **एउटा गाउँमा** कथामा जनतामाथि भिन्न रूपबाट गरिने दमनलाई देखाउँदै त्यसलाई सहेर बस्नु हुँदैन भन्ने सारवस्तु प्रतिबिम्बन गरेको छ। सङ्घर्षमा उत्रिए पछि अवश्य पनि मुक्ति पाइन्छ र त्यस सङ्घर्षमा महिला तथा पुरुष सहभागी बन्नु पर्छ भन्ने उद्देश्य कथाले लिएको छ।

**सइसको चिठी** कथामा गरिबीबाट उत्पन्न स्थितिको प्रतिबिम्ब गरिएको र आर्थिक विसङ्गतिको पीडा भोग्न विवश निम्न वर्गीय परिवेशलाई कथामा प्रस्तुत गरिएको छ। **सकुन्तलाको निन्तन** कथामा कार्यालयका हाकिमहरूका श्रीमतीहरूले पनि तल्लो तहका कर्मचारीहरू तथा परिवारलाई विभिन्न तहबाट गर्ने शोषणविधिलाई उद्घाटन गरेको गौतम बताउँछन्।

**शोध** कथामा धनी मानिसहरू गरिबको शोषणबाट माथि उठेका छन् भन्ने सारवस्तु देखाइएको छ। **नाटकको चौथो चरण** कथामा अधिकांश जनताहरू गरिबीका कारण अकालमा मर्न विवश जनताको स्थिति देखाइएको छ।

**साँझ, उदास घरको पिँढीमा** कथामा आर्थिक दरिद्रता र नैतिक विपन्नता प्रदर्शित छ भने **वधशाला जाँदा आउँदा** कथामा वर्तमान समाजका व्यक्तिहरूले भोग्नु परेको विसङ्गतिहरू उद्घाटन गरिएको छ।

### ३.२.१.५ ज्ञानु पाण्डे

ज्ञानु पाण्डेले **विश्वेश्वरप्रसाद कोइरालाका उपन्यासमा अस्तित्ववाद** (२०६२) मा अस्तित्ववादी उपन्यासकारहरूको चर्चा गर्ने क्रममा पारिजातको पनि चर्चा गरेका छन्। नेपालीभत्रबाट अस्तित्ववादी उपन्यास लेखनको आरम्भ **शिरीषको फूल** (२०२२) बाट सुरु भएको उनको दावा छ। **शिरीषको फूल** उपन्यासमा पारिजातले एकातिर सकमबरीका माध्यमबाट अस्तित्ववादीभत्रको व्यक्ति स्वतन्त्रताको चेतनालाई वाणी दिन खोजेकी छिन् भने अर्कोतिर मानवीय जीवनको निस्सार र निरूपाय अनि विसङ्गत र बेदना ग्रस्त अवस्थामाथि अस्तित्ववादी व्याख्यालाई उपन्यासको नायक सुयोगवीरको जीवनभोगाइ र कुरा गराइका माध्यमबाट अभिव्यक्ति दिन सफल भएको पाण्डेले बताएकी छन्।

**महत्ताहीन** मा जीवनको अस्तित्वहीनता र विसङ्गतिको चरम परिणतिकाबीच बाँच्न वाध्य भएको मानिसको जीवनको यथार्थ तस्वीर प्रस्तुत गरेको र पाठकलाई अस्तित्ववादी-विसङ्गतिवादी विसङ्गतिको मर्मबोध गराउन सफल भएको पाइन्छ। भोगप्रतिको वितृष्णाले जन्माएको शुन्यताको नाङ्गो अनुभवमा नै निस्सारता प्रतिबिम्बित हुन्छ भन्ने तथ्यलाई यस उपन्यासमा पारिजातले सम्प्रेषण गरेकी छन्।[४३]

[४३] ज्ञानु पाण्डे, **विश्वेश्वरप्रसाद कोइरालाका उपन्यासमा अस्तित्ववाद**, काठमाडौं: अप्रकाशित विद्यावारिधि शोधप्रबन्ध, कीर्तिपुर, नेपाली केन्द्रीय विभाग, २०६२, पृ. १६८।

### ३.२.१.६ बाबुराम शर्मा 'हेमन्त'

**बाबुराम शर्मा हेमन्त** ले **नेपाली साहित्यमा राल्फा आन्दोलन** (२०५०) मा राल्फाली आन्दोलन, त्यसका अभियानकर्ता एवम् राल्फाली साहित्यको विश्लेषण गर्ने क्रममा पारिजातको बारेमा पनि चर्चा गरेको पाइन्छ । राल्फाको मुख्य अभियानकर्ताका रूपमा पारिजातको भूमिका एवम् उनको राल्फाली साहित्यकोसमेत चिरफार गरेका छन् ।

वि.सं. २०१९ सालमा रोगले बढी आक्रमण गर्न थालेपछि पारिजातलाई शिक्षणबाट अवकाश मिल्यो । कुँजिएर पुतलीसडकको डेरामा बस्ने र लेखन प्रमुख कार्य हुन थाल्यो । निराशा, कुन्ठा र शुन्यबोध हुन लागेकोले पत्रपत्रिकाको अध्ययन र लेखन सँगसँगै अघि बढ्यो । अन्तरमुखी र भावुक पारिजात चेग्वेभारा र मार्क्यूज आदिका जीवनीहरूले प्रभावित भइन् । रेडियो नेपालमा गाउने रामेश, रायन, अरिम र मञ्जुलको चेक काण्डले हलचल मच्चायो भने उनीहरूको स्वरमाधुर्यबाट पारिजात निकै प्रभावित हुन थालिन् र उनीहरूलाई भेट्ने इच्छा गरिन् । विमलमार्फत् उनीहरू पारिजातलाई भेट्न गए । एकातिर रोगले पीडित पारिजात कोठामा नै बसिरहनु पर्दा असुरक्षित भएको ठानी कुनै सम्पर्क र सुरक्षाको खोजीमा थिइन् भने अर्कोतिर ती उत्साही युवा कलाकारहरूको लागि पनि त्यस्तै बौद्धिक व्यक्तित्वको खाँचो थियो । फलतः राल्फा संगठनको गठन भयो । राल्फाको जन्म पारिजातको कोठामा भएको र छलफल र विचारसमेत उनकै कोठामा हुने गर्थ्यो ।[४४]

राल्फाकाल (२०२४-२०२९/३०) का पारिजातका कथामा शहरीय वातावरण पाइन्छ । यी कथाहरूमा सामाजिक विकृति र विसङ्गति प्रचुर रूपमा पाइन्छ । कथाका पात्रहरूमा असन्तुष्टि अन्तर्द्वन्द्व, विसङ्गति, विवशता, विरोधाभासको साथै मनोवैज्ञानिक रोगले ग्रस्त छन् । यी पात्रहरूमा विरोध, आक्रोस र अन्तर्द्वन्द्व भए पनि अन्ततः विरोधमा नै सीमित हुने गरेको छ ।

प्रारम्भकालको सापेक्षतामा उत्कर्षकालमा पारिजातका कथामा परिवर्तन पाइन्छ । तापनि दुवै चरणका कथाका पात्रहरू विसङ्गतिपूर्ण स्थितिमा जीवनको जटिल परिवेशलाई भोग्न बाध्य भएका छन् । पारिजातका निबन्धहरूमा 'एक राल्फा अर्को राल्फाको डायरीमा' जस्ता केही निबन्धहरू निकै उत्कृष्ट र सफल चिन्तन भएको शर्माको तर्क छ ।

वैचारिक परिवर्तनको क्रममा पारिजातका धारणाहरू पनि बद्लिँदै गएका छन् र यसको प्रभाव उनका उपन्यासमा पनि पाइन्छ । अस्तित्ववाद, राल्फा विद्रोह, प्रगतिशीलता परिवर्तित यात्रा क्रमहरू हुन् ।

**महत्ताहीन** उपन्यास विसङ्गतिवादी धारणासँग शून्यवादलाई अँगीकार गर्दै अस्तित्ववादलाई अँगाल्न पुगेको छ । कामुको विसङ्गतिवादी चिन्तन र सार्त्रको अस्तित्ववादी चिन्तनको साथै शून्यवादी चिनतनलाई यस उपन्यासका माध्यमबाट भरिलो बनाएको र **शिरीषको फूल** ले अबलम्बन गरेको मार्गलाई **महत्ताहीन** ले विस्तार गरेको शर्मा बताउँछन् ।

---

[४४] बाबुराम शर्मा, **'हेमन्त' नेपाली साहित्यमा राल्फा आन्दोलन,** काठमाडौंः अप्रकाशित स्नात्तकोत्तर शोधपत्र, कीतिपुर, नेपाली केन्द्रीय विभाग, २०५०, पृ. १७ ।

**बैंसको मान्छे** उपन्यासमा अराजकतावादी-अस्तित्ववादी प्रवृत्ति स्पष्ट रूपमा पाइन्छ भने प्रगतिवादमा संक्रमण मात्र भएकोले स्पष्ट प्रगतिवादी मान्यता अनुरूप सही दिशाबोध गर्न नसकेको र राल्फाको यथास्थिति एवम् परम्पराप्रतिको आक्रोश र विद्रोही प्रवृत्ति नै यस उपन्यासको मूल प्रवृत्ति भएको शर्माको निस्कर्ष छ ।

### ३.२.१.७ अम्बुभवानी कार्की

**अम्बुभवानी कार्कीले पारिजातको कथाकारिता** (२०५२) मा पारिजातको कथाका चरण विभाजन गर्नुका साथै तिनको प्रवृत्तिसमेत निरूपण गरेको पाइन्छ ।

पारिजातका कथाहरूमा सामाजिक जनजीवनका सकारात्मक तथा नकारात्मक दुवै पक्षको यथार्थ चित्रण गर्दै नेपाली समाजका विभिन्न पक्षका विकृति, विसङ्गती, कुसंस्कार, असमानता, आदि अनेक पक्षमा आफ्नो दृष्टि पुऱ्याएकी छन् । उनका कथामा 'म' पात्रको आधिक्यता पाइन्छ भने 'ऊ' वा त्यस्तै अन्य पात्रहरूको पनि उपस्थिति छ ।[४५]

वि.सं. २०२१ सालमा **मैले नजन्माएको छोरो** कथाबाट आफ्नो कथा यात्रा प्रारम्भ गरेकी पारिजातको कथा यात्रामा दुई चरण पाइन्छ । पहिलो चरण (२०२१-२०३२) का कथाहरू **आदिम देश र सडक र प्रतिभा** मा सङ्ग्रहित छन् । **आदिम देश** का कथाले जीवन नग्न, आदिम र अर्थहीन देख्ने गरेको पाइन्छ । यी कथाहरूमा अस्तित्ववादी चिन्तन पाइन्छ । अस्तित्वबोधभन्दा अझ ज्यादा विसङ्गतिवादी पाइन्छ । **सडक र प्रतिभा** भित्रका कथाहरूमा विद्रोहात्मक अभिव्यक्ति छ, जुन राल्फाली आन्दोलनको प्रभाव हो । यसमा अराजकतावाद हावी छ ।

पारिजातको कथा लेखनको दास्रो चरण (२०३३-२०४९) का कथाहरूमा द्वन्दात्मक भौतिकवादी चेतना पाइन्छ । यस क्रममा उनले कुण्ठा, पीडा, सङ्घर्षलाई सभ्यताको विकासको क्रममा हेर्न पुगिन् । यथार्थ विश्लेषण गर्न लागिन् ।

### ३.२.१.८ भैरवप्रसाद गेलाल

पारिजातका कृतिहरूको अध्ययन गर्ने क्रममा **भैरवप्रसाद गेलाल**को नाम पनि जोडिन्छ । गेलालले **कवि पारिजातको कवित्वको अध्ययन, विश्लेषण र मूल्याङ्कन** (२०५४) मा पारिजातका कविता कृतिहरू एवम् तिनका प्रवृत्तिहरू निरूपण गरेका छन् ।

**आकांक्षा** भित्रका कवितामा स्वच्छन्दतावादी भावुक कल्पनाशीलताको मात्रा बढी छ र प्रेमलाई मूल आधार बनाएर प्राकृतिक बिम्ब र प्रतिकहरूको प्रयोग गरी विषयवस्तुलाई प्रस्तुत गरिएको छ ।

**पारिजातका कविता** भित्रका कविताको वस्तु सामाजिक हुँदाहुँदै पनि त्यसमा अस्तित्ववादी-विसङ्गतिवादी चिन्तनको छाप परेकोले ती कविताहरू सामाजिक विकृति, रुग्णता, निराशा, पलायनको प्रस्तुतिका रूपमा र मृत्युपुजकका रूपमा देखा परेका छन् । तर **बैंसालु वर्तमान**को समाज परिवर्तनमुखी, क्रान्तिकारी, उन्नतिशील, सिर्जनशील छ ।[४६]

---

[४५] अम्बुभवानी कार्की, **पारिजातको कथाकारिता**, काठमाडौंः अप्रकाशित स्नात्तकोत्तर शोधपत्र, (कीतिपुर : नेपाली केन्द्रीय विभाग, २०५२), पृ. २३-२४ ।

[४६] भैरवप्रसाद गेलाल, **कवि पारिजातको कवित्वको अध्ययन, विश्लेषण र मूलायङ्कन**, अप्रकाशित स्नात्तकोत्तर शोधपत्र, (कीतिपुर, नेपाली केन्द्रीय विभाग, २०५४), पृ. ३५ ।

**बैंसालु वर्तमान** भित्रका कविताले न्याय, समानताको पक्षमा समाजलाई जागरुक र सङ्गठित गराउने सन्दर्भमा हरेक सामाजिक समस्याको समाधानको एकमात्र विकल्प मार्क्सवादी चिन्तनमा आधारित क्रान्तिकारी परिवर्तन हो भन्ने सन्देश व्यक्त गरेका छन् । यी कविताको विचार पक्ष अत्यन्त उर्वर र उन्नत खालको छ र त्यो विचार व्यक्तिकेन्द्रित नभएर समाजकेन्द्रित छ भनेर गेलालले दावा गरेका छन् ।

सुसङ्गठनका दृष्टिले **आकांक्षा** भन्दा **पारिजातका कविता** भित्रका कविता सफल छन् भने **बैंसालु वर्तमान** उनको काव्य साधनाको मूलभुत प्राप्ति भएको गेलाल बताउँछन् । बाहिरबाट हेर्दा **आकांक्षा** भित्रका कविता प्रकृतिलाई आलम्बन बनाएर लेखिएका भए पनि यी कविताहरूमा प्रयोग भएको प्रकृति स्वयं पारिजात र उनको बिछोडिएको प्रेमीको रूपमा आएको छ ।

**बैंसालु वर्तमान** मार्क्सवादी प्रतिबद्धतामा जोड दिने कृति हो । यस कविता कृतिमा पारिजातले नेपाली समाजमा व्याप्त सामन्ती शोषणको पोल खोलेकी छिन् । उच्च कुलीन जाति र वर्गले निम्नजाति र वर्गमाथि गर्ने गरेको आर्थिक, सामाजिक, राजनैतिक, सांस्कृतिक र शारिरीक शोषणका विरुद्ध समाजलाई सजग, सङ्गठित र सशक्तिकरण गर्ने अभिभारालाई **बैंसालु वर्तमान** मा पूरा गरेकी छन् ।[४७]

### ३.२.१.९ पाशाकान्त थापा 'श्रीष'

**पाशाकान्त थापा श्रीष** ले **शिरीषको फूल उपन्यासको कृतिपरक अध्ययन** (२०५५) मा उक्त उपन्यासको सामाजिक तथा दार्शनिक, वैचारिक दृष्टिले विभिन्न कोणबाट विश्लेषण गरेका छन् ।

**शिरीषको फूल** मा समाजका आर्थिक, राजनैतिक, सांस्कृतिक पक्षहरूभित्र अप्रत्यक्ष रूपमा पिल्सिएको तर नितान्त वैयक्तिक सोचाइ एवम् नारी र पुरुषमा हुने मनोवैज्ञानिक आयामले स्थान पाएको छ । सकमबरी र सुयोगका माध्यमबाट नारी र पुरुष अन्तर्मनलाई स्पर्श गर्ने प्रयास भएको छ । ती नारी-पुरुषका अन्तर्द्वन्द्व एवम् विचारहरू सार्वभौमिक नभई व्यक्तिवादी धरातलका उपज बनेर प्रस्तुत भएका छन् ।[४८]

परिजातले व्यक्तिवादी निस्सारतावादको प्रतिपादन गरेकी छिन् । एक्लोपना, शून्यबोध, निराशा, आन्मीयताको अभावबोध, असुरक्षा, आत्मापीडन आदिको भावनात्मक प्रवाहमा यो चिन्तन फस्टाएको हुन्छ । पारिजातले पनि प्रस्तुत उपन्यासमा निराशा र शून्यताकै वकालत गरकी छन् ।[४९]

उपन्यासले जीवनमा यौनलाई एउटा विसङ्गत रूपमा परिभाषित गर्न खोजेको पाइन्छ । सकमबरीमा यौनप्रति तीव्र वितृष्णा छ । तैपनि यौनजीवनबाट प्रभावित नभइरहन भने सक्दिन । सुयोग विगतमा यौनलाई हिंसात्मक एवम् अनैतिक रूपमा प्रयोग गरेको तर अन्त्यमा आफैसँग

---

[४७] ऐजन, पृ. ७६ ।

[४८] पाशाकान्त थापा 'श्रीष' **शिरीषको फूल उपन्यासको कृतिपरक अध्ययन**, कीर्तिपुरः अप्रकाशित स्नात्तकोत्तर शोधपत्र, नेपाली केन्द्रीय विभाग, २०५५, पृ. ५० ।

[४९] ऐजन, पृ. ५४ ।

पराजित भई निस्सार जीवन बिताउन विवश छ । शिवराज यौनप्रति तटस्थ रहन खोज्दा-खोज्दै पनि अप्रभावित रहन सक्दैन । मुजुराचाँही अव्यक्त यौन चाहना बोकेर पनि एकल जीवन बिताउन विवश छे । यौन जीवन लगायत यावत कुराहरूलाई सकारात्मक तवरले भोग्ने प्रगतिशील पात्र सानु भएता पनि तिनको चर्चा नगन्य भए तापनि महत्त्व स्थापना गरिएको छैन ।

उपन्यासका सबै घटना र परिणाम उपन्यासकारले आफ्नो दार्शनिक मान्यतालाई उच्च गरेता पनि त्यसले मानव इतिहासलाई जीवनमा सङ्घर्ष र प्रगतिको बाटोतर्फ लग्नुको सट्टा निराशा र पलायनको सोचतर्फ लगेको छ । उपन्यासको दार्शनिक मान्यता सामाजिक र जीवनमुखीभन्दा षयोन्मुखी छ । यसले सामाजिक सुधारतर्फभन्दा वैयक्तिक सोचाइ, कुण्ठा एवम् पलायनवादी जीवनका पक्षमा वकालत गरेको छ ।

### ३.२.१.१० रमेशचन्द्र रोका

पारिजातका कृतिहरूको अध्ययन, विश्लेषण गर्ने क्रममा **रमेशचन्द्र रोकाले पारिजातका अन्य विधाको विश्लेषणात्मक अध्ययन** (२०५५) मा पारिजातका कृतिहरूको विश्लेषण गरेको पाइन्छ ।

**धुपी, सल्ला र लालीगुँरासको फेदमा र अध्ययन र सङ्घर्ष** नामक आत्म संस्मरणात्मक कृतिहरूले पारिजातलाई बुझ्न सहयोग पुगेको छ । पारिजातका जीवनका बाल्य, किशोर र युवावस्थाका घुम्तीलाई परिष्कृत भाषशैली र कलात्मक बान्कीमा प्रस्तुत गर्ने यी दुई कृतिहरूले पारिजातलाई उत्कृष्ट आत्म कथाकारको रूपमा स्थापित गरेको रोकाको तर्क छ ।

जीवन भोगाइका विभिन्न क्षणहरूको सहज प्रस्तुति, परिवेशप्रतिको सजगता, लयात्मक भाषा, आकर्षक शैली एवम् छरितो संगठन सौष्ठवले उत्कृष्ट बनेको 'एक चित्रमय सुरुवात' आत्मसंस्मरणात्मक कृतिले पारिजातलाई सिद्धहस्त संस्मरणकारको रूपमा स्थापित गराएको छ ।[५०]

**पारिजात स्मृतिग्रन्थ** (२०५१) मा प्रकाशित तीन पात्रहरू नै पारिजातका पत्र-साहित्य हुन् । यो पत्रमा उनी एक सचेत पाठक र प्रतिबद्ध प्रगतिवादी स्रष्टाको रूपमा प्रस्तुत हुनुका साथै जीवन भोगाइका सुखदुःख र दैनिन्दिनी पनि पाइने यी पत्रहरूमा पारिजात एक सामाजकि आम नारीकी रूपमा देखा परेकी छिन् ।

अभिव्यक्तिको सहजता, जीवन दृष्टिको स्पष्टता र भाषाशैलीको उत्कृष्टताले यी पत्रहरूलाई नेपाली साहित्यको निधि बनाएको रोका बताउँछन् ।

### ३.२.१.११ शंकर पराजुली

**शंकर पराजुलीले अनुराधा, शिरीषको फूल र सुम्निमा उपन्यासको तुलनात्मक अध्ययन** (२०५७) मा तीनै उपन्यासकोबीच साम्य एवम् वैषम्यको विश्लेषण गरेको पाइन्छ । उपन्यासहरूको विशेषतालाई सुस्पष्ट ढङ्गले प्रस्तुत गरेको पाइन्छ । **शिरीषको फूल** उपन्यासमा थोरबहुत मनोविज्ञानको प्रयोग गरिएको र सुयोगवीरको अतृप्त यौन कुण्ठा र सकमबरीको स्व-रतिग्रन्थी

---

[५०] रमेशचन्द्र रोका, **पारिजातका अन्य विधाको विश्लेषणात्मक अध्ययन**, कीर्तिपुरः अप्रकाशित स्नात्तकोत्तर शोधपत्र, नेपाली केन्द्रीय विभाग, २०५५, पृ. ७८ ।

यसको उदाहरण भएको पराजुली बताउँछन् । बौद्ध धर्मको शून्यवादभन्दा पनि फ्रान्सेली साहित्यकार अल्बर्ट कामुको निस्सारतावादबाट यो उपन्यास निकै प्रभावित भएको पाइन्छ ।

उपन्यासहरूको तुलना गर्ने क्रममा तीनै उपन्यासमा मुख्य कथा र सहायक कथा रहेको, सहायक कथानकले मुख्य कथानकलाई अगाडि बढाउँन मद्दत गरेको उनले व्यक्त गरेका छन् ।

**अनुराधा** र **शिरीषको फूल** उपन्यासको कथावस्तु क्रमबद्ध वा शृङ्खलित रूपमा अघि बढेका छैनन् । यी दुवै उपन्यास घटनाको हिसाबले शिथिल देखिए पनि मानसिक उद्घाटनको हिसाबले व्यवस्थित उपन्यास छन् ।[५१]

**अनुराधा** को कोमलमान अन्तर्मुखी छ, **शिरीषको फूल** को सुयोगवीर पनि अन्तर्मुखी छ भने **सुम्निमा** को सोमदत्त बहिर्मुखी छ । तिनै उपन्यासका नामक गतिशील, गोला र मौलिक छन् । सोमदत्त यथार्थ पात्र हो भने अरू दुई यथार्थ पात्र हुन् ।[५२]

तीनै उपन्यास सरल कथानक भएका मनोविश्लेषणात्मक, सांस्कृतिक र अस्तित्ववादी उपन्यास हुन् । कथानकको ढाँचा अनुराधामा वृताकारिय छ भने अन्यमा रैखिक छ । तीनै उपन्यासमा दृश्यात्मक र वर्णनात्मक दुवै पद्धत्ति देखा परेको पराजुली दावा गर्दछन् ।

### ३.२.१.१२ मंगला थापा

**मंगला थापाले** उपन्यासकार पारिजातको **उसले रोजेको बाटो उपन्यासको विश्लेषण तथा मूल्याङ्कन** (२०५७) मा **उसले रोजेको बाटो** उपन्यासको सूक्ष्म विश्लेषण गरेकी छन् । नेपालीहरू स्वदेशमा मात्र होइन, विदेशमा पनि दासतापूर्ण जीवन भोग्न बाध्य भएको, नेपाली समाजका निम्नवर्गको आर्थिक पक्षका साथै राजनैतिक पक्ष पनि यस उपन्यासको कथावस्तु रहेको छ ।

यस उपन्यासले वर्षौंदेखि खान नपाएर मुग्लान बस्नुपर्ने बाध्यतालाई दोहोऱ्याएको छ । उपन्यासको मुख्य पात्र ज्ञाने राष्ट्रिय र अन्तर्राष्ट्रिय पूँजीवादको शिकार बन्न विवश नेपाली समाजको निम्न वर्गीय तहका नेपालीहरूको उदाहरण हो तसर्थ यस उपन्यासमा पूँजीवादी विकृतिका परिवृतमा स्थापित मूल्यलाई उच्छेद गर्ने काम भएको छ । कलकत्ताको निम्न वर्गीय चरित्रका स्वभाविक मूल्यलाई ज्ञानबहादुरले भोगेको छ ।[५३]

यो उपन्यास लेख्दाको समय २०३५/३६ सालको भएको र यसको वातावरण २०३६ सालको राजनीतिक वातावरणसँग सम्बद्ध छ । नेपाली समाजका निम्न वर्गीय परिवेशमा हुर्किएका मानिसहरूको आर्थिक, सामाजिकका साथै चेतनाको अभावले पनि परेको र अनेक दुःख पीडाबाट उत्पन्न विद्रोहात्मक चेतनालाई सामन्तवादी संस्कारको अत्याचार विरुद्ध पोखिएको छ । तत्कालीन राजनीतिक आन्दोलनमार्फत् समाजको हक अधिकारको लागि उनीहरूलाई पनि एकजुट हुन आव्हान गरेको यस उपन्यासमा देखाइएको थापाको दावी छ ।

---

[५१] शंकर पराजुली, **अनुराधा, शिरीषको फूल र सुम्निमा उपन्यासको तुलनात्मक अध्ययन,** अप्रकाशित स्नात्तकोत्तर शोधपत्र, विराटनगरः स्नात्तकोत्तर क्याम्पस, पृ. ८७ ।

[५२] ऐजन, पृ. ८९ ।

[५३] मंगला थापा, **उपन्यासकार पारिजातको उसले राजेको बाटो उपन्यासको विश्लेषण तथा मूल्याङ्कन,** अप्रकाशित स्नात्तकोत्तर शोधपत्र, काठमाडौंः पद्मकन्या बहुमुखी क्याम्पस, २०५७, पृ. ३९ ।

उपन्यासमा पाठक वर्गलाई कौतुहलता पद्रान गर्ने कार्य गरिएको छैन । ज्ञानबहादुरमा कुनै किसिमको विरोध नभई एक्कासी आवारापनमा झोला बोकेर हिँडेको छ । यदि ज्ञानबहानुरलाई निम्न वर्गप्रति सामाजिक, आर्थिक, शोषणप्रतिको विद्रोह चेतना भएको भए उसका संवादहरूमा विद्रोहात्मकता भेटिन्थे होलान् तापनि यसमा प्रस्तुत संवादले गर्दा जुन सङ्घर्ष क्रियाशील छ , त्यो भने देखाइएको छ ।[५४]

## ३.२.१.१३ दिनमणि आचार्य

**दिनमणि आचार्यले अनिदो पहाडसँगै उपन्यासको कृतिपरक अध्ययन** (२०५८) मा पञ्चायती निरंकुशता विरोधी विद्यार्थी आन्दोलन र त्यसको केन्द्रीयता भएको सङ्घर्षको चित्रण गरेको पाइन्छ । तत्कालीन जनमतसङ्ग्रह र त्यसमा जनभावनाको पराजयलाई दुःखद रूपमा देखाइएको छ । क्रान्तिकारीहरूको महिमा गान गर्ने प्रस्तुत उपन्यासले देश र जनताको पक्षमा सम्पूर्ण अभिव्यक्ति दिएको र मार्क्सवादी सौन्दर्य चेतनाको कुशल समायोजन गर्दै देशको खस्कँदो स्थिति र सो स्थितिबाट सिर्जिएका विकराल समस्याको चित्रण गर्दै वर्ग-सङ्घर्षको अपरिहार्यतालाई देखाएको कुरा आचार्य बताउँछन् ।

२०३५/०३६ सालको विद्यार्थी आन्दोलनसँग सम्बन्धित भएता पनि उपन्यासमा नेपाली जनजीवनले भोग्नु परेका दुःख कष्ट, गरिबी र त्यसमा सरकारी उदासिनता र अनुत्तरदायीपूर्ण क्रियाकलापको यथार्थ चित्रण प्रस्तुत भएको छ ।[५५]

उपन्यासका नायक नायिकाको मृत्यु भए पनि कथानकले क्रान्तिको निरन्तरतालाई संकेत गर्दै टुङ्गिएको छ । कुनै एक चरित्रलाई केन्द्रीय बनाउनुभन्दा पनि सामाजिक जीवनका यथार्थ पक्षलाई उद्घाटन गर्न सहायकको रूपमा चरित्रहरूको विकास गरिएको छ । उपन्यासका प्रमुख पात्रहरू कृतिमा व्यक्त सैद्धान्तिक पक्षलाई समर्थन गरेर त्यसैमा आफूलाई होमिदिने काम गरेका छन् ।

उपन्यासमा उपन्यासकारको उद्देश्य समाजवादी चिनतनको प्रस्तुति रहेको छ । नेपाली समाजको विकृति र विसङ्गति, गरिबीको यथार्थ चित्रण तथा त्यसमा निकासको स्वर पाइन्छ । नारी स्वतन्त्रताको आग्रहरूका साथै तत्कालीन जनविरोधी सत्ताको पर्दाफास गर्नु यसको उद्देश्य देखिन्छ ।

पारिजातका अन्य उपन्यासको सापेक्षतामा उत्कृष्ट यस उपन्यासमा श्रमजीवी जनताका कष्टमय जीवन पद्धति र त्यसलाई निर्मूल गर्नका लागि लडिएको लडाइँ, शोषण, दमन र सामन्तवादी प्रवृत्तिका विरुद्ध गरिएको विद्रोह, क्रान्तिको निरन्तरता र त्यसमा तल्लो वर्गको जनताको विजयको आशाको प्रस्तुतिले उपन्यासलाई समाजवादी-यथार्थवादी बनाएको छ ।

[५४] एजन, पृ. ५१ ।

[५५] दिनमणि आचार्य, **अनिदो पहाडसागै उपन्यासको कृतिपरक अध्ययन,** चितवनः अप्रकाशित स्नात्तकोत्तर शोधपत्र, वीरेन्द्र बहुमुखी क्याम्पस, २०५८, पृ. ३१ ।

### ३.२.१.१४ चन्द्रमान श्रेष्ठ

**चन्द्रमान श्रेष्ठले उसले रोजेको बाटो उपन्यासको कृतिपरक अध्ययन** (२०६०) मा उपन्यासको ऐतिहासिक पृष्ठभूमिका साथै यसले नेपाली उपन्यास परम्परामा पुऱ्याएको योगदानको चर्चासमेत गरेका छन् । यस उपन्यासले नेपाली उपन्यास परम्परामा एउटा बेग्लै ढोका खोलेको छ । यसभन्दा पूर्व किसान वर्गसँग सम्बन्धित उपन्यास लेखिएकोमा यसले मजदुरहरूको श्रमचेतना थपेर नेपाली उपन्यासलाई नयाँ विषयवस्तु दिएको श्रेष्ठ बताउँछन् ।

तत्कालीन समसामयिक युगीन धाराको अभिव्यक्ति उपन्यासमा आएको छ । २०३०-०३४ सम्मको नेपालको सामाजिक, आर्थिक, राजनीतिक र सांस्कृतिक पक्षहरू उपन्यासमा आएको छ । उपन्यासमा वर्णित राजनीतिक घटनाक्रम, मजदुरवर्ग र होटल मालिकहरूबीचको सम्बन्ध, धार्मिक,-सांस्कृतिक सन्दर्भ, पर्यटकहरूको गतिविधि आदि विविध घटना सन्दर्भहरूले तत्कालीन परवेशलाई अभिव्यक्त गरेको छ ।[५६]

उपन्यासमा वर्णनात्मक र व्याख्यात्मक शैलीको प्रयोग गरिएको, उपन्यासकारले औपन्यासिक सीमाभन्दा बाहिर गएर घटनाहरूको वर्णन र व्याख्या गरको श्रेष्ठ बताउँछन् । पात्रको अतितलाई पात्रकै पूर्वस्मृतिका रूपमा प्रस्तुत गरिएको छ । नायक ज्ञानबहादुरको संस्मरणबाट नै उसको अतितको बारेमा जान्न सकिन्छ ।

सर्वहारा वर्गीय समाज र सामन्त वर्गीय समाजकाबीच विद्यमान सङ्घर्ष वा द्वन्द्वलाई यथार्थ रूपमा चित्राङ्कन गर्ने प्रयास गरिएकोले द्वन्द्वको उपस्थिति प्रभावकारी रहेको यस उपन्यासमा नेपाल र भारतका केही स्थानलाई कार्यस्थल बनाएर लेखिएको भए तापनि उपन्यासले विश्वजनीन सन्देश दिएको छ । वर्गीय शोषणबाट सर्वहारा मुक्तिको आन्दोलन विश्वभरि नै उही रूपमा चलेको हुनाले ज्ञानबहादुरलाई सार्वभौम चरित्रको रूपमा लिन सकिने उनको तर्क छ ।

नेपाली समाजमा विद्यमान विविध समस्यालाई प्रस्तुत गरिएको यस उपन्यासमा वर्गीय शोषणबाट सर्वहारा वर्गको मुक्तिको निम्ति क्रान्तिकारी युद्ध अनिवार्य छ भन्ने सारवस्तु रहेको श्रेष्ठको दावा छ ।

### ३.२.१.१५ मीठाराम थापा

पारिजातका औपन्यासिक कृतिहरूको विश्लेषण गर्ने क्रममा **मीठाराम थापा**को नाम पनि जोडिन आउँछ । उनले **उसले रोजेको बाटो उपन्यासको कृतिपरक अध्ययन** (२०६०) मा वैचारिक एवम् तुलनात्मक दृष्टिले उपन्यासको विश्लेषण गरेका छन् ।

प्रमुख पात्र ज्ञानबहादुरको सेरोफेरोमा कथानक विकसित भएको उपन्यासको नारी पात्र गङ्गालाई भूमिगत राजनीतिमा नारीहरूको सूक्ष्मतर तर अविस्मरणीय योगदान हुन्छ भन्ने देखाउँदै नारीहरूको प्रतिनिधिको रूपमा लेखकले उभ्याएकी छिन् ।

---

[५६] चन्द्रमान श्रेष्ठ, **उसले रोजेको बाटो उपन्यासको कृतिपरक अध्ययन**, काठमाडौँ: अप्रकाशित स्नातकोत्तर शोधपत्र, कीर्तिपुर: नेपाली केन्द्रीय विभाग, २०६०, पृ. ३९ ।

**उसले रोजेको बाटो** ले विसङ्गतिवादी-अस्तित्ववाद र राल्फाली प्रवृत्तिलाई बिदा गर्दै प्रगतिवादको विजारोपण गरेको थापाको तर्क छ ।

एउटा राजनैतिक क्रान्तिको उज्यालो सम्भावना देखाएर उपन्यासको कथावस्तु समाप्त हुन्छ । यसमा ज्ञानबहादुर अन्याय र अत्याचारको विरोध गर्दै समतामूलक समाजको निर्माणको लागि भूमिगत भएको छ । यसमा ज्ञानेले विपन्न मजदुर वर्गको प्रतिनिधित्व गरेको र नेपालीहरू जहाँ गए पनि जस्तो काम गरे पनि दासतापूर्ण जीवन भोग्न बाध्य छन् भन्ने कुरा उनको जीवनबाट प्रष्ट हुने विचार मीठारामले अभिव्यक्त गरेका छन् ।

उपन्यासमा सामाजिक, आर्थिक र राजनैतिक स्थितिको चित्रणका साथै धर्म, संस्कृति, परम्परा, रीतिस्थिति र प्रकृतिसमेत चित्रण गरिएको छ । यी विभिन्न पक्षसँग सम्बन्धित दृश्यहरू समय, स्थान र परिस्थितिका सीमाभित्र बाँधिएका पाइन्छन् ।

प्रगतिवादी सोच अनुसार रचना गरिएको यस उपन्यासको मूल उद्देश्य समाजको आमूल परिवर्तनको निमित्त वर्गीय द्वन्द्वलाई अथवा क्रान्तिलाई नयाँ ढङ्गले अगाडि बढाउँनु पर्ने विचारको आख्यानान्मक अभिव्यक्ति गर्नु रहेको छ ।[५७]

उपन्यासको वैचारिकता नै प्रगतिवाद भएको यस उपन्यासमा भूमिगत राजनीतिको महत्त्वपूर्ण भूमिका रहेको देखाउँदै धनी र गरिबबीचको खाडल पुर्न र समतामूलक समाज निर्माण गर्न वर्गीय सङ्घर्षको आवश्यकता देखाएको छ । उपन्यासले त्यतिखेरको सामाजिक, आर्थिक र राजनैतिक यथार्थतालाई मार्क्सवादी दार्शनिक चिन्तन अनुसार आख्यानीकरण गरेको थापा बताउँछन् ।

### ३.२.१.१६ प्रभुराम आचार्य

पारिजातका औपन्यासिक कृतिहरूको अध्ययन गर्ने क्रममा **प्रभुराम आचार्य** पनि जोडिन आउँछन् । आचार्यले **पारिजातको अनिदो पहाडसँगै को अध्ययन** (२०६०) मा उक्त उपन्यासलाई प्रगतिवादी धारको उत्कृष्ट उपन्यास मानेका छन् । उपन्यासका घटना, पात्रहरूको चयन र उनीहरूको सम्पूर्ण क्रियाकलाप प्रगतिवादी सोच अनुसार भएको, मार्क्सवादी सौन्दर्य शास्त्रीय दर्शन अनुसार उपन्यासको कथावस्तु र पात्रहरू लिएर तिनीहरूले साम्यवादी सोच अनुसार आफ्ना अधिकारका लागि गरेका कार्यहरूलाई यथार्थ रूपमा उतारेको उनको तर्क छ ।

उपन्यासको शीर्षक प्रतिकात्मक छ । पदावलीगत संरचनामा छ । अनिदो भनेको नसुतेको व्यक्ति र पहाडसँगै पहाडको अर्थसँग सम्बन्धित छ ।

बाह्य परिवेशमा विभिन्न ठाउँहरू पर्दछन् भने आन्तरिक परिवेशमा पञ्चायती परिवेशमा पञ्चायती शासकले गरेको दमन, शोषण र उत्पीडनका कारण पात्रहरूका मनमा उब्जेको विद्रोह, क्रान्ति देखा परेको छ ।

---

[५७] मीठाराम थापा, **उसले रोजेको बाटो उपन्यासको कृतिपरक अध्ययन**, अप्रकाशित स्नातकोत्तर शोधपत्र, काठमाडौँ: त्रिचन्द्र बहुमुखी क्याम्पस, पृ. १००।

तत्कालीन पञ्चायती व्यवस्थामा देखा परेका सामाजिक, आर्थिक, राजनैतिक, सांस्कृतिक आदि विकृतिहरूलाई नेपाली जनतासामु राखेर त्यसका विरुद्ध उत्रनका लागि प्रेरित गर्नु एक उद्देश्य हो । नारीवादी चिन्तनका साथै मार्क्सवादी चिन्तन पनि आएको छ ।[५८]

नेपालको वस्तुस्थितिलाई सही मूल्याङ्कन दृष्टिका साथ बुझेर गाउँदेखि सहरसम्ममा सामाजिक यथार्थलाई प्रस्तुत गर्ने यो उपन्यासले जनताको मुक्ति आन्दोलनको कथा बोकेको आचार्य बताउँछन् ।

### ३.२.१.१७ हरिहर चापागाईं

पारिजातका औपन्यासिक कृतिको विवेचना गर्ने क्रममै **हरिहर चापागाईं**को नाम पनि जोडिएर आउँछ । हरिहर चापागाईंले **परिभाषित आँखाहरू उपन्यासको कृतिपरक अध्ययन** (२०६०) मा कृतिको विश्लेषण गर्नुका साथै शीर्षकको आधारमा भावको विवेचनासमेत गरेको पाइन्छ । कृतिको शीर्षक हेर्ने बित्तिकै पाठकमा परिभाषित आँखाहरू कस्ता किसिमका आँखाहरू हुन् र यिनीहरू कसरी परिभाषित वा चिन्हित हुन्छन् भन्ने खुल्दुली जाग्दछ र उपन्यास पढ्दै जाँदा पाठकमा रहेको त्यो खुल्दुली क्रमशः चरम अवस्थामा पुगी अन्त्यमा मात्र रहस्यको सम्पूर्ण रूपमा उद्घाटन भई शान्त हुन पुग्दछ । सुरुमा गरिब, असहाय, पशुवत् जीवन बिताइरहेकी विज्जीका आँखा केही समय खुसी जस्तो स्वप्नमय संसारमा अल्मलिए पनि अन्त्यमा ती आँखाहरू पुनः झन् चरम पशुवत् व्यवहार सहँदै अत्याचारीहरूको क्रुरताको शिकार बन्न विवश भएका छन् । उपन्यासका अन्य पात्रका आँखाले पनि कौतुहल सिर्जना गरेका छन् र तिनमा बसन्तिया र राजन सरका आँखा पनि पर्दछन् ।

उपन्यासको सम्पूर्ण कथानक नै कौतुहलमय छ । यसमा पाठकलाई जिज्ञासु बनाइ राख्ने तथा बाँधेर राख्ने क्षमता छ । यस्तो कथानक कलात्मक मूल्यका दृष्टिले उच्चकोटीको मानिने चापागाईं बताउँछन् ।

पात्रका शैक्षिक, आर्थिक, सांस्कृतिक वातावरण, राजनीतिक स्तर सुहाउँदो संवाद छ । यो उपन्यासमा पारिजातले मूलतः २०३०-२०४६ सम्मको नेपाली राजनैतिक, सामाजिक तथा आर्थिक परिप्रेक्ष्यमा तत्कालीन समाजको विकृत यथार्थलाई आलोचनात्मक रूपमा प्रस्तुत गरेकी छन् । नारीमाथि हुने यौनशोषण, बलात्कार र हत्याजस्ता जघन्य अपराधका विरुद्ध नकारात्मक पक्षमा सर्वसाधारणलाई चेतना जगाई त्यसको विरुद्धमा सङ्गठित रूपले हिँड्न अभिप्रेरित गर्नु नै यस उपन्यासको सारवस्तु हो ।[५९]

### ३.२.१.१८ राजन भट्टराई

राजन भट्टराईले **पारिजातका उपन्यासमा अभिव्यक्त विसङ्गतिवादी अस्तित्वको चिन्तन** (२०६१) मा पारिजातका उपन्यासमा विसङ्गतिवाद र अस्तित्ववादको स्थानको विश्लेषण एवम् मूल्याङ्कन गरेको पाइन्छ ।

---

[५८] प्रभुराम आचार्य, **पारिजातको अनिदो पहाडसँगैको अध्ययन,** अप्रकाशित स्नातकोत्तर शोधपत्र, कीर्तिपुरः नेपाली केन्द्रीय विभाग, २०६०, पृ. ६९ ।

[५९] हरिहर चापागाईं, **परिभाषित आँखाहरू उपन्यासको कृतिपरक अध्ययन,** अप्रकाशित स्नातकोत्तर शोधपत्र, कीर्तिपुरः नेपाली केन्द्रीय विभाग, २०६०, पृ. ६३ ।

नेपाली उपन्यासमा अस्तित्ववादी चिन्तन पद्धतिलाई पारिजातले **शिरीषको फूल** (२०२२) बाट आरम्भ भएको पाइन्छ । यस उपन्यासले दास्रो विश्वयुद्धका विभीषिकाको पृष्ठभूमिमा अस्तित्वको प्रश्न उठाएर जीवनलाई शून्यता र विभत्सताबाट उप्काउँदै मूल्यबोधतर्फ उन्मुख गराएको पाइन्छ । द्वितीय विश्वयुद्धबाट भागेर अस्तित्वको रक्षार्थ हिँडेको सुयोगवीरको जीवन निस्सारताबाट सुरु भै निस्सारतामा नै टुङ्गिएको छ ।

**शिरीषको फूल** उपन्यासले अबलम्वन गरेको चिन्तन व्यक्तिवादी सोच, विषक्त चेतना, दमित यौनकुण्ठा, असन्तुष्टि, तृष्णा तथा वितृष्णाजस्ता क्षयोन्मुख सोचमा आधारित देखिन्छन् ।[६०]

विकृत चेतनामा आधारित **महत्ताहीन** उपन्यासले कतै पनि शिष्ट, शालीन र सभ्य जीवन पद्धत्तिलाई आत्मसात गरेको पाइँदैन । यो प्रस्तुति उपन्यासकार पारिजातले जीवन र जगतप्रति कुनै व्यवस्थित क्रमता र सुगठित स्थिति नदेख्नु नै हो ।[६१]

**बैंसको मान्छे** उपन्यासले पारिजातको वैचारिक संक्रमणलाई प्रस्तुत गर्दछ । यस उपन्यासले एकातिर विसङ्गतिवादी एवम् अस्तित्ववादी धारालाई छोड्न सकेको छैन भने अर्कोतिर समाजबोधको स्वरलाई उठाउन थालेको पाइन्छ । पारिजात व्यक्तिमूखी चिन्तनबाट समाजमुखी हुँदै गएको अभिव्यक्तिलाई यस उपन्यासले प्रस्तुत गरेको छ । मानव अस्तित्वको मूल्य स्वतन्त्रता हो र मानवले यो मूल्य प्राप्त गर्न आफूमाथि लादिएका गलत खाले आर्थिक, सामाजिक र राजनैतिक व्यवस्था विरुद्ध लड्नु पर्ने चिन्तन व्यक्त छ ।

पारिजातका विसङ्गतिवादी-अस्तित्ववादी उपन्यासहरू व्यक्तिकेन्द्री चरित्रमा आधारित छन्, जुन तत्कालीन समाज एवम् परिवेशको व्यापकभन्दा एक पक्षको सामान्य अभिव्यक्ति र व्यक्ति विशेषको सूक्ष्म मनोलोकको चित्रणमा नै विशेष आकृष्ट देखिन्छन् ।

व्यक्तिहरूको स्वतन्त्रता एवम् अस्तित्व प्राप्तिका विभिन्न अवरोधहरूसँग लड्न नसकेर निरर्थकता, पलायत, शून्यता र मृत्यु आपसमा फसेका कथानकलाई पारिजातले छनोट गरेको पाइन्छ । यी विषयहरू समाजलाई अग्रगति दिनुभन्दा यथास्थितिमा राख्ने कार्यमा नै सीमित देखिन्छ ।

### ३.२.१.१९ बिना कार्की

**बिना कार्कीले पारिजातको गद्यकारिता** (२०६१) मा पारिजातको परिचय दिनुका साथै उनको साहित्य यात्राको विश्लेषण गरेकी छन् । उनको गद्यकारिताका विभिन्न पक्षहरूलाई उजागर गरेकी छन् ।

पारिजातका उपन्यासलाई प्रवृत्तिका हिसाबले मुख्यतः दुई धारामा अस्तित्ववादी-विसङ्गतिवादी र समाजवादी यथार्थवादीमा विभाजन गर्न सकिने उनको तर्क छ ।

---

[६०] राजन भट्टराई, **पारिजातका उपन्यासमा अभिव्यक्त विसंगतिवादी अस्तित्वको चिन्तन**, काठमाडौं: रत्नराज्यलक्ष्मी क्याम्पस, (२०६१, पृ. १७९ ।

[६१] ऐजन, पृ. १८० ।

**शिरीषको फूल** उपन्यासमा पारिजातले नकारात्मक जीवनबोध र मानव विरोधी चिन्तनको अभिव्यक्ति दिएकी छन् । **महत्ताहीन** (२०२५) जीवनको क्षयोन्मुखी प्रवृत्तिलाई प्राथमिकता दिने घोर विसङ्गतिवादी उपन्यास हो ।

**अन्तर्मुखी** र **परिभाषित आँखाहरू** मा विसङ्गतिबोधले नै प्राथमिकता पाएको देखिन्छ भने **बोनी** को प्रस्तुति सवल र यथार्थ भए पनि यसले समाजवादी यथार्थमा पाइला टेक्न असमर्थ भएको पाइन्छ । **बोनी** की नायिका पनि समाज र जीवनप्रति सचेत नभई पलायनवादी र मृत्युन्मुखी बनेको छ ।[६२]

**तोरीबारी, बाटा र सपनाहरू** मा समाजवादी यथार्थवादी प्रवृत्ति पाइन्छ । **उसले रोजेको बाटो** मा सामाजिक यथार्थलाई प्रस्तुत गर्न सक्षम छ । **पर्खालभित्र र बाहिर** ले मार्क्सवादी चिन्तनको सवलता प्राप्त गरेको छ । **अनिदो पहाडसँगै** उपन्यासलाई प्रगतिवादी चेतनाको सर्वोच्च प्राप्ति मात्र सकिने र यसमा उनको कलाचेतना, जीवनचेतना र सौन्दर्य चेतनाले उच्च संयोजन प्राप्त गरेको कार्कीको दावा छ ।

निबन्धमा समाजमा प्रचलित विसङ्गतिपूर्ण व्यवहारहरू नारी मुक्तिका लागि बाधक भएका, स्वयं नारीहरू कुसंस्कारबाट ग्रस्त हुनु र उनीहरूको व्यवहार नारी स्वतन्त्रता र समानताप्रति बाधक देखिने र सङ्घर्षका लागि आह्वान गरेकी छन् ।[६३]

पारिजातका आत्मसंस्मरणमा गम्भीर चिन्तन र रोचक प्रस्तुति पाइन्छ । वर्ग र जातिका, लिङ्ग, धर्म, अर्थ र संस्कारका अनेकौं विसङ्गतिहरू विकराल रूपले आएका छन् । जीवनका विभिन्न घुम्तीलाई परिष्कृत भाषाशैली र कलात्मक बान्कीमा प्रस्तुत गर्ने यी कृतिहरूले उत्कृष्ट आत्मसंस्मरणकारको रूपमा स्थापित गरेको छ ।

उनले पारिजातको उपन्यास यात्रालाई तीन चरणमा विभाजित गरेकी छन् । वि.सं. २०२६ सम्म अस्तित्ववादी अवधि (शिरीषको फूल र महत्ताहीन), वि.सं. २०२७-२०२९ सम्म नव अराजकतावादी अवधि (बैंसको मान्छे) र २०३० पछि प्रगतिवादी अवधि (अन्य सबै उपन्यास) भनेर विभाजन गरेकी छन् ।

पारिजातका अन्य गद्य रचनाका तुलनामा उपन्यासकार व्यक्तित्व बढी सशक्त भएको उनको विश्लेषण पाइन्छ ।

### ३.२.१.२० खगेन्द्र जोशी

**खगेन्द्र जोशीले अन्तर्मुखी उपन्यासको कृतिपरक अध्ययन** (२०६१) मा **अन्तर्मुखी** उपन्यासको सूक्ष्म विश्लेषण गरेका छन् । सरला नामकी 'म' पात्रका मनका अनुभूतिहरूलाई दैनिकीका रूपमा लिपिबद्ध गरिएको यस उपन्यासमा व्यक्त अनुभूतिहरू कालक्रमिक रूपमा प्रस्तुत नगरिएर विश्रृङ्खलित रूपमा छरिएर रहेको जोशी अभिव्यक्त गर्छन् ।

[६२] बिना कार्की, **पारिजातको गद्यकारिता**, कीर्तिपुरः स्नात्तकोत्तर नेपाली शोधपत्र, नेपाली केन्द्रीय विभाग, २०६१, पृ. ३१ ।

[६३] ऐजन, पृ. ३४ ।

यस उपन्यासले सहरिया जीवन खास गरी काठमाडौंको परिवेशमा बाँचिरहेका निम्न मध्यम वर्गीय जीवनले भोग्दै आएका विभिन्न खाले समस्याहरूलाई समेट्न सफल भएको छ ।

उपन्यासमा प्रयुक्त पात्रहरूमा तत्कालीन वातावरणको प्रत्यक्ष प्रभाव परेको देखिन्छ । कर्मचारीहरूमा नोकरशाहीतन्त्र व्याप्त रहनु, युवाहरू गलत संस्कृतिको शिकार हुनु र कुलतमा फस्नु, निम्न मध्यम वर्गीय परिवारको आर्थिक हैसियत खस्कदै जानु, धर्मको नाममा साम्राज्यवादी एजेण्टहरू देशभित्र भित्रिनु, केही क्रान्तिचेत युवाहरू जनजागरणको अभियानमा जुट्नु तर भ्रष्ट नथा तानाशाही व्यवस्थाको दमनको शिकार भएर जेल पुग्नु आदि क्रियाकलापले तत्कालीन वातावरणको चित्रण गर्ने काम गरिएको छ ।[६४]

यो चरित्रप्रधान र मनोविश्लेषणात्मक उपन्यास भएकोले यसमा बाह्य दबाबभन्दा आन्तरिक द्वन्द्व प्रबल छ । आन्तरिक द्वन्द्वमा उपन्यासकी प्रमुख पात्र सरलाको मनभित्र चल्ने द्वन्द्व नै प्रमुख द्वन्द्व हो । उसको मनभित्रका विभिन्न द्वन्द्वहरूमा पनि जीवन र जगत्प्रतिको विचारमा रहेको द्वन्द्व हो, जुन स्वयम् उपन्यासकार भित्रको पनि द्वन्द्व हो । जो सरलामार्फत् अभिव्यक्त भएको जोशीको तर्क छ । विसङ्गतिवादी विचारले जीवनप्रति पैदा गरेको निरासा र प्रगतिवादी अथवा मार्क्सवादी विचारको प्रभावको कारण जीवनप्रति पलाएको झिनो आशाबीचको द्वन्द्व नै यस उपन्यासभित्र रहेको द्वन्द्व हो ।

उपन्यासको मूल उद्देश्य राजनैतिक, सामाजिक, आर्थिक तथा सांस्कृतिक परिप्रेक्ष्यमा तत्कालीन समाजमा विद्यमान विभिन्न किसिमका सामाजिक विकृतिहरूको यथार्थ चित्रण गरी सामाजिक यथार्थबोध गराउनु रहेको पाइन्छ । त्यसै उद्देश्यको परिपूर्तिको निम्नि उपन्यासको प्रमुख पात्र सरलाको माध्यमबाट समाजमा त्यस्ता विभिन्न पक्षको उद्घाटन गर्न खोजेको जोशी बताउँछन् ।

आर्थिक विपन्नताको कारण के हो भनी मूल कारणलाई प्रष्ट पारेर समस्याको रूपमा उठाई समाधानको बाटो देखाउने किसिमको विचार उपन्यासले दिन सकेको छैन ।[६५] पारिजातमा रहेको अस्तित्ववादी चिन्तन र प्रगतिवादी चिन्तनबीचको अन्तरसङ्घर्षको परिणाम स्वरूप प्रगतिवाद दबिएको अवस्थामा र अस्तितववाद सतहमा रहेर उपन्यासमा चिन्तन प्रवाह गरेको जोशी दावा गर्दछन् ।

### ३.२.१.२१ पुष्पलाल आचार्य

**पुष्पलाल आचार्यले पारिजातका उपन्यासका नारी पात्रहरूको अध्ययन** (२०६२) मा पारिजातका उपन्यासका नारी पात्रहरूको चरित्र एवम् क्रिया व्यापारको गहन विश्लेषण गरेको पाइन्छ ।

**शिरीषको फूल** लेख्दाका समय पारिजात स्वयम् विक्षिप्त, यौनकुण्ठा, अराजक, प्रयोगवादी चिन्तन, वितृष्णा समाजबोध र रोगबाट ग्रस्त भएर कुँजिएको अवस्थामा भएकीले गर्दा उनले

---

[६४] खगेन्द्र जोशी, **अन्तर्मुखी उपन्यासको कृतिपरक अध्ययन**, कीर्तिपुरः स्नातकोत्तर नेपाली शोधपत्र, नेपाली केन्द्रीय विभाग, २०६१, पृ. ५६ ।

[६५] ऐजन, पृ. ६३ ।

**शिरीषको फूल** उपन्यासकी प्रमुख चरित्र सकमबरीमा आफ्नै चरित्रको प्रतिच्छाया देखेको थिइन् । सकमबरीको चरित्रमा आफैलाई धेरथोर उतार्ने काम गरेकी थिइन्, त्यसैले सकमबरी सशक्त चरित्र बन्न पुगेको विचार धेरै विश्लेषक समालोचकको छ ।[६६]

सकमबरीको तुलनामा **महत्ताहीन** उपन्यासकी शियाको चरित्र बढी विसङ्गत छ । शियामा सकमबरीको जस्तो अस्तित्ववादी चेतना छैन । उसको रूप र गुण पनि आकर्षक छैन, जीवन पनि निरर्थक छ, मूल्यहीन छ । वेश्यावृत्तिमा लागेर कुरूप जीवन विताएकी छ । त्यसैले सकमबरीभन्दा पनि महाविसङ्गत जीवन शियाले भोगेकी छ ।

**बैंसको मान्छे** की श्यामो पनि महत्ताहीनकी शिया जस्तै गतिहीन र अशक्त चरित्रकी छे । उसको जीवन विसङ्गत र नारकीय बनेको छ । उसको चरित्रबाट विसङ्गतिवादी चिन्तन, नाङ्गो सम्भोग र मानसिक विकृतिसँग सम्बन्धित यौनवादी फ्रायड्वादी धारणासमेत प्रतिबिम्बित भएको छ ।[६७]

**अनिदो पहाडसँगै** की सुवानी बढी सशक्त र सक्रिय देखिन्छे । ऊ प्रगतिवादी कोणबाट हेर्दा बढी प्रगतिशील देखिएकी छ ।

**उसले रोजेको बाटो** की गङ्गा आफ्नो पाखुरिका कमाइमा विश्वास गर्ने पौरखी, स्वाभिमानी र कर्मशील चरित्र हो । आफूले दिनरात काम गरेर पनि भूमिगत जीवन बिताउँदै क्रान्ति मार्गमा लागेको आफ्नो श्रीमान्लाई सहयोग गर्ने गङ्गा **पर्खालभित्र र बाहिर** की बाटुलीकै हाराहारीमा उभिन सक्ने चरित्र भएको कुरा आचार्य व्यक्त गर्दछन् ।

**अन्तर्मुखी** उपन्यासकी सरलाको जीवन पीडा र सङ्घर्षले भरिएको छ । ऊ आफ्नो अस्तित्व र अस्मिता जोगाउन सङ्घर्षरत देखिन्छे तर उसमा अस्तित्वबोधका साथसाथै सामाजिक सचेतना पनि छ ।

**परिभाषित आँखाहरू** की बिन्जी नारी उत्पीडनको कुरूप तथा विद्रुप यथार्थलाई देखाउने कमजोर, निरीह तथा पराजित पात्र हो । सङ्घर्षका दृष्टिले कातर, कमजोर र असचेत पात्र हो ।

**बोनी** चेतना र सक्रियताका दृष्टिले कमजोर पात्र हो । ऊ बिज्जीभन्दा शिक्षित भए तापनि खराब बानीका कारण बिग्रिएकी र आत्महत्या गर्ने कातर र पलायनवादी पात्र भएको आचार्यको तर्क छ ।

**तोरीबारी, बाटा र सपनाहरू** की 'म' पात्र सबल देखिन्छे । उसले सार्थक जीवनको खोजी गरी आमूल परिवर्तनको चाहना राखेकी छ । समतामूलक समाज निर्माणको चाहना राख्दै समाज निर्माणको लागि सङ्गठित रूपमा सक्रिय हुनुपर्छ भन्ने चेतना उसमा भएको आचार्य दावा गर्दछन् ।

---

[६६] पुष्पलाल आचार्य, **पारिजातका उपन्यासका नारी पात्रहरूको अध्ययन**, काठमाडौंः स्नातकोत्तर नेपाली शोधपत्र, त्रिचन्द्र बहुमुखी क्याम्पस, पृ. ११६ ।

[६७] ऐजन, पृ. ११७-११८ ।

### ३.२.१.२२ लीलाधर ज्ञवाली

लीलाधर ज्ञवालीले **पारिजातका प्रगतिवादी उपन्यासको विश्लेषण** (२०६२) मा पारिजातका उपन्यासमा पाइने प्रगतिवादी चिन्तनको विश्लेषण गरेका छन् ।

**तोरीबारी, बाटा र सपनाहरू** उपन्यासमा निम्न वर्गका नेपालीको निरीहता र दयनीयताको चित्रण, केही बाठा भनाउँदाहरूको व्यवहारिकता विनाको फोस्रो औपदेशिकता, धार्मिक अनास्था, हिन्दु धर्म र संस्कृतिको विरोध एवम् जातीय समानताको आवश्यकताबोध कथानकको विशेषताका रूपमा आएको छ ।

यस उपन्यासमा युवतीको मार्क्सवादी वैचारिक प्रतिवद्धता विनाको विद्रोही स्वरले उपन्यासमा व्यक्तिवादी दुस्साहसको सम्झना गराउँछ । व्यक्तिवादी दुस्साहसवादका कारणले गर्दा यहाँ वर्गीय द्वन्द्व सशक्त हुन सकेको छैन । यही विभिन्न कारणहरूले गर्दा सर्वहारावादी वर्गीय द्वन्द्वले उपन्यास कमजोर छ ।

**अन्तर्मुखी** मा सरलाको चरित्राङ्कनबाट नारीवादी चेत, सामाजिक अन्धविश्वास र विकृतिमाथि आक्रोश व्यक्त गरिएको छ भने समरको चित्राङ्कनबाट मार्क्सवादी सौन्दर्यशास्त्रसम्बन्धी प्रगतिवादी चिन्तनलाई अभिव्यक्त गरेको ज्ञवालीको तर्क छ ।

**उसले राजेको बाटो** मा समाजवादी यथार्थवादी विचार धारालाई विभिन्न पात्र, क्रियाकलाप र घटनासन्दर्भका माध्यमबाट नाटकीकरण गरी कलात्मकताका साथ प्रस्तुत गरिएको छ । यसले गह्रौं मार्क्सवादी दर्शनलाई चरप्पै समातेको भए पनि त्यो नारागत रूपमा औपदेशिक नभएको हुँदा पाठक आ-आफ्नो स्वभाव अनुसार छुट्टाछुट्टै मनोभावना ग्रहण गर्न स्वतन्त्र छन् ।[६८]

**पर्खालभित्र र बाहिर** उपन्यास समाजवादी यथार्थवादतिर उन्मुख रचना हो । उग्रवाद र दक्षिणपन्थी संशोधनवादको विरोध, नयाँ वैवाहिक संस्कारप्रतिको आकर्षण, सशक्त वर्गीय द्वन्द्वको चित्रण र क्रान्तिकारी आशावादिता उपन्यासका विशेषता भएको कुरा ज्ञवाली बताउँछन् ।

**अनिदो पहाडसँगै** अन्य उपन्यासका तुलनामा सशक्त छ । सामन्ती शासन व्यवस्थाको विरोध, क्रान्तिप्रतिको दृढ आस्था, पाश्चात्य बुर्जुवा संस्कृतिको भण्डाफोर, भविष्यप्रतिको आशावादी स्वर र क्रान्तिकारी नवनिर्माणको आवश्यकताबोधजस्ता प्रगतिवादी तत्व यस उपन्यासमा अन्तर्निहित छ ।

**परिभाषित आँखाहरू** मा मार्क्सवादी प्रतिबद्धताभन्दा पनि गिर्दो मानवतावादको खिल्ली उडाएर नारी अस्मिताको प्रश्नलाई टड्कारो रूपमा राखेको पाइन्छ । आलोचनात्मक यथार्थवाद अन्तर्गत नारीवादी चेतका कोणबाट यसको विश्लेषण गर्नु उचित हुन्छ ।

**बोनी** उपन्यासमा आफ्नो बौद्धिक चापलाई वैचारिक सुझबुझकासाथ नवीन शैली र संरचना अपनाएर विभिन्न कलात्मक रूप दिने काम पारिजातले गरेकी छन् । यस उपन्यासमा उनले नवचेतनावादी शैली अपनाएको ज्ञवालीको दावी छ ।

---

[६८] लीलाधर ज्ञवाली, **पारिजातको प्रगतिवादी उपन्यासको विश्लेषण,** काठमाडौं: स्नात्तकोत्तर नेपाली शोधपत्र, नेपाली केन्द्रीय विभाग, कीर्तिपुर, पृ. ४७ ।

यस अवधि (वि.सं. २०५०-२०६२) मा भएका ताराकान्त पाण्डेय, गोपीन्द्र पौडेल, दीपक गौतम, ज्ञाजु पाण्डेका विद्यावारिधि शोधहरूमा आंशिक रूपमा पारिजातको बारेमा चर्चा गरिएको पाइन्छ । **ताराकान्त पाण्डेयले समकालीन नेपाली कवितामा अभिव्यञ्जित यथार्थ** विद्यावारिधि शोधमा २०३६-०४५ का अवधिमा प्रकाशित प्रगतिवादी कविताको चर्चा गर्ने क्रममा पारिजातका केही कविताको विश्लेषण गरेका छन् । **गोपीन्द्र पौडेलले प्रगतिवादी नेपाली कथाका पंवृत्ति** विद्यावारिधि शोधमा पारिजातका अघिल्लो चरणका केही कथा र उत्तरार्द्ध चरणका कथामा समाजबोध वर्गबोध जीवनबोध भएको निश्कर्ष निकाल्नुको साथै पारिजातको वैचारिक दृष्टिकोण स्पष्ट रहेको बताएका छन् । **दीपक गौतमले समकालीन प्रगतिवादी नेपाली कथाका प्रवृत्तिहरू** मा पछिल्ला चरणका केही कथाहरूको संक्षीप्त टिप्पणी गरेका छन् । **ज्ञानु पाण्डेले विश्वेश्वरप्रसाद कोइरालाका उपन्यासमा अस्तित्ववाद** मा पारिजातका **शिरीषको फूल र महत्ताहीन** मा पाइने अस्तित्ववादी प्रवृत्तिको चर्चा गरेको पाइन्छ ।

भवानीप्रसाद पाण्डेयको **पारिजातका उपन्यासमा समाजवादी-यथार्थवाद** पारिजातसम्बन्धी भएको महत्त्वपूर्ण विद्यावारिधि शोध हो । यसमा पारिजातका विभिन्न लेखन प्रवृत्तिको चर्चा गर्नुको साथै उपन्यासहरूमा पाइने समाजवादी-यथार्थवादी चिन्तनको सूक्ष्म विश्लेषण गरेको पाइन्छ । **उसले रोजेको बाटो** समाजवादी-यथार्थवादी उपन्यास भएको, **पर्खालभित्र र बाहिर** मा वर्गद्वन्द्वको चित्रण भएको र **अनिदो पहाडसँगै** पारिजातको उपन्यास लेखनको प्राप्ति रहेको बताएका छन् ।

**पाशाकान्त थापा श्रीष** ले स्नात्तकोत्तर शोध **शिरीषको फूल उपन्यासको कृतिपरक अध्ययन** मा यस उपन्यासमा निराशा र पलायनमुखी सोच प्रदान गरेको बताएका छन् भने **शंकर पराजुलीले अनुराधा, सुम्निमा र शिरीषको फूलको तुलनात्मक अध्ययन** मा तीनवटै उपन्यासका समानता र असमानताको विश्लेषण गरेका छन् । उनले ती उपन्यासहरू सरल कथानक भएका मनोविश्लेषणात्मक, सांस्कृतिक र अस्तित्ववादी भएको साथै दृश्यात्मक र वर्णनात्मक पद्धति देखा परेको बताएका छन् ।

**मंगला थापा, चन्द्रमान श्रेष्ठ र मीठाराम थापाले उसले रोजेको बाटो** उपन्यासको बारेमा स्नात्तकोत्तर शोध सम्पन्न गरेको पाइन्छ । मंगला थापाले उपन्यासमा कौतुहलता नभएको, ज्ञानबहादुरमा पर्याप्त चेतना नभएकोले संवादमा त्यो प्रकट नभएको बताएकी छन् । त्यति भए तापनि सङ्घर्ष भने क्रियाशील भएको उनको तर्क छ । चन्द्रमान श्रेष्ठ **उसले रोजेको बाटो** उपन्यासले मजदुरको श्रमचेतना थपेर नेपाली उपन्यासलाई नयाँ विषयवस्तु दिएको बताउँछन् । सर्वहारा वर्गको मुक्तिका लागि युद्ध आवश्यक छ भन्ने सारवस्तु रहको यस उपन्यासमा औपन्यासिक सीमाभन्दा बाहिर गएर घटनाको वर्णन र व्याख्या गरिएको श्रेष्ठ दावा गर्छन् । मीठाराम थापा **उसले रोजेको बाटो** उपन्यासमा राजनीतिक क्रान्तिको उज्यालो सम्भावना देखिएको, प्रगतिवादी चिन्तन आएको साथै नारी पात्रको अहम् भूमिका रहेको बताएका छन् ।

**दिनमणि आचार्य र प्रभुराम आचार्यले अनिदो पहाडसँगै** उपन्यास बारेमा स्नात्तकोत्तर शोध सम्पन्न गरेको पाइन्छ । दिनमणि आचार्यले पारिजातका अन्य उपन्यासको सापेक्षतामा उत्कृष्ट भएको यो उपन्यासले २०३५/०३६ सालको विद्यार्थी आन्दोलनको पृष्ठभूमिमा तत्कालीन समाजको

वर्गसङ्घर्ष देखाउनुका साथै वर्गसङ्घर्षको अनिवार्यता देखाएको बताएका छन् । प्रभुराम आचार्य शीर्षक प्रतिकात्मक भएको यस उपन्यासले जनताको मुक्ति आन्दोलनको कथा बोकेको दावा गर्छन् ।

**अम्बुभवानी कार्कीले पारिजातको कथाकारिता** मा पारिजातको कथा लेखनका चरण छुट्टाएकी छन् । पहिलो चरण अस्तित्ववादीभन्दा विंगतिवादी र दोस्रो चरण मार्क्सवादी भएको उनको तर्क छ । **भैरवप्रसाद गेलाल**को **कवि पारिजातको कवित्वको अध्ययन, विश्लेषण र मूल्याङ्कन** पारिजातको कविता सम्बन्धमा महत्त्वपूर्ण शोध हो । **आकांक्षा** मा स्वच्छन्दतावादी, **पारिजातका कविता** मा अस्तित्ववादी-विंगतिवादी एवम् **बैंसालु वर्तमान** मा समाजकेन्द्रीत, परिवर्तनमूखी चिन्तन आएको गेलालको दावा छ । **रमेशचन्द्र रोकाले पारिजातका अन्य विधाको विश्लेषणात्मक अध्ययन** मा पारिजातका आत्मसंस्मरणमा उनको जीवनको विभिन्न क्षणहरू परिष्कृत भाषाशैली र कलात्मक बान्कीमा प्रस्तुत भएको र उनका पत्रमा अभिव्यक्तिको सहजता र भाषाशैलीको उत्कृष्टता आएको बताएका छन् ।

पारिजातको कृतित्वको बारेमा स्नात्तकोत्तर तहको शोध गर्ने क्रममा **हरिहर चापागाईंले परिभाषित आँखाहरू उपन्यासको कृतिपरक अध्ययन** मा कलात्मक मूल्यका दृष्टिले उच्च यस उपन्यासले आलोचनात्मक यथार्थ बोकेको बताएका छन् । **खगेन्द्र जोशीले अन्तर्मुखी उपन्यासको कृतिपरक अध्ययन** मा आन्तरिक द्वन्द्व प्रवल भएको यस उपन्यासमा निराशा र आशाबीच द्वन्द्व रहेको दावा गरेका छन् । उपन्यासमा प्रगतिवाद दबिएको र अस्तित्ववाद सतहमा आएको जोशीको तर्क छ ।

**राजन भट्टराई**ले पारिजातका उपन्यासमा **अभिव्यक्त विसङ्गतिवादी अस्तित्वको चिन्तन** शीर्षकमा स्नात्तकोत्तर शोध गरेका छन् । पारिजातका **शिरीषको फूल** र **महत्ताहीन** व्यक्तिकेन्द्रत चरित्र भएका र जीवनको निरर्थकता, पलायत, शून्यताबोध बोक्ने उनको तर्क छ । **बैंसको मान्छे** सङ्क्रमणकालीन कृति भएको भट्टराई बताउँछन् । त्यस्तै **लीलाधर ज्ञवालीले पारिजातका प्रगतिवादी उपन्यासको विश्लेषण, उसले रोजेको बाटो**, **पर्खालभित्र र बाहिर** र **अनिदो पहाडसँगै** मा प्रगतिवादी चिन्तन आएको बताउँछन् । **तोरीबारी, बाटा र सपनाहरू** मा व्यक्तिवादी दुस्साहस आएको र **परिभाषित आँखाहरू** र **बोनी** मा नारीवादी चेतना आएको उनको दावा छ । **पुष्पलाल आचार्यले पारिजातका उपन्यासका नारी पात्रहरू** मा प्रारम्भका उपन्यासका नारी पात्र अस्तित्वहीन, रुग्ण, अराजक भएको बताएका छन् । पछिल्ला उपन्यासमा परिवर्तनको सोच आए तापनि पछिल्ला दुई कृतिमा भने विचलन आएको उनको तर्क छ ।

**बिना कार्कीले पारिजातको गद्यकारिता** शीर्षकको स्नात्तकोत्तर शोधमा पारिजातको उपन्यासलाई अस्तित्ववादी-विसङ्गतिवादी र प्रगतिवादी गरेर तीन भागमा विभाजन गरेकी छन् । उनका निबन्धमा नारी अस्मिता र संस्मरणमा परिष्कृत भाषाशैली र कलात्मक बान्की प्रस्तुत भएको उनको तर्क छ । पारिजातका अन्य गद्य रचनाको तुलनामा उपन्यास बढी सशक्त भएको उनको दावा छ । **बाबुराम शर्मा हेमन्त** ले **नेपाली साहित्यमा राल्फा आन्दोलन**मा पारिजातको राल्फाकालीन चिन्तन एवम् लेखनको विश्लेषण गरेको पाइन्छ ।

पारिजातका सम्बन्धमा भएका विद्यावारिधि एवम् स्नात्तकोत्तर शोधमा पारिजातको उपन्यासकारिताको बारेमा बढी चर्चा एवम् विश्लेषण भएको पाइन्छ । उक्त शोधहरूमा पारिजातको प्रगतिवादी चिन्तन बोक्ने उपन्यासको बढी चर्चा भएको देखिन्छ । अन्य उपन्यासमा निराशा, कुण्ठा, पलायन आएको शोधार्थीहरूको दृढ मत रहेको पाइन्छ । पारिजातको कविता, कथा, निबन्ध, आत्मसंस्मरणमा उपन्यासभन्दा कम शोध भएको र ती शोधहरूमा पारिजातको प्रगतिवादी चिन्तनको बढी चर्चा भएको पाइन्छ । त्यस्तै पारिजातको राल्फाली चिन्तनको बारेमा शोध भएको पाइन्छ । राल्फाकालमा पारिजातको सोच एवम् लेखनको बारेमा विश्लेषण गरिएको पाइन्छ ।

### ३.२.२ **पुस्तकहरू**

यस उपशीर्षक अन्तर्गत समालोचक/स्रष्टाहरूले पारिजातको व्यक्तित्व एवम् कृतित्व सम्बन्धमा प्रकाशित गराएका समीक्षा, टिप्पणी, समालोचना एवम् संस्मरणसँग सम्बन्धित अध्ययनलाई समेटिएको छ ।

### ३.२.२.१ **चुडामणि रेग्मी**

**चुडामणि रेग्मीले पारिजातः परिचय र मूल्याङ्कन** (२०५० माघ) कृतिमा पारिजातको परिचयका साथै उनको व्यक्तित्व, कृतिको मूल्याङ्कन गरेको पाइन्छ ।

यस कृतिमा पारिजातको जीवन एवम् लेखनका सम्बन्धमा विभिन्न लेखहरू सङ्ग्रहित छन् । 'पारिजात जन्मेको साल' नामक लेखमा पारिजातको जन्मको बारेमा उठका विवादहरू र सो सम्बन्धमा आफ्नो धारणा व्यक्त गरेका छन् । 'पारिजातका छरिएका विचार' नामक लेखमा विभिन्न विषयमा पारिजातका दृष्टिकोणलाई अघि सारिएको पाइन्छ । 'समालोचनाबारे पारिजातका टिप्पणी' मा समालोचना क्षेत्र एवम् समालोचकका सम्बन्धमा विभिन्न समयमा पारिजातद्वारा अभिव्यक्त टिप्पणीलाई प्रस्तुत गरिएको पाइन्छ ।

'विभिन्न उपन्यासबारे पारिजातका अभिव्यक्ति' र 'विविध विषयमा पारिजातका दृष्टिकोण' पारिजातका विचारहरूलाई अभिव्यक्त गर्ने लेखहरू हुन् । यी लेखमा पारिजातको लेखन र जीवनसम्बन्धी विविध विचारलाई प्रस्तुत गरिएको पाइन्छ ।

'पारिजातका कथाहरूको मूल्याङ्कन' विभिन्न लेखकहरू एवम् पारिजात स्वयम्द्वारा उनका कथाका बारेमा गरिएका दृष्टिकोणको संगालो हो । 'निबन्धकारका रूपमा पारिजातको मूल्याङ्कन' मा पारिजातका निबन्धहरूका बारेमा विभिन्न विद्वानहरूका धारणा प्रस्तुत गरिएको छ । उनका निबन्धका समीक्षाका आधारमा पारिजातका स्वभाव र चरित्रका विशिष्ट पक्ष छर्लङ्ग हुने र उनी क्रान्तिकारी विचार धाराबाट प्रेरित, नारी मुक्तिका लागि चिन्तनशील, कर्मठ साहित्यकार भएको कुरा रेग्मीले उल्लेख गरेका छन् ।

**शिरीषको फूल** बारे विभिन्न प्रतिक्रियामा विभिन्न विद्वानहरूका धारणा दिइएको छ भने **बैंसालु वर्तमान** र **पारिजातका तीन कवितामा** उनका रचनाको समीक्षा परिएको पाइन्छ ।

वि.सं. २०५७ मा चुडामणि रेग्मीले **बाइस समालोचना** नामक कृतिमा 'बगरमा पारिजात' नामक लेख प्रकाशित गरेको पाइन्छ । यो लेखमा बगरमा पारिजातका के कस्ता लेख र रचनाहरू छापिए, त्यसको बारेमा चर्चा गर्नुको साथै असहज अवस्थामा पनि आफ्नो विचारप्रति प्रतिबद्ध स्रष्टा पारिजातको प्रशंसा गरिएको छ ।

वि.सं २०५९ मा **चुडामणि रेग्मीले चिन्तन र समालोचना** नामक कृतिमा **पारिजातका निबन्धहरूको विवरणात्मक मूल्याङ्कन** नामक रचना प्रकाशित गराएको पाइन्छ । यस लेखमा पारिजातको निबन्ध र त्यसको बारेमा चर्चा गर्ने विद्वानहरूको बारेमा लेखिएको पाइन्छ ।

पारिजातको प्रशंसा गर्दै रेग्मीले पारिजातका आत्मसंस्मरणले देवकोटा र शंकर लामिछानेका निबन्धको उच्चता छोएको चर्चा गर्नुका साथै पारिजातका संस्मरण छोटा, मीठा र मार्मिक भएको टिप्पणी गरेका छन् ।

वि.सं. २०३८ देखि २०४६ सम्म प्रकाशित लेखहरूको विवरण दिनुको साथै पारिजातका निबन्धात्मक प्रवृत्तिकोसमेत उल्लेख गरेका छन् । पारिजातका निबन्धमा नारी अस्मिता, शोषण, दमन, अन्याय र अत्याचार विरुद्ध सङ्घर्ष गर्ने तथा नारी अधिकारका लागि लड्ने चेतना पाइन्छ ।[६९]

शंकर लामिछानेको युगका कतिपय कुराको प्रभाव पारिजातमा रहे पनि पारिजात शंकर लामिछाने अर्थात् प्रयोगशील-अस्तित्ववादी तथा विसङ्गतिवादीको युग समाप्त भएको घोषणा गर्न पुगिन् । यसले पारिजातको लेखनशैली तथा विचार प्रष्टीकरणले नयाँ युगमा पसेकी पारिजातको विशिष्ट रूप छर्लङ्ग पार्ने अभिमत उनले अघि सारेका छन् ।

### ३.२.२.२ ललिजन रावल

**ललिजन रावल**ले नेपाली साहित्य गुठीद्वारा वि.सं. २०५० मा पारिजातको मृत्युपश्चात प्रकाशित **बैंसालु वर्तमान** कवितासङ्ग्रहमा **पारिजातको कविता यात्रा** शीर्षकको भूमिकामा पारिजातको कविता यात्रा, उनका कविता लेखनका प्रवृत्तिहरूका साथै **बैंसालु वर्तमान** कृतिको विश्लेषणसमेत गरेका छन् ।

जीवनभरि आफ्नो आदर्श र ईमान विरुद्ध कुनै पनि किसिमको सम्झौता कहिल्यै नगरी एउटा जुझारु र सङ्घर्षशील व्यक्तित्वकी धनी रहनु भएकी पारिजातका कविताहरूमा उहाँको व्यक्तित्वसमेत झल्कन्छ । सुरुमा अस्तित्ववादी चिन्तन प्रणालीलाई अँगाल्नु हुने पारिजातले पछि गएर मानव कल्याणका निम्ति मार्क्सवादभन्दा वैज्ञानिक र व्यवहारिक दर्शन संसारमा केही छैन भन्ने ठोकुवा गर्नु भएको छ । अघिल्लो समयका रचनाहरू अस्तित्ववादी चेतनाले अद्वितीय मानिन्छन् भने पछिल्लो समयमा उहाँका रचनाहरू प्रगतिवादी साहित्यका फाँटमा सर्वाधिक चर्चित र लोकप्रिय रहेका छन् ।[७०]

---

[६९] चुडामणि रेग्मी, **चिन्तन र समालोचना** (झापाः जुही प्रकाशन, २०५९) पृ. ८० ।

[७०] ललिजन रावल, भूमिका, **बैंसालु वर्तमान**, (काठमाडौं: नेपाल साहित्य गुठी, २०५०, पृ. क ।

वि.सं. २०१४ मा प्रकाशित **आकांक्षा** उहाँको प्रारम्भिक लेखनको दस्तावेज हो । यसमा भर्खरकी युवतीका मानसमा उठ्ने आशा, निराशा, प्रेम, विरहजस्ता भावहरू र यौवनका सपनाहरू कविताका विषय बनेका छन् । वि.सं. २०१६ देखि २०२६/२७ सम्म लेखिएका उहाँका कविताहरू **पारिजातका कविता** (सं. ईश्वर बराल) मा संकलित छन् । जीवनलाई मूलतः विसङ्गत र निस्सार देख्ने तत्कालीन पारिजातमा अस्तित्ववादी चिन्तन नै मूल रूपमा पाइन्छ ।

वि.सं. २०३६ देखि २०४९ सम्म लेखिएका पारिजातका कविताहरू **बैंसालु वर्तमान** मा पाइन्छन् । पारिजातले कवितामा पूर्ण उचाई यसैसङ्ग्रहबाट प्राप्त गर्नु भएको उल्लेख गर्दै जीवनलाई संगतिपूर्ण देख्ने, उज्याला पक्षहरूको खोजी गर्ने र जीवनलाई सारमय देख्ने काम यी कविताले गरेको बताएका छन् । यी कविताहरू पारिजातका पुराना कविताभन्दा ठीक विपरित सोचका भएकोमा उनले जोड दिएका छन् ।

सम्पूर्ण किसिमको शोषण, उत्पीदन र अन्यायका विरुद्ध पारिजातका कविता उभिएका छन् । नयाँ-नयाँ किसिमको प्रतीक र बिम्बको प्रयोग गरी सहज रूपमा आफ्ना भावना प्रकट गर्ने पारिजातका कवितामा समाजमा नारीले भोग्नु परेका पीडाहरू र नारीको भोगाइ आएको पाइन्छ । नारीमाथि पुरुषवर्गले गर्ने अत्याचारलाई पारिजातले सम्पूर्ण पुरुष वर्गप्रति नकारात्मक भाव फैलाउने हिसाबले प्रस्तुत गर्नु भएको छैन । जीवनको चक्र नारी र पुरुष दुवैको समान सहभागिताबाट चल्ने र दुवैले एक अर्काको सम्मान गर्नुपर्ने कुरामा पारिजातको विश्वास पाइन्छ ।

पारिजातका कवितामा कल्पना शक्तिको प्रयोग पाइन्छ । कथानकलाई पनि काव्य प्रविधिहरूले सिँगारेर कल्पना शक्तिका आधारमा सुन्दर कविताका रूपमा प्रस्तुत गर्नु भएको छ ।[७१]

परिवर्तन र सङ्घर्षसँग सँधै जोडिनु भएकी पारिजात मूलतः सामाजिक सङ्घर्षको कवि हुनुहुन्छ । आत्मसम्मानको सङ्घर्ष, मानव मुक्ति सङ्घर्ष र वर्ग सङ्घर्ष उहाँका कवितामा व्यक्त भएका छन् । बहुसंख्यक मानिसको हितका निम्ति उहाँमा निहित वर्गीय दृष्टिकोणले उहाँका कवितालाई प्राण दिएका छन् ।[७२]

पारिजातले सुन्दर शैली र सौन्दर्य चेतनालाई कहिल्यै नछोडेको प्रसंग उल्लेख गर्दै उनका कवितामा सामाजिक यथार्थसँग जोडिएको आत्मपरकता पनि पाइने प्रसंग उल्लेख गरेका छन् ।

पारिजातका कविताहरू सामाजिक परिवर्तन, समानता र मानव कल्याणका निम्ति वैचारिक प्रतिबद्धता र सौन्दर्यका सम्पूर्ण तत्त्वहरूलाई समेटेकोले सार्थक र जीवनमुखी भएर सम्प्रेषणीय भएको अभिमत प्रकट गर्दै नेपाली कवितामा परम्परामा रिमाल, भूपि आदि कवि पछि पारिजातको नाउँ अझ सम्मानसाथ लिनका लागि प्रस्तुतसङ्ग्रह **बैंसालु वर्तमान** ले महत्त्वपूर्ण भूमिका निभाउने विश्वाससमेत प्रकट गरेका छन् ।

---

[७१] ऐजन, पृ. ग ।

[७२] ऐजन, पृ. घ ।

### ३.२.२.३ घटराज भट्टराई

घटराज भट्टराईले **नेपाली साहित्यकार परिचय कोष** (२०५१) मा पारिजातको संक्षिप्त परिचय दिनुको साथै उनका लेखन प्रवृत्तिकोसमेत चर्चा गरेका छन् ।

दार्जिङ्को लिङ्गिया चियाकमानमा जन्मेकी विष्णुकुमारी वाइबा काठमाडौं आएर पद्मकन्या क्याम्पसमा स्नातकसम्मको अध्ययन गर्छिन् । साहित्य साधनामा लागेर मदन पुरस्कार (पाउँछिन्) राल्फाको जमात खडा गरेर वा नाटक देखाएर नेपाली साहित्यमा राम्रो योगदान दिन्छिन् ।[७३]

भट्टराईले पारिजातका ११ वटा कृतिको नाम उल्लेख गर्नुको साथै अझ अन्य कृति प्रकाशित हुन बाँकी रहेको बताएका छन् । अस्तित्ववादी-विसङ्गतिवादी चिन्तन पाइने पारिजातको कलम कथा, कविता र निबन्धमा बढी सशक्त भएको दर्शाएका छन् ।

### ३.२.२.४ निनु चापागाईं

**निनु चापागाईंले यथार्थवादी रचना दृष्टि र विवेचना** (२०५१) मा **सही मूल्यको खोजीमा पारिजात** लेखमा पारिजातमा आएका वैचारिक परिवर्तनका प्रवृत्ति एवम् मोडहरूको सूक्ष्म लिश्लेषण गरेका छन् ।

पारिजातसँग आफूले लामो समय सङ्गत गरेका प्रसंगहरू निनुले अघि सारेका छन् । अप्ठ्यारा दिनहरूमासँगै रहेर काम गरेको, पार्टी काममा सक्रिय भएको, अस्तित्ववादबाट मार्क्सवादतर्फ उन्मुख भएको, रचनाका पाण्डुलिपिका सम्पादनमा सरसहयोग गरेका सुखद स्मृतिका साथै वैचारिक मतभेदका कारण पत्रपत्रिकामा गरिएका आलोचना प्रत्यालोचनाका प्रसंगहरू अघि सारेका छन् ।

**शिरीषको फूल** प्राप्त गरेपछिका दिनमा पारिजातको राल्फासँग आबद्ध भएकोमा कतिपय विद्वानहरूले यसलाई साहित्यिक आन्दोलनका रूपमा मात्र चर्चा गर्ने गरेका छन्, जब कि राल्फाको उठानबिन्दु भने सङ्गीत र गीतबाट भएको थियो । राल्फाको सुरुको अवस्था र क्रियाशीलतामा सङ्गीत प्रमुख थियो र चारजना गायकहरू बिटल्सझैं मञ्चमा देखा परेका थिए ।[७४]

राल्फामा समावेश भएका प्रतिभाशाली युवाहरू मध्यमवर्गीय यथार्थसित बढी परिचित र पीडित थिए । उनीहरू सबैमा अन्यापूर्ण समाजप्रति तीव्र आक्रोश थियो । समान रूपमा सबैलाई समान रूपमा बाँच्ने अधिकार हुनुपर्दछ, सबैले समान रूपमा आर्थिक समानताको अवसर पाउनुपर्छ भन्ने तीव्र आकांक्षा थियो र उनीहरू कसैमाथि पनि अन्याय र अत्याचार नहोस् चाहन्थे । यति हुँदा-हुँदै पनि आफूले कल्पना गरेको आदर्श कसरी पाउन सकिन्छ, त्यसबारेमा स्पष्ट र सुसंगत विचार नभएको चर्चा गर्दै व्यक्तिगत विद्रोह र उग्र व्यक्तिवाद, अस्तित्ववादका

---

[७३] घटराज भट्टराई, **नेपाली साहित्यकार परिचय कोष**, (काठमाडौं, नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, २०५१) पृ. २७३ ।

[७४] निनु चापागाईं, **यथार्थवादी रचना दृष्टि र विवेचना**, (काठमाडौंः दिल बरदान/महिम चापागाईं, २०५१) पृ. २०६ ।

साथै परम्परा र इतिहासप्रति विरोध, यौन स्वतन्त्रताको उदण्ड चाहना भएको कुरा चापागाइँले दावा गरेका छन् ।

पारिजातमा सानैदेखि विरोधी प्रवृत्ति रहेको, पारिवारिक अनुशासन भत्काउने, आफू खुसी बाँच्ने प्रवृत्ति रहेकोतर्फ इङ्गित गर्दै बाबुको इच्छा विपरित पारिजात साहित्यकार बनेको र नेपाली साहित्यमा चर्चित बनेको उल्लेख गरेका छन् ।

सानैदेखि पारिजातमा रहेको अभौतिक तत्त्वप्रतिको अनास्था, आफूलाई लागेको कुराप्रति ठूलो इमान्दारी, नारी हुनुको पीडा, थिचिएको जातिगत अवस्था र सानैदेखि परेको बुद्धदर्शनका कतिपय सकारात्मक तत्त्वहरूको प्रभावले पनि उहाँलाई यहाँसम्म ल्याउन सहयोग पुऱ्याएको छ ।

वि.सं. २०१९-२० र २१ का दिनहरू पारिजातका निम्ति शारीरिक एवम् मानसिक यातनाका कष्टप्रद दिनहरू थिए । घोर निराशा, निरर्थकता र विसङ्गतिबोध हुनुमा आफ्नै मानसिक जटिलताहरू केही हदसम्म उत्तरदायी रहेको पारिजातको आफ्नै पनि मूल्याङ्कन भएको कुरा उनले उठाएका छन् । पारिजातमा आएको चरम मानव विरोधी विचार र निस्सारताको छाप **शिरीषको फूल**, **आदिम देश**, **महत्ताहीन**, त्यस अवधिका कविता र **सडक र प्रतिभा** का केही कथाहरूमा परेको छ । वैयक्तिक जीवनमामात्र होइन, विश्वयुद्ध सन्त्रासपछि युरोपका केही बुद्धिजीवीहरूमा आएको निस्सारतावादी चिन्तन र त्यसले विश्वमा पारेको प्रभावको छाप उनमा थियो । नेपाली साहित्यमा अरूले पनि यही चिन्तन प्रसारित गर्दै थिए भनेर निनुले अभिमत जाहेर गरेका छन् ।

पारिजातमा नयाँ चीजप्रति आकर्षण र प्रतिभा खोज्ने र प्रतिभा पुजा गर्ने व्यक्ति भएकोले पारिजातले पुरानो आफ्नो जमात छोडी नयाँ प्रतिभासँगको सहकार्य थाल्नु भयो । राल्फामा उहाँको क्रियाशीलता यसैको परिणाम थियो ।

राल्फा हुँदै मार्क्सवाद-लेलिनवादमा प्रवेश गरेकी पारिजात र उनको मित्रमण्डली भियतनाममा हत्या गरिएका विश्व चर्चित चे ग्वभारा र उनले लेखेका कृतिहरू **क्युबाली क्रान्तिकारी युद्धका संस्मरणहरू**, **चे ग्वाभाराको डायरी** बाट प्रभावित भएको कुरा निनुले उठाएका छन् ।

पारिजातले निर्क्योल गरेको जीवनको सही मूल्यका अभिव्यक्ति **शिरीषको फूल**, **आदिम देश**, **महत्ताहीन** नभएर **अनिदो पहाडसँगै**, **तोरीबारी, बाटा र सपनाहरू**, **पर्खालभित्र र बाहिर साल्गीको बलात्कृत आँसु**, **बैंसालु वर्तमान** र **वधशाला जाँदा आउँदा** नै हुन् । पारिजातलाई **शिरीषको फूल** र त्यतिखेरको उनको लेखनभित्र कैद गर्नु पारिजातको अवमूल्यन गर्नु र पारिजातलाई नै अस्विकार गर्नु हो । पारिजातलाई सम्मान गर्न चाहनेले उनको क्रान्तिचेतप्रति पनि सम्मान व्यक्त गर्नुपर्ने दृष्टिकोण चापागाइँले अघि सारेका छन् ।

### ३.२.२.५ जयदेव भट्टराई

जयदेव भट्टराईले **व्यक्तित्व र शब्दचित्र** (२०५३) नामक कृतिमा **नेपाली साहित्यका सेविका उत्कृष्ट गद्य लेखिका** नामक लेखमा पारिजातसँगको भेटघाट र कुराकानीका सन्दर्भमा भएका विषयवस्तुलाई समेटेका छन् ।

आफ्नो पहिलो उपन्यास **शिरीषको फूल** बाट अत्यधिक चर्चित बन्न पुगेकी पारिजात पछिल्ला उपन्यासमा त्यति उत्कृष्ट नभएको सुनेको सन्दर्भमा सोध्दा पारिजातले **शिरीषको फूल** भन्दा पनि उत्कृष्ट कृति आफूले दिएको, ती कृतिहरू चर्चित भएको र पाठकले रुचाएको कुरा उल्लेख गर्दै मेरा कृति नपढ्नेले चलाएको हल्ला भएको जवाफ दिएको बताएका छन् । पारिजातलाई धेरै प्रकारबाट चिन्न सकिने र शिक्षिका, प्रतिष्ठित उपन्यासकार, चर्चित कथाकार, कवियित्रि, संस्मरण लेखिकाको रूपमा देखिए पनि मूल रूपमा लेखिकाको रूपमा चिन्न सकिने मत राखेका छन् । कलिलै उमेरमा रोगले गाँजे पनि उनको कलमलाई भने कसैले गाँज्न नसकेको चर्चा गरेका छन् । आफू पारिजातलाई भेट्न जाँदा एउटा साधारण कोठामा रोगले ग्रस्ट भएर पलङमा बसिरहनु भएकी पारिजातलाई भेटेको प्रसङ्ग उल्लेख गर्दै थुप्रै राजनीति र साहित्यका कृतिहरू त्यहाँ राखिएको र तिनलाई किन्न सकिने बताएका छन् ।

साहित्य लेखनतर्फ कसरी प्रस्तुत हुनुभयो ? भन्ने प्रश्नको बारेमा पारिजातले बुबाले सानैदेखि डाक्टर बनाउने इच्छा राखेर पठाउनु भए तापनि ज्यादै सानै उमेरदेखी साहित्यको स्वतन्त्र अध्ययन गर्ने रुचिले नै लेखनतर्फ दोहोऱ्याएको जवाफ दिनु भएको भनेका छन् ।[७५]

पारिजातका कृतिमा राजनीतिको प्रभाव देखिएको भन्ने आरोपका सन्दर्भमा पारिजातले यी नचाहिने कुरा हुन् । राजनीतिमा साहित्य हुन्छ, त्यो बिना साहित्य हुँदैन बरु साहित्यमा नारा हुनु नहुने जवाफ दिएको उल्लेख गरेका छन् ।

नेपाली साहित्यमा राम्रा समालोचक नभएको र नपढी हचुवाको आधारमा तिनले पूर्वाग्रही भएर कलम चलाउने गरेको पीडा पारिजातले पोखेको र त्यो समालोचकप्रतिको स्नेही आक्रोश भएको बताएका छन् ।[७६]

नेपाली साहित्यमा पारिजातलाई हुनुपर्ने जति सम्मान नभएको र उनका कृति बेजोड भएकोले पारिजातलाई चिन्न उनका कृति पढेर उनका बारेमा लेखेको अभिव्यक्ति भट्टराईले दिएका छन् ।

वि.सं. २०५४ सालमा जयदेव भट्टराईको सम्पादनमा नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानबाट प्रकाशित **साहित्यकार परिचय र अभिव्यक्ति** नामक परिचय ग्रन्थमा पारिजातको परिचय दिइनुका साथै उनका साहित्यसम्बन्धी दृष्टिकोण पनि दिइएको छ । साहित्यिक नाम, जन्म, निधन, सेवा, शिक्षा, भ्रमण, विधा, अन्य, पहिलो रचना, मौलिक कृति, सम्पादित अनुदित र फुटकर कृति, मानसम्मान, पुरस्कार, पदक र ठेगाना आदि बुँदामा पारिजातको परिचय समेटिएको पाइन्छ । तयस्तै मन्तव्य शिर्षकमा पारिजातका दृष्टिकोण दिइएको छ । साहित्य क्रमशः विकसित हुँदै जाने, गद्यभन्दा पद्य साहित्यको बढी विकास भएको विचार पारिजातले पोखेकी छन् । त्यस्तै साहित्य मानव इतिहासको उच्चस्तरिय र महिमाशाली अभिव्यक्ति भएको उल्लेख गरेकी छन् ।[७७] मानव मस्तिष्क पदार्थहरूमध्ये सबैभन्दा सम्वेदनशील भएको र वस्तुगत जगतबाट यसमा चेतनाको

---

[७५] जयदेव भट्टराई, **व्यक्तित्व र शब्दचित्र**, (काठमाडौं: साझा प्रकाशन, २०५३) पृ. ६८ ।

[७६] ऐजन, पृ. ७० ।

[७७] जयदेव भट्टराई, **साहित्यकार परिचय र अभिव्यक्ति**, (काठमाडौं: नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, २०५४) पृ. २६० ।

उत्पति हुने, यही चेतनाले क्रमशः विकास गर्दै जान्छ । विकासक्रमको मानव अभिव्यक्ति कलापक्ष भएकोले साहित्य आत्मगत भए पनि वस्तुगत जगतको प्रतिबिम्ब भएको अभिमत प्रकट गरेकी छन् ।

### ३.२.२.६ ताराकान्त पाण्डेय

**ताराकान्त पाण्डेयले कलासाहित्य, भूमिका र मूल्याङ्कन** (२०५३) मा **पारिजातका कथामा नारी पात्रः एक अध्ययन** नाम लेखमा पारिजातका कथाका नारी पात्रहरूको स्वभाव एवम् प्रवृत्तिको विश्लेषण गरेका छन् ।

पारिजातका कथा प्रायः निश्चित दर्शन लिएर प्रस्तुत हुन्छन् र त्यस्तो दर्शन प्रायः उनका पात्रहरूबाटै अभिव्यक्त भएको हुन्छ । यसरी हेर्दा पारिजातका कथा र तिनका पात्रहरूले अस्तित्ववाद, विसङ्गतिवाद, यौनवाद र नारीवाद हुँदै समाजवादी यथार्थवादको दर्शनलाई आत्मसात गरेका देखिन्छन् । तापनि उच्च जीवनबोध र यथार्थबोधका दृष्टिको कथाको मूल्याङ्कन उनका प्रगतिवादी कथामै टड्कारिएको अनुभव हुन्छ ।

**मैले नजन्माएको छोरो** पारिजातको पहिलो कथा मानिन्छ । अस्तित्ववाद, फ्रायडवाद र (मनोविश्लेषणवाद) र नारीवादको संयुक्त अभिव्यक्तिका रूपमा निर्मित यसै कथाबाट पारिजातको कथायात्रा थालिन्छ भने अस्तित्ववाद, विसङ्गतिवाद, फ्रायडवाद र नारीवादसमेतकै प्रयोगवादी अभिव्यञ्जना प्राप्त गर्ने उनका बाह्र वटा कथाहरूको सङ्कलनको रूपमा २०२५ मा **आदिम देश** कथासङ्ग्रह प्रकाशित भएको कुरा पाण्डेयले अघि सारेका छन् ।

**आदिम देश** मा अस्तित्ववादी चेतना प्रबल भएको र २०२१ देखि २०२५ सम्मका कथाहरू यो अवधिमा लेखिएको पाइन्छ । २०२५ पछि पारिजातमा राल्फाली प्रभाव देखा पर्दछ र उनमा अब विद्रोह र यौन स्वतन्त्रताजस्ता प्रवृत्तिहरू भित्रिन्छन् । विसङ्गतिबोधले तीव्रता प्राप्त गर्दछ । चरम विसङ्गतिबोधले मृत्युपूजक चेतनासमेत अभिव्यक्त भएको यो अवधि पारिजातको कथायात्राको दोस्रो चरण मानिन्छ ।[७८]

२०२९-३० तिरबाट पारिजातका कथामा प्रगतिवादी (मार्क्सवादी) दर्शनले प्रवेश पाउँछ भने २०३२ पछि उनका रचनामा पात्रहरूको चयन र प्रस्तुति अनि दृष्टिबिन्दुमा प्रर्याप्त भिन्नता र युगान्तर आउँछ । विषय, पात्र र तिनको जीवनले वर्गीय स्पर्श प्राप्त गर्दछन् ।

जीवन विरोधी दर्शनबाट क्रमशः उच्च जीवनमुखी, चेतनातर्फको यात्रा पारिजातको लेखनले गरेको छ । उनको क्रमिक वैचारिक विकास र परिवर्तनको छाप उनका कथाहरूमा पनि परेका छन् र त्यही अनुरूप उनका नारी पात्रहरूको चयन र प्रस्तुति भएको पाइन्छ । पारिजातका कथाहरूमा भिन्न-भिन्न वैचारिक दार्शनिक धरातल पाइन्छ । पारिजातका कथायात्राको पहिलो र दोस्रो चरणका कथामा अस्तित्ववादी विसङ्गतिवादी रहेको छ भने ती कथामा प्रस्तुत अधिकांश पात्रहरू यही दर्शनकै अभिव्यञ्जनाका माध्यम र प्रवक्ता बनेका देखिन्छन् भनेर पाण्डेयले दावा गरेका छन् ।

---

[७८] ताराकान्त पाण्डेय, **कलासाहित्य : भूमिका र मूल्याङ्कन** (काठमाडौं: चिन्तन प्रकाशन, २०५४), पृ. ८२ ।

मानिस स्वयम् आफ्नो निर्णयकर्ता र निर्माणकर्ता हो र कुनै पनि निर्णयका लागि ऊ स्वतन्त्र छ भन्ने चेतना अस्तित्ववादको मूल मर्मका रूपमा रहेको छ । पारिजातका कतिपय कथामा यही दर्शनको प्रभाव पाइन्छ । पारिजातका केही कथामा विसङ्गतिवाद चिन्तन पनि टड्कारो रूपमा देखापरेका छन् । उनका कतिपय पात्रहरूको स्थिति हेर्दा के देखिन्छ भने आफ्ना स्वेच्छाले बाँचेको जीवनभन्दा पनि उनीहरू विसङ्गतिचेतलाई अभिव्यञ्जित गरिदिन प्रायोजित जीवन बाँचेका छन् । यसकारण उनीहरूमा जीजिविषाको अभाव छ, विद्रोह जन्मन पाएको छैन ।

राल्फाकालीन पारिजातका नारी पात्रहरूमा छाडा यौनवादी प्रवृत्ति देखा पर्दछ । नारी जाति र समान समष्टिलाई महापातकको रूपमा प्रस्तुत गर्नुले तत्कालीन यथार्थको कुनै प्रतिनिधित्व गर्दैन । यो फगत छाडा यौनचिन्तनको अभिव्यक्ति हो । नारीवादी चेतनाले पनि पारिजातका कथामा ठाउँ पाएको छ । उनका नारीवादी कथामा पुरुष र पुरुष समाजप्रति तीव्र घृणा र व्यङ्ग्य प्रकट गरिएको पाइन्छ । त्यस्ता कथामा नारी पात्रको उपस्थिति त्यही व्यङ्ग्य र घृणाको अभिव्यक्तिका निमित्त भएको कुरा उनले दर्शाएका छन् ।

२०२९-३० तिरबाट पारिजातको प्रगतिवादी सिर्जनाको युग प्रारम्भ हुन्छ । यसपछि २०४९ सम्म लेखिएका उनका प्रगतिवादी कथाहरू अघिल्ला चरणका उनका कथाभन्दा भिन्न भावभूमि, पात्र र जीवनदर्शन लिएर प्रस्तुत भएका छन् । यस युगका कथामा समाजवादी-यथार्थवादी चेतना केन्द्रिय रूपमा अभिव्यक्त भएको छ र नारी पात्रहरू पनि वर्गीय चेतना प्राप्त गरिसकेका तथा प्रगतिशील चरित्र लिएर प्रस्तुत हुन्छन् । कतिपय नारी पात्रमा वर्गीय चेतना नखुले तापनि तिनले वर्गीय स्पर्श प्राप्त गरेको कुरा पाण्डेय बताउँछन् ।

पारिजातका प्रगतिवादी कथाका नारी पात्रहरूमा उच्च जीवनबोध छ । उनीहरू अस्तित्ववादी नारी पात्रझैं निरपेक्ष रूपमा परपीडक देख्ने र विवाहलाई परजीवि हुने प्रक्रिया ठान्दैनन् । अपितु वैवाहिक सम्बन्धलाई स्वभाविक रूपमा लिएर अझ त्यसलाई वर्गीय प्रेमको स्पर्श दिने प्रयास गर्छन् ।

पारिजातका पहिलो चरणका नारी पात्रहरू अत्यन्त अकर्मण्य, यथार्थविमुख र मृत्युपूजक देखिन्छन् भने पछिल्लो प्रगतिवादी चरणका नारी पात्रहरू युगसचेत, वर्गसचेत, जीवनमुखी र क्रियाशील भन्ने तथ्यलाई पाण्डेयले अघि सारेको पाइन्छ ।

**कलासाहित्यः भूमिका र मूल्याङ्कन** कृतिमा ताराकान्त पाण्डेयको **पारिजातको कथाकारिता, मूल्य निरूपणको प्रयास** नामक समालोचनात्मक लेख पनि प्रकाशित भएको पाइन्छ ।

**आदिम देश** भित्रका कथामा मान्छेलाई रुग्णता र विकृतिको दस्तावेजको रूपमा हेरिएको छ । आजका मान्छेलाई अर्थहीन, नग्न र आदिम रूपमा हेर्ने धृष्टता गरेको छ । मान्छे सर्वत्र नाङ्गो छ र समाजमा नग्नता बाहेक केही छैन भन्ने मूल कथ्यको अभिव्यक्ति गरिएको छ । सिङ्गो विश्वलाई रुग्ण, अपाहिज देख्ने पारिजातमा मृत्यु चेतना पनि प्रवल देखिएको छ । त्यसको प्रतिबिम्ब उनका केही कथाहरूमा पाइन्छ । प्रथम चरणका उनका कथाहरूमा यौनकेन्द्रित चित्रण गरिएको छ ।

२०२५ देखि २०३० को बीचका कथाहरू **सडक र प्रतिभा** कथासङ्ग्रहमा परेका छन् । यो अवधि पारिजातको जीवनमा अस्तित्ववादी-विसङ्गतिवादी चेतना रहिरहेकै अवस्थाको हो । २०२५ पछि उनी राल्फाली भएको अवधि पनि हो । राल्फाली चेतना आफैमा छुट्टै नयाँ मान्यता नभएर अस्तित्ववादी-विसङ्गतिवादी चेतना हो र यसमा मार्क्सवादको प्रभाव पनि छ । पूर्णत मार्क्सवादी भई नसकेको तर विद्रोही चेतनालाई आत्मसात गरेको चिन्तन राल्फाली चिन्तन हो ।

यस चरणका कथाहरू अकथा हुन् । पुरुष पात्रको पतनभन्दा पनि चर्को पातक स्थिति र चरित्र उनले उभ्याएकी छन् । **साइनो ग्यानेटको टुक्रासँग** कथा यसैको उदाहरण हो । एउटा वैयक्तिक अपराध वा कुण्ठाग्रस्त मनोदशाको परिणामका रूपमा होइन पारिजातले सार्वभौम रूपमा पुरुष जातिमा महापातक चरित्र रहेको देखाएर जीवनमा महाविसङ्गतिको व्याप्ति देखाएको कुरा पाण्डेयले दर्शाएका छन् ।

सङ्ग्रहका प्रारम्भमा अस्तित्ववादी, विसङ्गतिवादी हुँदै यौनकेन्द्रीत कथाहरू लेख्न पुगेकी पारिजातका **सडक र प्रतिभा** का पछिल्ला कथाहरूमा यथार्थवादी चेतना र कथाकारको आलोचक दृष्टि अपेक्षाकृत राम्ररी प्रकट भएको पाइन्छ । कुण्ठा, विकार, असङ्गति र मृत्युबोध देखेकी पारिजातले मान्छेलाई घृणित, कामुक, अमर्यादित प्राणी ठान्न पुगिन् । जीवनमा महाविसङ्गति देख्ने चेतना, मान्छेलाई अस्तित्वका कोणबाट व्याख्या गर्ने चेतना र यी दुवैसँग जोडिएको यौनकेन्द्रीत चेतना बोकेका तीन थरी कथाहरू यस अवधिमा लेखिएको पाइन्छ ।

वि.सं. २०३०-२०४० को दुई दशकको अवधि पारिजातको कथाकारिताको दोस्रो चरण हो । यो अवधि पारिजातले मार्क्सवादी चेतनालाई आत्मसात गरिसकेपछि निर्माण भएको यथार्थवादी कथा सिर्जनाको अवधि हो । अबका कथाहरूमा पारिजातको निजात्मकता वा आत्मपरकता कम भएको छ र पात्र, घटनावली तथा समग्र कथावस्तु वस्तुपरक एवम् सम्प्रेषणीय भाषामा व्यक्त हुन थालेको पाइन्छ । सम्प्रेषणीयतासँगै सम्वेदनशीलता र प्रभावकारिता पनि आएको देखिन्छ । **साल्गीको बलात्कृत आँसु** भित्रका कथाहरूमा धेरै कथाहरूमा प्रगतिवादी जीवनदृष्टि देखा परे पनि केही कथाहरू भने फितलो भएको कुरा पाण्डेयले अघि सारेका छन् ।

**बधशाला जाँदा आउँदा** का कथाहरूमा श्रमजीवी वर्ग, श्रमजीवीहरूको दुःखद जीवन-पद्धति र मालिक वा पूँजीपति वर्गबाट उनीहरूमाथि, उनीहरूको खुन-पसिनामाथि हुने शोषण र खेलवाडको कटु यथार्थलाई सम्वेदनशील तरिकाले प्रस्तुत गरिएको पाइन्छ । **साल्गीको बलात्कृत आँसु** का तुलनामा **बधशाला जाँदा आउँदा** का कथाहरूमा प्रगतिवादी दृष्टिको तिख्खरता र सिर्जनात्मक उर्वरता पाइँदैन । पछिल्ला कथाहरूमा पारिजात वर्गीय प्रतिबद्धताबाट उम्कन खोजेको पाइन्छ । यी कथाहरूमा सामान्य सामाजिक यथार्थ र विसङ्गति एवम् पीडाको सामान्य कथनमै उनको कथाकारिता सीमित रहेको तर्फ उनले संकेत गरेका छन् ।

### ३.२.२.७ राजेन्द्र सुवेदी

**राजेन्द्र सुवेदीले नेपाली उपन्यासः परम्परा र प्रवृत्ति** (२०५३) मा नेपाली उपन्यासको ऐतिहासिक विकासक्रमका साथै समकालका विभिन्न धारा एवम् प्रवृत्तिहरूको गहन विश्लेषण

गरेको पाइन्छ । अस्तित्ववादी परम्परा र नेपाली उपन्यास, समाजवादी यथार्थवादी परम्परा र नेपाली उपन्यास, नवचेतनामूलक उपन्यासगत प्रवृत्तिको व्याख्या यसमा पाइन्छ ।

**विसङ्गतिवादी परम्परा र नेपाली उपन्यास** मा **विसङ्गतिवादको विकसित शृङ्खला र उपन्यासकार पारिजात** उपशीर्षकको लेख रहेको पाइन्छ । विसङ्गतिवादी उपन्यासको दोस्रो शृङ्खलामा पारिजातको नाम आउने उल्लेख छ । वि.सं. २०२२ सालमा **शिरीषको फूल** प्रकाशनमा आयो । २०२५ सालमा प्रकाशित **महत्ताहीन**, २०२९ मा प्रकाशित **बैंसको मान्छे** उपन्यासले पारिजातलाई अस्तित्ववादी स्रष्टाको रूपमा स्थापित गरिदिए । यथास्थितिबाट पादुर्भाव भएको अस्तितववाद र विसङ्गतिवाद पारिजातको **शिरीषको फूल र महत्ताहीन** मा देखा परेको छ । विसङ्गतिवादको जीवनमूल्यलाई **शिरीषको फूल** उपन्यासले तत्कालीन नेपाली समाज र त्यस समाजको परिस्थितिमा जोडिन आएका जटिलतालाई प्रकट गरेको छ । त्यस समयको परिवेश विसङ्गतिबाट ग्रसित छ र त्यसै विसङ्गतिभित्र आफ्नो अस्तित्व खोजिरहेछ भन्ने कुरा **शिरीषको फूल** उपन्यासले पुष्टि गरेको कुरा लेखकले बताएका छन् । एकातिर जिजीवीषाप्रतिको वितृष्णा र अर्कोतिर वितृष्णाप्रतिको मोह आदिका स्थितिले जीवनका प्राप्तव्यहरूको अपवर्जनपछि पनि मान्छे जीवित रहिरहन्छ । यस्तो स्थितिमा पनि अत्यन्त रमाइलो पाराले विसङ्गत जीवन बाँचिदिन्छ । **महत्ताहीन** उपन्यासले यही विंगत स्थितिलाई दर्शाएको छ ।

**अस्तित्ववादी परम्परा र नेपाली उपन्यास** शीर्षक लेखमा **शिरीषको फूल उपन्यासको जीवनदृष्टि** नाम लेख रहेको छ । निस्सारतामूलक विसङ्गति नै यस उपन्यासको जीवनदृष्टि हो । जीवन विसङ्गतिको पुञ्ज मात्र साबित भएको छ । यही विसङ्गतिलाई प्रस्तुत उपन्यासले अस्तित्व प्रदान गरेको जीवनदृष्टि बोकेको छ ।[७९]

**शून्यवादको धरातलमा निर्मित उपन्यास महत्ताहीन** मा **महत्ताहीन** उपन्यासमा अभिव्यक्त जीवनदर्शनलाई देखाइएको छ । आजको स्वायत्त जीवन पनि आफूभित्रको कुण्ठित र निरपेक्ष जीवन भोगमा मृत्युसमेत अल्छे पाराले उपभोग गर्नुपर्छ भन्ने भावना प्रदर्शित भएको छ । आवश्यक र अनावश्यक, सङ्गतियुक्त र सङ्गतिहीन अनि अनेक किसिमका वस्तुहरूको समीकरण गरेर एउटा जीवन भोग्ने काम मानिसले गरिरहन्छ । निरर्थकताभित्र समय, जीवन र दृष्टिकोणसमेत खर्च गर्न मान्छे मृत्युञ्जयको यात्रीजस्तै अमृत्युबोधी भएर देखापर्ने कुरा सुवेदी अभिव्यक्त गर्दछन् ।

**पारिजातमा आएको वैचारिक विचलन** लेखमा पारिजातको लेखन दार्शनिक जिम्मेवारीमै टिक्ने खालको भएका कारणले अस्तित्ववादबाट विचलन आए पछि राल्फाली चिन्तन-भ्रममा नअल्मलिई राल्फावादमा समाजवादी दर्शनकी जिम्मेवारी नभएका कारणले पारिजात एकैपल्ट **बैंसको मान्छे** (२०२९) मा प्रवृत भइन् । राल्फाकालीन सिर्जना भएर पनि प्रगतिवादी चिन्तन सबल बन्दै गएको र अस्तित्ववादी एवम् राल्फाली चिन्तन दुर्लभ बन्दै गएको उनको उपन्यास लेखनको परिवर्तित बिन्दु **बैंसको मान्छे** बनेको लेखकको अभिमत रहेको छ । **तोरीबारी, बाटा र**

---

[७९] राजेन्द्र सुवेदी, **नेपाली उपन्यास : परम्परा र प्रवृत्ति** (काठमाडौंः साझा प्रकाशन, २०५३) पृ. ३३८ ।

**सपनाहरू र अन्तर्मुखी** उपन्यास यथार्थवादी चिन्तनका विरोधी मोर्चामा नउभिए पनि सफल यथार्थवादी उदाहरण भने बन्न सकेका छैनन् । **शिरीषको फूल** ले प्रतिवादित अस्तित्ववादी चिन्तनको निस्तरता **परिभाषित आँखाहरू** मा पाइन्छ ।

सामाजिक यथार्थका कणकण केलाएर रूपवादी शिल्पमा ढाल्ने, पाठकवर्गलाई संवेदित तुल्याए पनि उपन्यासकारले उपन्यासलाई पलायनको चिप्लोमा लगेर पछारेको आरोप लेखकले लगाएका छन् । उपन्यास वा कथा के हो भन्ने बारेमा प्रशस्त बहसहरू चलेको **बोनी** उपन्यास हो भन्ने ठहरमा पुग्यो । सम्बोधनप्रधान निजी शिल्पमा लेखिएको यो उपन्यास पत्रात्मक शैलीमा लेखिएको छ । नारी समस्यामै केन्द्रित यो उपन्यास पनि विचलित पारिजातको रूपवादी चिन्तनतिर ढल्केको सुवेदीको तर्क छ ।

**समाजवादी यथार्थवादी स्वर र उपन्यासकार पारिजात** शीर्षकको लेखमा पारिजातका समाजवादी यथार्थवादी उपन्यासहरूको बारेमा विश्लेषण गरिएको छ । उपन्यास लेखनमा उनको समाजवादी यथार्थको आरम्भ **पर्खालभित्र र बाहिर** बाट स्पष्ट रूपमा भएको देख्न पाइन्छ । **तोरीबारी, बाटा र सपनाहरू** उपन्यासले विसङ्गतिमूलक अन्तर्मुखी प्रवृत्ति र यथार्थवादी बहिर्मुखी प्रवृत्तिलाई स्पष्ट रूपमा विभाजनको रेखा कोर्ने काम गरेको छ । पारिजातका उपन्यासहरूमध्ये **पर्खालभित्र र बाहिर** (२०३५), **उसले रोजेको बाटो** (२०३५) र **अनिदो पहाडसँगै** समाजवादी यथार्थवादी फाँटका उपन्यास हुन् । पूँजीवादी, सामन्तवादी र प्रतिक्रियावादी सबै खाले बुर्जुवा प्रवृत्तिका समाज व्यवस्थालाई भत्काइदिन सक्ने संगठन, चरित्र र उर्जा तयार गर्नुपर्ने तथ्य **पर्खालभित्र र बाहिर** उपन्यासले प्रकट गरेको छ । संगठन, विद्रोह र मुक्तिचेतलाई प्रतिक्रियावादी दुष्कृतिका पत्करमा लाग्ने डढेलोमा परिणत नगरेसम्म नेपाली समाजको मुक्ति सम्भव छैन भन्ने वस्तुतथ्य नै यस उपन्यासमा कथ्य भएर आएको छ ।

**उसले रोजेको बाटो** मा परम्परा, रुढि र धार्मिक विकृतिबाट पेलिएका विभिन्न वर्ण, जाति, संस्कृति आदिका विभाजन रेखामा खण्डित मानसिकता बोकेको समाजको सिकार बनेका मान्छेका मनमा आफू पीडित बन्नुपर्ने कारणका पहिचानलाई विस्तारै प्रकट गर्ने कार्य गरेको तर्क लेखकको छ ।

नेपालको पञ्चायती राजनीति चरित्र भित्र फस्टाएका सामाजिक, प्रशासनिक, आर्थिक र सांस्कृतिक विकृतिहरूबाट पीडित जनजीवनबाट प्रस्फुटन भएका उभारलाई पर्यावरण, पात्र र चरित्रविन्यास एवम् कथ्यविन्यासमासमेत स्थापना गर्ने काम **अनिदो पहाडसँगै** मा भएको छ । अस्तित्ववादी उपन्यास परम्परामा पारिजातको सिर्जनात्मक उपलब्धी देखिन्छ भने समाजवादी यथार्थवादी उपन्यास सिर्जनाको उपलब्धी पारिजातमा भेटिन्छ भन्ने कुरा सुवेदीले जोडदार ढङ्गले उठाएको देखिन्छ ।

वि.सं. २०५३ मा **राजेन्द्र सुवेदी**को **सृजन विधाका परिधिमा पारिजात** नामक कृति प्रकाशित हुन्छ । यस कृतिमा सुवेदीले पारिजातका विभिन्न विधा लेखनको विकास प्रक्रिया र त्यसमा पाइने विचार मूल्यलाई सूक्ष्म विश्लेषण गरेको पाइन्छ ।

पारिजात संक्षिप्त जीवनवृतमा पारिजातको संक्षिप्त जीवन प्रस्तुत गरिएको छ । **कवि पारिजातको अभ्युदय र विकास** प्रक्रियामा पारिजातका कविता लेखनका तीन मोडहरू देखाइएको छ । पारिजात नामको प्रथम स्थापना २०१४ सालमा प्रकाशनमा आएको **आकांक्षा** शीर्षकको कवितासङ्ग्रहबाट भएको छ । कवि पारिजातको सिर्जना रोमान्टिक लेखनको अवशिष्ट क्षणमा टिकेको हुनाले उनमा कल्पनाको गति निकै तीव्र बनेको छ । २०१४ सालमा **आकांक्षा** शीर्षकबाट प्रकाशित भएको प्रस्तुत कवितासङ्ग्रहलाई भविष्यको उच्च गरिमा प्राप्त गर्ने दिशाको आधारशीला मान्न सकिन्छ ।

अस्तित्ववादी कविता सिर्जना कवि पारिजातको दोस्रो मोड हो । **पारिजातका कवितासङ्ग्रह**भित्रका कविताहरूमा नेपाली समाज र नेपाली मानसिकताभन्दा पनि विश्वको कुण्ठित र वितृष्णाग्रस्त जीवन, विश्वमा बढ्दै गएका आणविक भट्टीका आतङ्कले आसन्न क्षणमा ल्याएका विभिषिकाहरू यसले उद्घाटन गरेका यस परिस्थितिका जीवन-भोगाइका विसङ्गतिहरू, मानसिक दुर्बलता र पलायनहरू, मृत्यु र नश्वरताका बोधहरू, मानवीय सम्वेग र त्यसका प्रतिक्रियाहरू, जीवनको निस्सारता र आत्महत्याका आवेगहरू **पारिजातका कविता** मा प्रस्तुत भएका छन् । **बैंसालु वर्तमान** पारिजातको यथार्थवादी कविता लेखनको मोड हो । नेपाली समाजका पीडित जाति, पक्ष, वर्ग, पेशा र प्रवृत्तिहरू कविताका विषय बनेका छन् । समाजका असङ्गत संरचनाका पिसाइमा परेका निम्नतहका जाति, लिङ्ग, निम्नवैतनिक श्रमिक, निम्न आयवर्गका जनता र भूमि र आयहीन सुकुम्बासी जनताका समस्याहरू यससङ्ग्रहका कवितामा वस्तु बनेका छन् । त्यस्ता जनतामाथिको शोषण र उत्पीडन र तिनमाथिको भिषण प्रताडना र तिनले पाउन प्रकट गरेको मुक्तिको स्वर यस सङ्गहका कविताको कथ्य बनेको छ ।'[८०]

सुवेदीले **शिरीषको फूल** लाई अस्तित्ववादी-विसङ्गतिवादी उपन्यास, **महत्ताहीन** लाई शून्यवादको धरातलमा निर्मित उपन्यास मानेका छन् । **शिरीषको फूल** को वैचारिक निरन्तरताको रूपमा **महत्ताहीन** आएको छ । राल्फाकालीन सृजना भएर पनि प्रगतिवादी चिन्तन सबल बन्दै गएको र अस्तित्ववादी एवम् राल्फाली चिन्तन दुर्बल बन्दै गएको उनको उपन्यास लेखनको परिवर्तित बिन्दु **बैंसको मान्छे** बनेको छ । पारिजातको **अन्तर्मुखी** उपन्यास उनको प्रारम्भिक चिन्तनबिन्दुबाट एकै पाइलो पनि यताउता नसरेको देखिन्छ । अस्तित्ववादी चिन्तनको जीवनको तरलता र क्षीण एवम् निरर्थकता, सारहीन जीवनदृष्टि, नश्वरतायुक्त जीवनबोध **परिभाषित आँखाहरू** उपन्यासले सफलतापूर्वक प्रस्तुत गरेको छ ।

२०३५ सालमा प्रकाशित **अन्तर्मुखी** उपन्यासपछि अस्तित्ववादी चिन्तनमा केन्द्रित उपन्यास एक दशक समयको अन्तरालमा आएर २०४६ सालमा फेरि पारिजातको आरम्भ जहाँबाट भयो, त्यहीँ पुगेर पूर्णविराम लागेको छ । कला र सौन्दर्यका नाममा समाजको विकृतिपूर्ण यथास्थितिलाई जहाँको तहीँ छोडेर उनले आफ्नो रचनाधर्मितालाई पथभ्रष्ट बनाएको गम्भीर उपजका रूपमा **परिभाषित आँखाहरू र बोनी** उपन्यास रहेको अभिमत सुवेदीको छ । सामाजिक र मानसिकता सङ्घातको बीचमा **तोरीबारी, बाटा र सपनाहरू** उपन्यास रहेको छ । पूर्णतः

---

[८०] राजेन्द्र सुवेदी, **सृजन विधाका परिधिमा पारिजात** (नाराणसीः भूमिका प्रकाशन, २०५३) पृ. १६ ।

समाजवादी यथार्थवादी बन्न नसके पनि मान्छेलाई धनी वा गरिब, सुखी वा दु:खी बनाउने कारण प्रकृति होइन, समाजको वर्गीय विकृति हो भन्ने कुरालाई उद्घाटन गरेको छ । **उसले रोजेको बाटो**, **पर्खालभित्र र बाहिर** र **अनिदो पहाडसँगै** समाजवादी यथार्थवादी उपन्यासको उपलब्धि हुन् ।

**आदिम देश** २०२५ सालमा पुस्तकाकार कथाकृति हो । यसमा जम्मा १२ वटा कथाहरू सङ्कलित छन् । अलिकति रूप र अमूर्तता, अलिकति अन्तर्मुखी चिन्तन र अस्पष्टता, अलिकति पलायन र निस्सारता, अलिकति वितृष्णा र निराशा आदिको मिश्रित भावनामा आर्जित जीवनमूल्य र चेतनाको पहिचान, अलिकति जीवनमोह र उत्कण्ठा, अलिकति विडम्बना र विसङ्गतिप्रतिको पलायन यस संगहभित्रका कथाहरूमा कथ्यवस्तु भएर आएका छन् । समाजका विसङ्गति, आर्थिक विकृति, जीवनका वितृष्णा यस चरणका कथावस्तु बनेका छन् ।

**सडक र प्रतिभा** २०३२ सालमा प्रकाशित कथासङ्ग्रह हो । यसमा पारिजातको सङ्क्रमणकालीन कथा चेतनालाई प्राप्त गर्न सकिन्छ ।सङ्ग्रहका केही कथाहरू पूर्व चरणको अस्तित्ववादी विसङ्गतिवादी दृष्टितिर अभिमुख छन् भने केही उत्तर चरणको मार्क्सवादी चिन्तन दृष्टितिर अभिमुख छन् ।

२०३० पछि पारिजात समाजवादी दिशातिर अभिमुख भएकी छन् । यस उत्तरार्द्ध चरणको चिन्तनलाई प्रतिनिधित्व गर्ने उनकासङ्ग्रहरू दुईवटा छन् र दुवै कथासङ्ग्रहमा पारिजातको चिन्तनदृष्टि पूर्णत: यथार्थवादी बन्नपुगेको छ । नेपाली समाजमा देखिँदै आएका विकृतिलाई, आर्थिक शोषण र दमनलाई, प्रशासनिक दुष्कृति र राजनीतिक बेइमानीलाई, मानवीय दुर्नियति र सामाजिक विसङ्गतिलाई प्रहारको केन्द्र बनाएर लेखिएको **साल्गीको बलात्कृत आँसु** सङ्ग्रहका कथाहरू परिवर्तित चिन्तनको प्रतिनिधि बनेकी पारिजातका दृष्टिलाई समेट्न प्रयन्तभील देखिएको अभिमत सुवेदी प्रकट गर्दछन् ।

२०४० सालपछिका वर्षहरूमा लेखिएका सात कथाहरूको कथासङ्ग्रह **बधशाला जाँदा आउँदा** हो । यससङ्ग्रहभित्रका कथाहरूमा स्वदेशभित्रका धनी र निर्धन, विदेशका सम्पन्न र स्वदेशका विपन्न अनि स्वदेशका शासक र शाशितजस्ता द्वन्द्वात्मक पाटाहरूलाई वर्गीय विसङ्गतिका पृष्ठभूमिमा राखेर हेर्ने प्रयत्न भएको छ ।

पारिजातको **आधी आकाश** सङ्ग्रहमा सङ्कलित निबन्धमा नेपाली समाजको मात्र हैन, विश्वकै जनसङ्ख्यामा आधा भाग ओगटेर बसेका नारीहरूको अस्मिता, अधिकार र कर्तव्यलाई वैचारिक ढङ्गले प्रतिपादन गरिएका वस्तुपरक निबन्धहरू समावेश भएका छन् । पारिजातका आत्मसंस्मरणमा पुरुषप्रधान र अर्धसामन्ती समाजकी महिला बनेर पनि नेपाली महिलाको अस्मितालाई विश्वजनीन दृष्टि र साहस प्रदान गर्ने चिन्तन आएको छ । पूर्वीय आदर्शका वैदिक र बौद्ध चिन्तनसम्म र पाश्चात्य यथार्थका मार्क्सीय चिन्तनसम्म पनि छरिएकी छन् ।

### ३.२.२.८ चैतन्य

चैतन्यले **मार्क्सवादी कलादृष्टि र समीक्षा** (२०५४) नामक कृतिमा **पारिजात: सौन्दर्य चिन्तनको विकास प्रक्रिया** लेखमा पारिजातको समग्र साहित्ययात्राको विश्लेषण गर्नुको साथै रचना प्रक्रियामा देखा परेका विविध विचार एवम् प्रवृत्तिहरूको सूक्ष्म चित्रण गरेका छन् ।

पारिजातको साहित्ययात्राको मोडहरू बारे विभिन्न लेखकहरूबीच प्रशस्तै मतभेद भएता पनि उनको साहित्य यात्राको विकासक्रालाई निम्न अनुसार विभाजन गर्नु उपर्युक्त हुने उनले दर्शाएका छन्- पहिलो अस्तित्ववादी अवधि-प्रारम्भदेखि वि.सं. २०२६ को आसपाससम्म, दोस्रो नवअराजकतावादी अवधि, वि.सं. २०२७ देखि २०२९ को आसपाससम्म र तेस्रो प्रगतिवादी अवधि, वि.सं. २०३० देखि यताको अवधि ।

**आकांक्षा** र **पारिजातका कविता** का २०१८ सालसममका कविताहरूलाई केही रोमान्सेली तथा सिकारु प्रवृत्तिका, **शिरीषको फूल**, **महत्ताहीन** उपन्यास र **आदिम देश** का कथाहरूलाई अस्तित्ववादको बैंसालु अवस्थाका र **सडक र प्रतिभा** का केही कथाहरूलाई विसङ्गतिवादी भन्न सकिए तापनि गुणात्मक रूपमा यहाँ प्रभावी रहेको प्रवृत्ति अस्तित्ववाद नै हो ।[८१]

पारिजातको यस अवधिका रचनामा प्रेम, यौन, विवाह, परिवार, जीवन-जगत् र व्यक्ति तथा समाजसम्बन्धी सम्पूर्ण प्रचलित मान्यताको पूर्ण निषेध गर्नु, व्यक्तिको निरपेक्ष अस्तित्व तथा उसको चरम स्वतन्त्रता र व्यक्तिहरूलाई आ-आफ्नो मान्यताको निर्धारक मान्नु, मूल्य निर्धारणका निम्ति संज्ञानात्मक आधारका रूपमा सहजवृत्ति, अवचेतन मन वा प्रकृतवादको अवलम्बन गर्नु, व्यक्तिहरूको वरण स्वतन्त्रता वा प्राप्तिका निम्ति अवरोधक बन्ने ऐतिहासिक नियतिका विरुद्ध जुध्न नसक्नु, परिमाणतः निरर्थकता, निराशा, पलायन, शून्यता र मृत्युबोधको भासमा फस्नु र जीवन, जगत् र समाजप्रति, सौन्दर्य चिन्तनप्रति आदर्शवादी एवम् अभिभूतवादी दृष्टि अवलम्बन गर्नुजस्ता विशेषता पाइने चैतन्यले उल्लेख गरेका छन् ।

वि.सं. २०२७-२०२७ को आसपासमा पारिजातममा नव अराजकतावादी प्रवृत्ति देखा पर्दछ । **सडक र प्रतिभा** का केही कथाहरू, **बैंसको मान्छे** (उपन्यास) र **धुपी, सल्ला र लालीगुँरासको फेदमा** (आत्मसंस्मरण) यसै अवधि अन्तर्गत पर्दछन् ।

अस्तित्ववाद, फ्रायडवाद, अराजकतावाद, नववामपन्थ मिलेर खिचडी चिन्तन निर्माण भएको छ । यहाँ पनि शून्यवाद छ । यही अवधि पारिजातको अस्तित्ववादबाट नव अराजकतावादमा रूपान्तरणको अवधि हो ।

वि.सं. २०३० यताको अवधि पारिजातको प्रगतिवादी लेखनको अवधि हो । यस अवधिमा पारिजात नयाँ समाजको निर्माण गर्ने उद्देश्यप्रति निष्ठावान हुनुहुन्छ । उहाँले आन्दोलन, सिद्धान्त र राजनीतिका साथै लामो समयसम्म साङ्गठनिक प्रतिबद्धताकोसमेत निर्वाह गर्नु भएको छ । कलात्मक प्रतिबिम्बनको क्षेत्रमा उहाँले नेपाली समाजको वर्गसङ्घर्षको यथार्थलाई गतिशील ढङ्गले अभिव्यक्त गर्ने, जनताबाट लिएर जनतालाई दिने र वस्तुबाट चेतना तथा चेतनाबाट वस्तुमा जाने द्वन्द्वात्मक भौतिकवादी मान्यतालाई राम्रोसँग पकड्ने प्रयास गर्नु भएको तथ्य चैतन्यले अघि सार्नु भएको छ ।

पारिजात **बोनी** को पछिल्लो भाग र **परिभाषित आँखाहरू** मा निकै तल खस्नु भएको छ । यी दुवै रचनामा यथार्थको नकारात्मक पाटोलाई माथि उठाएको छ र यथास्थितिवादको

---

[८१] चैतन्य, **मार्क्सवादी कलादृष्टि र समीक्षा** (काठमाडौंः चिन्तन प्रकाशन, २०५४) पृ. ८२ ।

घेराबन्दीभित्रै जकडिने काम भएको छ । विश्व कम्युनिस्ट आन्दोलन एवम् नेपाली कम्युनिस्ट आन्दोलनमा देखा परेका घटनाहरूको प्रभाव एकातिर देखिन्छ भने अर्कोतिर उहाँ आफैमा समूह, साङ्गठनिक प्रतिवद्धताप्रति अनास्था जाग्नुजस्ता कारणले पारिजातलाई यो स्थितिमा पुऱ्याएको कुरा अभिव्यक्त गरेका छन् ।

जीवनको अन्तिम समयसम्म पनि मार्क्सवाद, लेनिनवाद, माओवादी विचारधाराको पक्षपोषण गर्नु, कम्युनिस्टको भविष्य उज्वल भएको देख्नु, सैद्धान्तिक प्रतिबद्धता जाहेर गर्दै सामन्तवाद, साम्राज्यवाद र विस्तारवादविरोधी नवजनवादी सांस्कृतिक आन्दोलनमा संलग्न बनिरहनुको कारण उहाँमा कमजोर पक्षका तुलनामा सबल पक्ष धेरै प्रभाव रहेको कुरा स्पष्ट देखिन्छ । उहाँ प्रगतिवादी शिविरकी एक सशक्त लेखिका हुनुहुन्छ भनेर चैतन्यले ठोकुवा गर्नु भएको छ ।

### ३.२.२.९ पवन चामलिङ

**पवन चामलिङले पारिजातका सङ्कलित रचनाहरू** (२०५४), (ग्रनथ १-६)' मा **भूमिका** मा पारिजातको जीवन प्रसंगका साथै उनको लेखनका प्रवृत्तिकोसमेत विश्लेषण गरेका छन् ।

पारिजातका सबै प्राप्य कृतिलाई प्रकाशमा ल्याउने उद्देश्य निर्माण प्रकाशनको लक्ष्य रहेको कुरा अघि सार्दै उनका भावनात्मक अनुभूतिका बेग्ला-बेग्लै अवस्था र चरणलाई बुझेर नै उनको जीवन र कर्म प्रष्टिने भएकोले त्यो निर्णय लिएको उल्लेख गरेका छन् ।

फ्रायदको वासनारुढ रहस्यवाद, नवकान्टवादीहरूको अन्तर्मुखी भाववाद तथा सार्त्रको अस्तित्ववादका पत्रदल सजाएर **शिरीषको फूल** पारिजातले तयार पारेकी छन् । कुण्ठा, मनोविकृति, हताशा र शून्यतालाई पारिजातले तिख्खर शब्दहरूमा सजाएको कुरा चामलिङ व्यक्त गर्छन् । **बैंसको मान्छे** ले पारिजातमा हुर्कदै गएको नयाँ मान्यतालाई उदघाटित गर्दछ भने **तोरीबारी, बाटा र सपनाहरू** ले अर्को महत्त्वपूर्ण फड्कोको तयारीलाई छर्लङ्ग देखाउँछ ।[८२]

ज्यादै चर्चामा आएका **पर्खालभित्र र बाहिर** अनि **अनिदो पहाडसँगै** मात्र होइन, **उसले रोजेको बाटो**, 'अन्तर्मुखी' आदि उपन्यासहरूमा पनि पात्रहरूका निजी आशा, आकांक्षा, भोक-प्यास, ईर्ष्या-लालसा, प्रेम-घृणा आदिले सामाजिक पृष्ठभूमिलाई आलोकित गरेका छन् । **परिभाषित आँखाहरू** विचारका दृष्टिले कमजोर देखिएको छ । **पर्खालभित्र र बाहिर** को रमेश एक व्यक्ति र सँग-सँगै एक टाइपको रूपमा कुँदिएको छ भने **अनिदो पहाडसँगै** की सुवानी त सामजिक यथार्थलाई तीव्र अभिव्यक्ति दिन सक्ने समर्थ प्रतिनिधि पात्र भएको तथ्य चामलिङ व्यक्त गर्दछन् ।

**धुपी, सल्ला र लालीगुँरासको फेदमा** प्रवृत्तिगत दृष्टिले **बैंसको मान्छे** को नजिक छ । पारिजातको सौन्दर्य चिन्तन नव अराजकतावादी चरणमा विचरण गरिरहेको बेलाको वैचारिक धारसँग यो संस्मरणको तादाम्य छ ।

---

[८२] पवन चामलिङ, **भूमिका : पारिजातका संकलित रचनाहरू** (सिक्किमः निर्माण प्रकाशन, २०५४) पृ. ञ ।

आफ्ना संस्मरणमा इमान्दारिताको निर्वाह गर्ने प्रयत्नमा उनले ठूलो आँट र मेहनेत गरेको प्रतित हुन्छ । उनकै इच्छा अनुसार उनको मृत्युपछि प्रकाशित **अध्ययन र सङ्घर्ष** शीर्षक संस्मरणमा निर्मल लामासम्बन्धी प्रकरणले उनको कमजोरीलाई साफ जाहेर गर्दछ ।

दार्जिलिङको चियाबारीमा अँध्यारो वर्तमान र अनिश्चित भविष्य बोकेर बाँचिरहेका लाखौं श्रमजीवी परिवारबीच जन्मिएको एउटी एकान्तप्रेमी, अन्तर्मुखी र भावुक किशोरी पुरानो युगको भग्नावशेषलाई ध्वस्त पारेर नयाँ युगको चर निर्माण गर्ने सचेत जनप्रेमी, स्पष्ट, निडर र प्रबुद्धकर्मीमा फेरिएको कथा नै पारिजातको संस्मरण भएको कुरा चामलिङ दावा गर्दछन् ।

**आकांक्षा** मा संग्रहित कविताहरू भविष्यको प्रतिभाशाली कलाकारले कै शोर्यमा पाइला राख्दा उब्जिएको प्रेम, प्रणय, वियोगसम्बन्धी खुल्दुलीको भाषामा अवतरण मात्र हो । **बैंसालु वर्तमान** मा संग्रहित कविताहरू पारिजात मानसिक तथा भौतिक रूपमासमेत शोषित, पीडित जनसमुदायप्रति प्रतिबद्ध भए पछि रचिएका रचनाहरू हुन् । इतिहासको नव अध्यायमा आफ्नो प्रधानता स्थापित गर्न चाहने र सक्ने जनश्रेणीको सांस्कृतिक मोर्चामा अविराम डट्ने भरोसायोग्य सर्जकको भूमिका निर्वाह गर्न पारिजात आफ्ना ती कविताहरू मार्फत सफल बनेको कुरा अघि सारेका छन् ।

पारिजातको नारी पक्षधरता, नारीमुक्ति सम्पूर्ण मेहनेती जनताको मुक्तिको दर्शन र सिद्धान्तमाथि आधारित छ । नारीलाई भोग्या र कमारीमात्र ठान्नेहरूप्रतिको तीव्र आक्रोशभित्र केही नारीवादी लेखिकाको जस्तो पुरुषविरोधी भाव छैन । पारिजातका विचारहरू आफैमा अन्तर्विरोधी र अव्यवस्थित छैनन् । उत्पीडित मान्छेहरूप्रति, अझ विशेष गरी नारीहरूप्रतिको उनको प्रतिबद्धता उनका निबन्धहरूमा पाइने चामलिङको तर्क छ ।

### ३.२.२.१० ईश्वर बराल र अन्य

**ईश्वर बरालले नेपाली साहित्यकोश** (२०५५) मा **उपन्यास** शीर्षकमा पारिजातको उपन्यासकारिताको बारेमा चर्चा गरेका छन् ।

१९६१-७० को दशकमा प्रकाशित **अनुराधा** मा अस्तित्ववादी चिन्तनको झल्को पाइए पनि यस चिन्तनलाई व्यापकता प्रदान गर्ने श्रेय पारिजातलाई छ । **शिरीषको फूल** र **महत्ताहीन**मा जीवनको निरर्थकता, विसङ्गति र निस्सारतालाई औँल्याउँदै अस्तित्वबोधको चेतना प्रस्तुत गरेको र **महत्ताहीन** मा यो स्वर अझ चर्को भएको उल्लेख गरेका छन् । पारिजातले मूलतः नास्तिक अस्तित्ववादी दृष्टिकोण आधारमा नेपाली उपन्यास साहित्यलाई एक नयाँ मोडमा उभ्याएको थप टिप्पणी गरेका छन् ।

पारिजातको **शिरीषको फूल** र **महत्ताहीन** मा अस्तित्ववादी दृष्टिकोण पाइए तापनि परवर्ती कालमा राल्फा भएर अस्तित्ववाद र मार्क्सवादको मिलान गर्ने प्रचेष्टा गर्नुको साथै अस्तित्ववादबाट प्रगतिवादमा प्रतिगमन गरेको बताएका छन् ।

समय र चिन्तनको परवर्तन तथा अध्ययनको बेग्लै दृष्टिकोण पारिजातका मान्यताहरूमा क्रमशः परिवर्तन आएको छ । अस्तित्ववाद, राल्फावाद र प्रगतिवाद पारिजातको उपन्यास यात्राका

विभिन्न चरणहरू हुन् । **बैंसको मान्छे** राल्फावादी कृति मानिएको छ । राल्फावादीहरू व्यक्तिगत विद्रोह र आक्रोशमा विश्वास गर्छन् । **बैंसको मान्छे** मा आक्रोशको दमन हत्याबाट भएको अभिमत प्रकट गरेका छन् ।[८३]

**पर्खालभित्र र बाहिर** पनि विद्रोहको सडकमा कुदेको भए तापनि **बैंसको मान्छे** को जस्तो नितान्त वैयक्तिक नभएर सामाजिक छ र धेरै माझिएर सन्तुलित हुन खोज्दै प्रगतिवादको धेरै नजिक पुगेको ठोकुवा गरेका छन् ।

### ३.२.२.११ ऋषिराज बराल र कृष्णप्रसाद घिमिरे

**ऋषिराज बराल र कृष्णप्रसाद घिमिरेले नेपाली कथा भाग- ३** (२०५५) पारिजातको संक्षिप्त परिचय दिनुको साथै उनको **तिउरीको फूल पायरियाको गन्ध** कथाको विवेचना र सो कथा पनि समावेश गरेका छन् ।

विभिन्न विधामा कलम चलाउने पारिजात उपन्यासपछि कथा विधामा बढी प्रसिद्ध एवम् चर्चित भएको उल्लेख गर्दै उनका कथाले यौनकुण्ठा, नारी मानसिकता, नारीका समस्या र नैराश्यता, विद्रोही चेतना तथा क्रान्ति भावहरूसमेत गरी अनेक भाव तथा यथार्थको अभिव्यक्ति दिएको चर्चा गरेका छन् । उनका कथाले झुठो प्रेमप्रति वितृष्णा, असमानताप्रति असन्तोष र अन्यायप्रति आक्रोश देखाएको कुरासमेत दर्शाएका छन् ।

२०३२ पछि पारिजातका कथामा नवीन प्रवृत्ति देखा पर्छन् । जीवन र जगतको यथार्थ उद्घाटन गर्दा उनी प्रगतिवादी कथाकार बनेकी छिन् । अन्याय, अत्याचार र शोषणका विरुद्ध आवाज उठाउनु, समाजको आमुल परिवर्तनका लागि चेतना फैलाउनु, सामाजिक न्याय र समतामूलक समाजको चाहना प्रस्तुत गर्नु प्रगतिवादी कथाकारका विशेषता हुन् ।[८४]

**तिउरीको फूल पायरियाको गन्ध** पारिजातको पहिलो चरणसित सम्बद्ध विसङ्गतिवादी प्रवृत्तिलाई प्रतिनिधित्व गर्ने कथा हो । केही मात्रामा अति यथार्थवादी प्रवृत्ति, केही मात्रामा कामवासनासमेत मिसिएको यस कथाले विसङ्गतिबीच सङ्गति खोज्ने प्रयास गरेको उल्लेख गर्दै चेतनप्रवाहयुक्त शैलीमा लेखिएको यस कथा बौद्धिकतालाई बढी समेटेकोले कथा प्रतिकात्मक बन्न पुगेको बताएका छन् ।

### ३.२.२.१२ महादेव अवस्थी

**महादेव अवस्थीले नेपली कथा भाग- २ मा कथाकार पारिजातका विशेषता** लेखमा पारिजातका कथाका विशेषता वर्णन गर्नुको साथै उनको **मैले नजन्माएको छोरो** नामक कथा पनि विश्लेषण गर्दै समावेश गरेका छन् ।

पारिजात आधुनिक नेपाली साहित्यमा देखा परेकी उत्कृष्ट नारी प्रतिभा हुन् । उनी आधुनिक नेपाली साहित्यमा देखा परेको 'राल्फा सन्तति' की प्रमुख एवम् अग्रणी व्यक्तित्व हुन् ।

---

[८३] ईश्वर बराल र अन्य, **नेपाली साहित्य कोश** (काठमाडौं: नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान, २०५५) पृ. १५५ ।

[८४] ऋषिराज बराल र कृष्णप्रसाद घिमिरे, **नेपाली कथा भाग- ३** (काठमाडौं: साझा प्रकाशन, २०५५) पृ. १२२ ।

**मैले नजन्माएको छोरो** उनको प्रथम प्रकाशित कथा हो र यो २०२१ सालमा प्रकाशित भएको पाइन्छ ।

पारिजात आधुनिक कथाको प्रयोगवादकालीन विसङ्गतिवादी-अस्तित्ववादी कथाधाराकी कथाकारको रूपमा प्रथम पटक उदाएकी हुन् भने पछि उनले आधुनिक नेपाली कथाको प्रगतिवादी धारालाई समृद्धितर्फ डोऱ्याइन् । यसरी आधुनिक नेपाली कथा क्षेत्रमा देखा परेका प्रयोगवादी धारा र प्रगतिवादी धाराजस्ता दुई नितान्त पृथक वैचारिक पृष्ठभूमि भएका साहित्यिक धाराको प्रयोगमा पारिजातको योगदान रहेको छ र उनको त्यो योगदान विशिष्ट एवम् उत्कृष्ट किसिमको छ ।[८५]

प्रयोगवादी धारा (वि.सं. २०२०-२०२९) कालका कथामा मानव मनोविज्ञान र मान्छेको अस्तित्वसम्बन्धी विचारलाई खास विषयका रूपमा प्रयोग गरिएको पाइन्छ । उनका प्रयोगवादी कथाहरूमा यौन मनोविज्ञान र यौन स्वतन्त्रताप्रतिको आग्रह, सामुहिकताको सट्टा व्यक्तिगत स्वतन्त्रताको तीव्र चाहना, परम्परागत समाजका रुढीवादी मान्यताप्रति उग्र असन्तोष, जीवनप्रतिको वितृष्णा, मृत्युबोध, शून्यताबोध, निस्सारताबोधजस्ता विसङ्गतिवादी सोचाइ र जीवन मूल्यहिनता एवम् निस्सारता भित्रै मानव अस्तित्ववादी चिन्तनको अभिव्यक्ति गरिएको कुरा अवस्थीले उल्लेख गरेका छन् ।

२०३० सालपछिका पारिजातका उक्त विसङ्गतिवादी अस्तित्ववादी दृष्टिकोणमा परिवर्तन आयो र उनी मार्क्सवादी जीवनदृष्टि अँगाल्न पुगिन् । यसपछि उनको कथाको विषय नेपाली समाज बन्यो र उनले आफ्नो कथामा नेपाली समाजमा विद्यमान सामन्ती शोषण, आर्थिक असमानता र वर्गीय विभेद, लिङ्गभेद र नारी जातिले बेहोर्नु परेका समस्या र उत्पीडनजस्ता अनेकौं विषयको चित्रण गरी परिवर्तन एवम् क्रान्तिको आवश्यकता, न्यायपूर्ण आर्थिक समानताको माग र जनतान्त्रिक अधिकारको बहाली, सामन्ती शोषकवर्गप्रतिको तीव्र प्रहार र सर्वहारा वर्गप्रतिको सहानुभूतिजस्ता प्रगतिवादी अवधारणाको सशक्त अभिव्यक्ति गरिन् ।

पारिजातका कथामा सौन्दर्यपूर्ण बिम्ब र व्यञ्जनाधर्मी प्रतीकको पनि प्रयोग पाइन्छ । कथाकलाका दृष्टिले उनका कथाहरू खँदिला एवम् गहिराइपूर्ण रहेका छन् ।

यसरी नै **मैले नजन्माएको छोरो कथाको संक्षिप्त विवेचना** नामक लेखमा महादेव अवस्थीले आफ्ना समीक्षात्मक दृष्टिकोण अघि सारेका छन् ।

एउटी अविवाहित अधबैंसे आइमाईका मनमा उठ्ने यौनावेग, अनुराग, स्नेह र मायाममताजस्ता कुरालाई यस कथाका कथावस्तुले कलात्मक ढङ्गले प्रस्तुत गरेको छ । एउटी नारीका मनमा उठेका तरङ्गहरूलाई क्रमिक रूपमा अघि बढाउँदै कारण-कार्य शृङ्खलामा उन्दै यस कथाको कथावस्तुलाई सङ्गठित गरिएको छ र त्यो प्रशस्त कौतुहलमय पनि छ ।

चेतन र अवचेतन मनका इच्छाहरूका बीचको द्वन्द्वले यहाँ 'म' पात्रको मानसिकता बिथोलिएको उल्लेख गर्दै पैंतीस वर्ष ननाघेकी एउटी अविवाहति नारीका मनको आरोह-अवरोहको विश्लेषण यस कथामा गरिएको जनाएका छन् । प्रथम पुरुष 'म' पात्रको कथनका रूपमा रहेको यो

[८५] महादेव अवस्थी, **नेपाली कथा भाग– २** (काठमाडौंः साझा प्रकाशन, २०५५) पृ. १२९ ।

कथा नितान्त नवीन शैलीमा लेखिएको र स्वचालित लेखनशैलीको प्रयोग भएको कुरा अवस्थीको अभिमत रहेको पाइन्छ ।

### ३.२.२.१३ कृष्ण गौतम

**कृष्ण गौतमले रचनाको रोमाञ्च** (२०५६) नामक कृतिमा **पारिजातः मैले नजन्माएको छोरो** कथामा समालोचनात्मक लेख प्रकाशित गराएका छन् ।

नारीवादी आँखाले पारिजातका कृतिको अध्ययन रुचीपूर्ण विषय भए पनि छोटो लेखमा **मैले नजन्माएको छोरो** कथाको बारेमा चर्चा गर्न चाहेको उल्लेख गरेका छन् ।

पारिजातको जीवन एउटा रुगण नारी जीवन हो । एक्ली, कुण्ठित, मनस्तापी, ग्रार्हस्थबाट वञ्चित पारिजातलाई चिनेपछि कथामा उनी आफै केही सीमासम्म घुसेकी छन् भन्ने थाहा भइहाल्छ । कथाकी नायिका पनि पारिजात जस्तै एक्ली, कातर, अन्तर्मुखी, मनस्तापी र गार्हस्थ जीवनको सुविधाबाट वञ्चित छे । यसरी यो कथाले एक अंशमा पारिजातको जीवनको प्रतिनिधित्व गर्ने उनले उल्लेख गरेका छन् । मनोवैज्ञानिक रूपमा हेर्दा पनि बिहेमा अरूचि हुनु र पोइप्रति घृणा हुनुले नायिकामा घोर यौनअतृप्ति भएको थाहा हुने र निरोध वा दमन कठोर हुनाले नायिका न्युरोसिसले पीडित भएको अभिमत प्रकट गरेका छन् ।

लेखिका पारिजातबाट दमन, अतृप्ति र ग्रन्थीको संस्कार पाएकी कथानायिका अग्घोर अतृप्त छे र पट्ठोलाई पाएर तृप्ति हासिल गर्छे । लेखिकाकै कुण्ठाहरूको बृहत भारलाई बोकेकी हुनाले उनकै सापेक्षतामा बुकलाई अन्तरङ्गसम्म चिन्न सकिन्छ । नायिकामार्फत् उभ्याएको पट्ठोमा नायिकामा झैं दमन र अतृप्तिका तत्त्वहरू छन् । इपिडसग्रन्थीको रुग्णताले पट्ठो पनि ग्रस्त छ भन्ने कुरा आमाजस्ता बुढीकन्याहरूप्रति व्यक्त भएको उसको आशक्तिले प्रकट गर्दछ ।

छोरो रे तर आफूले जन्माएको होइन, वात्सल्यमान छ तर यौनवृक्ति उर्लिरहेछ- माया गर्न खोजे अश्लील शब्दले गाली गर्छ । आकर्षण भएर पनि दुरीजस्ता विरोधी वृक्तिको टकराहट बोकेर कथा अघि बढ्दछ ।[८६]

कथा अग्घोर व्यक्तिवादी ग्रन्थी र मनस्तापी झल्काउने गरी लेखिएकोले मीठो कथा पढिरहेकालाई तीतो लाग्ने र जीवन गुलाब मात्र नभई काँडा पनि हो भन्ने पक्ष कथाले उद्घाटन गरेको ठोकुवा गरेका छन् ।

### ३.२.२.१४ कृष्णहरि बराल र नेत्र एटम

**कृष्णहरि बराल र नेत्र एटमले उपन्यास सिद्धान्त र नेपाली उपन्यास** (२०५६) नामक ग्रन्थमा नेपाली उपन्यासका विभिन्न मोड र प्रवृत्तिहरूको सूक्ष्म विश्लेषण गरेका छन् । तीन खण्डमा छुट्याइएको यस ग्रन्थको पहिलो खण्डमा **उपन्यास सिद्धान्त**, दोस्रो खण्डमा **नेपाली उपन्यासको विकासक्रम र धारागत प्रवृत्ति** र खण्ड तीनमा केही **नेपाली उपन्यासहरूको विश्लेषण** रहेको छ ।

---

[८६] कृष्ण गौतम, **रचनाको रोमाञ्च** (काठमाडौंः नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, २०५६) पृ. १२१ ।

खण्ड दुईमा **विसङ्गतिवादी नेपाली उपन्यासहरू** शीर्षकमा पारिजातको **शिरीषको फूल** (२०२२) र **महत्ताहीन** (२०२५) को सामान्य चर्चा गरिएको छ । शिरीषको फूलमा विसङ्गतिको गम्भीर चित्रण गरिएको छ । सुयोगवीर र सकमबरीका माध्यमबाट संसारको शून्यताबोध तथा जीवनका विसङ्गत क्रियाकलापहरू अत्यन्त मार्मिक र प्रभावकारी भएर प्रस्तुत गरेको उल्लेख गरेका छन् । शून्यताको अनन्त लहर बनेर **महत्ताहीन** ले जीवनको आत्मविनाशका प्रसङ्गहरू प्रस्तुत गरेको जनाएका छन् । त्यस्तै **अस्तित्ववादी नेपाली उपन्यासहरू** शीर्षकमा पारिजातका **शिरीषको फूल, महत्ताहीन** र **अन्तर्मुखी** उपन्यासको बारेमा चर्चा गरिएको छ । **शिरीषको फूल** मा युद्धकालीन विभिषिकाको पृष्ठभूमिमा अस्तित्वको प्रश्न उठाइएको चर्चा छ । **महत्ताहीन** मा महाबिसङ्गतिकाबीच कहाली लाग्दो अस्तित्वबोध हुनु र यही निस्सार शून्यकै सेरोफेरोमा घुमिरहनु नै जीवनको स्वतन्त्र प्रमाण हो भन्ने देखाइएको जनाएका छन् । **अन्तर्मुखी** मा अस्मिता संरक्षणका सङ्घर्षको बाटोमा होमिएर अगाडि बढ्ने जीवनको गतिशीलतालाई उपन्यासले प्रतिनिधित्व गरेको दावा गरेका छन् ।

राल्फाली आन्दोलन २०२३-२०३० बाट नयाँ चिन्तनको दिशा पक्रेर अघि बढ्न थालेपछि पारिजातमा प्रगतिवादी सिर्जना सुरु भएको पाइन्छ । **बैंसको मान्छे** (२०२९) बाट सुरु भएको उनको यस चिन्तनमा आधारित प्रमुख उपन्यासहरूमा **तोरीबारी, बाटा र सपनाहरू, पर्खालभित्र र बाहिर** (२०३५), **उसले रोजेको बाटो** (२०३५) र **अनिदो पहाडसँगै** (२०३९) रहेका छन् । सुरुमा भावुकताजन्य आदर्शको प्रस्तति भए पनि क्रमशः **अनिदो पहाडसँगै** मा आइपुग्दा पारिजातको प्रगतिवादी चिन्तन अत्यन्त सक्रिय र क्रियाशील रहेको कुरा लेखकहरूको विश्लेषण रहेको छ ।

खण्ड तीनमा केही **नेपाली उपन्यासहरूको विश्लेषण** रहेको छ । यसै खण्डमा **उपन्यासका पारिजात र शिरीषको फूल उपन्यास** नामक विश्लेषणात्मक लेख पनि रहेको छ । पारिजातको संक्षिप्त परिचय, पारिजातको औपन्यासिक यात्रा र प्रवृत्तिहरू, एवम् शिरीषको फूल उपन्यासको विश्लेषण उपशीर्षकहरूमा यो लेख विभाजित छ । **पारिजातको संक्षिप्त परिचय** मा पारिजातको जन्म संवत १९९० फागुन ३० गते भएको कुरा जनाइएको छ । त्यसरी नै उनका कृतिहरूको परिचयका साथै उनले पाएका सम्मान एवम् उनका बारेमा भएका कार्यहरूको वर्णन गरेका छन् । **पारिजातको औपन्यासिक यात्रा र प्रवृत्तिहरू** शीर्षकमा पारिजातका उपन्यास लेखनका विभिन्न पक्षको बारेमा विश्लेषण गरेका छन् ।

पारिजातको **शिरीषको फूल** ले विसङ्गति र शून्यवादजस्ता दार्शनिक विचारलाई प्रतिपादन गर्ने कार्य गऱ्यो । अर्थहीन तथा मूल्यहीन बँचाइ र शून्यताको बोधमा यसले सफलता प्राप्त गऱ्यो । **महत्ताहीन** मा जीवनको अस्तित्वहीनता र विसङ्गतिको चरम परिणतिकाबीच पनि बाँच्न बाध्य भएका मानिसको अभिलेख प्रस्तुत गरिएको छ । राल्फाकालमा लेखिएको **बैंसको मान्छे** मा विद्रोह, आक्रोश र सङ्घर्षको आगो ओकल्ने प्रवृत्ति पाइन्छ । **तोरीबारी, बाटा र सपनाहरू** मा पञ्चायती व्यवस्थाको आतङ्कको सजीवन चित्रण पाइनुका साथै नेपाली शोषित जनताले भोग्नु परेका समस्याको प्रस्तुति र तिनको आलोचना छ । आलोचनात्मक यथार्थको यो स्वरूप उनका पछिल्ला उपन्यासहरू **परिभाषित आँखाहरू** र **बोनी** मा पनि पाइन्छ ।[८७]

[८७] कृष्णहरि बराल र नेत्र एटम, **उपन्यास सिद्धान्त र नेपाली उपन्यास** (काठमाडौंः साझा प्रकाशन, ने.सं., २०६६) पृ. १८८ ।

पारिजातको समाजवादी यथार्थको वैचारिक उन्मेष **पर्खालभित्र र बाहिर** मा प्रकट भएको छ । सङ्गठित रूपले गरिने मुक्ति आन्दोलनको अनिवार्यतालाई यसले स्विकारेको छ । **उसले रोजेको बाटो** मा शोषणको चापमा थिचिएको नेपाली सर्वहारा जीवनको उद्घाटनका साथै मुक्ति सङ्घर्षको पक्षलाई देखाइएको छ । **अनिदो पहाडसँगै** नेपाली प्रगतिवादी चेतनाको उच्चता प्राप्त गर्ने उपन्यास हो । २०३६ सालको विद्यार्थी आन्दोलनलाई विषय बनाइएको यस उपन्यासमा सङ्घर्षमा होमिएका योद्धाहरूको विद्रोही चेतनालाई उच्चता प्रदान गरिएको छ । कलात्मक दृष्टिले पनि उपन्यास सबल छ ।

**शिरीषको फूल** उपन्यासको विश्लेषण नामक लेखमा उपन्यासलाई विभिन्न कोणबाट विश्लेषण गरएको छ । **शिरीषको फूल** को सारवस्तु अस्तित्ववादी र विसङ्गतिवादी आधारमा मानव जीवनको व्याख्या गरी जीवनको अस्तित्वबोध तथा त्यसमा पाइने निस्सारता र निरर्थकताको शून्यताबोध गराउनु हो । यसमा युद्धबाट सिर्जित परिस्थितिले ल्याएको जीवनको मूल्यहीनता र निराशा प्रकट गर्ने लक्ष्य राखिएको लेखकद्वय बताउँछन् । उपन्यासमा सुयोगवीरले भोगेको शून्य केवल पाखण्डी निस्सारताबोध, व्यक्तिगत प्रलाप र आफ्नो निरीहताको एउटा विकृत रूप प्रदर्शन मात्र हो । चरित्रहरूका क्रियाकलापहरूमा विसङ्गतिको थुप्रो लगाएर पारिजातले **शिरीषको फूल** लाई दार्शनिक सारवस्तु प्रदान गर्ने साधन बनाएको उल्लेख गरेका छन् ।

**शिरीषको फूल** समग्रमा दोस्रो विश्वयुद्धबाट पश्चिममा जन्मेको निराशा र पलायनवादी जीवन दर्शनको अनुकरण गर्ने कलात्मक र बौद्धिक प्रस्तुति भएको दावा लेखकद्वयको छ ।

### ३.२.२.१५ रञ्जुश्री पराजुली

**रञ्जुश्री पराजुलीले कृति विवेचना** ( २०५६) नामक कृतिमा पारिजातको कथा **मैले नजन्माएको छोरो** नामक समालोचनात्मक रचना समावेश गरेकी छन् ।

जीवनमा दुई पटक आत्महत्या गर्न तम्सेकी पारिजात त्यसो गर्न सफल भएको भए नेपाली साहित्यभण्डार उनको योगदानले गर्दा जुन अवस्थामा पुगेको छ, त्यसबाट वञ्चित हुने थियो भनेर पराजुलीले अभिमत राखेकी छन् ।

पारिजात फूल सुगन्धित फूलहरूमध्ये एक हो । पौराणिक कालमा स्वर्गमामात्र पाइन्थ्यो भनिन्छ । देवताहरूकै जालझेलले गर्दा यो पृथ्वीमा आएको भन्ने किम्वदन्ती छ तर यो फूल टिप्न आजसम्म पनि निषेधित छ । बोटबाट झरेपछि मात्र त्यसलाई टिप्न सकिन्छ भनेर पारिजात नामको ऐतिहासिकता वर्णन गरेकी छन् ।

**मैले नजन्माएको छोरो** कथामा कथाकारले आफू अविवाहित भएर पनि एउटी नारीको सन्तानको चाहना, त्यसप्रतिको प्रेम, ममता र वात्सल्यलाई अति स्वभाविक तरिकाले व्यक्त गरेकी छन् । सन्तानको चाहनाले अधिर भएका नारी पात्रको माध्यमबाट उनले समय, व्यवहार र परिस्थितिले केही नारीहरू बिहे गर्दैनन् । विहे नगर्दैमा उनीहरूमा रहेको मातृत्वको भोक हराउँदैन । त्यस्ता स्वास्नीमान्छेहरू असम्भव भए तापनि आत्मसन्तुष्टि र मातृत्वको भोकको

तृप्तिका लागि यस कथाकी 'म' पात्रजस्तै आफूले नजन्माएको छोराको भए पनि आमा बन्न चाहन्छन् भन्ने मनोवैज्ञानिक धारणा यस कथाले अभिव्यक्त गरेको छ ।

पुरुषप्रतिको चाहना र सन्तानप्रतिको प्रेम प्रत्येक नारीमा हुन्छ । कुनै बेला त्यो सुषुप्त अवस्थामा रहन्छ भने कुनै बेला अनायास जागृत हुन्छ । जीवनमा केही अमूल्य वस्तु हराएजस्तो भए तापनि त्यसको अभावले ऊ पिल्सिएकी छैन । जीउन त्यत्ति सरल छैन, कठोर जीवन विताएर मात्र भोलिका दिनहरू देख्न पाइन्छ । दुःखमय जीवनको अन्त्य मृत्यु र मृत्युपछि महाशून्यता भन्ने लेखिकाको चिन्तन यस कथामा गरेकी छिन् ।[८८]

सोही कृतिमा पराजुलीको **पारिजातको अन्तर्मुखी उपन्यासलाई चियाउँदा** नामक लेख प्रकाशित छ ।

लाउँ-खाउँ भन्ने उमेरकी सरलालाई क्याम्पस र अफिसको बोझ हुनुको साथै "सहनेको दुःख माटो भएर जान्छ र नसहनेको दुःख इतिहास भएर जुर्मुराउँछ" भन्ने थाहा भएर पनि इतिहास भएर जुर्मुराउन नसक्नु बरु भित्रभित्रै पिल्सिएर सबै बोझको भारी बोक्दै गएको देखिन्छ । किनकी ऊ अन्तर्मुखी छे भनेर पराजुलीले भनेकी छन् ।

अन्तर्मुखी पात्र सरलाले न ईश्वरलाई सम्झने न बिर्सने अर्थात् ईश्वरको अस्तित्वको मतलब छैन । त्यस्तै ऊ नैतिकताप्रति पनि सतर्क छे । प्रेमलाई शास्वत तत्त्व हो, यसले सर्वप्रथम मानसिक शीतलता प्रदान गर्छ भन्ने सोच उसको रहेको कुरा व्यक्त गरेकी छन् ।

समाज, समूह, सिद्धान्त आदि प्रेमभन्दा महत्त्वपूर्ण चीज हुन्, प्रेम त्यसपछिको हो भनेर सरला प्रेमलाई गौण सम्झन्छे । आफ्नो प्रेमलाई पहिचान गरे तापनि सिद्धान्तप्रति अटल रहेका समरजीप्रति ऊ सन्तुष्ट देखिन्छे ।[८९]

**अन्तर्मुखी** की सरला आफ्ना धारणा व्यक्त गर्न सक्दिन, ऊ आफ्ना धारणालाई आफैभित्र गुम्साएर राख्न पनि सक्दिन, व्यक्त गर्न पनि सक्दिन । दुःखमय जीवनको अन्त्य मृत्यु र मृत्युपछि महाशून्यता भन्ने दुई सोचाइमा नै उपन्यासकी पात्र सरलाको सोच एवम् उपन्यासको सार रहेको दावा उनले गरेकी छन् । घाम-पानी बेहोर्दै मृत्युको प्रतीक्षामा रहेकी पारिजातको प्रतिच्छाया नायिका सरलामा देख्न सकिन्छ । पारिजातका उपन्यासका नायिकाहरूमा उनको छायाछवि पाइन्छ भनेर उनले अभिमत व्यक्त गरेकी छन् ।

### ३.२.२.१६ नरेन्द्रराज प्रसाई

**नरेन्द्रराज प्रसाईले पारिजातको जीवन कथा** (२०५७) मा पारिजातको जीवन एवम् लेखनसँग सम्बन्धित विभिन्न विषयवस्तुहरू प्रस्तुत गरेका छन् ।

**पारिजातको पृष्ठभूमि** लेखमा दार्जिलिङको प्राकृतिक सौन्दर्यका साथै त्यहाँका कला-साहित्य क्षेत्रका प्रतिभाहरूको बारेमा चर्चा गरेका छन् । **पारिजातको जिन्दगानी** मा पारिजातको

---

[८८] रञ्जुश्री पराजुली, **कृति विवेचना** (काठमाडौं: सुनकोशी साहित्य प्रतिष्ठान, २०५६) पृ. ७८ ।
[८९] ऐजन, पृ. १०२ ।

जन्म, किशोरावस्था, युवाकाल, अध्ययन एवम् रोगका साथै उनको निधनको बारेमा विभिन्न तथ्यहरू प्रकट गरेका छन् ।

**पारिजातको व्यक्तित्व र त्यसका विशेषता** मा उनको शारिरीक स्वरूप, रुची, आस्था एवम् स्वभावका बारेमा वर्णन गरिएको छ । उनको बामपन्थी राजनीतिक आस्थाप्रति आफूलाई चित्त नबुझेको कुरालाई देखाएका छन् । उनलाई ठिट, अटेरीपन, जर्बजस्तीपन र एकहोरो अडान नानीदेखि लागेको बानी भएको आरोपसमेत लगाएका छन् । उनको प्रशंसाका शब्दहरू खर्चे तापनि उनको विचारलाई कम महत्त्व दिने कार्य गरेका छन् ।

**पारिजातको पारिवारिक जीवन** मा उनको परिवार, नातागोता र उनीहरूसँगको सम्बन्धको बारेमा चर्चा गरेका छन् । **पारिजातको जीवनमा सुकन्या** नामक लेखमा पारिजातको जीवनमा सुकन्याको स्थान महत्त्वपूर्ण रहेको कुरा व्यक्त गरेका छन् । **पारिजातको आर्थिक स्थिति** मा पारिजातको आर्थिक अवस्था सबल नभएको बताइएको छ ।

साहित्यिक सिद्धान्त, राल्फामा अगुवाई, सङ्गठनात्मक प्रवृत्ति, राजनैतिक धारणा, मन पर्ने र नपर्ने स्रष्टाहरू, शङ्कर लामिछानेसँगको सम्बन्ध, प्रेम र यौनको प्रसङ्गहरू जीवनमा उतारचढाव, आलोचना र सम्मान, कृति आदि विभिन्न शीर्षकमा पारिजातका बारेमा विभिन्न पक्षहरू देखाउने कार्य गरेका छन् ।

### ३.२.२.१७ कृष्णप्रसाद घिमिरे र रामप्रसाद ज्ञवाली

**कृष्णप्रसाद घिमिरे र रामप्रसाद ज्ञवाली**ले **आख्यानकार पारिजात** (२०५८) मा पारिजातको आख्यान लेखनका विविध पक्षमाथि प्रकाश पारेका छन् ।

पारिजातका उपन्यासहरूका आख्यान समाजभित्रैबाट टिपिएका सामाजिक तथा मनोवैज्ञानिक यथार्थमा आधारित देखिन्छन् । **शिरीषको फूल** मा स्वैरकल्पनाको छनक देखिए पनि त्यो स्वैरकल्पनात्मक आख्यान होइन । त्यसपछिका उपन्यासहरूमा समाजका विसङ्गति, विकृति, असन्तुष्टि, कुण्ठा, शोषण, असमानता, जातीय भेदभाव, वर्गीय द्वन्द्वहरूकै उद्घाटनका लागि उनका उपन्यासका कथानकहरू प्रस्तुत भएका छन् । नेपाली जनजीवनका निकृष्टतमदेखि उत्कृष्टतम संवेदनाले उनका आख्यान तयार भएका देखिन्छन् ।[९०]

चरित्र निर्माणको विशष्टता पारिजातका उपन्यासको ठूलो प्राप्ति हो । उनका उपन्यासहरूमा चरित्रलाई जीवन्त र प्रभावकारी बनाउने प्रयास भएको पाइन्छ । दार्शनिकता पारजातको उपन्यासको अभिन्न र सशक्त पक्ष हो । जीवनभोगाइ र अध्ययनका क्रममा जे-जस्तो दर्शनप्रति आस्था र विश्वास राखिन्, त्यसलाई पूर्ण इमान्दारिताका उपन्यासहरूमा प्रस्तुत गरेको कुरा लेखकद्वय अभिव्यक्त गर्दछन् ।

पारिजातका उपन्यासहरूमा शैलीगत चमत्कार पाइन्छ । उनका उपन्यासहरूमा शैलीको चमत्कार र उत्कृष्ट घनत्व पाइन्छ । उनका उपन्यासहरू आकाशका दृष्टिले साना भए पनि युगबोधका दृष्टिले ठूला छन् ।

---

[९०] कृष्णप्रसाद घिमिरे र रामप्रसाद ज्ञवाली, **आख्यानकार पारिजात** (काठमाडौं: हजुरको प्रकाशन, २०५८) पृ. १८० ।

पारिजातका जम्मा चारवटा कथासङ्ग्रहहरूलाई तिनमा प्रतिबिम्बित दार्शनिक मूल्य र प्रवृत्तिका आधारमा मुख्य दुई भागमा बाँडी चार चरणमा विभाजन गरेका छन् । पूवार्ध भाग २०२१-२०३२ छ भने त्यसको प्रथम चरण २०२१-२०२५ र दोस्रो चरण २०२६-२०३२ सम्म निर्धारण गरेको देखिन्छ । उत्तरार्द्ध भाग २०३३-२०४९ सम्म विभाजन गरिएकोमा तृतीय चरण २०३३-२०४३ सम्म र चतुर्थ चरण २०४४-२०४९ सम्म विभाजित गरिएको पाइन्छ ।

**आदिम देश** भित्रका बाह्र कथाहरू प्रथम चरणमा पर्दछन् । यस चरणका कथाहरूमा पारिजातका मनमा कुण्ठित रहेका भावनाहरू र विश्वसाहित्यमा छाएको विसङ्गतिवादद्वारा प्रेरित अभिव्यक्ति पाइन्छ । किशोरी पारिजातलाई रोगले ग्रसित बनाई भविष्य अन्धकारमय भएको अनुभूति हुँदाका कुण्ठा, वितृष्णालाई बढी वर्णन गरिएको छ भने युवती पारिजातले रोगबाट केही मात्रामा छुटकारा पाउँदा आफ्नो जीवनको अस्तित्व र मानवीय मूल्यलाई केलाएका कुरा आंशिक रूपमा आएको लेखकले व्यक्त गरेको पाइन्छ ।

वि.सं. २०२३ पछि राल्फा आन्दोलनमा लागेको पारिजातको दोस्रो चरणका कथाहरू विसङ्गतिवादीका साथै निस्सारतावादी पनि छन् । जीवनको अर्थ छैन र निरर्थक बचाइ नै हाम्रो जीवन हो भन्ने कुरालाई पारिजातका राल्फाली कथाले दर्शाएका छन् । यौन स्वतन्त्रताको पक्षमा वकालत गरिएका क्लिष्ट अकथाको सिर्जना उनको यस चरणको उपलब्धी हो ।

पारिजातको कथायात्राको तेस्रो चरणमा **साल्गीको बलात्कृत आँसु** (२०४३) प्रकाशित हुन्छ । मार्क्सवादी चिन्तन अवलम्बन र रोगको सामान्य रोगथाम भएकोले त्यसको प्रत्यक्ष छाप यस चरणका कथामा परेका छन् । पारिजातका तेस्रो चरणका कथाहरू प्रगतिवादी साहित्यका प्रखर नमुना हुन् ।

चौथो चरणमा पारिजात समाजवादी-यथार्थवादी कथाकारका रूपमा देखिएकी छन् । यस चरणमा उनको **वधशाला जाँदा आउँदा** (२०४९) प्रकाशित हुन्छ । जम्मा सातवटा कथा भए पनि साहित्यिक मूल्य र मान्यताका दृष्टिले ती गरिमामय छन् । शैलीमा परिष्कार, वस्तुको नाटकीकरण र भावसंयोजनमा निखार यस चरणका कथाको मूल प्रवृत्ति हो ।

### ३.२.२.१८ गङ्गाप्रसाद उप्रेती

**गङ्गाप्रसाद उप्रेती, व्यक्ति, कृति र प्रवृत्ति** ( २०५८) नामक कृतिमा **पारिजातको सौन्दर्य चिन्तनको विकासक्रम** नामक लेखमा पारिजातको साहित्यिक लेखनको विकासक्रम र उनको विचारमूल्यको सूक्ष्म विश्लेषण एवम् मूल्याङ्कन गर्दछन् ।

उनी पारिजातलाई देवकोटापछिका सर्वाधिक चर्चित, बहुआलोचित साहित्यकारका रूपमा लिन्छन् । पक्ष-विपक्षमा भएका चर्चाद्वारा एउटा साहित्यकार बहुचर्चित हुनु उसको लागि सौभाग्यको कुरा भएको कुरा व्यक्त गर्दछन् । कुनै खास विशेषता नभई साहित्यकार चर्चाको शिखरमा पुग्दैन । पारिजातमा पनि समकालीन स्रष्टाका तुलनामा केही अति विशेषता भएका कारण उनलाई चर्चाको शिखरमा पुगाएको टिप्पणी गर्दछन् ।

युवा लहड, नयाँ आकांक्षा र स्वच्छन्द जीवनप्रतिको आग्रहले ग्रस्त युवापुस्ताका साहित्यकारहरूको संसर्गले र प्रेरणाले पारिजातको प्रारम्भिक चिन्तनलाई वस्तुगत यथार्थभन्दा मनोगत यथार्थले प्रभावित गरेको छ । वि.सं. २०१७ सालपछिका दिनमा नेपाली समाजमा, राजनीतिमा देखा परेका अन्यौलको प्रभाव पारिजातमा पनि परेको पाइन्छ । फलस्वरूप साहित्यमा निजी कुण्ठा, वैयक्तिक विद्रोह, निराशा तथा समाज निरपेक्ष कारणबाट जन्मिएको बुद्धिवादी निस्सार चिन्तनले केही समय प्रतिनिधि चिन्तन बन्ने अवसर पायो । पारिजातमा यसको प्रभाव एकातिर देखिन्छ भने अर्कोतिर व्यक्तिगत जीवनमा रोगका कारण भोग्नुपरेका कष्टका कारण पनि उनको चिन्तनमा प्रभाव पाऱ्यो ।[९१]

वि.सं. २०२८ पछि पञ्चायत विरोधी सङ्घर्ष तेज भएको र २०३६ सालको घटनाहरूले नेपाली राजनीतिमा जुन खाले उथलपुथल ल्यायो, त्यसले सामाजिक रूपान्तरणमा जनशक्तिको भूमिका र त्यही भूमिकाले जीवनको सकारात्मक मूल्य स्थापना गर्न सक्ने चेत नेपालीहरूमा आयो । इतिहासका यी घटनाहरूको प्रभाव पारिजातमा पनि पर्दै आएको र उनको सौन्दर्यचिन्तनमा आएका विविध मोडहरूको दिशा निर्धारण गरेको कुरा उप्रेतीले बताएका छन् ।

पारिजातको लेखनको प्रारम्भिक चरण इतिहासका घटनाक्रमभन्दा उनका निजी स्वभाव, उनमा हुर्केको अन्तर्मुखीपन र आफ्ना रुची अनुरूप गरिने पुस्तकीय अध्ययनबाट प्राप्त ज्ञानले ज्यादा प्रभावित भएको हुनाले उनको यो बेलाको चिन्तन अधिकतम मनोगत देखिन्छ ।

प्रेम र भावुकताले अतिरञ्जित सुनौला जीवनको चाहना फुल्दै गरेको यो बेलामा बाधा रोगले कैदी हुनुपर्दा र यसको उचित उपचार देखा नपर्दा उनमा जीवनप्रति वितृष्णा उत्पन्न भयो र उनको कल्पनाशील बौद्धिकताले त्यो वितृष्णालाई जीवनको निस्सार मूल्यमा ग्रहण गऱ्यो । जीवनलाई निस्सार र शून्य मान्ने पारिजात इतिहासका क्रममा विद्रोही बन्दै बीसको दशकभरि क्रियाशील भएको पाइन्छ । तीस र चालिसको दशकमा मुलुकमा घटेका घटनाले उनको जीवनमा सकारात्मक मूल्यबोध गराएको देखिन्छ । तीसको दशकअघिकी पारिजात र चालिसको दशकपछिकी पारिजातका जीवनदृष्टिका पूर्णत विपरित ध्रुवीय रूप देखिन्छन् ।

बाल्यकालदेखि नै स्वभावले अराजकतावादी पारिजातले मनोगत रूपमा निश्कर्ष निकालेर बाबुको सल्लाहविपरित काम गरेर आनन्द लिएको पाइन्छ । उनको साहित्य रचना तथा चिन्तन प्रक्रियामा पनि यसको प्रभाव पाइन्छ । उनका प्रारम्भिक रचनामा यस्तो भावुक अराजकता मूल आवाज बनेको छ । वि.सं. २०१४ सालदेखि २०३० सम्म पारिजातको सौन्दर्यचिन्तनको मूल विषयवस्तु मनोगत अराजकतावादी रहेको निश्कर्ष उनले निकालेका छन् ।

उनको यो अवधिमा तीन बेग्लै प्रवृत्ति पर्ने कुरा उप्रेतीले अघि सारेका छन् । प्रारम्भिक लेखनकालमा उनको यौवनको रोमान्सेली लहड, जीवनका कल्पनाशील चाहनाले कवितामा प्रेमयाचना गरेको पाइन्छ । उनले चाहना गरेको नायक सामान्य थिएन । उनको प्रेमको परिभाषा सरलभन्दा जटिल र बुद्धिवादी थियो । त्यसैले सामान्य नायकप्रति उनको अभिरुची थिएन र यही

---

[९१] गङ्गाप्रसाद उप्रेती, **व्यक्ति, कृति र प्रवृत्ति** (काठमाडौं: प्रतिभा प्रकाशन, २०५८) पृ. ४-५ ।

जटिलताले उनको प्रेम टुटेको थियो । उनको यो कल्पनाशील स्वच्छन्दतावादी चिन्तन २०१८ सम्म मात्र रहन्छ ।

वि.सं. २०१९-२०२१ को समयावधि पारिजातले अत्यन्त कठिन रूपमा बिताउनु परेको देखिन्छ । एकातिर व्यक्तिगत जीवनमा रोगका कारण भोग्नु परेको कठिनाई देखिन्छ भने अर्कोतिर तत्कालीन राजनीतिले निम्त्याएको निराशाले उनको चिन्तनमा प्रभाव पार्दछ । यस अवधिको चिन्तन प्रक्रिया नै अति व्यक्तिकेन्द्रित, निराशा र विसङ्गतिको पैरवी गर्ने किसिमको देखिन्छ । जसको प्रत्यक्ष प्रभाव पारिजातमा पाइन्छ ।

पारिजातको यस बेलाको चरम निराशावादी लेखनको जय जयकार गर्नेहरू देखिए भने त्यसलाई खण्डन गर्नेहरू पनि देखिए । पारिजातले निस्सार अस्तित्ववादी चिन्तनबाट फड्को मार्दै परिस्थितिजन्य विषमता विरुद्ध भावुक विद्रोह गर्ने विद्रोहीका रूपमा रूपान्तरण भएको पाइन्छ ।

वि.सं. २०२९ मा प्रकाशित **बैंसको मान्छे** मा आएर पारिजातमा वैयक्तिक विद्रोहवादी चिन्तन देखा पर्दछ । योग्य नायकको कुण्ठित चाहनाले उनमा व्यक्तिप्रतिको प्रभाव र वीरपूजाको आग्रहले सुरुमा उनको आदर्शवादी कल्पनाको नायक अति चमत्कारी चे ग्वेभारा भएको छ । यसै सन्दर्भमा उनी अनास्था, विंगति र निस्सारताको विकल्प खोज्न पुग्छिन् र राल्फासँग आबद्ध हुन्छिन् । राल्फा र तिनले घोषणा गरेको आन्दोलनको कुनै स्पष्ट चिन्तन थिएन । पछि पारिजात यो मोड पनि पार गर्दै समाजवादी यथार्थवादी चिन्तन उन्मुख हुन थालेको कुरा उप्रेतीले अघि सारेका छन् ।

वि.सं. २०३० सालदेखि २०५० सालसम्म उनमा समाजवादी यर्थावादी चिन्तनतर्फको लेखन पाइन्छ । सुरुमा सामाजिक यथार्थप्रति आलोचक रहेकी पारिजात पछि सामाजिक रूपान्तरणप्रति आकर्षित हुँदै आफ्नो दृष्टिकोण फराकिलो पार्दै गएकी छन् । तीसको दशकभरि जुन प्रकारले पारिजातको जीवनमुखी चिन्तन विकासशील रह्यो, त्यसको गति चालिसको दशकको अन्ततिर आएर केही धिमा भएको तथ्य अघि सारेका छन् ।

वि.सं. २०३० देखि २०३५ सम्मका उनका कृतिमा वर्गीय प्रतिबद्धतासहित द्वन्दात्मक भौतिकवादी दृष्टिकोणको आधारमा कुनै पनि घटनाक्रमलाई विश्लेषण गर्ने परिपाटीको सकेसम्म संयोजन गर्न खोजिएको भए पनि यथास्थितिको विस्थापनमा क्रान्तिकारी आशावाद व्यवस्थित भएर अभिव्यक्त भएको पाइन्न । समाजवादी यथार्थ उन्मुख भएर पनि यो चरणमा उनी आलोचनात्मक यथार्थवादी लेखिकाको रूपमा देखिन्छिन् ।

वि.सं. २०३५ पछि पारिजातमा क्रमशः परिष्कार आएको देखिन्छ । यस समयका उनका रचनामा क्रान्तिकारी आशावाद देखा पर्दछ । चालिसको दशकसम्म उनमा यो प्रवृत्ति देखा पर्दछ । चालिसको दशकपछि उनमा पूर्ववर्ती चिन्तनले ठाउँ पाएको देखिन्छ । कतिपय समालोचकले यसलाई उनको विचलन भने तापनि यसलाई विचलन नभनेर कमजोरी मान्न सकिने तर्फ उप्रेतीले गरेका छन् । पारिजातको वैचारिक परिवर्तन नभएकोले सिधै आरोप लगाउन ठीक नहुनेतर्फ उनले संकेत गरेका छन् ।

### ३.२.२.१९ कृष्णप्रसाद पराजुली

**कृष्णप्रसाद पराजुलीले सम्झनाका क्षितिजमा** (२०५९) मा **पारिजातलाई सम्झँदा** नामक संस्मरणात्मक लेखमा पारिजातसँगका स्मृति एवम् आफ्ना अनुभूतिहरूलाई व्यक्त गरेका छन् ।

पारिजातसँग कहिलेदेखि भेत भयो, सम्झन गाह्रो भएको तर पारिजात राम्रो कविता लेख्छिन् भनेर चर्चा चलेकोमा आफूले पनि उनका कविताहरू पढ्ने गरेका कुरा बताएका छन् ।

प्रज्ञा प्रतिष्ठानको **कविता** पत्रिकाका सिलसिलामा एकदिन कवि सिद्धिचरणसँग पारिजातलाई भेट्न गएको, कुराकानी भएको तर उनी बाथ रोगले कुँजी भएर शरीर चल्न नसक्ने स्थिति देख्दा आफूलाई दुःख लागेको भनेका छन् ।

त्रि.वि. मा सँगै काम गर्दा **आनन्ददेव भट्टले उत्साह** पत्रिकामा काम गर्न आग्रह गर्दा आफूले स्विकारेको र सोही सन्दर्भमा **पारिजात** कहाँ जाँदा फेरि सम्पर्क जोडिएको अनुभव बताएका छन् ।

पारिजातका अधिकांश कविता मुक्तक शैलीमा लेखिएका छन् । तिनमा एक प्रकारको झन्कार पाइन्छ, जुन झन्कारमा अन्तरलयात्मक गत्यात्मकताको अनुभूति गर्न सकिन्छ । भावलाई जति सक्यो, उति संवेद्य तथा सम्प्रेषणीय बनाउन सक्नु कविको कुशलता हो । त्यो कुशलता पारिजातमा छ । यसैले उनका कविता पढ्दा जीवन चलमलाएजस्तो र मन सलबलाएजस्तो लाग्छ । पारिजात जे भन्न खोज्छिन् भित्रैसम्म छोएर भन्छिन् ।[९२]

पारिजातका प्रगतिवादी केही कथा **सडक र प्रतिभा** मा पनि परेका छन् । त्यसपछि **साल्गीको बलात्कृत आँसु** ले यस धारणालाई अझ अँगालेर उनलाई नेपाली कथाक्षेत्रमा निकै उचाइमा पुऱ्यायो । यसमा नेपाली जीवन छ, नेपाली छोरीचेलीको आत्मकथा छ । यस्तै उनका धेरै कथा नेपाली समाजका जीवन्त चित्रण भएका छन् ।

आफूले पारिजातका सबै कथा र उपन्यास पढ्न नपाएको तर जे जति पढेको त्यसमा गीतिकथाको प्रवाह आइरहने जस्तो अनुभव हुने कुरा दावा गरेका छन् । उनका कथा वा उपन्यासमा नेपाली जनजीवनको प्रतिबिम्बन हुने र पछिल्लो चरणमा लेखिएका उनका कथा र उपन्यासले जीवनको स्वरलाई अझ नजिकबाट टिपेको उल्लेख गरेका छन् । देशमा उज्यालो आएको हेर्न चाहने पारिजात अस्वस्थ भइछन् । आक्कलझुक्कल फोनमा सोधपुछ वा कुनै खास कार्यक्रममा भेत हुन्थ्यो । यही असार १० गते साँझ पारिजात कहाँ जान अनुकूल मिलेर युवाकवि बलराम बञ्चारासँग पारिजातलाई भेट्न गएको प्रसंग बताएका छन् ।

पारिजात स्वयम एउटा खुला पुस्तक हो । उनी स्पष्ट र निर्भीक छन् । नेपाली साहित्यको सिर्जना र साधनामा उनले धेरै बसन्त, वर्षा र हिउँद कटाएकी छन् । त्यसैले उनी आफ्ना कृतिहरूमा फिँजिएकी छन् । लेखेर मात्र हुँदैन, आफ्ना पाठकहरूमा भिज्न सक्नु ठूलो कुरा हो । पारिजात आफ्नो छुट्टै शैलीगत विशेषता, वैचारिक सशक्तता र प्रगतिमुखी साहित्य चेतनाले

---

[९२] कृष्णप्रसाद पराजुली, **सम्झनाका क्षितिजमा** (वाराणसीः साहित्य संगम, २०५९) पृ. ३७५-३७६ ।

सुपरिचित, सुप्रसिद्ध लेखिका भएको र उनी नेपाली साहित्यको चुली छुन सक्ने यस युगकी ठूली लेखिका हुन् भनेर दावा गरेका छन् ।

त्यसरी नै **फेरी पारिजातलाई सम्झँदा** लेखमा पारिजात बितेपछिका दिनमा उनको सम्झना आएको प्रसंग उल्लेख गरेका छन् ।

२०४९ साल कार्तिक १५ गते बनेपामा **पारिजात विशेषाङ्क पारिजात**लाई अर्पण गर्ने कार्यक्रम बनेपामा सम्पन्न भएको र त्यसमा आफू पनि सहभागी भएको बताएका छन् । **जनमत** का सम्पादक मोहन दुवालको स्वागत र केदारमान व्यथितद्वारा उद्घाटन गरिएको सो समारोहमा वातावरण सुखद र उल्लासमय रहेको संस्मरण व्यक्त गरेका छन् ।

**पारिजात** बिरामी हुँदा आफू भेट्न गएको र त्यसको केही दिनपछि उनको मृत्यु भएको प्रसंग अघि सारेका छन् । आफ्नो संकल्पमा दृढ पारिजातले आफ्ना अन्तिम इच्छा पनि त्यही अनुरूप व्यक्त गरेकी रहिछन् । नेपाली समाजको उन्नति र प्रगति चाहने पारिजातको शव महिलाहरूले उठाएको र स्वयम्भूमा पुऱ्याएर दाहसंस्कार गरिएको उल्लेख गरेका छन् ।

कतिपय विदेशीले नागरिकता पाइरहेको, नेपालमा पूर्वी नेपालको चैनपुर पुख्यौली घर भएकी, दार्जिलिङमा जन्मेकी नेपाली छोरी पारिजातले चालिसौं वर्ष नेपालमा बिताए तापनि नागरिकता नपाउनु दुःखद भएको विचार अभिव्यक्त गरेका छन् ।

**पारिजात बैंसालु वर्तमान** हुन् । वर्तमानमा जीवन्त छिन् र अरूलाई पनि जीवन्त हुने वाणी दिएर गएकी छिन् । उनले फूलाएको **पारिजात** यहीँ वरपर छरिएको छ र त्यो सँधै मगमगाइरहने विश्वास पराजुलीले राखेका छन् ।

### ३.२.२.२० कृष्णचन्द्रसिंह प्रधान

**कृष्णचन्द्रसिंह प्रधान**ले **कृति अवलोकन** (२०५९) कृतिमा **औपचारिक उपन्यास र सम्बोधित भविष्य बोनी** नामक लेखमा **बोनी** कतिपयले कथा र उपन्यास कसैले दुवै भन्ने गरेको उल्लेख गरेका छन् । प्राणीहरू पुरुष र महिला दुवै हुन सक्ने तर साहित्यिक विधा दुवै हुन नसक्ने दावा गरेका छन् ।

आज विधाहरूको साँध भत्कदै गएको र परम्परागत परिमितीमा बाँच्न नसक्ने परम्परा र आयामहरू व्याप्तिमा समेटिन थालेको प्रसंग उल्लेख गर्दै जीवनको बहुआयामिकता र भोगाइलाई सम्प्रेषित गर्ने तिक्ष्ण संवेदनात्मक माध्यमहरूको खोजीमा विधाहरूको साँधलाई फराकिलो पार्ने वा एक अर्कासँग गाँसिएर पहिचान सहित प्रस्तुत हुने दिशामा यसलाई स्रष्टाको सचेत र जागरुक प्रयत्न ठानेका छन् ।

आयातित फेसन, सौन्दर्य-प्रदर्शन, लागु पदार्थको सेवनलाई आधुनिकता सम्झेर त्यस अनुरूप खाने-लगाउने-हिँड्ने किशोरवयका बैंशालु केटीहरूको उच्छृङ्खल र बनावटी आचरणको चित्रणमा **बोनी** सैद्धान्तिक छ ।[९३] यसकारण **बोनी** चरित्रप्रधान उपन्यास भनिएको र यस्तै घटनामा

[९३] कृष्णचन्द्रसिंह प्रधान, **कृति अवलोकन** (काठमाडौं: साझा प्रकाशन, २०५९) पृ. ११३ ।

जेलिएर तिनको कथात्मक निश्कर्षद्वारा कुनै लक्षित परिणाम हासिल गर्ने तारतम्यपूर्ण कथानक पनि यसको नभएको उल्लेख गरेका छन् ।

**बोनी** विचारद्वारा सङ्घटित विघटनशील आचरणको सामयिकतामा निर्मित उपन्यास हुनाले चरित्र र घटनाले उल्लेखनीय ठाउँ पाएको छैन । यसरी हेर्दा यो उपन्यास जस्तो नलाग्नु स्वभाविक हो । कथाविहीन कथा लाग्ने निबन्धात्मकता यसको छ । कथाहीनताले गर्दा उपन्यास लाग्ने वैचारिकता यसलाई बाँध्ने वा उन्ने सुत्र हो । यसकारण कुनै सिङ्गो कथामा स्वरुपित हुने दृश्य, जीवनको जटिलता, घात-प्रतिघात, द्वन्द्व तथा विश्लेषण आदि केही पनि अवलोकित छैन ।

**बोनी** निबन्धात्मक शैलीको पत्रात्मक उपन्यास हो । अर्काको लगाएर, लिएर, अरूको भरमा बाँचेर, आफूलाई पनि सोही सरह मान्दै अरूलाई हेप्ने, घृणा गर्ने प्रवृत्तिले कहिल्यै पनि भलो गर्दैन भन्ने सन्देश अभिव्यक्त गरेको छ ।

उपन्यासकारलाई मान्छे परिस्थितिले जन्माउने र परिस्थिति मान्छेले जन्माउने उल्लेख गर्दै **बोनी** परिस्थितिको उपज हो भनेर भनेका छन् । पारिजातको पूवार्धको शिल्पसचेत काव्यात्मक गद्यसौन्दर्य र उत्तरार्द्धको प्रगतिवादी वैचारिक मलजलको संयोजन यस उपन्यासमा पाइन्छ । अर्थहीन समाप्ति र गलत बाटो लाग्नेहरूप्रति दुःख, सहानुभूतिसहित अभिभावकीय सचेतता अंगाल्न पुगेको यस उपन्यासले कुलत र कुसंस्कारबाट प्रभावित भएर आफ्नो बाटो भुल्नेहरूलाई सम्बोधन गरेको पाइन्छ ।

### ३.२.२.२१ गोपीन्द्र पौडेल

**गोपीन्द्र पौडेलले सौन्दर्यबोध र समीषा विविध** (२०५९) नामक पुस्तकमा **वैशिष्ठ्यगत सर्वेक्षणका सन्दर्भमा पारिजातको बैंसालु वर्तमान** नामक समालोचनात्मक लेख प्रकाशित गराएका छन् ।

दार्जिलिङमा जन्मिएर २०११ सालतिर नेपाल प्रवेश गरेकी पारिजात आफ्नै लेखकीय जीवनको पूर्वार्द्धमा झाँगिएको रुग्ण मानसिकता विरुद्ध सङ्घर्ष गर्दै स्वस्थ एवम् युगीन यथार्थतर्फ उन्मुख रहेकी देखिन्छिन् । परिमाणतः पारिजातको पूर्वार्द्ध चरणको अस्तित्ववादी-विसङ्गतिवादी जीवनदृष्टिले पल्टा खान्छ र उनी प्रगतिवादी साहित्य-सिर्जनाका मुलभूत मान्यता तथा प्रस्थापनालाई अङ्गीकार गर्दछिन् ।

तीसको दशकदेखि पारिजातभित्र अङ्कुराएको जीवनवादी दृष्टि, परिवर्तनधर्मी विचार तथा क्रान्तिचेत क्रमशः प्रबल हुँदै आए पनि त्यो परिपाकमा पुग्न नपाउँदै पुनः जीवनको अन्ततिर लेखकीय स्वतन्त्रताको आग्रहका साथ उनमा विचलन आएको उल्लेख गरेका छन् ।

वैचारिक परिवर्तनको सङ्घारमा उभिएकी पारिजातका यी तीन कवितासङ्ग्रहमा वस्तुविन्यासका दृष्टिले फरक-फरक देखा परेको छ । **आकांक्षा** मा नारी मनका आकांक्षा, अभिरुची, प्रेम वासना, चञ्चलता तथा रोमाञ्च आदिको अभिव्यक्ति पाइन्छ । **पारिजातका कविता** विसङ्गतिवादी-अस्तित्ववादी जीवन दृष्टिको चापमा परेको छ भने **बैंसालु वर्तमान** मा अरू कृतिभन्दा बेग्लै खाले आशावादी, जीवनवादी, परिवर्तनधर्मी विचार आएको पाइन्छ ।

**बैंसालु वर्तमान** विपन्न वर्गीय जीवनको वस्तुसम्मत इतिवृत प्रस्तुत गर्ने काव्यवाटिका हो । जसमा निरपेक्ष्य नारीवादको वकालत गरिएको नभई नेपाली नारीजातिका समस्यालाई नेपाली समाज र सामाजिक मूल्य मान्यताका सापेक्ष्यतामा सामान्यिकृत गरी प्रस्तुत गरिएको छ । मूलतः नारी समस्यालाई केन्द्रबिन्दु बनाएका कवितामा नारी जातिले भोग्नुपरेका आर्थिक-सामाजिक विसङ्गतिदेखि लिएर परम्परागत परिपाटीले प्रदान गरेका सीमित स्वतन्त्रता र असीमित दासताभित्र रन्थनिएकी नारीमाथि पुरुषद्वारा हुने जातीय शोषण तथा पाशविक क्रियाकलाप र व्यवहारको स्पष्ट तस्वीर उतारिएको छ ।[९४] वर्तमानको विसङ्गत यथार्थ र नारीमाथि हुने गरेका उत्पीडनलाई निमिट्यान्न पार्ने खालको सचेतना नारी समस्यालाई मूल विषय बनाएर लेखिएका कविता पढ्दा थाहा हुन्छ । सृष्टिको मूलका रूपमा सम्मानित हुनुपर्ने महिलाहरू पुरुषको दासता र बलात्कार सहेर बाँच्नु पर्ने पतनशील सामाजिक परिवेशले गर्दा आम नारीको जीवन क्षतविक्षत भएको यथार्थलाई कवितामा उल्लेख गरिएको पाइन्छ ।

विगत र वर्तमानको राजनीतिक, आर्थिक, तथा सामाजिक संरचनाको जटिल तथा विषमताका कारण सिर्जिएको अन्योल, अराजकता तथा असमानताको पत्रपत्रको समष्टि नै वर्तमानको विद्रुप यथार्थ हो भने त्यही यथार्थलाई चिरेर सङ्गतिपूर्ण, समुन्नत तथा शिष्ट समाज निर्माणको आग्रह नै यससङ्ग्रहका कविताको मूल कथ्य देखिन्छ ।

विसङ्गति, अन्धविश्वास, सोर्सफोर्स, पसिना, रगत, बिजुली, अल्कोहल, देश र सम्प्रभुता तथा चेतनशीलतासमेत रहेको नेपालरूपी आधुनिक भण्डारबाट चेतनशीलता बिक्रि नै नगर्ने कुराको उल्लेख गरिएको छ । पारिजातको राष्ट्रप्रेमी भावना अभिव्यक्त भएको अभिमत प्रकट गरेका छन् ।

पारिजातका अधिकांश कविताहरू सर्वहारा वर्गीय क्रान्तिचेतले छोइएका छन् । पारिजातको चिन्तन र विचारमा आएका परिवर्तनकै परिवर्तन स्वरूप प्रगतिवादी चरणमा आइपुगेको चर्चा गर्दै त्यो स्वभाविकै भएको उल्लेख गरेका छन् ।

साहित्यलाई वर्गनिरपेक्षताको कसीमा घोटेर राख्ने अवधारणा जनविरोधी तथा यथास्थितिवादी चिन्तनको उपज हो । यसै सन्दर्भमा पारिजातको मूल प्रस्थानबिन्दु वर्तमानको यथार्थ हो भने गन्तव्यबिन्दु चाँही सुन्दर समाजको सोरोफेरो हो ।

पारिजातको लेखनमा पूर्वार्द्ध चिन्तनको अवशेष पूर्णतः विस्थापित हुन नसके तापनि कष्टप्रद जीवनयात्रा, उत्कट अभिलाषा तथा स्वाभिमान र समर्पणको परिणति स्वरूप लेखकीय जीवनको उत्तरार्द्धमा हावी भएको प्रगतिवादी विचार र चिन्तन अनुरूप रचिएको **बैंसालु वर्तमान** लाई महत्तम उपलब्धी मान्न सकिने अभिमत राख्दै जीवन र जगतलाई हेर्ने द्वन्दात्मक पद्धति अनुरूप सिर्जिएका कविताहरूको प्रस्तुतसङ्ग्रहलाई स्वर र संरचनाका दृष्टिले सफल मान्न सकिने ठोकुवा गरेका छन् ।

---

[९४] गोपीन्द्र पौडेल, **सौन्दर्यबोध र समीक्षा विविध** (काठमाडौंः उर्मिला पौडेल, २०५९) पृ. १५ ।

### ३.२.२.२२ विष्णु प्रभात

विष्णु प्रभातले **पारिजात र हरिमाया** (२०५९) मा यही शीर्षकभित्र पारिजातको संक्षिप्त जीवनी तथा उनको समाजवादी निष्ठाप्रति विवेचना गरेका छन् । निबन्धात्मक रूपमा रहेको उक्त रचनामा प्रभातले पारिजातको निष्ठालाई विश्लेषण गर्दै विभ्रमको अवस्थामा रूपान्तरित स्थिति दर्शाएर अर्को पात्र हरिमायासँग तुलना गरेका छन् । पारिजातले निधनका बेला सिरानीमा लेलिनको तस्वीर राखेको र हरिमायाले कृष्णको तस्वीर सिरानीमा लिएको दुई पृथक आस्थाको चर्चा गरी पारिजातको बैचारिकता केलाइएको छ ।

त्यस्तै विष्णु प्रभातले **भानु** (२०५६) मा "पारिजातको निबन्धकला" शीर्षकको समीक्षामा पारिजातको व्यक्तित्वको चर्चा र मूल्याङ्कन गरेको पाइन्छ । पारिजात स्वयंले **शिरीषको फूल** उपन्यासको पूर्नमूल्याङ्कन गरी "निस्सार र घोर परपीडक उपन्यास" भनेको प्रसङ्गका अतिरिक्त पारिजातको निबन्धकारिता सम्बन्धी विश्लेषण गरी तीनवटा निबन्धात्मक कृतिको आधारमा उनको अभिव्यक्ति कलाकौशल जाँचिएको छ । पारिजातको आत्मपरक लेखनभित्र वस्तुपरकता रहेको तथ्य औंल्याउँदै तर्कशीलता, सांस्कृतिक मूल्यबोध र वैचारिक प्रतिबद्धताले उनको लेखनकलाको उत्तरार्द्ध समकालीन विश्व परिवेशसँगै नेपाली समाजको यथार्थ अङ्कनमा सफलता पाएको कुरा उल्लेख गरेका छन् ।

### ३.२.२.२३ खगेन्द्रप्रसाद लुइँटेल

**खगेन्द्रप्रसाद लुइँटेलले कविता सिद्धान्त र नेपाली कविताको इतिहास** (२०६०) मा पारिजातको बारेमा सामान्य चर्चा गरेका छन् ।

२०१३ सालमा **धरती** पत्रिकामा तीन कविताहरू प्रकाशित गरेर कविता लेखनतर्फ प्रवृत्त पारिजातका ३ वटा कविताकृति प्रकाशित भएको र तिनमा मुख्यत प्रगीतात्मक र केही नाटकीय कविताकोसमेत सिर्जना गरेको चर्चा गरेका छन् ।

नेपालको वरिष्ठ महिला साहित्यकारको रूपमा स्थापित पारिजातको कवितायात्राको प्रारम्भ स्वच्छन्दतावादबाट भए पनि स्थायित्व प्रगतिवादमा पाइन्छ । अघिल्लो समयका कवितामा अस्तितववाद र पछिल्ला समयका कवितामा प्रगतिवादी स्वर सशक्त रूपमा गुञ्जिएको छ ।[९५]

नारीसुलभ संवेदनाको चर्को अभिव्यक्ति पाइने पारिजातका कवितामा मानवतावाद, यथार्थवाद, विसङ्गतिवाद, नारीवाद आदिको अभिव्यञ्जना भएको चर्चा गर्दै यिनका कवितामा निस्सारता, निराशा, कुण्ठा, शून्यता आदिको जीवन्त प्रस्तुति गरेको बताएका छन् । विषयवस्तुको बौद्धिक प्रस्तुति र अभिव्यक्तिगत नविनताका कारण यिनका कवितामा प्रयोगवादी शिल्प स्पष्ट देखिने अभिमत प्रकट गरेका छन् ।

सरल, सहज भाषा र वर्णनात्मक, पत्रात्मक विभिन्न शैलीमा पारिजातले आकर्षक, प्रभावकारी र विशिष्ट बान्कीका कविता सिर्जना गर्ने पारिजातले गद्य कवितामा मुक्तलयको आयोजन कुशलतापूर्वक गरेको र उनका सबैजसो गद्यकविता लयात्मक र सङ्गीतात्मक गुणले ओतप्रोत भएको बताएका छन् ।

**खगेन्द्रप्रसाद लुइँटेल र अन्यले नेपाली कविता** (२०५४) मा पारिजातका कवितामा शून्यता, निस्सारता, कुण्ठा तथा निराशापूर्ण अभिव्यक्ति पाइने उल्लेख गरेका छन् । यिनका केही कवितामा कोमल भावका स्पष्ट पदावलीयुक्त भाषा शैलीमा कवितात्मक भाव व्यक्त गर्ने गरेको र स्वच्छन्दतावादी प्रगतिवादी कवियित्री रूपमा चिन्न सकिने उल्लेख गरेका छन् ।

---

[९५] खगेन्द्रप्रसाद लुइँटेल, **कविता सिद्धान्त र नेपाली कविताको इतिहास** (काठमाडौं: नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, २०६०) पृ. ३०६ ।

### ३.२.२.२४ डी.पी. अधिकारी

**डी.पी. अधिकारीले नेपाली उपन्यास र जनजीवन** (२०६०) कृतिमा नेपाली उपन्यासको प्रवृत्ति विश्लेषण गर्ने क्रममा पारिजातका उपन्यासको पनि सामान्य चर्चा गरेका छन् ।

**नेपाली उपन्यास र जनजीवन** लेखमा नेपाली सामाजिक परिवेशको चित्रण पारिजातको **बैंसको मान्छे, अनिदो पहाडसँगै, पर्खालभित्र र बाहिर** कृतिहरूमा भएको अधिकारी बताउँछन् । त्यसरी ने **नेपाली साहित्यमा देखापर्ने केही प्रवृत्तिहरू** लेखमा परिवर्तनमा आउन सुरु गरेका सामाजिक सम्बन्ध र अन्य चारित्रिक व्यवहारलाई पनि अध्ययनमा लिनेभन्दा पनि विद्रोह र क्रान्तिको एकोहोरो बोल्ने पात्रलाई उभ्याउने काम पारिजातको **बैंसको मान्छे, पर्खालभित्र र बाहिर, उसले रोजेको बाटो** र **अनिदो पहाडसँगै**मा भएको अधिकारी दावा गर्दछन् ।

### ३.२.२.२५ लीला लुइँटेल

**लीला लुइँटेलले नेपाली महिला कथाकार** (२०६०) नामक समालोचनात्मक ग्रन्थमा पारिजातको परिचय दिनुका साथै उनको कथायात्राको चरण विभाजन गरी विश्लेषण गरेकी छन् । मूल रूपमा आख्यानकारका रूपमा परिचित पारिजात उपन्यास लेखनमा उत्कृष्ट रहेपनि कथालेखनमासमेत उल्लेखनीय भएको जनाएकी छन् ।

प्रवृत्तिगत भिन्नताका आधारमा पारिजातको कथायात्रा दुई चरणमा विभाजन गर्न सकिन्छ । (अ) पहिलो चरण (२०२१-२०२७), (आ) दोस्रो चरण (२०२७-२०४९) । पहिलो चरणमा प्रकाशितसङ्ग्रहहरूमा **आदिम देश** (२०२५) र **सडक र प्रतिभा** (२०३२) हुन् । अस्तित्ववादको प्रथम प्रयोग पारिजातले आफ्नो पहिलो कथा **मैले नजन्माएको छोरो** मा गरेकी छन् । सम्पूर्ण नेपाली कथा साहित्यमा अस्तित्ववादको प्रथम प्रयोग यही कथाबाट भएको मानिन्छ । शून्यबोध पाइने यिनका कथामा अस्तित्ववादी-विसङ्गतिवादी दर्शनको प्रभाव पाइन्छ । यो बुद्धको शून्यबोध नभई अस्तित्ववादी-विसङ्गतिवादी शून्यबोध हो ।[९६] कथानक क्षीण भएका, ज्यादै कम पात्रको प्रयोग भएका यिनका कथामा 'म' पात्रको प्रयोग बढी भएको पाइन्छ । राल्फाको प्रभाव रहेकी पारिजातको यस चरणका कथाका विषयवस्तु यौनकुण्ठा र यसका विभिन्न पक्षहरू रहेको उल्लेख गरेकी छन् ।

पारिजातको कथायात्राको दोस्रो चरण २०२७ सालमा प्रकाशित **घाम ताप्दा** कथाबाट सुरु हुन्छ । मार्क्सवादी चिन्तनलाई अघि सारेर यस चरणका कथाहरू लेखिएको पाइन्छ । यी कथाहरूमा एकातिर सामन्तवाद, साम्राज्यवाद, उपनिवेशवाद र देशीय प्रभुत्ववादको विरोध गरिएको छ भने अर्कोतिर देशका गरिब, निमुखा, शोषित पीडित जनताप्रति सहानुभूति राख्दै उनीहरूको सङ्घर्षप्रति समर्थन गरिएका पाइन्छ ।[९७]

कथानक परिपुष्टता पाइने यस चरणका कथा सरल हुनुको साथै ग्रामीण र सहरिया परिवेशको चित्रण पाइनुको साथै सरल छन् । भाषाशैलीय विन्यासका दृष्टिले रोचक र आकर्षण नभएका भाषण, राजनीतिक लेख पढेजस्तो लाग्ने कथाहरू भएको उल्लेख गरेकी छन् । त्यस्तै प्रतिक आयोजनाका दृष्टिले भने सफल भएको उल्लेख छ ।

अस्तित्ववादी-विसङ्गतिवादी र प्रगतिवादी धारका कथा लेख्ने पारिजातका कथामा एकातिर विसङ्गत, रुग्ण, हुतीहारा पात्र छन् भने अर्कोतिर सङ्घर्षशील पात्रहरू पनि छन् । विभिन्न पारिभाषिक शब्दको प्रयोग गरिएका यिनका कथा भाषिक विचलन पाइन्छ । नौलानौला बिम्ब र प्रतिकको प्रयोग गरिएका यिनका कथाले नेपाली कथा साहित्यमा सशक्त प्रयोगशील कथाकारको रूपमा चिनाएको छ । नेपाली महिला कथाकारको रूपमा मात्र नभएर सिङ्गो नेपाली कथाको फाँटमा यिनको योगदान विशिष्ट भएको दृष्टिकोण लुइँटेलले राखेकी छन् ।

---

[९६] लीला लुइँटेल, **नेपाली महिला कथाकार** (काठमाडौं: नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, २०६०) पृ. ८२ ।

[९७] ऐजन, पृ. ८४ ।

### ३.२.२.२६ डी.आर. पोखरेल

**डी.आर. पोखरेलले पारिजातको साहित्यिक मूल्याङ्कन** (२०६२) मा पारिजातको लेखनको विविध पक्षको सूक्ष्म विश्लेषण गरेका छन् ।

पारिजात कुनै विशेष तत्त्वबाट प्रभावित भएर साहित्य क्षेत्रमा लागेको नभई उमेरजन्य, जिज्ञासा र रहरहरूसित लहरिँदै जाँदा विभिन्न समयमा विभिन्न विचार र व्यक्तित्वहरूलाई स्वभाविक रूपले अध्ययन गर्दै र आफ्ना साहित्यिक रुचि, मान्यता र दक्षताको श्रीवृद्धि गर्दै आएको कुरा पोखरेल बताउँछन् । घरायसी परिस्थिति, दार्जिलिङको तत्कालीन सामाजिक परिवेश, कडा अनुशासन प्रिय पिताजी र आफ्नै स्वभाव आदि कुराको एकमुष्ट सामाजिक परिवेशबाट पारिजात अभिप्रेरित भएर जिज्ञासु बन्दै अघि बढेको तथ्य उनी अघि सार्छन् ।

वि.सं. २०१९ देखि २०२३ सम्मको कालखण्ड पारिजातका निम्ति अत्यन्त पीडापूर्ण र कष्टकारक रहे । यही शारिरीक-मानसिक पीडाको अवधिमा पारिजात विश्वका बडे-बडे विचारहरूका नजिक पुगिन् । सार्त्र, किर्केगार्ड र नित्सेका युगान्तकारी विचारहरूबाट प्रभावित भइन् । बौद्ध दर्शनका शून्यवादी सोचबाट पनि प्रेरित भइन् । पीडा र प्रेरणाको यही भीषण द्वन्द्वको परिणाम स्वरूप **शिरीषको फूल** बाहिर आयो । महामारीकै अवस्थामा औषधिको खोजी हुन्छ भनेझैं भयङ्कर पीडाको कलाखण्डमा नै पारिजात सर्वाधिक रूपमा अभिव्यक्त भइन् ।[९८]

राल्फा सन्तति सांस्कृतिक अभियानबाट पारिजातमा सामाजिक यथार्थबोध हुन्छ । यथार्थवादी, समाजवादी चिन्तकहरूसित ठोकिन पुग्छिन् र आफू कल्पनाको, आदर्शको र नैराश्यको दुनियाँमा रहेछु भन्ने बोधले झल्याँस्स हुँदै जान्छिन् । **महत्ताहीन** को हीनताबाट **बैंसको मान्छे** को बोधतर्फ, विसङ्गतिबाट सङ्गतितर्फ, उडन्ते विचारको दुनियाँबाट यथार्थको दुनियाँमा सङ्क्रमित हुँदै प्रगतिवादतर्फ उन्मुख हुन्छिन् ।

वि.सं. २०३० देखि २०४० को बचिमा ५ वटा उपन्यासहरू लेखिन् । **उसले रोजेको बाटो**, **पर्खालभित्र र बाहिर**, **अनिदो पहाडसँगै** जस्ता उपन्यासहरू र **साल्गीको बलात्कृत आँसु** कथासङ्ग्रह र **बैंसालु वर्तमान** कवितासङ्ग्रह आदि प्रगतिवादी धाराका कृतिहरूले कीर्तिमान कायम गरेका छन् ।

पारिजातको साहित्य यात्रालाई विभिन्न लेखकहरूले विभिन्न चरणमा छुट्याएको पाइन्छ । पोखरेलले निनु चापागाईंले विभाजन गरेको ४ चरणलाई केही संशोधनसहित छुट्याएका छन्-

पहिलो चरण (२०१३-२०१८)

दोस्रो चरण (२०१९-२०२४)

तेस्रो चरण (२०२५-२०२९)

चौथो चरण (२०३०, मृत्युपर्यन्तसम्म, प्रगतिवादीतर्फ प्रस्तुत अवधि) भनेर उनले छुट्याएका छन् ।

---

[९८] डी.आर. पोखरेल, **पारिजातको साहित्यिक मूल्याङ्कन** (काठमाडौं: भृकुटी एकेडेमिक पब्लिकेशन्स, २०६२) पृ. ३९ ।

पहिलो चरणलाई एकाध वर्षको फरक देखिए पनि स्वच्छन्दतावादी प्रवृत्तिको अवधि थियो भन्ने कुरामा कुनै मतभेद छैन । यस प्रसङ्गमा ईश्वर बराल, चैतन्य र रामप्रसाद ज्ञवालीहरूको एउटै राय देखिन्छ । महाकवि देवकोटाको स्वच्छन्दतावादी-मानवतावादी साहित्यिक धारा, हृदयचन्दसिंह प्रधानको यथार्थवादी-मानववादी धाराले पारिजातलाई कति पनि प्रभावित पारेको नदेखिए तापनि पारिजातमा अन्तर्निहित कुण्ठित प्रणय भावना, भावुकता, विद्रोही एवम् हठी स्वभाव, प्रकृतिप्रेम, निराशा इत्यादिको अभिव्यक्ति ने पारिजातको मूल साहित्यिक रुझान भएकोतर्फ पोखरेल इङ्गित गर्दछन् ।

दोस्रो चरणमा प्रकाशित **शिरीषको फूल** अस्तित्ववादी दर्शनको यति राम्रो संक्षेपीकरण हो, यति राम्रो र कलापूर्ण तथा प्रभावशाली काव्यान्यास हो, जो पढ्न सजिलो छ, सानो छ, दुई घण्टामा पढि सकिन्छ तर यो पढिसकेपछि कुनै पनि मानिस अचम्मित वा विस्मित नभै रहनै सक्दैन । त्यहाँ कुण्ठा एवम् मनोविज्ञानको दमित भावनाको नकारात्मकताको राम्रो तानाबाना र संयोजन छ । साम्राज्यवादले यति राम्रो कुशल, सशक्त र भयङ्कर प्रभावशाली साधनको उपभोग एवम् प्रचार गर्ने अवसर पाएको कुरा उनी अघि सार्छन् ।

कतिपय समालोचकले पारिजातको लेखनको तेस्रो चरणलाई राल्फाली वा सङ्क्रमणको चरण वा धारा भनेका छन् । पोखरेलका विचारमा राल्फाली आन्दोलन व्यक्तिगत विद्रोहमा आधारित एउटा नयाँ खाले प्रायोगिक खालको आन्दोलन थियो । राल्फालीले छुट्टै कुनै साहित्यिक सिद्धान्त प्रतिपादन गर्न सकेका थिएनन् । उनीहरूको प्रवृत्ति विद्रोही थियो । परम्परागत मूल्यको विरुद्धमा तिनका साहित्य वा गीत लेखिए तापनि त्यो उग्रता, अन्यौलता गन्तव्यहीन थियो । युवाजन्य उत्साहको आन्दोलनको रूपमा उनले यसलाई लिएका छन् ।

यसै कालमा प्रकाशित **बैंसको मान्छे** राल्फाली व्यक्ति विद्रोहको स्वर वा आलोचनात्मक यथार्थवादी धारणातर्फ प्रवृत भएको छ । यस चरणलाई साहित्यिकवाद विशेषको कुनै चरण भन्न नसकिए तापनि यसलाई नव-अराजकतावाद भनेर परिभाषित गर्नु ठीक हुने तर्क पोखरेलको छ । यस चरणमा पारिजात एकातिर आफ्नो विगतको अस्तित्ववादी चिन्तनबाट पनि पूर्णतया विमुख भैसकेकी छैनन् भने अर्कोतिर उनी यौन स्वतन्त्रतावादी चिन्तनको नजिक भएको पनि कतैकतै देखिन्छ । मार्क्सवादी मित्रहरूको संसर्गमा पुगेर धेरै मात्रामा वस्तुवादी बन्ने चेष्टामा लागिसकेको कुरातर्फ उनी इङ्गित गर्छन् ।

चौथो चरणमा पारिजातका पाँचवटा उपन्यासहरू र एउटा कथासङ्ग्रह प्रकाशित हुन्छ । **सडक र प्रतिभा** यही कालखण्डमा प्रकाशित भएको भए पनि त्यसले यस चरणभन्दा पूर्वका चरणहरूको प्रतिनिधित्व गर्दछ । **अन्तर्मुखी** ले पनि यस चरणको प्रतिनिधित्व गरेको छैन । पारिजातको प्रगतिवादीतर्फको प्रस्थानबिन्दु **तोरीबारी, बाटा र सपनाहरू** देखि **उसले रोजेको बाटो**, **पर्खालभित्र र बाहिर**, **अनिदो पहाडसँगै** र **साल्गीको बलात्कृत आँसु** जस्ता रचनाहरू र चालीसको दशकका आत्मसंस्मरणात्मक कृतिहरूले प्रगतिवादी धारको प्रतिनिधित्व गरेको कुरा पोखरेल दावा गर्दछन् ।

### ३.२.२.२७ सुकुम शर्मा

**सुकुम शर्माले पारिजातका कविताको अध्ययन** (२०६२) मा पारिजातका कविताहरूको विश्लेषण गर्नुका साथै उनका काव्य प्रवृत्तिहरूको निरूपण गरेका छन् ।

पारिजातको कविताकृतिहरू **आकांक्षा** (२०१४), **पारिजातका कविता** (२०४४) र **बैंसालु वर्तमान** (२०५०) प्रकाशित छन् । उनका **आकांक्षा** मा १५, **पारिजातका कविता** मा ३८, **बैंसालु वर्तमानमा** २६ गरेर तीनै कृतिमा ७९ कविता प्रकाशित भएको शर्मा बताउँछन् ।

वि.सं. २०१३ सालमा **धरती** पत्रिकामा कविता प्रकाशित गरी साहित्यका क्षेत्रमा सार्वजनिक रूपले देखापरेकी पारिजातको प्रथम कवितासङ्ग्रह **आकांक्षा** २०१४ हो । उक्तसङ्ग्रहमा भएका कवितामा सामाजिक चेतना, वर्गबोधबाट पृथक रहेर वैयक्तिक रुमानी प्रेममा मर्माहत हुँदै त्यही अभिव्यक्तिमा केन्द्रित रहेको पाइन्छ । वि.सं. २०१३ पछि पारिजातको लेखनमा वर्गबोधको स्पष्टता क्रमशः विकास भएको पाइन्छ । यस कालखण्डमा उनले सर्वहारा वर्गको या असहायको पक्षमा केन्द्रित भएर कविता सिर्जना गरेको पाइन्छ ।[९९]

शर्माले पारिजातको कविता यात्रालाई दुई चरणमा विभाजित गरेका छन् । वि.सं. २०१३-२०३० सम्म पहिलो चरण र २०३१-२०५० सम्म दोस्रो चरण भनी छुट्याएका छन् । पहिलो चरणमा पारिजातका **आकांक्षा** र **पारिजातका कविता** भिन्न सङगृहीत कविता पर्दछन् । निराशावादी र निस्सारतावादी जीवन दृष्टिबाट कविता साधनामा साधनारत पारिजातका यस चरणका कवितामा प्रेम वियोगको मार्मिक भावसमेत पाइन्छ । निराशा, निस्सारता, कुण्ठाबोध, मातृत्वको मोह, यौनकुण्ठाको अभिव्यक्ति, प्रेम वियोगका साथै सामाजिक मर्मप्रतिको मोह पनि पाइन्छ ।

दोस्रो चरणमा पारिजातको पहिलो चरणको वैचारिक र कवितात्मक प्राप्तिका उचाइबाट झत्केर पुनः नयाँ जीवन दृष्टिसहित कवितायात्राको साधना प्रारम्भ हुन्छ । यस चरणमा उनको वैचारिक आन्दोलन, सङ्घर्ष, नारीचेत, श्रमको मूल्यबोध, जातिगत भेदबोधतर्फ कविता लेखन प्रवृत भएको पाइन्छ । आफ्ना व्यक्तिगत कुण्ठा, मनस्तापका पीडनबाट मुक्त भएर समूहको मर्म, पीडासँग उनी साटिएको पाइन्छ । यस कालखण्डमा जीवनप्रतिको मोह र मुक्ति सङ्घर्षप्रतिको विश्वासले पारिजातको वैचारिक उर्जा सशक्त र सबल बनेको छ । **बैंसालु वर्तमान** यस चरणको महत्त्वपूर्ण प्राप्ति हो ।

यसरी पारिजातले स्वच्छन्दतावादी, अस्तित्ववादी हुँदै सामाजिक धरातलमा उभिएर कविता लेखेको पाइन्छ । उनका कवितामा नारीवादी स्वर, व्यक्तिगत कुण्ठा, समूह, वर्गमर्मको प्रस्तुति, बौद्धिकता, प्रयोगशीलता, बिम्बात्मकता, सौन्दर्य चेतना लगायत विभिन्न पक्षहरू पाइने कुरा शर्माले अभिव्यक्त गरेका छन् ।

---

[९९] सुकुम शर्मा, **पारिजातका कविताको अध्ययन** (काठमाडौं: सनलाइट पब्लिकेशन २०६२) पृ. ४५-४६ ।

### ३.२.३ निश्कर्ष

तेस्रो अध्यायमा पारिजातका सम्बन्धमा भएका अनुसन्धानात्मक ग्रन्थ एवम् पुस्तकाकार ग्रन्थहरू बारेमा सर्वेक्षण कार्य गरिएको छ । वि.सं. २०५०-२०६२ अवधिमा भएका ताराकान्त पाण्डेय, गोपीन्द्र पौडेल, दीपक गौतम, ज्ञानु पाण्डेयका विद्यावारिधि शोधमा पारिजातको बारेमा आंशिक रूपमा चर्चा गरिएको पाइन्छ । भवानीप्रसाद पाण्डेयको **पारिजातका उपन्यासमा समाजवादी-यथार्थवादी** पारिजातसम्बन्धी भएको महत्त्वपूर्ण विद्यावारिधि शोध हो । यस शोधमा पारिजातका विभिन्न लेखन-प्रवृत्तिका साथै उपन्यासहरूमा समाजवादी-यथार्थवादी चिन्तनको सूक्ष्म विश्लेषण गरेको पाइन्छ ।

पारिजातका कृतिहरूमा शोध गर्ने चलन पनि बढ्दै गएको पाइन्छ । पाशाकान्त थापा 'श्रीष' र शंकर पराजुलीले **शिरीषको फूल** उपन्यासको बारेमा स्नात्तकोत्तर शोध गरेको पाइन्छ । त्यसरी नै मंगला थापा, मीठाराम थापा र चन्द्रमान श्रेष्ठले **उसले रोजेको बाटो** उपन्यासमा, दिनमणि आचार्य र प्रभुराम आचार्यले **अनिदो पहाडसँगै** उपन्यासमा स्नात्तकोत्तर शोध गरेको पाइन्छ ।

अम्बुभवानी कार्कीले **पारिजातको कथा**, भैरवप्रसाद गेलालले **कवितामा**, रमेशचन्द्र रोकाले **अन्य विधामा** स्नात्तकोत्तर शोध सम्पन्न गरेको पाइन्छ । त्यस्तै हरिहर चापागाईंले पारिजातको **परिभाषित आँखाहरू** र खगेन्द्र जोशीले **अन्तर्मुखी** उपन्यासमा शोध गरेको पाइन्छ । राजन भट्टराईले **पारिजातका उपन्यासमा पाइने विसङ्गतिवादी अस्तित्व** एवम् लीलाधर ज्ञवालीले **पारिजातका प्रगतिवादी उपन्यास**को बारेमा स्नात्तकोत्तर शोध गरेको पाइन्छ । पुष्पलाल आचार्यले **पारिजातका नारी पात्रमा**, बिना कार्कीले **गद्यकारितामा**, बाबुराम शर्मा 'हेमन्त' ले **राल्फाली आन्दोलनमा** स्नात्तकोत्तर शोध सम्पन्न गरेको पाइन्छ । यी सबै शोधहरूले पारिजातको बारेमा जान्न मद्दत पुऱ्याउँछ ।

पारिजातको लेखन सम्बन्धमा विभिन्न पुस्तकहरूमा विश्लेषण गरिएको पाइन्छ । **ललिजन रावल**को **बैंसालु वर्तमानको भूमिका**, **निनु चापागाईं**को **यथार्थवादी रचना दृष्टि र विवेचना**, **ताराकान्त पाण्डेय**को **कलासाहित्यः भूमिका र मूल्याङ्कन**, **चैतन्य**को **मार्क्सवादी, कलादृटि र समीक्षा**, **राजेन्द्र सुवेदी**को **नेपाली उपन्यासः परम्परा र प्रवृत्ति र सृजन विधाका परिधिमा पारिजात**, **कृष्णहरि बराल र नेत्र एटम**को **उपन्यास सिान्त र नेपाली उपन्यास**, **कृष्णप्रसाद घिमिरे र रामप्रसाद ज्ञवाली**को **आख्यानकार पारिजात**, **गङ्गाप्रसाद उप्रेती**को **व्यक्ति, कृति र प्रवृत्ति**, **डी.आर. पोखरेल**को **पारिजातको साहित्यिक मूल्याङ्कन** र **सुकुम शर्मा**को **पारिजातका कविताको अध्ययन** महत्त्वपूर्ण रहेको छ । त्यस बाहेक **पवन चामलिङ**को **भूमिका**, **ऋषिराज बराल र कृष्णप्रसाद घिमिरे, महादेव अवस्थी, कृष्ण गौतम, रञ्जुश्री पराजुली, कृष्णचन्द्रसिंह प्रधान, गोपीन्द्र पौडेल, खगेन्द्रप्रसाद लुइँटेल, लीला लुइँटेल, डी.पि. अधिकारी**का लेखमा पारिजातका कृतिको बारेमा विश्लेषण पाइन्छ भने **कृष्णप्रसाद पराजुली, चूडामणि रेग्मी, घटराज भट्टराई, ईश्वर बराल, जयदेव भट्टराई, नरेन्द्रराज प्रसाईं**ले पारिजात बारेमा चर्चा गर्नुको साथै आफ्ना सम्झना प्रकट गरेको पाइन्छ ।

# अध्याय चार

## kfl/hftsf| cWoog k/Dk/fsf| ;j|If0f

**(पत्रपत्रिका/स्मृति अङ्क/स्मृति ग्रन्थ)**

### ४.१ पृष्ठभूमि

पारिजातको सम्बन्धमा शोध, खोज एवम् अनुसन्धान गर्ने कार्य विस्तार हुँदै गएको पाइन्छ । विभिन्न स्रष्टाहरूको आफ्नो दृष्टिकोण एवम् अभिमतहरू प्रकट भएको देखिन्छ । पारिजातको बारेमा भएका अध्ययन सामग्रीहरूलाई व्यवस्थि तगर्ने क्रममा वि.सं. २०५०, मृत्युपछि प्रकाशित भएका पत्रपत्रिका, स्मृति ग्रन्थ, स्मृति अङ्कहरूलाई यस अध्यायमा सर्वेक्षण गरिएको छ । स्रष्टा पारिजातको बारेमा अध्ययन गर्न यी सामग्रीहरूले पर्याप्त विषय प्रदान गर्न सक्छ ।

### ४.२ पारिजातको अध्ययन परम्पराको कालक्रमिक सर्वेक्षण

सर्वेक्षणमा पारिजात सम्बन्धमा साहित्यिक पत्रपत्रिका, खबर पत्रपत्रिकामा प्रकाशित सामग्री, पारिजात सम्बन्धमा प्रकाशित स्मृति अङ्कका साथै स्मृति अङ्कलाई अध्ययन गरिएको छ । एउटै लेखकका भिन्नभिन्न विषयवस्तुलाई लिएर लेखिएका सामग्रीहरूलाई एकै ठाउँमा राखेर विश्लेषण गरिएको छ ।

### ४.२.१ पत्रपत्रिकाहरू

यस उपशीर्षक अन्तर्गत पारिजातका सम्बन्धमा विभिन्न साहित्यिक एवम् गैरसाहित्यिक पत्रपत्रिकामा प्रकाशित फुटकर लेख रचनालाई प्रस्तुत गरिएको छ ।

#### ४.२.१.१ गोपीन्द्र पौडेल

गोपीन्द्र पौडेलले **अन्तर्ध्वनी** (२०५०) मा **मूल कथ्यको केन्द्रीयतामा पारिजातको नाटकको चौथो चरण कथा** नामक समालोचनात्मक लेखमा पारिजातका कथा प्रवृत्तिका साथै **पारिजातको नाटकको चौथो चरण** कथाको विश्लेषणसमेत गरेका छन् ।

**मैले नजन्माएको छोरो** (२०२१) बाट आफ्नो कथायात्राको प्रारम्भ गर्ने पारिजातले कथा सिर्जनामा नवीनतम शैलीशिल्पको प्रयोग गरेको पाइन्छ । पूवार्धमा निस्सारतावादी विसङ्गतिवादी जीवनदृष्टिको छाप पाइन्छ भने उत्तरार्द्धमा प्रगतिवादी चिन्तन र मान्यताको आराधना गर्न थाले पनि **शिरीषको फूल** फक्रने उर्वरा मनस्थिति र चिन्तनमा आमूल परिवर्तन हुन नसकेको देखिन्छ ।[१००]

जीवन मरणको विकराल समस्या बोकेको यस कथा दीनदुःखी गाउँले जनताको सङ्कटपूर्ण जीवन भोगाइलाई प्रस्तुत गर्नुको साथै मानवीय मूल्य, लुटिएको वर्तमान परिवेश तथा शुष्क सहरिया जीवन शैलीलाई पनि वातावरणीय प्रभाव अनुरूप चित्रण गरिएको छ । मूलतः यस कथाका माध्यमबाट कथाकार पारिजातले रोगी जनताको जीवनरक्षाका निमित्त स्थापना भएका

---

[१००] गोपिन्द्र पौडेल, 'मूल कथ्यको केन्द्रीयतामा पारिजातको नाटकको चौथो चरण कथा', **अन्तर्ध्वनी**, (वर्ष २७ अङ्क २, २०५०) पृ. २४ ।

स्वास्थ्यसंस्था तथा तिनको परिचालन गर्ने सरकारी अनुत्तरदायी कार्यशैलीको सक्कली रूप प्रस्तुत गरेकी छन् ।

अस्पतालजस्तो संवेदनशील संस्थामा हुने गैरजिम्मेवारपूर्ण क्रियाकलापको शल्यक्रिया गर्न कथाकार सफल भएकी छन् । अस्पतालजस्ता संस्थाको यो क्रियाकलापले गर्दा नैनबहादुरकी दुलहीजस्ता हजारौं नेपाली जनताले अकालमै मृत्युको मुखमा होमिनु पर्ने बाध्यता सिर्जना भएको कटु यथार्थलाई सजीव ढङ्गले प्रस्तुत गरिएको छ ।

स्वास्नीको उपचार गर्ने प्रयत्न विफल हुनु, मृत लाशलाई घरमा पुऱ्याउने प्रयत्न विफल भएपछि शोकाकुल नैनबहादुरले जुन आत्मस्विकृति व्यक्त गर्दछ । त्यसले उसकी स्वास्नीको त्यो अवस्था बनाउने जिम्मेवार निकायप्रति तीव्र घृणा र निन्दाको साथै त्यो अवस्थामा पुऱ्याउने सरकार र त्यस अन्तर्गतका संघ-संस्थाको जनविरोधी क्रियाकलापको भण्डाफोर गर्नुका साथै न्यायिक आवाज उठाउनु पर्छ भनेर पाठकलाई सचेत बनाएको छ ।

कथाको शीर्षक 'नाटकको चौथो चरण' कथाको भावपक्षभन्दा संरचना पक्षलाई आधार बनाएर तय गरिएको छ । विसंगत तथा विद्रुप यथार्थको चित्रण गरिए पनि भावी समाधानका लागि दिशानिर्देश गर्ने काम गरिएको छैन । प्रमुख पात्र नैनबहादुरले अन्याय गर्नेलाई सितिमिति बिर्सन नसकिने धारणा व्यक्त गर्नुले आशा गर्ने ठाउँ भए पनि भरोसा गर्ने ठाउँ देखिन्न ।

एकातिर असङ्ख्य निमुखा जनताको भावनालाई उपेक्षा गर्ने तथा जीवन-मरणका संवेदनशील सवालमासमेत उदासीन बन्ने सरकार र त्यस अन्तर्गतका निकायको जनविरोधी कार्यशैलीको परिमाण स्वरूप नैनबहादुरकी दुलहीजस्ता कैयौं नारीले जीवन जिउने अधिकारबाट वञ्चित भएको निश्कर्ष प्राप्त हुन्छ भने नैनबहादुरको आत्मस्विकृतिले त्यस्तो अन्यायपूर्ण क्रियाकलापका विरुद्ध जुझ्नु पर्ने थप निश्कर्ष निकालेको पौडेल दावा गर्छन् ।

### ४.२.१.२ घनश्याम ढकाल

**घनश्याम ढकालले प्रयोग** (२०५१) मा **पारिजातः एक दृष्टि** लेखमा पारिजातको वैचारिक दृष्टि र सो बारेमा विभिन्न दृष्टिकोणको चिरफार गरेका छन् ।

पारिजातको मृत्यु भएको एक वर्ष पुरा हुँदा पनि प्रगतिवादी फाँटबाट उनको समग्र कृतिगत र विचारगत मूल्याङ्कनको थालनी नभएकोले उनको व्यक्तित्व तानातानमा परेको ढकाल व्यक्त गर्दछन् । जीवनकालमा उनको वास्ता नगर्नेहरूले मृत्यु पश्चात गोहीका आँसु चुहाएर पारिजातलाई सिंगो **शिरीषको फूल** भित्र कैद गर्ने धृष्टता गरिरहेका छन् । जीवनविरोधी साहित्यिक धाराका बेइमानहरूको यो आफ्नो धर्म हो । पारिजातका उत्तरवर्ती जीवनकालको कृतित्व र व्यक्तित्वमाथि कालो पोत्ने निकृष्ट चालबाजी भएको ढकाल दावा गर्छन् ।

तीसको दशकको अन्त्यतिर पारिजातले जीवनविरोधी शून्यवादी विसङ्गतिवादी धारणालाई परित्याग गरी मार्क्सवादी भएकी हुन् । यसभन्दा अगाडि राल्फा समूहमा थिइन् । त्यतिखेर कुनै उद्देश्य नभएर लहडमात्र भएकी पारिजात स्वयं बताउँछिन् । **शिरीषको फूल** बोक्नेले जीवन होइन, मुर्दा बोकेका छन् ।[१०१]

[१०१] घनश्याम ढकाल, 'पारिजात एक दृष्टि', **प्रयोग**, (वर्ष २, अङक ३, पूर्णाङ्क ७, २०५१) पृ. ८ ।

अखिल नेपाल महिला संघ र अखिल नेपाल जनसांस्कृतिक संघ आदि संगठनहरूमा रहँदै चालिसको दशक यता उनी अनुशासित र प्रतिबद्ध लेखिका बनेकी छिन् । **अनिदो पहाडसँगै** अनुशासित लेखनको एउटा उदाहरण हो । **परिभाषित आँखाहरू** सम्म आइपुग्दा प्रतिबद्धताको यही स्वरूप कायम रहिरहन नसकेको तर यसको अर्थ उनले वर्गीय प्रतिबद्धतालाई छोडेको होइन भन्ने ढकालको तर्क छ ।

पारिजात समाजवादी यथार्थवादी धाराकी सशक्त अगुवा भएको र उनले मानिसमाथि भएका अन्याय, अत्याचार शोषण, दमन लगायत जीवनविरोधी प्रवृत्ति र शक्तिसँग निर्ममतापूर्वक सम्झौताहीन सङ्घर्ष गरेको तथ्य ढकाल अघि सार्छन् ।

### ४.२.१.३ इन्द्रकुमार श्रेष्ठ 'सरित्'

**इन्द्रकुमार श्रेष्ठ सरित्** ले **समकालीन साहित्य** त्रैमासिक (२०५२)मा **औपन्यासिक कृतिहरूमा पारिजात : एक विहङ्गावलोकन** शीर्षक लेखमा पारिजातका औपन्यासिक प्रवृत्तिहरूको विभिन्न पक्षको विश्लेषण गरेको पाइन्छ ।

उपन्यासकार पारिजातका औपन्यासिक जीवनमा तीनवटा मोडहरू आएका देखिन्छन् । अस्तित्ववादी-विसङ्गतिवादी, प्रगतिशील विचारतर्फ उन्मुख र वैचारिक विचलनको सँघारमा आदि । अस्तित्ववादी चिन्तनले **शिरीषको फूल** र **महत्ताहीन** मा ठाउँ पाएको छ । विसङ्गत जीवनबोध र मनोविश्लेषणलाई आधार बनाएर जीउनुको व्यर्थतालाई स्वीकारेर जीवनका बिडम्बना र विसङ्गतिहरू केलाउँदै जीवन व्यर्थ र सारहीन हो भन्ने निष्कर्षमा उनी पुग्छिन् । उनको विचारमा आएको परिवर्तन **बैंसको मान्छे, पर्खालभित्र र बाहिर** र **अनिदो पहाडसँगै** मा स्पष्ट देख्न सकिन्छ । जीवनको सारतत्त्व भन्नु व्यर्थता र शून्यता ठान्ने पारिजातले जीवनलाई सारपूर्ण, उपलब्धीपूर्ण, सुन्दर र सृजनशील ढङ्गले हेरिएको र श्रमजीवीप्रति आस्था राखिएका उनका उपन्यासमा शोषित र पीडित सर्वहारा वर्गहरूको पक्षपाती र मानवताको हिमायती भएर बोल्ने प्रयास गरेकी छिन् ।[१०२]

आफ्ना पछिल्ला दुई उपन्यास **परिभाषित आँखाहरू** र **बोनी** मा आएर पारिजातका आफ्नै प्रगतिवादी धारणाहरू छेउ लाग्न विवश भएका छन् । उनका सामाजिक, सामूहिक धारणाको चुचुरो भत्केर केवल व्यक्तिबोध र व्यक्तिपरक असन्तुष्टि र गुनासोमा आएर टुङ्गिएको छ ।

उपन्यासकार पारिजातको **तोरीबारी, बाटा र सपनाहरूलाई** उपन्यास नभनेर संस्मरण भने फरक नपर्ला । किनभने एउटा उपन्यासको लागि आवश्यक कथातत्त्व, घटना, चरित्र-चित्रण, औपन्यासिक भाषाशैली, कथोपकथन, उद्देश्य आदिको यस उपन्यासमा अभाव रहेको श्रेष्ठको तर्क छ । पारिजातका अधिकांश कृतिहरूले चर्को भावुकता, अन्तहीन गुनासो र पुनरावृत्तिको रोग पाइन्छ । यो पुनरावृत्तिको रोगले पारिजातको बुँइ चढेर उनी एक्लो फतफताउँछिन्, गुनासोका ढिस्काहरू उघ्रिन्छिन् । उनमा एक्लो भावुकता पाइन्छ । त्यसैले पारिजात अस्तित्ववादी-विसङ्गतिवादी हुनुले कुनै अर्थ राख्दैन ।

---

[१०२] इन्द्रकुमार श्रेष्ठ 'सरित्', 'औपन्यासिक कृतिहरूमा पारिजातः एक विहङ्गावलोकन', **समकालीन साहित्य** (वर्ष ५, अङ्क ३, पूर्णाङ्क १९, २०५२) पृ. ११९-१२० ।

वैचारिक सङ्क्रमणकालपूर्वको पारिजातको भाषा र शैलीमा मस्तिष्कलाई डोऱ्याउने प्रचण्ड वेग र मनलाई छुने मीठास, चुम्बकीय आकर्षण पाइन्छ । तर सङ्क्रमणकालपछिको पारिजातको भाषा र शैलीमा त्यो सरलता, मीठास र आकर्षण पाउन हम्मेहम्मे पर्ने श्रेष्ठ दावा गर्छन् । करिब तीन दशकको उनको लेखनमा वैचारिक आग्रह-सम्प्रेषणमा मात्र परिवर्तन भएको उनको भनाइ छ । नेपाली महिला उपन्यासकारमा उनी जति कोही पनि नभएको र पुरुष उपन्यासकारहरूसँग उनको औपन्यासिक क्षमताको तुलना हुन नसक्ने निश्कर्ष श्रेष्ठको छ ।

### ४.२.१.४ खुमलाल पौडेल

**खुमलाल पौडेलले प्रयोग** (२०५२) मा **बैंसालु वर्तमान : एक टिपोट** लेखमा पारिजातको व्यक्तित्वको साथै उनको **बैंसालु वर्तमान** कविताको विश्लेषणसमेत गरेका छन् ।

बहुआयमिक व्यक्तित्व **पारिजात** समग्र नेपाली साहित्यकै विशिष्ट प्रतिभा र नेपाली प्रगतिवादी साहित्यकी शीर्षस्थ व्यक्तित्व भएको पौडेलको दावा छ । कविताबाट साहित्यिक यात्रा प्रारम्भ गरेर कविताबाटै जीवनको अन्त्य गर्ने पारिजात आधुनिक नेपाली कविता परम्परामा प्रतिनिधि नाम हो भन्ने उनको मत रहेको छ ।

आजको समाजमा नेपालीहरूले भोग्नु परेका विभिन्न बाध्यता र शोषणहरूका विरुद्ध एकजुट भई अतितको कलङ्कित इतिहासलाई दोहोरिन नदिई सुनौलो संसारलाई निम्त्याउने नयाँ वर्तमान वा **बैंसालु वर्तमान** चाहिन्छ भन्ने अठोटका साथ यी कविताहरूको जन्म भएको देखिन्छ ।[१०३]

पारिजातका यस सङ्ग्रहमा भएका कविताहरूलाई स्वतन्त्रता वा राजनैतिक मुक्तिसँग सम्बन्धित, नारीका पीडाबोधसँग सम्बन्धित, जीवनसँग सम्बन्धित, आत्मपरकता, व्यङ्गात्मकता, प्रतिकात्मक र समसामयिक गरेर ७ किसिमले हेर्न सकिने पौडेलको अभिमत रहेको पाइन्छ ।

विभिन्न विषयवस्तुलाई अँगालेर २०३६ देखि २०४९ सम्म लेखिएका कविताहरूको सङ्कलन **बैंसालु वर्तमान** नेपाली प्रगतिवादी साहित्य क्षेत्रको प्रतिनिधि कवितासङ्ग्रह हो । जीवनलाई सारमय बनाउनु यससङ्ग्रहका कविताहरूको मूलभुत विशेषता भएको पौडेलको निश्कर्ष छ ।

### ४.२.१.५ जङ्गब चौहान

**जङ्गब चौहानले समकालीन साहित्य** त्रैमासिक (२०५३) मा **पारिजात** शीर्षकको लेखमा पारिजातको जीवन एवम् कृतित्वका विविध पक्षको बारेमा चर्चा एवम् टिप्पणी गरेको पाइन्छ ।

दार्जिलिङमा इन्द्रकमल फुलेको बेला पारिजातको जन्म भएको, आमा उनी सानै उमेरको छँदा मृत्यु भएको र आमाको माया बारेमा थाहा नभएको प्रसंग अघि सारेका छन् ।

पिताको मायाले मातृत्वको अभाव खट्किन दिएन । आम मानिसहरूभन्दा भिन्न डा. के. यस. वाइबालाई मानिसहरू सनकी नै ठान्थे । गोराहरूको जागीर छोडेर लिङ्गियाबाट लिम्बु

[१०३] खुमलाल पौडेल, 'बैंसालु वर्तमान : एक टिपोट', **प्रयोग** (वर्ष १, अङक २, पूर्णाङ्क २, २०५२) पृ. १६ ।

बस्तीको एक तीनकोठे घरमा बसाइँ सरेका वाइबाले स्थानीय मानिसहरूको सेवा गरे । उनको एउटा सानो औषधि पसल थियो । त्यहाँ रोगीभन्दा गैररोगी आउने र राजनीति र दर्शनको बारेमा बहस, गफगाफ हुने र चिया, चुरोट अनि पानबाट स्वागतसमेत हुन्थ्यो । फूर्सदका समयमा अनुसन्धानमा व्यस्त रहने डा. वाइबा रोगीहरूको निशुःल्क उपचारमात्र होइन, औषधि र आर्थिक सहयोगसमेत गर्दथे ।[१०४]

बालिका पारिजातले आफ्नै घरभित्र विद्रोही वातावरण देखिन् । देखिनमात्र होइन आफैले अनुभव गरिन् । प्रवासको त्यस तामाङ परिवारमा धर्म, अन्धविश्वास र परम्परागत मूल्यमान्यताहरू सबै भताभुङ्ग भए ।

पारिजातको साहित्यिक हृदयमा पुट दिने काममा उनका काकाका छोरा एउटा दाजुको महत्त्वपूर्ण भूमिका थियो । गाउँका सक्रिय युवक उनी खेलकुदका शैखिक हुनुका साथै हस्तलिखित पत्रिका पनि चलाउँथे । उनको लेखनी पारिजातको मन छुने आकर्षक हुन्थ्यो । उनले पारिजातलाई कविता लेख्न प्रेरित गरेका थिए । आफ्नो प्रयास र तिनै दाजुको आत्मीय प्रेरणाले उनी साहित्यकार बनिन् ।

२०१० सालमा दाजुको मृत्युले उनको परिवारमा दुःखको पहाड आइपऱ्यो । यस अप्रत्याक्षित चोटले बुवा डा. वाइबा एक प्रकारले विक्षिप्त जस्तै भए ।

चितरञ्जन नेपालीसँग नेपाली विषयको परीक्षाका सन्दर्भमा निर्देशन माग्दा पारिजातले लेखेका केही कविता सुन्ने मौका उनले पाए । पारिजातलाई लेख्न प्रोत्साहन दिने र उनका कविता सर्वप्रथम प्रकाशमा ल्याइदिने काम उनैले गरे । यसपछि पारिजातको कविता लेखन प्रारम्भ भयो ।

प्रारम्भिक ४ वटा उपन्यास लेखेर नष्ट गरेर पनि उनीभित्रको बेजोड उपन्यास लेख्ने चाहना मर्न सकेन । त्यो महत्त्वाकांक्षा बलियो भएको बेला उनलाई रोगले समात्यो । चारैतिर अँध्यारो देख्ने अवस्थामा लेखेको **शिरीषको फूल** ले मदन पुरस्कार पायो र सर्वाधिक चर्चा पनि प्राप्त गऱ्यो ।

गोर्खा सिपाहीको बदनाम गर्ने उद्देश्यले लेखिएको यस उपन्यासले चर्चा र विवाद दुवैलाई एकैसाथ जन्मायो । एकातिर यसलाई महिमामण्डित गर्ने प्रवृत्ति बढ्यो भने अर्कोतिर यसको आलोचना पनि हुँदै गयो ।

विसङ्गतिवाद-अस्तित्ववादका चरणहरू पार गर्दै **पारिजात** राल्फा आन्दोलनमा लागिन् । वैचारिक रूपमा परिवर्तन हुँदै पारिजात क्रमशः प्रगतिवादतर्फ अग्रसर भइन् । पछिल्ला कृतिमा नारीवादी स्वर स्पष्ट रूपमा आएको र लेखनमा आलोचनात्मक यथार्थवादी चिन्तन आएको पाइन्छ ।

**पारिजात** साहित्यिक संघ-संस्थाको साथसाथै राजनीति, पत्रकारिता, मानवअधिकार, महिला एवम् बालबालिकाको हितमा क्रियाशील भइन् । प्रतिकुल स्वास्थ्यका बावजुद साहित्यिक तथा

[१०४] जङ्गब चौहान, 'पारिजात', **समकालीन साहित्य** (वर्ष ६, अङक ३, पूर्णाङ्क २३, २०५३) पृ. ११८ ।

सामाजिक संघ-संस्थामा संलग्न भएर समाज परिवर्तनका लागि लागेको विश्व इतिहासमा कमै पाइने चौहान दावा गर्दछन् ।

नेपाली जातिकी महान् लेखिकाको उपचारका लागि सरकारले उचित ध्यान दिन सकेन । जीवनभर कलमवीर भएर बाँचेकी पारिजातले अन्त्यमा राहदानीमा ल्याप्चे लगाउनु पर्‍यो । देशको राजनैतिक विसङ्गतिकाबीच पारिजातले २०५१ साल जेठ ५ गते संसार छोड्नु परेको र देशले एक कर्मठ नागरिक गुमाउनु परेको कुरा चौहान बताउँछन् ।

### ४.२.१.६ नारायणप्रसाद अधिकारी

**नारायणप्रसाद अधिकारीले प्रयोग** (२०५३) मा **सम्झनाकी पारिजातलाई शब्द-पुष्पाञ्जली** शीर्षकको लेखमा पारिजातको सम्झना गरेका छन् ।

तामाङ संस्कारमा जन्मिएकी तर यथार्थमा नेपालकी छोरी पारिजात नेपाली साहित्यजगतमा साँच्चिकै पारिजात बनेर गएको टिप्पणी अधिकारी गर्दछन् । पारिजातको रुग्ण रुख ढले पनि पारिजातको स्वर्गीय सुवास र स्वर्णिम मकरन्द नहराएको अधिकारी दावा गर्छन् ।

रुख ढलेर गए पनि नेपाली साहित्य अँजुलीभरि पारिजातका सुवाससित सुकोमल फूलहरू लिएर श्रद्धाञ्जलीका मुद्रामा नतमस्तक भएर उदास-उदास उभिरहने भयो, उभिरहने भयो, अर्को शरद आए पनि र अर्को पारिजात पाए पनि ।[१०५]

जीवनका सबै रमाइला खहरेहरू एउटै रहरमा मिसिए पनि छोरा जन्माउने आमाभन्दा नजन्माउने आमा ठूली भएको चर्चा गर्दै उनको **मैले नजन्माएको छोरो** झन् लोकप्रिय भएको बताउँछन् ।

मानिसहरू पारिजातको वार्षिकी मनाइरहेको अवसरमा आफू भनेर पारिजात झर्खर जन्मेको र उनको आयु युगौं लामो भएको विश्वास उनले राखेका छन् ।

### ४.२.१.७ खगेन्द्र सङ्ग्रौला

त्यसरी नै **खगेन्द्र सङ्ग्रौलाले नवयुवा** (२०५३) मा **अपराजिता पारिजात** मा पारिजातसम्बन्धमा आफ्ना संस्मरण एवम् अनुभूति प्रकट गर्नुका साथै विभिन्न मतहरूको विश्लेषणसमेत गरेका छन् ।

एउटी स्कुल जान लागेकी बालिकालाई पारिजातबारे सोध्दा उनले पारिजातलाई नचिन्ने र माधुरी दिक्षितलाई चिन्ने गरेको जवाफ दिँदा अहिलेको व्यापारप्रेमी बोर्डिङहरूले प्रदान गर्ने संस्कृतिको प्रभाव देखिएको बताएका छन् ।

कतिपय लेखकले आफ्ना रचनालाई आफ्ना सन्तान हुन् भन्ने र सबै सन्तान बराबरी हुन् भन्ने मान्यता राखे पनि पारिजातको मत फरक रहेको सङ्ग्रौला बताउँछन् । आफूले मेहनत साथ लेखेको **शिरीषको फूल** पारिजातलाई पछि मन पर्न छाड्यो, किनकी यसले निराशामात्र बाँडेको छ ।

---

[१०५] नारायणप्रसाद अधिकारी, 'सम्झनाकी पारिजात', **प्रयोग** (वर्ष १, अङ्क ६, पूर्णाङ्क ६, २०५३) पृ. ८ ।

आफूलाई 'अपाङ्ग' भनेको मन नपर्ने पारिजातलाई नारी लेखिका भनेको पनि मन पर्दैनथ्यो । कसैले नारी लेखिका भनिदिँदा उहाँ त्यस भनाइले आफ्नो व्यक्तित्वलाई खुम्च्याउन, होच्याउन खोजेको अनुमान लगाउनुहुन्थ्यो । उहाँ त्यस्ता भनाइमा पुरुष समाजको मिचाहापन ठान्नुहुन्थ्यो भन्ने सङ्ग्रौलाको तर्क छ ।

खगेन्द्र सङ्गौलाले **गरिमा** मासिक (२०५४) मा **पारिजात दिदीसँग केही क्षण** नामक लेखमा पारिजातसँगका आफ्ना सम्बन्ध एवम् संस्मरणात्मक अनुभूतिहरूलाई प्रस्तुत गरेका छन् ।

विचारमा, सङ्घर्षको गोरेटोहरूमा र सिर्जनप्रक्रियामा लामो समयसम्म अटुट, निकट र अन्तरङ्ग सम्बन्ध भएको प्रतिभासँग बिताएको महत्त्वपूर्ण क्षणहरूको संस्मरण गर्न खोज्दा त्यो कुनै विलक्षण प्रतिभा नै होइन जस्तो लाग्ने कुरा सङ्ग्रौलाले अभिव्यक्त गरेका छन् ।

वि.सं. २०२८ सालमा पारिजातको भोटेबहालमा रहेको डेरामा आफ्ना भान्जा गङ्गा ओलीको साथमा पारिजातको डेरामा पुगेको र सो अवस्थामा उनी नानाबेली समस्या र वेदनाको जालोमा जेलिएकी, उनलाई कुनै राल्फाली कृतघ्न सन्ततिले जघन्य धोका दिएको रहेछ । बाको स्वास्थ्य बिग्रेको रहेछ । आर्थिक अभाव बढेको त पारिजात दिदीको कहिल्यै विछोड नहुने दुष्ट साथी यसै छँदै थियो ।[१०६]

२०१३ सालमा पारिजात दिदीसँग पहिलो वास्तविक र सार्थक भेट भयो । उहाँ त्यो बेला म्हेपी, बालाजुमा बस्नुहुन्थ्यो । पछि बस्नुभएको सुकन दिदीको घरदेखि अलि यतातिर उहाँको डेरा थियो । पारिजात, निर्मल लामा र सुकन दिदीको संयुक्त निम्तामा आफू गएको र दोहोरो शर्तका रोचक सुत्रहरूले त्यो निम्ता बाँधिगएको कुरा सङ्ग्रौला बताउँछन् । त्यस साँझ खाने र बस्ने काम त्यहीँ हुने र सट्टामा कथा सुनाउनु पर्ने शर्त थियो । त्यहाँ पुग्दा निर्मल लामाले राँगाको खुट्टाको सुर्मा बनाइरहेको, त्यो तागतिलो, सस्तो र पोसिलो हुने कुरा निर्मलले भने । कुराकानीका क्रममा पारिजातलाई कर्कश कोलाहलमय वातावरणमा बस्दा एकाग्रता भङ्ग हुँदैन ? भनेर सोध्दा डेरामा बस्नेले घरको जस्तो सुविधा नपाउने, कोलाहल भए पनि आफूसँग सिङ्गो कोठा भएको र देशमा धेरै मानिसले रात काट्न रुखको फेदसम्म नपाउने जवाफ दिएको कुरा खगेन्द्र व्यक्त गर्छन् । खानपिनपछि आफूले **नलेखिएको इतिहास** सुनाएको र पारिजातले त्यसको प्रशंसा गरेको बताउँछन् ।

पारिजात दिदी **परिभाषित आँखाहरू** लेख्दाका बखत सारा सञ्चार र सम्पर्कका सारा ढोका बन्द गरेर लेख्न लागिन् ।

पारिजातका कृति छाप्न प्रकाशकहरूमा होड चल्थ्यो । त्यतिखेर आफूहरूले **स्रष्टा प्रकाशन** सुरु गरेको र पारिजातको एक कृति छाप्ने कुरा उठेको खगेन्द्र बताउँछन् । पाण्डुलीपि मुरारीले पढेर आफूलाई दिएको र सो पढ्दा त्यसमा पात्रको अमानवीकरणको चित्रण प्रकृतवादी शैलीमा गरेको आफूलाई लागेको उनी व्यक्त गर्दछन् । पारिजात दिदीका त्यसअघिका उपन्यासहरूको दाँजोमा उपन्यासमा अगुवा सामाजिक चेतनाको उपस्थिति निम्छरो थियो । सामाजिक चेतनाको

---

[१०६] खगेन्द्र सङ्गौला,'पारिजात दिदीसँग केही क्षण', **गरिमा** (वर्ष १५, अङक ८, पूर्णाङ्क १७६, २०५४), पृ. ५९ ।

संयोजन त झनै निम्छरो थियो । आफू लगायत साथीहरूले उपन्यासप्रति प्रतिक्रिया दिएर पुनर्लेखन लागि आग्रह गर्दा उपन्यासमा सचेत ढङ्गले जीवनको सहजशीलताको निर्वाह गरिएको दावा गरियो । पुस्तक अन्य प्रकाशनबाट प्रकाशित भयो र सम्बन्ध पनि पहिले जस्तो भएन ।

पछि एक दिन पारिजातका जाँदा सो कृतिबारे तीतो बहस भयो । **जनमत** ले **पारिजात विशेषाङ्क** निकाल्दा सङ्ग्रौलाको **पारिजात : एक श्वेतश्याम चित्र** नामक लेख छापियो । सम्पादकीयमा नै यस लेखबारे टिप्पणी छापियो । सो लेखमा आफूले पारिजातको वीरपुजक प्रवृत्तिप्रति टिप्पणी गरिएको कुरा उनी बताउँछन् ।

पारिजात बिरामी हुँदा प्रलेसको महासचिवको हैसियतले संकलन भएको रकम १० हजार बुझाउन गएको र पारिजात भावविभोर भएको प्रसंग उनी अघि सार्छन् । पछि पारिजातलाई निको नभएर संसार नै छाड्नु परेको प्रसंग उनी अघि सार्छन् । भौतिक रूपले अवसान भए पनि भावनाको संसारमा पारिजातको बिम्ब एक अपराजिता शक्तिपुञ्जका रूपमा अमर रहने विश्वास उनले लिएका छन् ।

**नवयुवा मासिक** (२०६२) मा **खगेन्द्र सङ्ग्रौला**को **पारिजातको सम्झनामा** नामक लेख छापिएको छ । नागरिक अधिकारका लागि लड्नु परेको हालको अवस्थामा विगतमा पारिजातले नागरिक अधिकारका लागि लडेको घटनाको संस्मरण उनले प्रस्तुत गरेका छन् ।

२०४६ सालको आन्दोलन हुँदा पनि देशमा हुकुमी शासन रहेको र पारिजातले साहसका साथ युद्धप्रसाद मिश्र र वासु शशीको हाराहारीमा उभिएर लेखक-कलाकारको धर्नामा नेतृत्व गरेको घटनाबाट आफू प्रभावित भएको तथ्य अघि सार्छन् ।

धर्ना बसेका अरू लेखक-कलाकारलाई प्रहरीले घेरेर लछार-पछार गर्दै पक्राउ गरे पनि प्रहरीले छुने आँट गर्न सकेन । किनभने पारिजातको जीउ कुँजिएको थियो । लछार-पछार गरेर ट्रकमा राख्दा केही भइहाल्यो भने आपत पर्ला भनेर प्रहरी हच्कियो । पारिजातले एक्लै दुई घण्टा धर्ना दिइन् । उनको यो साहसबाट आफूमा असर परेको र न्याय एवम् सत्यका लागि लागिरहने प्रेरणा एवम् बल मिलेकोसमेत बताउँछन् ।

अगाडि-पछाडि ठूला कुरा गर्ने तर निर्णायक अवस्थामा मुन्टो लुकाउनेहरू आफूले धेरै देखेको, पारिजातमा भएको जुझारु आत्मविश्वास भएका लेखक कम देखेको प्रसंग अघि सार्दै कलम र बन्दुकबीचको अहिलेको यो टकरावमा पारिजातको सम्झनाले आफूलाई सँधै नै प्रेरणा, आशा र साहस दिने विश्वास व्यक्त गर्दछन् ।

### ४.२.१.८ खेम दाहाल

खेम दाहालले **"गरिमा"** (२०५५) मासिकमा **"अनिदो पहाडसँगै : एक संक्षिप्त विवेचना"** लेखमा अनिदो पहाडसँगै उपन्यासको विभिन्न कोणबाट विश्लेषण गरेका छन् ।

वि.सं. २०३० सालपछि पारिजातको संलग्नता प्रगतिवादी लेखिकाका जीवनका प्रभावबाट पार्टीसित रहेको हुँदा त्यसपछिका उनका रचनामा लेखिकाका जीवनका प्रभावबाट अनुप्राणित

दृष्टिकोण देखिन्छन् । **अनिदो पहाडसँगै**मा उनी पूर्ण रूपले प्रगतिवादी साहित्यकार देखिएको उनको तर्क छ ।

**अनिदो पहाडसँगै** (२०२९) नेपाली जनजीवनमा घटेका धेरै सत्यतथ्य घटनाहरूलाई कलात्मक रूप दिइएको जीवनजगतको तस्वीर हो । यो उपन्यासमा देशमा भएका कुरालाई बनिबनाउका साथ उतारिएको हुनाले ऐतिहासिक यथार्थमा आधारित उपन्यास भन्न सकिन्छ ।[१०७]

सामाजिक वातावरणलाई प्रमुख स्थान दिएर उपन्यास लेख्ने नेपाली साहित्यका इतिहासमा राजनीतिलाई प्रमुख स्थान दिने परिपाटीलाई थपिएको हो । प्रमुख आधारमा हावापानी, चलन, धर्म नै देखिएका परिप्रेक्ष्यमा हलचललाई सरल ढङ्गले अटाएर संक्षिप्त रूपमा उपन्यास लेख्दै जाँदा पारिजातले यो उपन्यास २०३६ सालमा घटेका घटना र विद्यार्थी आन्दोलनलाई प्रमुख आधार बनाएर लेखेका छन् ।

### ४.२.१.९ रामप्रसाद ज्ञवाली

**रामप्रसाद ज्ञवालीले जम्को** मासिक (२०५५) मा **पारिजातको सिर्जनकारिताको अध्ययन, संक्षिप्त विश्लेषण तथा मूल्याङ्कन** लेखमा पारिजातको लेखनका विभिन्न पाटाहरू बारे सूक्ष्म विश्लेषण गरेको पाइन्छ । शारीरिक सौन्दर्य र हठवादी मानसिकता सुरुदेखि नै प्राप्त गरेकी पारिजातमा आफ्नो रूपसौन्दर्य र अरूद्वारा प्राप्त प्रशंसा गर्दा उच्चताग्रन्थिगत अहम् विकास बढ्यो भने दार्जिलिङको प्राकृतिक सौन्दर्यले उहाँभित्र काव्यात्मक हरियाली भरेको ज्ञवाली बताउँछन् । बाबुको कडा शासन र आफ्नो स्वच्छन्दात्मकता तथा छुट्टै अस्तित्वबोधगत जिद्धीपनका आभ्यन्तरिक द्वन्द्वमा रगडिँदै बाल्यवस्था सुरु भएको पाइन्छ ।

१५ वर्षको उमेरमा ओछ्यान परेकी पारिजात १९-२० वर्षको उमेरमा अपाङ्ग हुनुभयो । अरूको आफूमाथिको शासन र पराधीनतालाई मन नपराउने पारिजातमा यस घटनाले सधैँ पराश्रित भएर बाँच्नुपर्ने बाध्यता ल्यायो । असामान्य परिस्थितिको मारमा परेपछि उहाँमा मानसिक कुण्ठा, विसङ्गतिबोधजस्ता मृत्युन्मुखी चेतनाले ठाउँ पायो ।[१०८]

ज्ञवालीले पारिजातको लेखनयात्रालाई ५ चरणमा विभाजित गरेका छन् । पहिलो चरण (२०१३-२०२०) स्वच्छन्दतावादी पारिजात, दोस्रो चरण (२०२१-२०२५) विसङ्गतिवादी पारिजात, तेस्रो चरण (२०२६-२०२९) प्रगतिवादोन्मुख पारिजात, चौथो चरण (२०३०-२०४५) प्रगतिवादी पारिजात, पाँचौ चरण (२०४७-२०४९) विचलनोन्मुखी पारिजात । यसरी चरण विभाजन गरे पनि ज्ञवालीले पारिजातको कृतित्वलाई पूर्वार्द्ध (सुरुदेखि- २०२९ सम्म) र उत्तरार्द्ध (२०३० देखि पछि) गरी दुई भागमा विभाजन गरी विश्लेषण गरेको पाइन्छ ।

**आकांक्षा** कवितासङ्ग्रह उहाँका अध्ययनकालका रचनाहरू हुन् । यससङ्ग्रहबाट पारिजातमा प्रतिभा, प्रवाह, विश्वास र सम्भावना रहेको बुझ्न सकिन्छ । नारी संवेदनाका रेसाहरू,

---

[१०७] खेम दाहाल, 'अनिदो पहाडसँगै : एक संक्षिप्त विवेचना', **गरिमा** (वर्ष १७, अंक ३, पूर्णाङ्क १९५, फागुन २०५५), पृ. १५० ।

[१०८] रामप्रसाद ज्ञवाली, 'पारिजातको सिर्जनकारिताको अध्ययन, संक्षीप्त विश्लेषण तथा मूल्याङ्कन', **जम्को**, (वर्ष १, अङक २, २०५५), पृ. ४ ।

नारी अस्तित्वको मोह र प्रस्तुतिमा प्रयोगधर्मिता पाइन्छ । यस अर्थमा संवेदना, विसङ्गतिबोध र अस्तित्वका बीज यसैसङ्ग्रहमा पाउन सकिन्छ ।

पछिल्लो चरणका कवितामा गद्यलयात्मक प्रवाह र लोकलयात्मक अन्तर्गुम्फनले प्रभावशाली र सशक्त बनेको एवम् सुन्दर बिम्ब र प्रतिकको कलात्मकता पाइन्छ । वर्ग सङ्घर्षको सामाजिक यथार्थलाई सचेत प्रगतिवादी कवयित्री पारिजातले भावपरिपाक प्रदान गरी प्रस्तुत गर्नुभएको र उहाँको कवित्वको प्रतिनिधित्व **बैंसालु वर्तमान** (२०५०) ले गर्ने कुरासमेत ज्ञवालीले व्यक्त गरेका छन् ।

पूर्वार्द्धका कथाहरूमा पारिजात जीवनतिरको स्पष्ट र स्वस्थ दृष्टिकोण खोज्ने भन्दा नैराश्यका आँसु बगाउने तथा निरर्थक हुँकारका छालहरू उठाउने गरिएको छ । असन्तुष्टि, शून्यता छाएको छ । उहाँले प्रेमीलाई दुत्कार्नु भयो तर उहाँभित्रकी नारीले पुरुषस्पर्शको चाहना गरिरही र ऊ अप्राप्तिको अन्तर्जलनमा झुल्सिरही । उहाँले त्यो अव्यक्त अनुभूति गरिरहनु भयो तर विश्लेषण गर्न सक्नु भएन । त्यसैले उहाँका यी कथाहरूमा चरम यौनकुण्ठा र महाविसङ्गतिबोध पाइन्छ । उत्तरार्द्धका कथाहरू पूवार्धभन्दा पृथक देखिन्छन् । यी कथाहरूमा मानवीय मूल्यको अवमूल्यन पाइन्न । यी कथाहरूमा मान्छेलाई सभ्य, सुसंस्कृत, सुन्दर र परिष्कृत प्राणीका रूपमा व्याख्या गर्ने प्रयास गरिएको जवाली दावा गर्दछन् ।

**शिरीषको फूल** र **महत्ताहीन** उपन्यासहरूमा व्यक्तिगत कुण्ठा, पीडा, रोदन, नैराश्य, निस्सारता, शून्यताजस्ता मानवद्वेषी भाव तथा विचारलाई पोख्ने पारिजातले **बैंसको मान्छे** उपन्यासमा आक्रोश, विद्रोह र असन्तुष्टि प्रस्तुत गर्नुभएको छ । पहिलेका उपन्यास रुन्चे आँसु हुन् भने यो उपन्यास अव्यवस्थित तर तुलनात्मक रूपमा स्वीकार्य आँट हो । **तोरीबारी, बाटा र सपनाहरू** उपन्यासमा जनताका कठिनाइहरू र सामाजिक विसङ्गतिको उद्घाटन गरिएको पाइए तापनि सम्पूर्णतः प्रगतिवादलाई प्रस्तुत गर्न सकेको छैन । यसै उपन्यासबाट पारिजातको समाजवादी यथार्थवादी चिन्तनको यात्रा सुरु हुन्छ । नेपाली समाजको यथार्थलाई चरप्प पक्रेर प्रगतिवादी कलामूल्यको उदाहरण दिन नसके पनि सामाजिक रुढिबादी र खोक्रा ढौँगहरूका भित्ता बिस्तारै ढल्दै गएको यथार्थलाई पहिल्याउन सकेको छ । **अनिदो पहाडसँगै** पारिजातको सर्वश्रेष्ठ उपन्यास बनेको छ । यस उपन्यासले जुन स्वस्थ, सुन्दर र स्पष्ट चेतना तथा उच्च कलाको गरिमा प्राप्त गरेको छ, त्यसलाई पारिजातका पछिल्ला उपन्यासहरूले थेग्न सकेका छैनन् । **परिभाषित आँखाहरू** मा पारिजातको प्रगतिवादी जीवनचेतना केही डगमगाएको छ । यसमा यौनविकृति चियाएको छ । उपन्यासकी नायिकाको त्रासद अन्त्य जसरी हुन्छ, त्यसले पारिजातमा रहेको पूर्वार्द्धको विसङ्गतिबोध फेरि जाग्न खोजेको अनुभव हुन्छ तर त्यो क्षणिक देखिन्छ भनेर ज्ञवालीले भनेका छन् ।

आत्मसंस्मरणमा पारिाजातले केवल विगतको संस्मरणमात्र गर्नुभएको छैन, साथमा स्वयंलाई नायक बनाई आफ्नो जीवनको स्वयंले पर्यवेक्षण, विश्लेषण र मूल्याङ्कनसमेत गर्नुभएको छ । मानिसले प्रायः आफ्ना कमजोरीहरूलाई ढाकछोप गर्ने प्रयास गर्ने गरे तापनि पारिजातले त्यस

किसिमको प्रयास नगरेको र इमान्दारिता र निर्भिकताले उहाँलाई यथार्थ रूपमा प्रस्तुत हुन सघाएको छ ।

पारिजातका पूर्वार्द्धका रचनाहरूमा निस्सारता, पलायन, चरम व्यक्तिवादी अस्तित्वबोध, फ्रायडीय यौनकुण्ठा, चरम विसङ्गतिबोध, प्रयोगधर्मी शिल्प देखा पर्छन् भने उत्तरार्द्धका रचनाहरूमा स्वस्थ चिन्तन, स्पष्ट दिशाबोध गर्दै वर्गीय सचेतता र सामूहिक न्यायका स्वरहरू पाइने ज्ञवालीको भनाई छ ।

### ४.२.१.१० मञ्जुल

मञ्जुलले **समकालीन साहित्य** त्रैमासिक (२०५६) मा **पारिजातः अनुभूतिकी गायिका** लेखमा पारिजातको जीवन एवम् लेखन सम्बन्धमा आफ्ना धारणा र विचारहरू सुस्पष्ट ढङ्गले प्रस्तुत गरेका छन् ।

पारिजातलाई कसैले निराशावादी, कसैले शून्यवादी, कसैले अस्तित्ववादी र धेरैले मार्क्सवादी भने पनि सबै तर्कहरू आ-आफ्नो ठाउँमा बलिया छन् । पारिजातले सबैलाई यसो भन्ने मौका दिनुभएको छ । पारिजात यी सबै हुनुहुन्छ र यो भन्दा बढी पनि हुनुहुन्छ । खासमा पारिजात आफ्नो अनुभूतिकी सशक्त गायिका हुनुहुन्छ ।[१०९]

पारिवारिक रूपमा घटेका घटना-दुर्घटनाले पारिजातलाई निराश तुल्यायो । यस्तो बेला कहाँकहाँ खुसीको गीत गाउने ? कहाँ आशा र उमङ्गका कुरा गर्ने ? जीवनानुभूतिले उहाँलाई त्यसो गर्ने मौका दिएन । त्यसैले उहाँ निराशावादी बन्नुभयो, घोर निराशावादी ।

**महत्ताहीन** लेखिरहेका बेला एक हुल युवाहरू आए- छोरा, भाइ अनि साथीको रूपमा । तिनीहरूले विसङ्गतिका कारणहरू केलाए । सङ्घर्ष न्यानो र तागतिलो हुन्छ भन्ने कुराको बोध गराए । वातावरण फरक भए पछि उहाँ आशावादी हुनुभयो, सङ्घर्षशील हुनुभयो ।

राल्फा हुँदै मार्क्सवादी आस्था अनुरूप बनेको कम्युनिष्ट पार्टीमा सामेल हुनुभयो । राल्फाकालका तिनै युवाहरूमध्ये रायनलाई लिएर सांस्कृतिक आन्दोलनको नेतृत्व गर्नुभयो । महिलाहरूको मात्र हैन, तमाम क्रान्तिकारी पङ्तिका नेताहरूमध्येकी एक जना नेता हुनुभयो । उहाँले **बैंसको मान्छे** वा त्यही शृङ्खलाका अरू उपन्यास मात्र होइन **अनिदो पहाडसँगै** पनि लेखेर सकेसम्म मार्क्सवादी भएको कुरा मञ्जुल व्यक्त गर्दछन् ।

आफ्नो पार्टी फुटे पछि उहाँ पहिलेजस्तो उत्साही हुनु भएन । राजनीतिभन्दा समाजसेवामा सक्रिय हुनुभयो । पारिजात मार्क्सवादी भए पनि मार्क्सवादी आचरण पूर्ण रूपमा पालना नगर्ने स्वभावका कारण आलोचित भइरहेको कुरा मञ्जुल बताउँछन् । सिद्धान्तभन्दा अनुभूतिले नेतृत्व गरेकोले अनुभूतिकी नायिका भएको र जीवनमा पनि त्यसको छाप देखा परेको कुरा मञ्जुल दावा गर्दछन् ।

---

[१०९] मञ्जुल, 'अनुभूतिकी गायिका', **समकालीन साहित्य,** (वर्ष ९, अङक २, पूर्णाङ्क ३४, २०५६) पृ. ५२ ।

### ४.२.१.११ कृष्णप्रसाद घिमिरे

**कृष्णप्रसाद घिमिरेले गरिमा** मासिक (२०५७) मा **पारिजातको कथाकारित र सडक र प्रतिभा कथाको विश्लेषण** शीर्षक समालोचनात्मक लेखमा पारिजातको कथा लेखनका चरण विभाजनको साथै **सडक र प्रतिभा** कथाको विश्लेषणसमेत गरेका छन् ।

पारिजातले कविता, कथा, उपन्यास, आत्मसंस्मरण र निबन्ध लेखे तापनि गुणात्मक योगदानका आधारमा उपन्यासपछि उनको कथाकार व्यक्तित्व नै बढी प्रखर रूपमा देखिएको छ । पारिजातका प्रायः कथाहरू चेखबका जस्ता छोटा भएर पनि सामाजिक जनजीवनको बाध्यता र व्यक्ति विशेषको मानसिक चित्र खिच्न सफल देखिन्छन् । उनका कथाहरूले समकालीन युगको प्रतिनिधित्व गर्दै समयसापेक्ष परिवेशको उद्घाटन गरेका हुन्छन् । समकालीन यथार्थ र विसङ्गतिबोधको सत्यापन पारिजातका कथामा गरिएको हुन्छ । यही नै उनका कथाको उदाहरणीय पक्ष हो ।

घिमिरेले पारिजातको कथा यात्रालाई दुई भागमा बाँडेर चार चरणमा उपविभाजन गरेका छन् । पूर्वार्द्ध भाग (२०२१-२०३२) र उत्तरार्द्ध भाग (२०३३-२०४९) सम्म विभाजन गरिएको छ । पूर्वार्द्ध भाग अर्न्तगत प्रथम चरण २०२१-२०२५ सम्म र द्वितीय चरण २०२६-२०३२ सम्म उपविभाजन गरिएको छ भने उत्तरार्द्ध भाग अर्न्तगत तृतिय चरण २०३३-२०४३ सम्म र चौथो चरण २०४४-२०४९ सम्म उपविभाजन गरिएको छ । प्रथम चरणमा **आदिम देश** का विसङ्गतिवादी कथाहरू पर्दछन् भने द्वितीय चरणमा राल्फाली कालका विसङ्गतिवादी-निस्सारतावादी कथाहरू पर्दछन् । तृतीय चरणमा **साल्गीको बलात्कृत आँसु** (२०४३) जस्ता प्रगतिवादी कथाहरू पर्दछन् भने चौथो चरणमा **वधशाला जाँदा आउँदा** जस्ता समाजवादी-यथार्थवादी कथाहरू पर्दछन् ।

पारिजातको **सडक र प्रतिभा** कथा **मधुपर्क** (२०२५) पत्रिकामा प्रकाशित भएको र पछि कृतिमा सङ्ग्रहित गरिएको हो । यो उत्कृष्ट प्रयोगवादी कथा हो ।[११०]

वि.सं. २०१७ पछि नेपालको राजनीतिमा उकुसमुकुसको वातावरणले गर्दा सबै क्षेत्रमा स्वतन्त्रताको अपहरको स्थिति देखा पर्‍यो । फलतः तत्कालीन स्रष्टाहरूको प्रतिभा सेन्सरसिपमा परेर खुजमुजियो । समाजमा भएका अन्याय, असमानता र अत्याचरको विरोधमा २०२३ सालमा राल्फा नामको जमात देखियो । पारिजात यसै राल्फा समुदायभित्रकी एक प्रमुख व्यक्तित्व हुन् । राल्फाले सामाजिक विसङ्गतिको विरोध गर्ने लक्ष्य लिएको थियो । यही भावनाको अभिव्यक्ति **सडक र प्रतिभा** कथामा पाइन्छ ।

यौन स्वतन्त्रताको पक्षमा कथा बोलेको छ । जीवनको निस्सारता र विसङ्गतिबोध गर्ने यस कथामा नेपाली, नेवारी र अङ्ग्रेजी भाषाका शब्दहरू छन् । कथामा प्रयोगवादी प्रवृत्ति पाइन्छ । सहरिया परिवेशबाट व्यक्ति मनमस्तिष्कमा सङ्कटग्रस्त अवस्थाको चित्रण गर्दै राजधानीमा बाँचेका मानिसहरूको शारिरीक, मानसिक र भौतिकवादी अवस्थालाई चित्रण गरिएको घिमिरे बताउँछन् ।

---

[११०] कृष्णप्रसाद घिमिरे, ‘पारिजातको कथाकारिता र सडक र प्रतिभा कथाको विश्लेषण’, **गरिमा**, (वर्ष १८, अङक ६, पूर्णाङ्क २६०, २०५७) पृ. ५३ ।

कृष्णप्रसाद घिमिरेले **गोरखापत्र शनिवार** (२०६२) मा 'पारिजातका धेरै कुराहरूमा विवाद छ ।' शीर्षक लेखमा पारिजातसम्बन्धी विवादहरू उल्लेख गर्नुका साथै केही विवादको अन्तिम टुङ्गोसमेत लगाएको पाइन्छ ।

घिमिरेले पारिजातसम्बन्धमा धेरै कुराहरूमा विवाद रहे पनि यस लेखमा तीनवटा विषयमा भएका विावदहरू उल्लेख गरेका छन् । 'जन्ममितिसम्बन्धी विवाद' मा आफू, बद्रीविशाल पोखरेल र दार्जिलिङका साहित्यकार बिन्द्या सुब्बा पारिजातको जन्मस्थल जाँदा उनको जन्मस्थान मेरिबुङ चियाकमानको तल लिङ्गे चियाबगानमा भएको तथ्य अघि आएको बताएका छन् । पारिजातका बुबाले उनलाई कक्षा- २ मा नेपाल गर्ल्स हाइस्कुलमा भर्ना गर्दा आफ्नै हातले लेखेर बुझाएको अभिलेख फाराममा उनको जन्ममिति १९९० साल फाल्गुण ३० गते लेखाएको महत्त्वपूर्ण सामग्री फेला पारेको उल्लेख गरेका छन् । पारिजातको स्वयम्ले भनेको भनाइ, उनका बाबुले कक्षा- २ मा भर्ना गर्दा आफैले जन्ममिति लेखेर बुझाएको अभिलेख फाराम र जन्मेको खबर गर्न जाने मान्छेले भनेको आधारमा उनको जन्म १९९० साल फाल्गुण ३० गते मंगलबार भएको प्रमाण मिलेको दावा गरेका छन् ।

पारिजातले प्राथमिक विद्यालय, दार्जिलिङमा सर्वप्रथम पढेको पाइन्छ । अङ्ग्रेजी, नेपाली, गणित र लामा (भाषा) पढेको देखिन्छ । यो बुद्धिष्ट विद्यालय हुन्छ । त्यसपछि क्रमशः नेपाल गर्ल्स हाइस्कुलमा २-६ सम्म, सेन्ट टेरिजामा ७-८ र ९-१० शारदेश्वरीमा पढेको पाइन्छ । २०११ साल मंसीरमा काठमाडौं आएर प्राइभेट परीक्षा दिएको (यस.एल.सी.) र उत्तीर्ण भएको पाइन्छ । प्रायः लेखकहरूले नेपाल गर्ल्स हाइस्कुल बाहेक अन्य विद्यालयको नाम उल्लेख गरेको पाइँदैन ।[१११]

यसरी जन्ममिति र विद्यालयसम्बन्धी विवादसँगै पारिजातको कृति सम्बन्धमा पनि विवाद रहेको घिमिरे बताउँछन् । **बोनी** (२०४८) मा साङ्ग्रीला प्रकाशनबाट लघुउपन्यास भनेर प्रकाशित हुन्छ । त्यसभन्दा अगाडि **साल्गीको बलात्कृत आँसु** (२०४३) मा कथा भनेर प्रकाशित भएको हुन्छ । समालोचक हीरामणि शर्माले लघुउपन्यास भनेर तर्क दिएपछि २०४८ मा उपन्यासको रूपमा प्रकाशित भयो । यसबारेमा अझै पनि चर्चा परिचर्चा हालसम्म पनि भइरहेको छ । **धुपी, सल्ला र लालीगुँरासको फेदमा** (२०४३) र **अध्ययन र सङ्घर्ष** (२०५०) मा आत्मसंस्मरण भनेर प्रकाशित भए पनि आत्मकथा भन्नुपर्ने **पारिजातको अन्य विधाको अध्ययन** विषयमा स्नात्तकोत्तर शोध गर्ने **रमेशचन्द्र रोका** र शोक निर्देशक **भिक्टर प्रधान**को रहेको तर्क घिमिरे सङ्केत गर्दछन् ।

### ४.२.१.१२ बमबहादुर थापा 'जिताली'

**बमबहादुर थापा जिताली** ले **समकालीन साहित्य** त्रैमासिक (२०५९) मा **उपन्यासकार पारिजात र उनको शिरीषको फूल** नामक समालोचनात्मक लेखमा पारिजातको उपन्यासकारिताको साथै **शिरीषको फूल** उपन्यासको विश्लेषणसमेत गरेका छन् ।

नेपाली उपन्यास साहित्यमा पारिवारिक सन्दर्भदेखि माथि उठेर वर्गीय, व्यवसायिक र प्रगतिशील दृष्टिकोणलाईसमेत अँगालेर उपन्यास लेख्ने केही उपन्यासकारहरू पछि मात्र यस

[१११] कृष्णप्रसाद घिमिरे, 'पारिजातका धेरै कुराहरूमा विवाद छ ।' **गोरखापत्र शनिवार**, २०६२ फाल्गुण २७ गते शनिवार, पृ. ख ।

क्षेत्रमा पारिजातको आगमन हुन्छ । उपन्यासको क्षेत्रमा पारिजात आउनु अगाडि नेपाली उपन्यासले सामाजिक सन्दर्भलाई मूल वा गौण रूपमा अँगालेको थियो ।

२०२२ सालमा **शिरीषको फूल** सँगै देखापर्ने पारिजातले आफ्नो पहिलो उपन्यासमा समाजलाई पूर्ण रूपबाट परित्याग गर्न पुगेकी छन् । यस उपन्यासमा सामाजिक सन्दर्भ गौण रूपमा पनि फेला पर्न सक्दैन । पारिजातको जीवन-दृष्टि समाज-निरपेक्ष छ । उपन्यासमा प्रतिकको प्रयोगद्वारा जीवन र जगतको विसङ्गति व्यक्त गर्ने क्रममा औपन्यासिक कला गतिलो र सुन्दर बन्न पुगेको छ । भाषामा काव्यात्मकता र शैलीमा साधारण परिष्कार अँगाल्ने यस उपन्यासले उपन्यास र उपन्यासकारलाई सजीव र सशक्त प्रतिभाका रूपमा उठाएको छ ।[११२]

आत्मपरक शैलीमा लेखिएको **शिरीषको फूल** एक जीवन विश्लेषणात्मक उपन्यास हो । यो उपन्यासले शून्यतावादी, निस्सारतावादी, पलायनवादी र विसङ्गतिवादी जीवन-दर्शनको विवेचना गरेको छ । यो उपन्यास जीवन-दर्शन र औपन्यासिक सङ्गठनका दृष्टिले नेपाली उपन्यास साहित्यमा नितान्त मौलिक र नवीन रूपमा देखा परेको जिताली चर्चा गर्छन् ।

उपन्यासका सम्पूर्ण चरित्र, परिवेश र जीवन-दृष्टिले विसङ्गतिको सिङ्गो सङ्ग्राहलय बन्न पुगेको छ । उपन्यासभित्र व्यक्त भएको सम्पूर्ण विसङ्गतिवादी दर्शन सुयोगवीरका आँखाले देख्न सकिन्छ र उसैको भावना र अभिव्यक्तिमा लेख्न सकिन्छ र उसैको जीवनचर्यामा पढ्न सकिन्छ । उसको जीवनमा शिवराज सारहीन बाँचिरहेको छ । सकम्बरी एउटी निस्सार जीवन बिताइरहेकी स्वास्नीमान्छे हो र ऊ आफूचाँही शून्यतामा खारिएर निस्किसकेको मान्छे हो भन्ने कुरा जिताली दावा गर्छन् ।

यस उपन्यासमा अँगालिएको जीवन-दृष्टि निस्सार, विसङ्गत र अस्तित्वहीन मात्र छ भन्ने कुरा उपन्यासले छर्लङ्ग पारेका कुरा जिताली अभिव्यक्त गर्छन् ।

### ४.२.१.१३ नयना प्रधान

नयना प्रधानले **मधुपर्क** मासिक (२०६०) मा **बहुआयमिक सिर्जनाका साधक पारिजात** लेखमा पारिजातको साहित्य यात्राका फरक-फरक धारहरूको प्रवृत्ति केलाउने काम गरेकी छन् ।

सर्वप्रथम २०१३ सालमा **धरती** पत्रिकामा दुई कविताहरूका रूपमा छापिएको थियो । पारिजातका प्रारम्भिक रचनाहरूमा रोमान्टिक भावधारा र प्रेम र प्रणयका भावधाराहरू व्यक्त भएका छन् । २०१४ सालमा पारिजातको **आकांक्षा** कवितासङ्ग्रह प्रकाशित भयो । एक युवतीको भावुक प्रेमप्रसङ्ग र उनले भोगेको जीवन र वास्तविकता नै कविताको विषयवस्तु बनेको देखिन्छ । **आकांक्षा**भित्रका कविताहरू प्रेम आग्रह र त्यसको असफलताबाट उत्पन्न भएको निराशा हो । यस भित्रका कविताहरूले भाव शिल्प र संरचनागत उच्चता प्राप्त गर्न सकेका छैनन् ।

पारिजातको **आकांक्षा** देखि **पारिजातका कविता** सम्मको यात्रा गर्दा नितान्त वैयक्तिक आत्मपरक भावलाई कवितामा प्रस्तुत भएको प्रधानले उल्लेख गरेकी छन् । **बैंसालु वर्तमान**

---

[११२] बमबहादुर थापा 'जिताली', 'उपन्यासकार पारिजात र उनको शिरीषको फूल', **समकालीन साहित्य,** (वर्ष ८, अङ्क ३, पूर्णाङ्क ३१, २०५९) पृ. १३५ ।

कवितामा चाँही सामाजिक विकृतिहरूको समस्याहरूको यथार्थ पक्ष प्रस्तुत भएको छ । **बैंसालु वर्तमान** अन्य दुई कृतिहरूको कुण्ठित मानसिकताको विसङ्गत र विकारयुक्त प्रस्तुतिका अगाडि एक सफल कृति बनेको छ ।[११३] पारिजातको **आकांक्षा** लाई पृष्ठभूमिकालीन रचना, **पारिजातका कविता** लाई अभ्यासकालीन रचना एवम् **बैंसालु वर्तमान** लाई परिपक्व लेखकीय उदाहरणका रूपमा औंल्याउन सकिने तर्क उनले सङ्केत गरेकी छन् ।

पारिजातको कथाकारिताको प्रारम्भ **मैले नजन्माएको छोरो** जस्ता अस्तित्व र मनोविश्लेषणको रूपमा भएको चर्चा गर्दै उनका कथाहरूलाई कथा र प्रयोगवादी कथासमेत भनेर मानिने तर्क उनले अघि सारेकी छन् । **शिरीषको फूल** उपन्यासले पारिजातलाई मदन पुरस्कार दिलाउनुको साथै उनलाई अति लोकप्रिय बनायो । **शिरीषको फूल** एक अमर कृति बनेको उनको विश्लेषण छ ।

उत्तरार्द्ध चरणमा नेपाली जनजीवनको वर्ग सङ्घर्ष र यथार्थको चित्रण गर्दै क्रान्तिकारी भावधारलाई व्यक्त गर्ने उपन्यास **तोरीबारी, बाटा र सपनाहरू** मा पारिजातका दुवै खाले प्रवृत्ति पाइन्छ ।

साहित्यिक रचनामा २०१२-२०४९ सालसम्म सक्रिय भएकी पारिजात भावुक र रोमान्टिकवादी कवयित्री हुँदै अस्तित्व र विसङ्गतिवादी जीवन दर्शनलाई प्रस्तुत गर्दै राल्फाली आन्दोलनको प्रवर्तक र नेतृत्व गर्दै अन्त्यमा प्रगतिवादी धारातर्फ उन्मुख भएको प्रधानको दावा पाइन्छ ।

### ४.२.१.१४ पवन आलोक

पवन आलोकले **मधुपर्क** मासिक (२०६०) **पारिजातको एउटा चिठी** मा पारिजातको सम्झना गर्नुका साथै उनले आफूलाई पठाएको चिठीसमेत प्रस्तुत गरेका छन् ।

वि.सं. २०२७ सालतिर पारिजातसँग पुतलीसडकमा परिचय भएको र त्यसपछि उनकहाँ आफू जाने गरेको संस्मरण गरेका छन् । पारिजातले भाइजस्तो व्यवहार गर्ने र उहाँको स्नेहपूर्ण व्यवहारबाट आफू अत्यन्त प्रभावित भएको कुरासमेत उल्लेख गरेका छन् ।

२०३२ जेठ २० मा नयाँबजारबाट पठाएको चिठीमा पारिजातले आफू बिमार भएर जँचाउन वीर अस्पताल भएको, डेढ महिना त्यही बस्नुपर्ने कुरा बनाएकी छन् । साथीभाइका प्रसंगका साथै प्रज्ञाप्रतिष्ठानमा पाण्डुलिपि बुझाउनु पर्ने सूचना आए पनि टाइपले ढिला भएको प्रसंग उल्लेख गरेकी छन् ।[११४]

काठमाडौंमा होटल, वार, विदेशीहरूको जमघट, रक्सी, सिनेमा, मनमौजको रमसान छ । त्यहाँबाट पलायन हुने ठाउँ नभएको, कुण्ठा र निराशाको कालो बादल भए पनि त्यसैबाट विद्रोह जन्मने र नौलो विहानी, नौलो जागरणको सुरु गर्नुपर्ने कुरा अभिव्यक्त पाइन्छ ।

---

[११३] नयना प्रधान, 'बहुमुखी सिर्जनाका साधक पारिजात', **मधुपर्क** (वर्ष ३५, अङ्क १२, पूर्णाङ्क ४०७) पृ. १२३ ।

[११४] पवन आलोक, 'पारिजातको एउटा चिठी', **मधुपर्क** (वर्ष ३६, अङ्क ११, पूर्णाङ्क ४१८, २०६०) पृ. ११०-१११ ।

पहिलेभन्दा आफू अहिले स्वस्थ भएको र परिवर्तनका स्थितिहरू लेख्दै जाने प्रतिबद्धता सहित एउटा सिङ्गो समूहसँग प्रतिशोध बाँकी रहेको सन्दर्भ अघि सार्थै मित्रहरूलाई सम्झना सुनाइ दिन आग्रहसमेत गरेकी छन् ।

### ४.२.१.१५ बालाकृष्ण अधिकारी

**बालाकृष्ण अधिकारीले गरिमा** मासिक (२०६२) मा **पारिजातको जीवनी, व्यक्तित्व र कृतित्व** नामक लेखमा पारिजातको जीवन र लेखन सम्बन्धमा विभिन्न पक्षमा प्रकाश पारेका छन् । पारिजातको सङ्घर्षमय जीवन र उनको साहित्यप्रतिको एकनिष्ट लगावको उच्च मूल्याङ्कनसमेत गरेका छन् ।

पारिजातले व्यक्तिगत जीवन अभाव, कुण्ठा र विसङ्गतियुक्त भए पनि आफ्नो अनुपमेय सिर्जनशीलताले नेपाली साहित्यको समग्रतालाई अद्वितीय गुण लगाएको कुरा अधिकारी बताउँछन् ।

रोगका कारण उनको वैयक्तिक र भौतिक जीवन नारकीय बने पनि भौतिक र यान्त्रिक सुखसुविधाका लागि खर्च हुने उनका शरीरका सम्पूर्ण अङ्ग-प्रत्यङ्गहरूको शक्ति केन्द्रित हुँदै मस्तिष्कमा सिर्जनात्मक शक्तिका रूपमा पुञ्जीकृत भयो । जीवनका निस्सारता, निरर्थकता, अपूर्णता र अभावहरूमा सिर्जनात्मक भावमाधुरीको खोजी गर्दै सिर्जना र सौन्दर्यको महायज्ञमा उनी जीवनपर्यन्त समाधि गरिरहिन् ।

सानैदेखिको शैक्षिक वातावरण, बाबुको नैतिक शिक्षा र आफ्नै स्वतन्त्रताविमुख चाहनाले उनको व्यक्तित्व विकासलाई पृष्ठभूमि प्रदान गरेका छन् । स्वतन्त्र, निडर, निर्भीक र हक्की एवम् विद्रोही स्वभावले उनका आन्तरिक रूपमा सुषुप्त रहेका व्यक्तित्वका विविध पाटाहरू उजागर भएको अधिकारी दावा गर्छन् ।

उनले पूर्वीय साहित्य र दर्शनका महत्त्वपूर्ण ग्रन्थहरू, बौद्ध दर्शनमा आधारित शून्यवादी दर्शन, पाश्चात्य साहित्यका सार्त्र, कामु, नित्से आदिका विसङ्गतिवादी-अस्तित्ववादी दर्शन र फ्रायडवादी यौनमनोविज्ञानको गहन अध्ययन गरेकी थिइन् । पूर्व एवम् पश्चिमका यिनै दर्शन र ज्ञानगुनका कुराहरूको अध्ययनले नगएको बौद्धिक व्यक्तित्व गरिमाशाली बनेको देखिन्छ ।[११५]

नारी जीवनचेतना, नारी हुनुको बाध्यता, विवशता र समाजले नारीप्रति राखेका मान्यताहरूको विद्रोहात्मक प्रस्तुति उनका कथामा पाइन्छ । सामाजिक समस्या, वर्गीय समस्या, र त्यसले निम्त्याएका दुष्परिणामहरू र सामाजिक विखण्डनको चित्रण उनका कथाहरूमा पाइन्छ । कथामा नारी यौनमनोविश्लेषणको चिरफार गर्दै विसङ्गतिवादी-अस्तित्ववादी, शून्यवादी दर्शनको प्रतिपादनतर्फ उनको कथाकार व्यक्तित्व उद्यत रहेको देखिन्छ ।

पारिजातको उपन्यासकार व्यक्तित्व विसङ्गतिबोध, अस्तित्वबोध र शून्यताबोधमा मात्र रन्थनिएको छैन, फ्रायडीय यौनकुण्ठाद्वारा पनि त्यतिकौ प्रताडित भएको छ । २०३० सालपछिको उपन्यासमा उनको जीवनलाई हेर्ने दृष्टिकोण फेरिएको छ । यस समयमा जीवनका अनुभव र

---

[११५] बालाकृष्ण अधिकारी, 'पारिजातको जीवनी, व्यक्तित्व र कृतित्व' **गरिमा** (वर्ष २४, अङक ३, पूर्णाङ्क २७९, २०६२) पृ. ६९ ।

अनुभूतिलाई कल्पनाको जलप लगाएर एउटा शोषण, अन्याय र वर्गरहित प्रगतिशील समाजको परिकल्पनातर्फ उनको उपन्यासकार व्यक्तित्व **अनिदो पहाडसँगै** चुलिएको छ ।

उनको समग्र कृतित्व स्वच्छन्दतावादी धाराबाट आरम्भ भई विसङ्गतिवादी, अस्तित्ववादी र शून्यवादी दर्शनको त्रिकोणात्मक सम्मिलनबाट प्रगतिवादी जीवन चेतनातर्फ मुखरित भएको पाइन्छ । प्रारम्भकालीन (२०१३-२०२१) रचनामा स्वच्छन्दतावादी, मध्यवर्ती प्रहर (२०२१-२०३०) मा विसङ्गतिवादी, अस्तित्ववादी र शून्यवादी दर्शनकेन्द्रित प्रवृत्ति देखिएको छ भने उत्तरवर्ती प्रहर ( २०३० देखि मृत्युपर्यन्त) उपरोक्त दुवै प्रवृत्तिका साथ प्रगतिवादी जीवन चेतनामा विशिष्टिकृत भएको अधिकारीको निश्कर्ष छ ।

### ४.२.१.१६ ज्ञानु पाण्डे

ज्ञानु पाण्डेले **मधुपर्क** मासिक (२०६२) मा **नेपाली उपन्यासमा नारी स्रष्टाको उपस्थिति र वर्तमान अवस्था** नामक लेखमा पारिजातका सम्बन्धमा संक्षिप्त चर्चा गरेको पाइन्छ ।

नेपाली उपन्यासमा नारी स्रष्टाको संलग्नता पछिल्लो चरणमा पारिजातबाट भएको र उनले नेपाली उपन्यासमा नयाँ धारलाई अगाडि बढाएको चर्चा गरेकी छन् । नेपाली उपन्यासमा नेपालीभित्रैबाट अस्तित्ववादी-विसङ्गतिवादी चिन्तनलाई भित्र्याउने काम उनले गरिन् । नेपाली उपन्यासमा दिएका पहिला दुई कृतिहरू अस्तित्ववादी-विसङ्गतिवादी परम्पराको अत्यन्त उत्कृष्ट प्राप्ति सिद्ध भयो भने बाँकी उपन्यासहरूले नेपाली उपन्यासको प्रगतिवादी तथा आलोचनात्मक यथार्थवादी धारको महत्त्वपूर्ण उचाइ बन्न पुगेको तर्क पाण्डे सङ्केत गर्छिन् ।

### ४.२.१.१७ ईश्वरी अधिकारी

**ईश्वरी अधिकारीले कान्तिपुर कोसेली** (२०५०) मा **यसरी थाहै नपाई झऱ्यो शिरीषको फूल** शीर्षक लेखमा पारिजातको सम्झना गरेकी छन् ।

सुन्दरता र सुगन्धको प्रतिक 'पारिजात' मन पराउने विष्णुकुमारी पछि त्यसै नामबाट प्रख्यात भईन् ।

उनी मानव अधिकारको पक्षमा स्वतन्त्र आवाज उठाउने प्रखर वक्ता नारी स्वतन्त्रताकी नेतृ, नारी मर्मज्ञ स्वाभिमानी स्रष्टा थिइन् ।[११६]

४२ वर्षको लामो नेपाल बसाइ भएर पनि नेपाली नागरिकतासम्म प्राप्त गर्न सकिनन् । उपचारको लागि विदेश प्रस्थान गर्न चाहिने पासपोर्ट बनाउन नागरिकताको अभाव नै तगारो बनेको कुरा अधिकारी अभिव्यक्त गर्छिन् ।

### ४.२.१.१८ केदार भट्टराई

**केदार भट्टराईले पुनर्जागरण** (२०५०) मा **झऱ्यो शिरीषको फूल पनि** शीर्षक लेखमा भौतिक रूपमा नजन्माएको छोराबाट वितृष्णा भई छोरो नजन्माउन चाहेकी वाइबाले नेपाली समाजमा धेरै अमर सन्तान छोडेकी छिन् ।

[११६] ईश्वरी अधिकारी, 'यसरी थाहै नपाई झऱ्यो शिरीषको फूल', **कान्तिपुर कोसेली** (१२ वैशाख २०५०) पृ. क ।

विसङ्गति नै जीवन हो भन्ने पारिजातको जीवन स्वयंमा एक विसङ्गति हो ।

जीवित साहित्यकारलाई ढोका थुन्ने र बहिष्कार गर्ने अनि तिनको लाश भित्र्याएर लज्जास्पद नाटक गर्ने प्रज्ञा-प्रतिष्ठानप्रति सिर्जनाका मूहानको घृणा देखियो ।[११७]

सङ्घर्षशील पारिजातको आस्थाको दीपबाट नेपालीहरूलाई बाटो देखाउने भट्टराई बताउँछन् ।

### ४.२.१.१९ ध्रुवचन्द्र गौतम

डा. ध्रुवचन्द्र गौतमले **कान्तिपुर कोसेली** (२०५०) मा **पारिजात, शिरीषको फूल र पहिलो एण्टी हिरो** नामक लेखमा पारिजातसँगका आफ्ना सहकार्यका दिनहरूको सम्झना गरेका छन् ।

वि.सं. २०४८ सालमा दाङमा भएको साहित्यिक कार्यक्रममा जाँदा पारिजातसँग सहकार्य भएको प्रसंग अघि सार्दै पारिजातलाई **शिरीषको फूल** ले जुन ख्याति दियो, त्यसको तुलना अरू कुनै साहित्यिक घटनासित हुन नसक्ने दावा गर्छन् ।

अधिकांश पाठक, लेखक र समालोचक पारिजातको उत्कृष्ट कृति **शिरीषको फूल** भएको मान्दछन् । **शिरीषको फूल** आफ्नो समयको सुन्दर दस्तावेज हो ।

पारिजातसँग पछिसम्म पनि भेटघाट भइरहने प्रसङ्गसमेत उनले अघि सारेका छन् ।

त्यसरी नै डा. गौतमले **देशान्तर** (२०५०) मा **पारिजातः यस्तै-यस्तै सम्झना** लेखमा वि.सं. २०२१ सालतिर **शिरीषको फूल** लेख्दाताका पारिजातसँग परिचय भएको दिनको सम्झना गरेका छन् ।

पारिजात रिसाएर बोलेको आफूले कहिल्यै पनि नदेखेको उनले बताएका छन् ।

पारिजातको सङ्गतले लेखनले लेखनमा सुधार आयो । **अन्त्यपछि** लेखेर उनलाई देखाउँदा कति बौद्धिक लेखेको भनेर टिप्पणी गरिन् ।[११८]

पारिजातको सम्मानमा पछि विरगञ्जमा कार्यक्रम राखेको गौतम बताउँछन् ।

त्यस्तै **देशान्तर** (२०५०) मा नै डा. गौतमको **पारिजातको फोन आउन छाड्यो** नामक लेख प्रकाशित छ । **शिरीषको फूल** मा समालोचकहरूले शिवराज र बरीको अवैध सम्बन्ध देखे पनि त्यो नभएको कुरा पारिजातले अभिव्यक्त गरेको गौतम बताउँछन् ।

पारिजातको **शिरीषको फूल** को मानकलाई उनका पछिल्ला कृतिहरूले नाध्न सकेन ।

आफूले पारिजातलाई आदर्श लेखकको रूपमा मानेको, पछि उनको फोन आउन छाडेको कारण बुझ्दा आफूले फेरिएको नम्बर दिन भुलेको प्रसंग उल्लेख गरेका छन् ।

### ४.२.१.२० मोदनाथ प्रश्रित

**मोदनाथ प्रश्रितले दृष्टि** (२०५०) मा **उनले शिरीषको फूल हैन, लालीगुँरास र लालुपाने रुचाइन** लेखमा पारिजातसम्बन्धी संस्मरण प्रस्तुत गरेका छन् ।

---

[११७] केदार भट्टराई, 'झर्‍यो शिरीषको फूल पनि', **पुनर्जागरण** (वर्ष १२, अङ्क १०, २०५०) पृ. ६ ।

[११८] ध्रुवचन्द्र गौतम, 'पारिजात, शिरीषको फूल र पहिलो एण्टि हिरो' **कान्तिपुर कोसेली**, (१२ वैशाख २०५०) पृ. क ।

वासु शशी बितेको केही दिनमा पारिजातलाई गुमाउनु पर्दा आफूलाई चोट लागेको र दुवै जनाको निधनमा सबै क्षेत्रका विचारक, लेखकले दुःख मनाउ गरेको बताएका छन् ।

पारिजातले पूँजीवादको भण्डाफोर गर्नुका साथै श्रमजीवी वर्गको लागि लेखिन् ।[११९]

**शिरीषको फूल** को महिमागान पूँजीवादीहरूले गरे पनि पारिजातले लालीगुँरास र लालुपाते मन परागएको प्रश्रितको निश्कर्ष छ ।

### ४.२.१.२१ युवराज लुइँटेल

**युवराज लुइँटेलले जनमञ्च** (२०५०) मा **सकमबरी छन्: सकमबरी छैनन्** लेखमा पारिजातको संस्मरण गरेका छन् ।

अभाव, अप्राप्ति, अतृप्ति, एकाकी, अपाहिज र कुण्ठाको समग्र जञ्जालबाट मानव-अस्तित्वको खोजी गर्ने पारिजातको जीवन समाप्त भएको उनले उल्लेख गरेका छन् । मुना र सुम्निमाको चारित्रिक जीवन्तता कायम राख्ने नेपाली साहित्यको अन्तिम कडी सकमबरीको सिर्जना गरेर अल्पिएको लुइँटेल बताउँछन् ।

मानव मुक्ति, प्रगति र अस्मिताको खोजीमा आफ्नो अपाहिज शरीरलाई कहिल्यै बाधक नठान्ने पारिजात 'अनागरिक' भएर बितिन् ।[१२०]

स्रष्टा सकमबरी गए पनि कल्पित सकमबरी कालजयी भएको लुइँटेलको अभिमत छ ।

### ४.२.१.२२ शैलेन्द्र साकार

**शैलेन्द्र साकारले कान्तिपुर कोसेली** (२०५०) मा **पारिजात र वासु शशी : साहित्य जगतका दुई शिखर** लेखमा दुवै स्रष्टाको सम्झना गरेका छन् ।

पुतलीसडकको सडक देखिने घरमा पारिजातसँग भेट हुने गरेको, युवा लेखकका लागि त्यो घर प्रेरणाको श्रोत भएको बताएका छन् । त्यहाँ भेला भएर आफ्नो रचना सुनाउने गरेता पनि पछि आफू राल्फामा संलग्न नभएको भए तापनि सम्बन्ध भने पूर्ववत राम्रो भएको नजाएका छन् ।

पारिजातलाई सम्झँदा जहिले पनि दृढ इच्छाशक्ति भएकी, नेपाली साहित्यको उपन्यास विधालाई विश्वस्तरमा पुऱ्याउने एउटी अमर विभूतिलाई सम्झन पुग्छौं । एउटी कोमल, सरल र अनुभूतिजन्य शब्दहरूको स्वतस्फूर्त बिम्बलाई सम्झन्छौं ।[१२१]

पारिजात शून्यवादबाट जनवादी र क्रान्तिकारी विचारकी संवाहक हुनुभयो भने वासु शशी सुरुदेखि नै बहुदलीय प्रजातन्त्रमा आस्था राख्ने सुकुमार र सङ्घर्षशील कवि हुनुभयो ।

दुवै प्रतिभालाई गुमाउनु पर्दा नेपाली साहित्य टुहुरो भएको साकारको निश्कर्ष छ ।

---

[११९] मोदनाज प्रश्रित, 'उनले शिरीषको फूल हैन, लालीगुँरास र लालुपाते रुचाइन', **दृष्टि** (वर्ष १०, अङ्क २४, २०५०) पृ. ६ ।

[१२०] युवराज लुइँटेल, 'सकमबरी छन् : सकमबरी छैनन्', **जनमञ्च** (वर्ष ४ अङ्क १, २०५०) पृ. ३० ।

[१२१] शैलेन्द्र साकार, 'पारिजात र वासु शशी : साहित्य जगतका दुई शिखर,' **कान्तिपुर कोसेली** (१२ वैशाख २०५०) पृ. ख ।

### ४.२.१.२३ सुशील सापकोटा

**सुशील सापकोटाले युगसम्वाद** (२०५०) मा **पारिजात, पासाङ र पाखण्ड** लेखमा पारिजात नेपाली साहित्यको उत्कृष्ट नाम भएको र सम्पूर्ण नारी साहित्यकारमध्ये सर्वश्रेष्ठ भएको दावा गरेका छन् ।

पारिजातको ख्याल नगर्नु र पासाङको उपेक्षा गर्ने प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले श्रद्धाञ्जली व्यक्त गर्न जानु पाखण्ड मात्र हो ।[१२२]

### ४.२.१.२४ ऋषिराज बराल

**ऋषिराज बरालले जनादेश** (२०५०) मा **क्रान्तिचेत, विद्रोह, विवाद र पारिजात** लेखमा पारिजातको लेखनको मूल प्रवृत्ति निरूपण गर्नुका साथै उनका बारेमा देखिएका विभिन्न चिन्तनहरूको चिरफारसमेत गरेका छन् ।

जिउँदो छँदा अपमानित गर्ने, तर्कनेहरू पनि गोहीको आँसु चुहाउने गरेका छन्। जति उनीहरूलाई **शिरीषको फूल** प्यारो छ, त्यति हामीलाई **पर्खालभित्र र बाहिर** र **अनिदो पहाडसँगै** की पारिजातलाई श्रद्धा गर्ने अधिकार रहेको बराल दावा गर्छन् ।

विद्रोहात्मकता उनको केन्द्रीय प्रवृत्ति हो । पारिजातलाई विद्रोहले पारिजात बनायो भने पारिजात भन्ने नाम विद्रोहको पयार्य बन्न पुग्यो ।[१२३]

**शिरीषको फूल** को पूनर्मूल्याङ्कनको माग र मृत्युपछि लेलिनको तस्वीर शिरमा राखिदिनु भन्नाले विवाद जन्माएको बरालको तर्क छ ।

वि.सं. ३०-४० को युग पारिजातको प्रगतिवादी लेखनको युग भएको र पछिल्लो कालमा चिन्तनमा विचलन आए पनि पारिजातको अस्तित्व अजङ्गको अस्तित्व भएको बरालको निश्कर्ष छ ।

त्यसरी नै **ऋषिराज बरालले बगर** (२०५२) मा **प्रगतिवाद र पारिजातको औपन्यासिकता** नामक समालोचनात्मक लेखमा पारिजातको उपन्यासकारिता र त्यसमा अभिव्यक्त प्रगतिवादी चिन्तनको विश्लेषण गरेका छन् ।

प्रगतिवादी साहित्यकारको रूपमा पारिजातका धारणाहरू २०३० सालदेखि देखा पर्न थालेका हुन् । यसै बेलादेखि उनका लागि साहित्य व्यक्तिगत कुण्ठा, आवेग, निस्सारता, शून्यताबोध र आक्रोशको माध्यम नभएर सङ्घर्षको माध्यम बन्न पुगेको हो । साहित्यलाई वर्ग सङ्घर्ष र जनमुक्ति आन्दोलनको हतियार ठान्ने प्रवृत्ति पारिजातमा यसै बेलादेखि आरम्भ हुन थालेको हो ।

विचार पक्ष प्रधान रहँदा-रहँदै पनि कलात्मकताको अभावमा रचनामा यान्त्रिकता र नारावाद जन्मन्छ भन्ने धारणा पारिजातको रहेको छ । उपन्याससम्बन्धी पारिजातका मूल्य र मान्यताहरू पनि यसै मूल्यद्वारा निर्देशित छन् ।

---

[१२२] सुशील सापकोटा, 'पारिजात, पासाङ र पाखण्ड', **युगसम्वाद** (वर्ष ५, अङ्क ५३, २०५०) पृ. ४ ।

[१२३] ऋषिराज बराल, 'क्रान्तिचेत, विद्रोह, विवाद र पारिजात' **जनादेश** (वर्ष २, अङ्क ३७, २०५०) पृ. ४ ।

पछिल्लो चरणमा पारिजातमा देखा परेको राजनीतिप्रतिको वितृष्णा र यसले सिर्जना गरेको अन्तरविरोधात्मक स्थितिलाई छाडिदिने हो भने उनको औपन्यासिक यात्रामा अस्तित्ववादी, राल्फाली र प्रगतिवादी ३ वटा मोडहरू देखा पर्दछन् । **शिरीषको फूल** ले पारिजातलाई उपन्यासकार मात्र नभई बेजोड अस्तित्ववादी उपन्यासकारको रूपमा चिनायो, राल्फाली अराजकतावादी चिन्तनको उपज **बैंसको मान्छे** हो भने **उसले रोजेको बाटो** ले प्रगतिवादी चिन्तनलाई आत्मसात गर्न सकेको बरालको दावा छ ।

नयाँ-नयाँ विषयवस्तु खोज्ने, आफ्नो लेखनमा निजत्व प्रदान गर्ने पारिजातको प्रवृत्ति प्रगतिवादी उपन्यास लेखनमा पनि देखा परेको छ । उनीभन्दा अघि किसान पात्रले उपन्यासमा प्रमुख स्थान पाए पनि उनले मजदुरहरूको श्रम चेतना थपेर प्रगतिवादी उपन्यासलाई नयाँ विषयवस्तु दिइन् । नेपाली उपन्यासमा मजदुरहरूको सङ्गठित शक्ति, चेतना र राजनीतिसितको उनीहरूको सम्बन्धको स्थापना पहिलोचोटी पारिजातले गरिन् ।

समाजमा विद्यमान आर्थिक, सांस्कृतिक घात-प्रतिघातको उद्‌बोधन पारिजातको आगमनअघि नै उपन्यासमा भएको हो । परन्तु पारिजातले नेपाली समाजमा साम्यवादी राजनीतिको अस्तित्व र अन्तर्विरोधलाई उपन्यासमा महत्त्वपूर्ण स्वर प्रदान गरिन् । **पर्खालभित्र र बाहिर** मा पहिलोपल्ट दुईथरी पात्रहरू मार्फत नेपालको साम्यवादी आन्दोलनको धारलाई प्रस्तुत गर्ने क्रान्तिकारी धारलाई स्थापित गर्ने प्रयास पारिजातले गरेकी छन् ।

पारिजातको लेखनमा राजनीतिक पक्ष बढी हावी भएको पाइन्छ । कलाकौशल पक्षमा भन्दा प्रगतिवादी उपन्यासकारको रूपमा स्थापित हुने हुटहुटी पारिजातमा बढी देखापर्दछ । कतिपय प्रसङ्गमा **बोनी** र **परिभाषित आँखाहरू** ले पारिजातको प्रतिबद्धतामा नैराश्य चिन्ह लगाएका छन् । पारिजातसित भाषा, शैली र सीप थियो तर यथार्थवादी रचनापद्धति, जनजीवनको अनुभव उनीसित थिएन । वास्तवमा आफ्नो आर्जित शैलीलाई नयाँ यथार्थसित मिलाएर लान खोज्ने हुटहुटी त पारिजातमा पाइन्छ तर यो पक्षमा पारिजातलाई सफलता मिलेको छैन । विचारप्रति सजग रहँदा कलात्मक पक्ष कमजोर देखिनु र कलात्मकताप्रति सजग रहँदा वैचारिक पक्ष कमजोर देखिनु पारिजातको औपन्यासिकताको गुणसुचक स्थिति भएको बरालको अभिमत रहेको छ ।

**उसले रोजेको बाटो** मा पारिजातको प्रतिभा होइन, प्रतिभा मात्र झल्किएको छ । पारिजातको **अनिदो पहाडसँगै** वैचारिक दृष्टिले समसामयिक यथार्थलाई उच्चतम रूपमा प्रस्तुत गर्ने आकांक्षा र उत्साह हो भने प्रगतिवादी उपन्यासको रूपमा पारिजातलाई दीर्घजीवन दिने उपन्यासचाँहि **पर्खालभित्र र बाहिर** हो । उनका दुवै उपन्यासहरू विचार र कलात्मकता दुवै दृष्टिले निखारको उदाहरण हो ।

पारिजातको समृद्ध भाषा-शैली, कल्पना क्षमता र समृद्ध अभिव्यक्ति कलाको सफल निरूपण उनका पछिल्ला उपन्यासहरूमा छैनन् । पारिजातलाई **पर्खालभित्र र बाहिर** वा **अनिदो पहाडसँगै** मा मात्र हेरिदैंन । उनलाई **शिरीषको फूल**समेत अगाडि राखेर हेरिन्छ । **शिरीषको फूल** को अजङ्गको स्वरूपलाई उनका पछिल्ला उपन्यासले कतै नाध्न सकेका त हैनन् ? वास्तवमा

डरलाग्दो विचार, डरलाग्दो रूप र कलात्मकता जसरी **शिरीषको फूल** मा प्रस्तुत भएको छ, त्यसै गरी पछिल्ला उपन्यासहरूमा प्रस्तुत हुन सकेको तथ्य बराल अघि सार्छन् ।

पारिजातको प्रगतिवादी औपन्यासिकताको प्राप्ति र मूल्य **पर्खालभित्र र बाहिर** नै हो । निरन्तर रूपमा सङ्घर्ष गर्दै अघि बढेको व्यक्तित्वको आलोकमा पारिजातको औपन्यासिकताको लेखाजोखा हुनु जरुरी भएको उनको तर्क छ ।

### ४.२.१.२५ हरिगोविन्द लुइँटेल

**हरिगोविन्द लुइँटेल**ले **नवयुवा** (२०५३) मा **कसरी एउटी विद्रोही किशोरी विख्यात पारिजात बनिन्** ? शीर्षक लेखमा पारिजातको जीवनवृत एवम् उनको सङ्घर्षशील जीवनको विश्लेषण गरेको पाइन्छ ।

उहाँको जीवनलाई विश्लेषण गर्दा उहाँको दृढतारूपी प्रमुख गुण पछिसम्म रहेको पाइन्छ । राल्फा अभियानको नायकत्व नै गर्ने काम गर्दा पछि प्रगतिशील साहित्य र जनआन्दोलनमा अगुवा भएर होमिँदा पनि उहाँमा यही गुण छर्लङ्गसँग देखिन्थ्यो ।

विद्रोही स्वभाव भएकी पारिजात समाजको गतिशीलताको पक्षमा रहेको पाइन्छ । आफ्नो साहित्यमा गरीब, दुःखीहरू, हेपिएका, थिचिएकाहरूको दुःख दर्द, सङ्घर्ष र आन्दोलनका हुबहु चित्र उतार्ने काम उहाँले ज्यादा गर्नुभएको छ ।[१२४]

पारिजात सम्बन्धमा विभिन्न साहित्यिक एवम् गैर साहित्यिक पत्रपत्रिकामा उनको लेखन एवम् जीवन सम्बन्धमा विभिन्न विद्वानहरूले कलम चलाएको पाइन्छ । त्यसमध्ये **गोपीन्द्र पौडेल**को **नाटको चौथो चरण कथाको विश्लेषण, इन्द्रकुमार श्रेष्ठ सरित्** को **औपन्यासिक कृतिहरूमा पारिजातः एक विहङ्गलावलोकन, खुमलाल पौडेल**को **बैंसालु वर्तमान : एक टिपोट, खगेन्द्र सङ्ग्रौला**को **पारिजात दिदीसँग केही क्षण, रामप्रसाद ज्ञवाली**को **पारिजातको सिर्जनकारिताको अध्ययन, संक्षिप्त विश्लेषण तथा मूल्याङ्कन, कृष्णप्रसाद घिमिरे**को **पारिजातको कथाकारिता र सडक र प्रतिभा कथाको विश्लेषण, बमबहादुर थापा जिताली** को **उपन्यासकार पारिजात र उनको शिरीषको फूल, बालाकृष्ण अधिकारी**को **पारिजातको जीवनी, व्यक्तित्व र कृतित्व, ध्रुवचन्द्र गौतम**को **पारिजात, शिरीषको फूल र पहिलो एण्टी हिरो** र **ऋषिराज बराल**को **क्रान्तिचेत, विद्रोह, विवाद र पारिजात** लेख महत्त्वपूर्ण छन् । यस बाहेक **घनश्याम ढकाल, जङ्गब चौहान, नारायणप्रसाद अधिकारी, मञ्जुल, नयना प्रधान, पवन आलोक, ईश्वरी अधिकारी, केदार भट्टरार्य, मोदनाथ प्रश्रित, युवराज लुइँटेल, सुशील सापकोटा** र **हरिगोविन्द लुइँटेल**ले पारिजातसम्बन्धी आफ्ना धारणा, सम्झनाका साथै उनको लेखनको बारेमा सामान्य चर्चा गरेको पाइन्छ ।

यस अवधिका पत्रपत्रिकामा समीक्षा, समालोचनाभन्दा आफ्ना धारणा एवम् सम्झना प्रस्तुत गर्ने कार्य बढी भएको पाइन्छ ।

---

[१२४] हरिगोविन्द लुइँटेल, 'कसरी एउटी विद्रोही विख्यात पारिजात बनिन् ?' **नवयुवा** (वर्ष १, पूर्णाङ्क ४, २०५३) पृ. १३ ।

## ४.२.२ पारिजात स्मृति अङ्क

पारिजातको मृत्युपश्चात उनका बारेमा **जनमत** साहित्यिक मासिक (वर्ष १०, अङ्क ३-६, पूर्णाङ्क ६८-७१, २०५०) र **ज्ञानगुनका कुरा** (२०५०, स्मृति अङ्क १) ले स्मृति अङ्क प्रकाशित गरेका पाइन्छ । प्रस्तुत स्मृति अङ्कहरू पारिजातको बारेमा महत्त्वपूर्ण सूचना एवम् सामग्री हुन् ।

### ४.२.२.१ जनमत (पारिजात स्मृति अङ्क २०५०)

पारिजात जीवित छँदै पारिजात विशेषाङ्क प्रकाशित गराएको **जनमत** ले उनको मृत्युपछि **पारिजात स्मृति अङ्क** प्रकाशित गरेको छ । पूर्णाङ्क ६८-७१ मा प्रकाशित यस अङ्कमा पारिजातसम्बन्धी लेख/निबन्ध/संस्मरण एवम् कविता प्रकाशित गरेको पाइन्छ ।

#### ४.२.२.१.१ कविता

यस स्मृति अङ्क विभिन्न स्रष्टाहरूले पारिजातको जीवन र लेखनलाई आधार मान्दै विभिन्न कविता सिर्जना गरेका छन् । यीमध्ये रघुराम न्यौपाने, शार्दुल भट्टराई, गुँरास श्रेष्ठ, रमेशप्रसाद सागरका 'पारिजात' शीर्षकमा कविता र प्रमोद स्नेहीको 'शब्दहरूको योद्धा ! पारिजात' र गोपाल निर्भिक 'बन्धु' को 'श्रद्धाञ्जली' शीर्षकको कविता प्रमुख कविता हुन् ।

#### ४.२.२.१.२ लेख/निबन्ध/संस्मरण

मोदनाथ प्रश्रितले **कष्टमय जीवन र सिर्जनको शिखरः पारिजात** शीर्षक लेखमा सामाजिक आन्दोलनका विभिन्न क्षेत्रमा क्रियाशील रहेकी पारिजातले शारिरीक रूपले अशक्त हुँदाहुँदै पनि विभिन्न क्षेत्रमा क्षमताभन्दा बढी नै काम गरेको उल्लेख गरेका छन् ।

उनलाई जीवनको कठोर र विसङ्गत स्थितिले केही हठी र रुखो स्वभावको बनाएको थियो । त्यही हठले विचार र स्वाभिमानको क्षेत्रमा उनलाई केही आड पनि डियो र व्यवहारमा कतै-कतै त्यसले उनलाई नोक्सान पनि पुऱ्यायो ।[१२५]

अशेष मल्लले **पारिजातको साहित्यिक मूल्याङ्कन** शीर्षक लेखमा **शिरीषको फूल** धेरै चर्चित हुनुमा पारिजातको कलात्मक लेखन मात्र नभएर नारी अस्तित्व, नारी मनोविश्लेषण र नारी चरित्रको यथार्थ चित्रण हुनु हो भनेका छन् ।

पारिजातका कृतिहरूलाई स्वच्छन्द लेखन र प्रगतिशील लेखन गरेर दुई भागमा बाँड्न सकिने र प्रारम्भका उपन्यासमा कलात्मक मूल्य पाइएता पनि पछिल्ला उपन्यासहरू निश्चित राजनैतिक सिद्धान्तको सीमाभित्र भएको उनको तर्क छ ।

**रायनले सम्भनाको दहभित्र बल्छी हाल्दा** शीर्षकको लेखमा २०१९ सालमा रेडियो नेपालमा अखिल नेपाल राष्ट्रिय लोकगीत सम्मेलनमा भाग लिएर असफल भए तापनि प्रशंसा पाएको प्रसंग उल्लेख गर्दै आफूहरूको गायनबाट पारिजात प्रभावित भएर भेट्न चाहेको र साथी ज्ञान उदास मार्फत् नेशनल कलेज (हालको शंकरदेव कलेज) मा पारिजातसँग भेट भएको उल्लेख गरेका छन् ।

---

[१२५] आन्ददेव भट्ट, 'पारिजात स्मृति अङक', **जनमत** (वर्ष १०, अङक ३-६, पूर्णाङ्क ६८-७१, २०५०) पृ. १५० ।

रेडियो नेपालका कर्मचारीहरूले कलाकारहरूको पारिश्रमिक खाइदिएपछि मुद्दा हाल्दा धम्की आएको र रेडियो नेपाल जान छोडेको रायन बताउँछन् । रेडियोबाट छुटेपछि राल्फा समूह हुँदै मार्क्सवाद प्रतिबद्ध हुँदा भएका सहयात्राका स्मरण गर्दै पारिजातसँग सँधैका लागि छुट्टिनु पर्दा अत्यन्त दुःख लागेको भाव व्यक्त गरेका छन् ।

**मोहनविक्रम सिंहले पारिजात र पासाङ दुई आदर्श राष्ट्रिय व्यक्तित्व** शीर्षक लेखमा पारिजातमा मार्क्सवादी-लेलिनवादी चिन्तनमा जति स्पष्टता आउनु पर्दथ्यो, त्यो आउन नसकेको उल्लेख गर्दै विश्वव्यापी र नेपालमा पनि कम्युनिष्ट आन्दोलनमा र साहित्य तथा संस्कृतिमा हावी रहेको अवसरवादी चिन्तनबाट आफूलाई पूर्ण रूपले मुक्त गरेर आफ्ना रचनालाई पुरा क्रान्तिकारी दिशा र रूप दिन नसकेको बताएका छन् ।

सरकारी दवाब र अपमानपूर्ण व्यवहारका विरुद्ध उनले देखाएको दृढता र प्रतिरोधले उनको उच्च मानव अधिकार र अस्तित्वलाई बताउने र उनको यो उज्ज्वल र उच्च पक्षले उनलाई पारिजातसमक्ष खडा गरेको दावा गरेका छन् ।

**रमेश विकलले मैले चिनेकी पारिजात** मा प्रारम्भमा अति भडकपूर्ण, बनावटी श्रृङ्गार देखेर बनेको उनीप्रतिको दृष्टिकोण कविता सुनेपछि बदलिएको चर्चा गरेका छन् ।

आफू प्रगतिशील लेखक संघको केन्द्रीय अध्यक्ष भएपछि उनीसँग पटक-पटक भेट भएको र पहिलेभन्दा उनमा धेरै फरकपना महशुस गरेको उल्लेख गर्दै आत्मविश्वासी, जुभ्रुारु, हठिली र सम्झौता नगर्ने आग्रहीको रूपमा उल्लेख गरेका छन् ।

**ललिजन रावलले एउटा खामः जसमा छ पारिजातको नाम** शीर्षको लेखमा हरेक गोवर्धन पूजाका दिन पारिजात दिदीसँग बस्ने चलन भएको संस्मरण गर्दै २०४९ सालको गोवर्धन पूजा अन्तिम भएको र हरेक गोवर्धन पूजामा उहाँको याद आउने उल्लेख गरेका छन् । घोषणा भइसकेको सर्वश्रेष्ठ पाण्डुलिपी पुरस्कारको पत्र दिन जानुभन्दा पहिले नै उहाँको मृत्यु भएको बताएका छन् ।

**हरिगोविन्द लुइँटेलले पारिजातको अन्तिम इच्छाहरूबारे फैलाइएका भ्रमहरू** शीर्षक लेखमा पारिजातको अन्तिम इच्छालाई नराम्रो मान्ने र लेख लेख्नेहरूले पारिजातको पछिल्लो विचारलाई बुझ्न नसकेको र **शिरीषको फूल** लेख्दाताका निकट रहेकाहरूले एकपक्षीय स्मृति र मूल्याङ्कनहरू पेश गरेर उनीप्रति अन्याय गरेको उल्लेख गरेका छन् ।

देवीप्रसाद सुवेदीले **महान लेखिकालाई हार्दिक श्रद्धाञ्जली** लेखमा समाजको शोषण, उत्पीडन र अन्यायको विरुद्धमा पारिजातले शब्द-युद्ध चलाउदा पूँजीवादी लेखकहरूका दृष्टिमा कम्युनिष्ट र कम्युनिष्ट सिद्धान्तलाई साहित्यमा प्रवेश नदिँदा मार्क्सवादी विचारका साहित्यकारहरूबाट प्रताडित भएको उल्लेख गरेका छन् ।

श्रीमती पेनर्जीनले **दिदी पारिजातको सम्झनामा केही शब्दहरू** शीर्षक लेखमा पारिजात राष्ट्रकै निधी, इज्जत मात्र नभएर विदेशका लागि पनि इतिहास भएको बताएकी छन् । प्रतिक्रियावादी राज्यसत्ताका हिमायतीहरूलाई पारिजातलाई आफ्नो भन्ने अधिकार नभए पनि

पारिजातलाई कुनै सीमाभित्र बाँध्न नचाहेको उल्लेख गरेकी छन् । सामन्तवादी, पूँजीवादी र अर्ध पूँजीवादी मुलुकहरूमा प्रगतिशील साहित्यकारले भोग्नुपर्ने पीडा र अप्ठ्यारो यस देशका सत्तालिप्साका भोकाहरूले कुनै वास्ता नगरेकोमा आक्रोश व्यक्त गरेकी छन् ।

**नारायण ढकालले अब पारिजातसित हाम्रो भेट हुँदैन** शीर्षक लेखमा **शिरीषको फूल** जति पारिजातको अन्य कृति चर्चित नभएको र त्यसो हुनुमा यस कृतिमा पारिजातले आफूलाई इमान्दारीपूर्वक प्रस्तुत गरे पनि पछिल्लोमा सो कुरा नभएकोले ती कृति त्यति चर्चित नभएको उल्लेख गरेका छन् ।

आफूलाई मार्क्सवादी पारिजातभन्दा 'फेमिनिष्ट' पारिजात बढी मन पर्ने ढकाल व्यक्त गर्दछन् ।

कुन्दन अर्यालले **सङ्घर्षको अर्को नाम** शीर्षक लेखमा अस्तित्ववाद, विसङ्गतिवाद वा शून्यवाद हुँदै मार्क्सवादसम्म पुग्दा पारिजातले आफूभित्र ठूलै सङ्घर्ष गर्नुपरेको उल्लेख गर्दै अराजकतावादी राल्फा समूहकी सक्रिय सदस्यबाट कम्युनिष्टमा रूपान्तरित हुन उहाँले आफै विरुद्ध जुध्नु परेकोतर्फ सङ्केत गरेका छन् ।

**निनु चापागाईले पारिजातमा कमजोरीहरू छन्** .......... **तर नगण्य छन्** शीर्षक लेखमा २०४३ पछि पारिजातमा केही विचलन आए तापनि पारिजात नेपाली साहित्यकारको अग्रणी साहित्यकार र मूर्धन्य साहित्यकार भएको बताएका छन् । केही कमीकमजोरी भए तापनि देनको तुलनामा ती नगण्य भएको उनको दावा छ ।

कृष्ण सेनले **पारिजातः भेट एक प्रसंग अनेक** शीर्षक लेखमा गम्भीर बिरामी भए पछि सबैले अन्तर्वार्ता मागेकोमा जीवित छँदा उपेक्षा र मरेपछि पूजा गर्ने ढोँगी समाज र त्यसको विकृत परम्पराप्रति पारिजातले कठोर एवम् मार्मिक व्यङ्ग्य गरेको प्रसङ्ग उल्लेख गर्दै पारिजातले यौवनावस्थामा बाथ जस्तो दुसाद्य रोगको शिकार हुनु र दोस्रो घटना पारिजातको वैचारिक मान्यतामा परिवर्तन आएको टिप्पणी गरेका छन् ।

**रघु पन्तले बिरानो यात्रामा हिँडिन् पारिजात** शीर्षक लेखमा पारिजातलाई बनाउनमा कुनै पुरुषको भूमिका नभएको र यस अर्थमा उनी प्रथम महिला र स्वनिर्मित व्यक्तित्व भएको उल्लेख गरेका छन् ।

प्रगतिशील लेखक सङ्घमा रहँदा पारिजातसँग कटु सम्बन्ध हुन पुगे पनि पछि सम्बन्ध सुध्रेको बताएका छन् ।

**मोहन दुवालले पारिजात : पारिजात : पारिजात** शीर्षक लेखमा साहित्य सिर्जनाको साथै विभिन्न संघ-संस्थामा संलग्नता देखाएकी पारिजातले मानव अधिकार, महिला मुक्ति, प्रगतिशील लेखन र बन्दी सहायताको दौरानमा उहाँको सक्रियता उल्लेखनीय रहेको जनाएका छन् ।

**डी.आर. पोखरेलले पारिजातलाई कसरी सम्मान गर्ने** ? शीर्षक लेखमा पारिजातले **शिरीषको फूल** च्याति दिए हुन्छ भन्नु उनमा पछिल्लो समयमा वर्ग दर्शनको महत्त्व र वर्ग सङ्घर्षको आवश्यकताबोध भएर भएको बताएका छन् ।

पारिजातलाई **शिरीषको फूल** भित्र मात्र खोज्नु उनको वास्तविक छविलाई धमिल्याउनु र उहाँलाई अपमान गर्नु हो भन्ने तर्क पोखरेलले अघि सारेका छन् । शोषित पीडित वर्गप्रतिको प्रतिबद्धता र वैचारिक दृढताबाट पहिले उहाँले प्रगतिवादी साहित्यकारको रूपमा व्यक्तित्व निर्माण गरेको र त्यसैमा उहाँको राष्ट्रिय व्यक्तित्व झुल्किएको दावा गरेका छन् ।

पारिजातलाई मूल्याङ्कन गर्दा पहिले निर्विवाद राष्ट्रिय व्यक्तित्व बनाएर वैचारिक प्रतिबद्धताको आधारमा अंश लिने नभई एक वर्ग प्रतिबद्ध लेखकको रूपमा स्थापित गरेर राष्ट्रिय व्यक्तित्वको रूपमा सम्मानित गर्नु उहाँको वास्तविक सम्मान भएको बताएका छन् ।

### ४.२.२.२ ज्ञानगुनका कुरा (पारिजात स्मृति अङ्क)

**ज्ञानगुनको** कुराले भाग २२ **पारिजात स्मृति अङ्क भाग- १** को रूपमा प्रकाशित गरेको छ । यसमा १७ जना लेखकहरूका पारिजातसम्बन्धी लेखहरू प्रकाशित छन् ।

**आनन्ददेव भट्टले पारिजात आकाश हुन् !** शीर्षक लेखमा पारिजातमा नेतृत्वदायी शक्ति असाधारण रहेको र विभिन्न क्षेत्रमा उनको कुशलता देखिएको बताएका छन् ।

**बादेपाले पारिजातः केही नमेटिएका डोबहरू** मा नेपाल नेशनल कलेजमा पारिजातसँग पढे पनि खासै चिनजान नभएको, शिरीषको फूलको भाषा आफूले सम्पादन गरेको र **बैंसको मान्छे** सेन्सरबाट पास गराउन आफूले पहल गरेको घटना स्मरण गरेका छन् ।

**ध्रुवचन्द्र गौतमले पारिजात स्मृतिका रेखाहरू** मा २०१९-२०२० सालतिर पुतलीसडकमा पारिजातलाई उनकै कोठामा भेटेको र पछि पनि उनीबाट प्रभावित रहेको बताएका छन् ।

**अरूणा उप्रेतीले पारिजातः केही संस्मरण** मा २०४४ सालमा पहिलो पटक भेट भएको प्रसंग अघि सार्दै उनीसँग आफ्नो निकटता रहेको घटना स्मरण गरेकी छन् ।

**खगेन्द्र सङ्ग्रौलाले शिरीषको फूल र पारिजात** शीर्षक लेखमा आफू आइ.ए. मा पढ्दा **शिरीषको फूल** को बारेमा थाहा पाएको र पछि सो कृति सम्बन्धमा लेखिएका लेखहरू पढे पछि साहित्य वैचारिक सङ्घर्षको माध्यम भएको आफूलाई लागेको बताएका छन् ।

कुन्द टण्डनले पारिजातले आफ्नो बाटुलो अनुहार देखेर उपन्यासको पात्र **बाटुली** राखेको र आफूलाई बताएको प्रसङ्ग अघि सार्दै बालबालिका एवम् बन्दीका पक्षमा उहाँले गरेका कार्यहरू स्मरणीय हुने बताएका छन् ।

### ४.२.३ पारिजात स्मृति ग्रन्थ

पारिजातको योगदानलाई चिरस्थायी बनाउने र जनसमूदायकाबीचमा पुऱ्याउने उद्देश्यले **पारिजात स्मृति केन्द्रले पारिजात स्मृति ग्रन्थ** (२०५०) प्रकाशनमा ल्याएको छ । यस ग्रन्थमा मूल्याङ्कन खण्ड, संस्मरण खण्ड, इतिहासको पानाबाट, अङ्ग्रेजी खण्ड, श्रद्धाञ्जली खण्ड, पारिजातबारे विभिन्न संघ-संस्थाहरू, पारिजातका सम्बन्धमा विभिन्न व्यक्तिहरू, छायाचित्रमा पारिजात प्रकाशित भएको पाइन्छ । यसमध्ये मूल्याङ्कन खण्ड र संस्मरण खण्ड महत्त्वपूर्ण सामग्रीहरू हुन् । यस ग्रन्थमा प्रकाशित रचनाहरू कतिपय लेखकहरूले आफ्ना कृतिमा प्रकाशित

गरेको पाइन्छ । पारिजातको अध्ययनका सन्दर्भमा कृतिमा प्रकाशित भएका र पहिले उल्लेख भइसके बाहेकका सामग्रीहरू यहाँ प्रस्तुत गरिएको छ ।

### ४.२.३.१ मूल्याङ्कन खण्ड

**तुलसी भट्टराईले पारिजात : नारी अस्मिता र दृष्टिकोण** लेखमा धेरैजसो लेखकका उपन्यास-कथामा पुरुषले भोगेर अलपत्र पारिएका स्वास्नी मान्छेहरूको पीडा, दर्द, विवश, बँचाइ वा मृत्यु वर्णन पाइएकोमा त्यसको ठीक उल्टो पारिजातले पुरुषको अवस्था चित्रण गरेर नारी महत्ता स्विकारेको टिप्पणी गरेका छन् ।

पारिजातका स्वास्नीमान्छे-पात्राहरू, अरू साहित्यकारका कृतिमा जस्तो आडम्बर, अस्तितवहीन र सामाजिक, पारिवारिक अत्याचार, अन्याय र शोषणबीच बाँच्न विवश नभएको, केही पात्रहरूको विवशता देखाइए पनि अधिकांश आफ्नै स्वतन्त्र अस्तित्व लिएर सङ्घर्षसाथ बाँच्नका लागि प्रयासरत रहेको भट्टराई बताउँछन् ।

**जगदीशचन्द्र भण्डारीले पारिजात : आफ्नै आत्मकथामा** शीर्षको लेखमा पारिजातका आत्मकथामा आस्थागत द्वन्द्व र अन्तःजगत्काबीच सङ्घर्ष रहेको उल्लेख गर्दै घातहरूबाट छिया-छिया परेको उनको अन्तर्जीवन र बाह्यजीवन ज्यादै नै सहज र स्वभाविक रूपमा प्रतिबिम्बित भएको दावा गरेका छन् ।

**मुरारी अर्यालले समाज वैज्ञानिक विश्लेषणमा पारिजातका उपन्यासहरू** शीर्षक लेखमा पारिजातलाई नेपाली साहित्यको अद्वितीय उपन्यासकार भनेका छन् । समकालीन नेपाली उपन्यासकारहरूमा पारिजातको समस्तरमा उभिन सक्ने अरू उपन्यासकार कोही नभएको र नेपाली समाजको सामाजिक पृष्ठभूमिको आधारमा उभिएर छोटो क्यानभासमा बृहत् परिवेशलाई उद्घाटन गर्न सक्नु उपन्यासकार पारिजातको विशेषता भएको बताएका छन् ।

होम सुवेदीले **शिरीषको फूल प्रकाशन अवस्थाका पारिजातका केही धारणाहरू** मा व्यक्तिगत जीवन र साहित्य सम्बन्धमा पारिजातले अन्तर्वार्तामा व्यक्त गरेका चिन्तनहरू प्रस्तुत गरेका छन् । मार्क्सवादी धारणापछि बढी झुकाव भए पनि सुरुदेखि नै उनी त्यो धारणासँग निकट रहेको दावा गरेका छन् । निम्नवर्गका जीवनको उत्थान गर्ने सम्भावना आदर्शवादमा भन्दा मार्क्सवादमा बढी भएको उनलाई विश्वास भएको बताएका छन् ।

**हीरामणि शर्माले पारिजातका उपन्यास-यात्राको थप उपलब्धी अनिदो पहाडसँगै** मा पारिजातका अरू प्रगतिशील उपन्यासहरूका तुलनामा **अनिदो पहाडसँगै** वैचारिक सचेतता र यथार्थवादी चित्रणपद्धतिका दृष्टिले सर्वोत्कृष्ट रहेको बताएका छन् । नेपालको राजनैतिक इतिहासमा २०३५-३६ सालको राष्ट्रव्यापी विद्यार्थी आन्दोलन र राष्ट्रिय जनमतसङ्ग्रहको घोषणा एउटा अविस्मरणीय घटना हो र यसै ऐतिहासिक घटनाको सेरोफेरोभित्र पर्ने सामाजिक राजनैतिक पर्यावरण र पृष्ठभूमि प्रस्तुत उपन्यासमा अङ्कित भएको शर्माको दावा छ ।

**राजेन्द्रप्रसाद अधिकारीले आधी आकाशभित्रकी पारिजात** शीर्षक लेखमा महिलाका समस्या र मूक्तिको प्रश्नलाई पारिजातले वर्गीय रूपमा हेर्नुभएको बताएका छन् । वास्तविक महिला मुक्ति

भनेको सामन्तवादी एवम् पूँजीवादी सामाजिक संरचनाको विरुद्ध सम्पूर्ण शोषित पीडित जनताले संगठित रूपमा गर्ने वर्गसङ्घर्षद्वारा स्थापित हुने नयाँ राज्य व्यवस्थाको स्थापनापछि मात्र संभव हुन्छ भन्ने दृष्टिकोण उहाँमा रहेको पाइने अधिकारीको दावा छ ।

**राजेन्द्र सुवेदीले पारिजातको बदलिँदो चिन्तन प्रणालीको प्रारम्भिक चरणः तोरीबारी, बाटा र सपनाहरू** शीर्षकको लेखमा यस पूर्वका उपन्यासका पात्रहरू पूर्णतः अन्तर्मुखी भए पनि यस उपन्यासमा भने तिनै पात्रहरू बहिर्मुखी भएको बताएका छन् । मान्छेलाई धनी वा गरिब वर्ग विषमताले बनाएको तथ्य यस उपन्यासमा आएको सुवेदीको तर्क छ ।

प्रगतिवादी उपन्याससम्म आइपुग्न आधार यस उपन्यासले खडा गरेको उनी बताउँछन् ।

**आनन्ददेव भट्टले बैंसालु वर्तमानः पारिजातको काव्यात्मक जवाफ** शीर्षक लेखमा अलि अस्पष्ट कविता बाहेक अन्य कविता सुन्दर विचार वा प्रयोग वा बिम्बका निमित्त उदाहरणका निमित्त निकाल्न सकिने बताएका छन् । सशक्त र सुन्दर विचारले घनीभूत भएका कविताहरू मनमा टिप्न सकिने उनको तर्क छ ।

समग्रमाभन्दा **बैंसालु वर्तमान** भित्रका अधिकांश कविताहरू विश्वका सम्पूर्ण श्रमजीवि जनताको सङ्घर्षशील जीवनलाई चढाइएका हार्दिक श्रद्धाञ्जली पुष्पगुच्छा हुन् र तिनको सुवास दिग्‌दिगन्तसम्म फैलने गरेको उनको दावा छ ।

**शरद क्षेत्रीले पारिजात : पर्खालभित्र र बाहिर** शीर्षक लेखमा कला र विचार पक्षको सन्तुलनको निर्वाह **अनिदो पहाडसँगै** भन्दा **पर्खालभित्र र बाहिर** मा कुशलतापूर्वक गरिएको र यो उपन्यास **बैंसको मान्छे** भन्दा पनि सबल र सफल उपन्यास भएको बताएका छन् ।

शार्दूल भट्टराईले **पारिजातः युवा लेखकहरूकी प्रेरक व्यक्तित्व** मा नीतिगत मतभेदलाई लिएर हुने गरेका बहस र वादविवादहरूमा आफ्नो अडानमा नडगमगाउने उहाँको स्वभावलाई विभिन्न व्यक्तिले विभिन्न ढङ्गले बुझ्े पनि युवा लेखकका लागि उहाँको प्रस्तुति सँधैभरि अत्यन्त नरम, शिष्ट र स्नेहपूर्ण हुने गरेको बताएका छन् ।

**उत्तम पन्तले कथाा साहित्यमा पारिजातको स्थान** मा उनको प्रवेशसँगै आधुनिक नेपाली कथाले क्रमशः अस्तित्ववाद र विसङ्गतिवादलाई भित्र्याएको चर्चा गर्दै अस्तित्ववाद र विसङ्गतिवादको प्रथम प्रयोक्ताको रूपमा उनको स्थान रहेको दावा गरेका छन् ।

नेपाली साहित्यमा अकथाको थालनी पारिजातबाट भएको पन्त बताउँछन् ।

**डी.आर. पोखरेलले पारिजातको उसले रोजेको बाटो कस्तो बाटो हो** ? मा उपन्यासको उज्ज्वल पक्ष यसको आशावादी प्रवृत्ति, लेखकको सन्तुलन र रोचक शैली भएको बताएका छन् । अन्तर्वस्तुका हिसाबले धेरै गहिरा कुरा प्रकट गरेको उपन्यासले धर्मप्रचारको नाउँमा पश्चिमी साम्राज्यवादले साना गरिब राष्ट्रका नागरिकको इज्जतमाथि खेलवाड गर्ने काम गरेको कुरा इशाई मेशनरीको चर्चा गरी देखाउनु भएको टिप्पणी गरेका छन् ।

उपन्यासको पात्र ज्ञानबहादुरलाई हक्की, साहसी र सिक्ने क्षमता भएको देखाए तापनि उसमा लंफूपन वा आवारापन देखाइएको छ, त्यो खट्किने पक्ष भएको पोखरेल दावा गर्दछन् ।

**रुद्र खरेलले आत्मकथा, संस्मरण र फुटकर निबन्धमा पारिजात** मा पारिजात इमान भएकी साहित्यकार भएको र आफूप्रति आक्रामक आलोचक बन्नु र आफ्नो खराबी विरुद्ध निर्मम जीवन बाँच्नु कठिन भएको र सो कठिन बाटोमा पारिजात हिँडेको कुरा संस्मरणमा आएको बताएका छन् ।

वासुदेव त्रिपाठीले **पारिजातले सिर्जेको साहित्यिक शिखर-शृङ्खलाः एक चर्चा** मा **शिरीषको फूल** औपन्यासिक कलाका कसीमा रूपनारायण सिंहको **भ्रमर** उपन्यास पछि नेपाली भाषामा सिर्जिन पुगेको कलात्मक उत्कृष्ट गुणस्तरको उपन्यास भएको चर्चा गरेका छन् । **पर्खालभित्र र बाहिर** र **उसले रोजेको बाटो** उपन्यास औपन्यासिक प्रभावकारिता र कलात्मक सिद्धिका दृष्टिले **अनिदो पहाडसँगै** भन्दा कम रहेको त्रिपाठी बताउँछन् ।

प्रयोगवादी र प्रगतिवादी दुवै धारा वा कालखण्डमा अलग-अलग वैचारिक र कलात्मक परिपेक्ष्यमा एक अग्रणी र शिखर स्रष्टा रहेको र दुवै कालखण्डकाबीच प्रतिष्ठित बन्न पुग्नु उनको असमान्य साहित्यिक प्राप्ति भएको उनको मूल्याङ्कन छ ।

### ४.२.३.२ संस्मरण खण्ड

**कमल दीक्षितले अथ र इति** शीर्षक लेखमा २०१५ सालमा मदन मेमोरियल स्कुलमा अङ्ग्रेजी टिचर विष्णुकुमारी वाइबासँग भेट भएको, स्कुलको प्रातः प्रार्थना उनैले लेखेको स्मरण गर्दै पछि मदन पुरस्कार ग्रहण समारोहमा उनलाई देखेको बताएका छन् ।

**संजय थापाले न आदि छ न अन्त नै** मा पारिजात साहित्यकारहरूबीच सर्वोत्कृष्ट भएको र उनलाई महिला साहित्यकारको हिसाबले सम्मान गर्नु उनको अपमान गर्नु हो भनेका छन् ।

**मोदनाथ प्रश्रितले भ्यालखाना र पारिजात** मा जेलका निराशामय अँध्यारा कोठाहरूमा उज्यालो बत्ती बन्न पुग्ने र उनले आफ्नो अशक्त शरीर निचोरेर निकालेको अमूल्य उर्जाले हाम्रो यात्रालाई गतिशील पार्ने विश्वास राखेका छन् ।

**रामेशले पारिजात दिदीसँगका ती दिनहरू** मा पारिजात आफूहरूको प्रेरणा स्रोत भएको र उनी श्रमजीवी वर्गको शक्ति भएर बाँचिरहने विश्वास राखेका छन् ।

**पूर्ण विरामले मसँगको पारिजात** मा आफ्ना कथाहरू वैचारिक रूपमा क्षतविक्षत हुँदा कलम थन्क्याए हुन्छ भनेको तर पछि **इतिहासका किल्लाहरू** कृतिलाई युगीन दस्तावेज भनेर प्रेरणा दिएको प्रसंग अघि सारेका छन् ।

**दया सिंहले मेरो मित्रः मेरो पारिजात** मा पारिजात आफ्नो निकट मित्र भएको र उनीसँग घण्टौं बहस हुने प्रसङ्ग अघि सार्दै अप्ठ्यारा दिनमा उनले आफू नखाएर पनि बहिनीलाई खाना ख्वाएर काममा पठाउने गरेको दिनको संस्मरण गरेकी छन् ।

**वासुदेव अधिकारीले पारिजातः सङ्घर्ष, आत्मसङ्घर्ष र अनन्त सङ्घर्ष** मा पारिजातले रोग विरुद्ध, साधना निमित्त एवम् प्रेम असफलताको कारण आफ्नो विरुद्धको विभिन्न सङ्घर्ष, आत्मसङ्घर्ष गर्नु परेको प्रसंग अघि सारेका छन् ।

**सुकन्याले अक्षरमा बाँचेकी तिमी ल्याप्चेमा आएर टुङ्गियौ** मा पारिजातको सङ्घर्षमय जीवन, उनको स्वाभिमान, निडरताको चर्चा गर्दै आफ्नो जीवनमा उनको स्थान उच्च रहेको बताएकी छन् ।

**राजकुमार के.सी.** ले **मेरो स्मृतिमा दिदी पारिजात** मा 'साहित्य सन्ध्या' मार्फत पारिजातसँग भेट भएको, आफ्नो कवितासङ्ग्रह 'भुगोलका रेखाहरूबाट' को भूमिका लेख्नु भएको प्रसंग अघि सार्दै हरेक गोवर्धन पूजामा उहाँकहाँ साथीहरूसँग जाने गरेको र आत्मीय सम्बन्ध रहेको बताएका छन् ।

**कुन्द टण्डन**ले **असङ्ख्य क्रियाशील र महिलाहरू जन्मिरहुन्** मा पारिजातसँग बन्दीहरू भेट्न गएको प्रसङगका साथै महिला, बालबालिका एवम् मानव अधिकारको क्षेत्रमा पारिजातको सक्रियाताको चर्चा गरेकी छन् ।

**रायन**ले **सम्भनाको दहभित्र बल्छी हान्दा** शीर्षक लेखमा जनआन्दोलनमा पारिजातको सक्रियता, एवम् निडरताको चर्चा गर्दै अन्तिम समयमा बिरामी कुरुवा भएर साथमा रहेको संस्मरण प्रस्तुत गरेका छन् ।

**कुन्ता शर्मा**ले **छरिएका चित्रहरू** मा पारिजातको जीवन सबैको लागि उदाहरणीय र अनुकरणीय रहेको चर्चा गरेकी छन् ।

**कर्ण थामी**ले **स्वाभिमानकी प्रतिमूर्ति पारिजात दिदी** मा आफ्नो स्वाभिमान र आदर्शमा बाँच्ने पारिजात परोपकारी एवम् साहसी भएको बताएका छन् ।

**शक्ति लम्साल**ले **पारिजातः आफ्नै व्यक्तित्व र प्रतिभाको पुञ्ज** मा आफ्नो अडान, स्वाभिमानमा दृढ रहेकी पारिजात आफ्नो सरलता, विशालता, कार्य क्षमता, लेखनीका कारण स्मरणीय रहने विश्वास राखेका छन् ।

### ४.२.४ निश्कर्ष

पारिजातसम्बन्धी पत्रपत्रिकामा भएका लेखहरूमा पारिजातको लेखन र जीवन सम्बन्धमा प्रकाश पारिएको छ । त्यसमध्ये **गोपीन्द्र पौडल, इन्द्रकुमार श्रेष्ठ सरित्, खुमलाल पौडेल, खगेन्द्र सङ्गौला, रामप्रसाद ज्ञवाली, कृष्णप्रसाद घिमिरे, बमबहादुर थापा जिताली, बालाकृष्ण अधिकारी, ध्रुवचन्द्र गौतम, ऋषिराज बराल**का रचनाहरूमा पारिजातको लेखनका विभिन्न प्रवृत्तिहरूको व्याख्या गरिएको पाइन्छ ।

पारिजातसम्बन्धी स्मृति अङ्कहरूमा जनमतको स्मृति अङ्कको आफ्नै महत्त्व रहेको छ । यस अङ्कमा केही कविता प्रस्तुत गरिनुका साथै विभिन्न लेखहरू प्रस्तुत छन् । प्रकाशित लेखहरूमा **मोदनाथ प्रश्रित, अशेष मल्ल, रायन, मोहनविक्रम सिंह, रमेश विकल, ललिजन रावल, हरिगोविन्द लुइँटेल, देवीप्रसाद सुवेदी, पेनर्जीन, नारायण ढकाल, कुन्दन अर्याल, निनु चापागाईं, कृष्णसेन, रघु पन्त, मोहन दुवाल, डी.आर. पोखरेल**का लेखमा पारिजातका बारेमा महत्त्वपूर्ण जानकारी पाइन्छ । त्यस्तै **ज्ञानगुनका कुरा** को स्मृति अङ्कमा प्रकाशित **आनन्ददेव भट्ट, बादेपा, ध्रुवचन्द्र गौतम, अरूणा उप्रेती, खगेन्द्र सङ्ग्रौला र कुन्द टण्डन**का लेख महत्त्वपूर्ण छन् ।

पारिजातको योगदान चिनाउने महत्त्वपूर्ण ग्रन्थ पारिजात स्मृति ग्रन्थ हो । यस ग्रन्थमा मूल्याङ्कन र संस्मरण खण्ड रहेका छन् । तुलसी भट्टराई, जगदीशचन्द्र भण्डारी, मुरारी अर्याल, हीरामणि शर्मा, राजेन्द्रप्रसाद अधिकारी, राजेन्द्र सुवेदी, शार्दुल भट्टराई, आनन्ददेव भट्ट, रुद्र खरेल, डी.आर. पोखरेल, वासुदेव त्रिपाठीका लेख, संजय थापा, कमल दिक्षित, मोदनाथ प्रश्रित, रामेश, दया सिंह, वासुदेव अधिकारी, शक्ति लम्सालका संस्मरणले पारिजातलाई चिनाउनमा मद्दत पुऱ्याएको छ ।

# पाँचौं परिच्छेद

# kfl/hftsf cWoog k/Dk/fsf dNofªsg

## ५.१ पृष्ठभूमि

'पारिजातको अध्ययन परम्पराको मूल्याङ्कन' शीर्षक अन्तर्गत पारिजातको अध्ययन परम्पराको सर्वेक्षण गर्ने क्रममा प्राप्त सामग्रीहरूलाई विधाका आधारमा व्यवस्थित गर्ने, पहिचान गर्ने, मूल्याङ्कन गर्ने र समालोचकको आँखा नपुगेको क्षेत्रको खोजी गर्ने कार्यको साथै मूल्य निरूपण गर्ने प्रयास गरिएको छ ।

## ५.२ मूल्याङ्कन

यस अन्तर्गत **पारिजातको अध्ययन परम्पराको सर्वेक्षण** शीर्षकमा गरिएको अध्ययनलाई विधागत गम्भीरताको आधारमा मूल्याङ्कन गरिएको छ ।

### ५.२.१ उपन्यास विधामा केन्द्रित अध्ययनको मूल्याङ्कन

पारिजातले आफ्नो साहित्यिक जीवनको ऊर्जा सबैभन्दा बढी उपन्यास विधामा खर्च गरिन् । वि.सं. २०२२ सालमा प्रकाशित **शिरीषको फूल** उनको पहिलो कृति बन्न पुग्यो । यसपछि उनका ९ वटा उपन्यास कृति प्रकाशित भए । १० वटा उपन्यास प्रकाशित गराएकी पारिजातको उपन्यास लेखनको चर्चा पनि अन्य विधाभन्दा बढी नै हुने गरेको पाइन्छ ।

यस अवधिमा वि.सं. २०५०-२०६२ मा पारिजातको बारेमा २२ जना अध्येताहरूले विद्यावारिधि एवम् स्नात्तकोत्तर तहको अनुसन्धान कार्य गरेको पाइन्छ । एक जनाले अन्य स्रष्टाका बारेमा विद्यावारिधि गर्दा पारिजातको बारेमा पनि टिप्पणी गरेको पाइन्छ । यसमध्ये ९ जनाले उपन्यास कृतिको कृतिपरक अध्ययन स्नातकोत्तर तहमा सम्पन्न गरेको पाइन्छ । मंगला थापा, चन्द्रमान श्रेष्ठ र मीठाराम थापाले **उसले रोजेको बाटो** उपन्यासको बारेमा अध्ययन गरेको पाइन्छ । पाशाकान्त थापा 'श्रीष' र शंकर पराजुलीले **शिरीषको फूल** उपन्यासको अध्ययन गरेको पाइन्छ । दीनमणि आचार्य र प्रभुराम आचार्यले **अनिदो पहाडसँगै** उपन्यासको अध्ययन गरेको पाइन्छ । हरिहर चापागाईले **परिभाषित आँखाहरू** र खगेन्द्र जोशीले **अन्तर्मुखी** उपन्यासको कृतिपरक अध्ययन गरेको पाइन्छ ।

त्यसरी नै लीलाधर ज्ञवालीले **प्रगतिवादी उपन्यासमा** र राजन भट्टराईले **विसंगतिवादी उपन्यासमा** स्नात्तकोत्तर तहमा अनुसन्धान पुरा गरेको पाइन्छ । बिना कार्कीले **पारिजातको गद्यकारिता** र पुष्पलाल आचार्यले **नारी पात्रमा** आधारित भएर स्नातकोत्तर शोधकार्य सम्पन्न गरेको पाइन्छ । यसै क्रममा भवानीप्रसाद पाण्डेयले **पारिजातका उपन्यासमा समाजवादी-यथार्थवादी** शीर्षकमा विद्यावारिधि कार्य सम्पन्न गरेको पाइन्छ । ज्ञानु पाण्डेयले **विश्वेश्वर प्रसाद कोइरालाका उपन्यासमा अस्तित्ववाद** शीर्षकको विद्यावारिधि शोधप्रबन्धमा पारिजातको बारेमा पनि चर्चा गरेको पाइन्छ ।

विभिन्न पुस्तकहरूमा पनि पारिजातको उपन्यासकारिताको बारेमा लेखिएको पाइन्छ । **राजेन्द्र सुवेदी, कृष्णहरि बराल र नेत्र एटम, रञ्जुश्री पराजुली, कृष्णप्रसाद घिमिरे र रामप्रसाद ज्ञवाली, कृष्णचन्द्रसिंह प्रधान, डी.पी. अधिकारी**ले पारिजातको उपन्यासकारिताको बारेमा विश्लेषण गरेको पाइन्छ ।

**राजेन्द्र सुवेदी**ले **नेपाली उपन्यास : परम्परा र प्रवृत्ति** मा अस्तित्ववादी र विसंगतिवादी उपन्यासहरूको चर्चा गर्ने क्रममा **शिरिषको फूल, महत्ताहीन, अन्तर्मुखी र बोनी**को बारेमा समालोचनात्मक दृष्टि प्रस्तुत गरेका छन् । त्यसरी नै उनले **सिर्जन विधाका परिधिमा पारिजात** मा पारिजातको समग्र उपन्यासकारिताको विश्लेषण गरेका छन् । कृष्णप्रसाद घिमिरे र रामप्रसाद ज्ञवालीले **आख्यानकार पारिजात** मा पारिजातको समग्र उपन्यासकारिताको सुक्ष्म विश्लेषण गरेका छन् । **कृष्णहरि बराल र नेत्र एटम**ले **उपन्यास सिद्धान्त र नेपाली उपन्यास** मा पारिजातको औपन्यासिक प्रवृत्ति र **शिरिषको फूल** उपन्यासको बारेमा विश्लेषण प्रस्तुत गरेका छन् । रञ्जुश्री पराजुलीले **अन्तर्मुखी**को बारेमा टिप्पणी गरेको पाइन्छ भने डी.पी. अधिकारीले **सामाजिक चेतनाका सन्दर्भमा पारिजातका उपन्यास**को चर्चा गरेको पाइन्छ ।

विभिन्न पत्रपत्रिकामा प्रकाशित फुटकर लेखहरूमा पनि पारिजातको उपन्यासकारिताको अध्ययन गरिएको पाइन्छ । **घनश्याम ढकाल, बमबहादुर थापा जिताली, ध्रुवचन्द्र गौतम, मोदनाथ प्रश्रित, युवराज लुइँटेल, ऋषिराज बराल**ले **शिरीषको फूल** उपन्यासको बारेमा चर्चा गरेका छन् भने **इन्द्रकुमार श्रेष्ठ सरित् र ज्ञानु पाण्डे**ले पारिजातको समग्र उपन्यासकारिताको बारेमा चर्चा गरेको पाइन्छ ।

पारिजात स्मृति ग्रन्थ एवम् पारिजात स्मृति अङ्कमा पारिजातको उपन्यासकारिताबारे विश्लेषण गरिएको छ । **तुलसी भट्टराई, होमसुवेदी, मुरारी अर्याल, हीरामणि शर्मा, राजेन्द्र सुवेदी, शरद क्षेत्री, डी.आर. पोखरेल, बासुदेव त्रिपाठी, अशेष मल्ल, मोहनविक्रम सिंह, नारायण ढकाल, निनु चापागाई,** लगायतका लेखकहरूले उनको उपन्यास लेखनको बारेमा चर्चा गरेको पाइन्छ ।

पारिजातको प्रारम्भका उपन्यासहरू अस्तित्ववादी-विसंगतिवादी चिन्तनबाट अभिप्रेरित भएको लेखकहरूको मत छ । यो जीवनविरोधी शून्यवादले मानवताको खिल्ली उडाएको अधिकांशको मत छ । पारिजातको पछिल्लो चरणमा लेखिएका उपन्यासहरू मार्क्सवादी प्रतिबद्धतामा लेखिएको र यसले आशावादी सोच प्रस्तुत गरेको उनीहरूको तर्क छ । निराशा, कुण्ठा, हताशाबाट सुरु भएको यात्रा राल्फाली विद्रोही चेतना भएर मार्क्सवादी चेतनातर्फ प्रवृत भएको पाइन्छ । पछिल्ला दुई उपन्यास **परिभाषित आँखाहरू र बोनी** मा पूर्व मान्यताभन्दा फरक खाले चिन्तन देखा परे पनि पारिजातमा मार्क्सवादी प्रतिबद्धता भने यथावत रहेको उनीहरूको तर्क छ ।

पारिजातको बारेमा सबैभन्दा बढी **शिरीषको फूल** उपन्यासको चर्चा भएको पाइन्छ । मार्क्सवादविरोधी धारका लेखकहरूले यसलाई उत्कृष्ट कलावादी, महान उपन्यास मानेका छन् भने मार्क्सवादी लेखकहरूले यसलाई निरर्थक, जीवनविरोधी उपन्यास मानेका छन् । यसपछि

पारिजातको **अनिदो पहाडसँगै**, **उसले रोजेको बाटो** र **परिभाषित आँखाहरू** को बारेमा चर्चा भएको पाइन्छ ।

पारिजातसम्बन्धी स्नात्तकोत्तर तहमा अनुसन्धान गर्ने अध्येताहरूले पारिजातका उपन्यास मध्ये पारिजातको **उसले रोजेको बाटो** र **अनिदो पहाडसँगै** लाईबढी प्राथमिकता दिएको पाइन्छ । त्यसरी नै **शिरीषको फूल** को बारेमा त्यसपछि शोध भएको पाइन्छ । **परिभाषित आँखाहरू** र 'अन्तर्मुखी' मा पनि अध्येताहरूको ध्यान जान थालेको पाइन्छ । यसरी हेर्ने हो भने पारिजातका सबै उपन्यासका बारेमा भन्दा अध्येताहरूको व्यक्तिगत रुचिका आधारमा अध्ययन कार्य अघि बढेको देखिन्छ ।

पारिजातको उपन्यासकारिताको बारेमा विभिन्न कोणबाट अध्ययन भएको पाइन्छ । समालोचकहरूले आफ्नो विचारको अनुकुलता अनुसार उनको सिर्जनालाई पनि मूल्याङ्कन गर्ने गरेको पाइन्छ । कसैले पारिजातको विचारको विकास पक्ष र उनको मार्क्सवादी लेखनलाई बढी महत्त्व दिएका छन् भने केहीले चाँही उनको प्रारम्भको कृति **शिरीषको फूल** को महिमागान गाउने गरेको पाइन्छ । विभिन्न विचार, चिन्तन, दृष्टिकोण भएका लेखकहरूले पारिजातलाई अत्यन्त महत्त्व दिएर लेखेको पाइन्छ । नेपाली साहित्यकारहरूमा लोकप्रियताको आफ्नै मानक स्थापना गरेको पारिजातको उपन्यास लेखन आफैमा अजङ्गको पहाड हो, जसको उचाइलाई नाघ्न सहज छैन ।

### ५.२.२ कथा विधामा केन्द्रित अध्ययनको मूल्याङ्कन

उपन्यासपछि पारिजातको कथा कृतिहरूको बारेमा सर्वाधिक चर्चा हुने गरेको छ । यस अवधिमा भएका स्नात्तकोत्तर एवम् विद्यावारिधि शोधमा पारिजातको कथाकारिताको बारेमा अनुसन्धान गरेको पाइन्छ । **गोपीन्द्र पौडेल**ले **प्रगतिवादी नेपाली कथा** र **दीपक गौतम**ले **समकालीन नेपाली प्रगतिवादी कथा** का सम्बन्धमा गरेका विद्यावारिधि शोधमा पारिजातको कथाकारिताको बारेमा पनि लेखिएको पाइन्छ । त्यसरी नै अम्बुभवानी कार्कीले **पारिजातको कथाकारिता** को बारेमा स्नात्तकोत्तर शोध सम्पन्न गरेको देखिन्छ ।

विभिन्न पुस्तकहरूमा पनि पारिजातको कथाकारिताको बारेमा चर्चा हुने गरेको पाइन्छ । **महादेव अवस्थी, कृष्ण गौतम र रञ्जुश्री पराजुली**ले **मैले नजन्माएको छोरो** कथाको बारेमा लेखेको पाइन्छ । **ऋषिराज बराल र कृष्णप्रसाद घिमिरे** **तिउरीको फूल, पायरियाको गन्ध** कथामा, **कृष्णप्रसाद घिमिरे र रामप्रसाद ज्ञवाली, लीला लुइटेल, कृष्णप्रसाद पराजुली, ताराकान्त पाण्डे**यले पारिजातको समग्र कथाकारिताको बारेमा टिप्पणी गरेको पाइन्छ ।

फूटकर लेखहरूमा **गोपीन्द्र पौडेल**ले **नाटकको चौथो चरण** र **कृष्णप्रसाद घिमिरे**ले **सडक र प्रतिभा** कथाको विश्लेषण गरेको पाइन्छ । त्यसरी नै उत्तमप्रसाद पन्तले **पारिजात स्मृति ग्रन्थ** मा पारिजातको कथाकारिताको बारेमा टिप्पणी गरेको पाइन्छ ।

पारिजातको अघिल्लो चरणका **आदिम देश** र **सडक र प्रतिभा** अस्तित्ववादी-विसंगतिवादी चिन्तनमा आधारित र **साल्गीको बलात्कृत आँसु** र **वधशाला जाँदा-आउँदा** प्रगतिवादी चिन्तनमा

आधारित भएको **गोपीन्द्र पौडेल, ऋषिराज बराल र कृष्णप्रसाद घिमिरे र रामप्रसाद ज्ञवाली, लीला लुइटेल, ताराकान्त पाण्डेय, महादेव अवस्थी** लगायतका लेखकहरूको मत रहेको पाइन्छ । पारिजातका पहिलेका कथाहरू निराशा, कुण्ठा, हताशा मात्र प्रदान गरेको र पछिल्लो चरणका कथाहरूले जीवनप्रतिको आशावादको संचार गरेको अधिकांशको मत रहेको छ । पारिजातका पछिल्ला कथाहरू प्रगतिवादी नेपाली कथाका श्रेणीमा राख्न मिल्ने **गोपीन्द्र पौडेल** र **दीपक गौतम**को मत रहेको छ । पारिजातको पहिलो चरणको चर्चित कथा **मैले नजन्माएको छोरा** कथाका बारेमा **महादेव अवस्थी, कृष्ण गौतम र रञ्जुश्री पराजुली**ले विश्लेषण गरेको पाइन्छ । **महादेव अवस्थी**ले यो कथा नवीन शैली र स्वचालित लेखन शैलीमा सिर्जिएको बताएका छन् । **कृष्ण गौतम**ले अघोर व्यक्तिवादी ग्रन्थी र मनोस्तापी अवस्थामा कथा लेखिएको बताउँछन् भने **रञ्जुश्री पराजुली** कथामा महाशून्यवादी र मृत्यु चिन्तन आएको बताउँछिन् । त्यसरी नै **ऋषिराज बराल र कृष्णप्रसाद घिमिरे तिउरीको फूल, पायरियाको गन्ध** कथामा विसङ्गतिवादी चिन्तन आएको, केही अतियथार्थवादी र केही कामवासनासमेत झल्किएको बताउँछन् । गोपीन्द्र पौडेलले **नाटकको चौथो चरण** कथामा वर्गद्वन्द्व स्पष्ट रूपमा देखापरेको बताउँछन् भने **कृष्णप्रसाद घिमिरे सडक र प्रतिभा** कथासङ्ग्रहमा अस्तित्ववादी-विसंगतिवादी चिन्तन आएको बताउँछन् ।

नेपाली कथा साहित्यको क्षेत्रमा पारिजातको योगदान महत्त्वपूर्ण रहेको पाइन्छ । पूर्वार्द्ध चरणमा पाइने कथामा निराशा, कुण्ठा, हताशा पाइन्छ भने उत्तरार्द्ध चरणमा मार्क्सवादी चिन्तन आएको पाइन्छ । यस अवधिमा पारिजातको समसग्र कथाकारिताको अध्ययन कम नै पाइन्छ । **अम्बुभवानी कार्की, उत्तम पन्त, गोपीन्द्र पौडेल, दीपक गौतम**ले पारिजातको समग्र एवम् आंशिक कथाकारिताको अध्ययन भए तापनि अन्य अध्ययनहरू फूटकर रूपमा नै भएको पाइन्छ । फूटकर अध्ययनमा **मैले नजन्माएको छोरो** कथाको अध्ययन बढी पाइन्छ भने कृतिगत रूपमा समग्र अध्ययन गर्ने प्रवृत्ति बढ्दै गएको पाइन्छ ।

### ५.२.३ कविता विधामा केन्द्रित अध्ययनको मूल्याङ्कन

पारिजातले आफ्नो लेखनको प्रारम्भ कविता विधाबाट गरेको पाइन्छ । उनका **आकांक्षा, पारिजातका कविता** र **बैंसालु वर्तमान** गरेर ३ वटा कृतिहरू प्रकाशित देखिन्छन् । पारिजातको कविता सम्बन्धमा **भैरवप्रसाद गेलाल**ले स्नात्तकोत्तर शोध एवम् **ताराकान्त पाण्डेय**ले प्रगतिवादी नेपाली कविताको बारेमा गरिएको विद्यावारिधि शोधमा पारिजातको कवित्वको बारेमा चर्चा गरिएको पाइन्छ ।

विभिन्न कृतिहरूमा पारिजातको कवित्वको चर्चा पाइन्छ । फूटकर अध्ययनमा **ललिजन रावल** र **गोपीन्द्र पौडेल**ले 'बैंसाल वर्तमान' सम्बन्धमा अध्ययन गरेको पाइन्छ । **खगेन्द्र लुइटेल**ले पारिजातको कविता-यात्राको संक्षिप्त चर्चा गरेका छन् भने **सुकुम शर्मा**ले पारिजातको समग्र कविता यात्राको विश्लेषण गरेको पाइन्छ । त्यस्तै पत्रपत्रिकामा प्रकाशित सामग्रीमा **बैंसालु वर्तमान** कवितासङ्ग्रहको बारेमा अध्ययन गरेको पाइन्छ । खुमलाल पौडेलले **बैंसालु वर्तमान**का बारेमा अध्ययन गरेको पाइन्छ त्यस्तै आनन्ददेव भट्टले पारिजात स्मृतिग्रन्थमा **बैंसालु वर्तमान** कृतिको बारेमा अध्ययन गरेको पाइन्छ ।

यस अवधिमा पारिजातका कविताको अध्ययनलाई हेर्ने हो भने सबैभन्दा बढी **बैंसालु वर्तमान** कृतिको बारेमा चर्चा गरेको पाइन्छ । **ललिजन रावल, गोपीन्द्र पौडेल, खुमलाल पौडेलले बैंसाल वर्तमान** कृतिमा केन्द्रित भएर अध्ययन गरेको पाइन्छ । **ललिजन रावल**ले पारिजातले कवितामा पूर्ण उचाइ यसै कृतिबाट पाएको र यी कविताहरू पुराना कविताभन्दा विपरित सोचको भएको बताएका छन् । **गोपीन्द्र पौडेल**ले यस कृतिमा आशावादी, जीवनवादी, परिवर्तनधर्मी सोच गएको दृष्टिकोण प्रस्तुत गरेका छन् । **खुमलाल पौडेल**ले यस कवितासङ्ग्रहलाई नेपाली प्रगतिवादी कविताको प्रतिनिधिसङ्ग्रह भएको बताउँछन् भने आनन्ददेव भट्टले यीकविताहरू सशक्त र सुन्दर विचारले अभिप्रेरित भएको बताउँछन् ।

**भैरवप्रसाद गेलाल आकांक्षा** भन्दा **पारिजातका कविता** सफल भएको र **बैंसालु वर्तमान** उनको कविता यात्राको मूलभूत प्राप्ति भएको बताउँछन् । ताराकान्त पाण्डेय वि.सं. २०३६-२०४५ का पारिजातका कवितामा प्रगतिवादी चिन्तन आएको र श्रमजीवी वर्गको पक्षधर भएको बताउँछन् ।

खगेन्द्रप्रसाद लुइटेल पारिजातको कवितायात्रा **स्वच्छन्दतावाद** भए पनि स्थायित्व भने **प्रगतिवाद**मा पाइने बताउँछन् । विषयवस्तुको बौद्धिक प्रस्तुति र अभिव्यक्तिगत नवीनताका कारण यिनका कवितामा प्रयोगवादी शिल्प स्पष्ट देखिने लुइटेल बताउँछन् ।

सुकुम शर्माको **पारिजातका कविताको अध्ययन** पारिजातको कविताको बारेमा अध्ययन गरिएको प्रमुख ग्रन्थ हो । यसमा पारिजातका कवितालाई २०१३-२०३० सम्म पहिलो चरण र २०३१-२०५० सम्म दोस्रो चरण भनी छुट्टयाइएको छ । पहिलो चरणमा **आकांक्षा** र **पारिजातका कविता**सङ्ग्रह रहेका छन् । यी कवितामा स्वच्छन्दतावादी र निस्सारतावादी चिन्तन पाएको शर्मा बताउँछन् । पछिल्लो चरणको **बैंसालु वर्तमान** मा जीवनप्रतिको मोह र मुक्ति संघर्षप्रतिको विश्वासले पारिजातको वैचारिक उर्जा सशक्त भएको शर्माको तर्क छ ।

यस अवधिमा भएको अध्ययनमा पारिजातको पछिल्लो चरणको कविता कृति **बैंसालु वर्तमान** लाई बढी प्राथमिकता दिएको पाइन्छ । पारिजातका कविताकृतिको अध्ययनमा अघिल्लो चरणको कविता कृतिको अध्ययन कमै भएको पाइन्छ । पारिजातको कविता यात्रा स्वच्छन्दतावाद, अस्तित्ववाद हुँदै प्रगतिवादतर्फ प्रवृत हुँदै गएकोमा अध्येताहरूको एकमत पाइन्छ ।

### ५.२.४ अन्य विधामा केन्द्रित अध्ययनको मूल्याङ्कन

उपन्यास, कथा र कविता बाहेक अन्य विधामा पनि अध्येताहरूले आफ्नो ध्यान केन्द्रित गरेको पाइन्छ । तुलनात्मक रूपमा कम अध्ययन भए पनि थोरबहुत चर्चा भने गरेको देखिन्छ ।

रमेशचन्द्र रोकाले **पारिजातका अन्य विधाको अध्ययन** नामक स्नात्तकोत्तर शोधमा पारिजातका संस्मरण कृति र उनका ३ पत्रहरूको अध्ययन गरेको पाइन्छ । जीवन भोगाइका तीता-मीठा क्षणहरूको प्रस्तुत गरिएको पारिजातका संस्मरणहरू, परिष्कृत लयात्मक भाषाशैली र कलात्मक बान्कीले भरिपूर्ण भएको पाइने साथै उनका पत्रमा जीवनदृष्टिको स्पष्टता पाइने रोका

बताउँछन् । **बाबुराम शर्मा हेमन्त** राल्फाली आन्दोलनको बारेमा गरिएको स्नात्तकोत्तर शोधमा राल्फाकालीन पारिजातका कृतिमा विरोध, आक्रोश र अर्न्तद्वन्द्व पाइने उल्लेख गर्छन् ।

त्यसरी नै **चूडामणि रेग्मी, निनु चापागाई, चैतन्य, गंगा उप्रेती, डी.आर. पोखरेल, रामप्रसाद ज्ञवाली, बालाकृष्ण अधिकारी, शैलेन्द्र साकार, हरिगोविन्द लुइटेल, पवन चामलिङ, खगेन्द्र संग्रौला, सुशील सापकोटा, ध्रुवचन्द्र गौतम, केदार भट्टराई, ईश्वरी अधिकारी, पवन आलोक, नयना प्रधान, मञ्जुल, नारायणप्रसाद अधिकारी, जङ्गब चौहान** आदिले पारिजातको लेखनका विभिन्न बान्की एवम् आफ्ना संस्मरण एवम् सम्झनाहरू उल्लेख गरेर लेखेको पाइन्छ ।

**चूडामणि रेग्मी** पारिजातलाई क्रान्तिकारी, नारी मुक्तिका लागि चिन्तनशील, कर्मठ साहित्यकार ठहऱ्याउँछन् । **निनु चापागाई** पारिजातका सानैदेखि अभौतिक तत्त्वप्रतिको अनास्था, इमान्दारिता, नारी हुनुको पीडा, थिचिएको जातिगत अवस्था र बुद्धदर्शनको प्रभावका सकारात्मक पक्षले अगाडि बढाएको बताउँछन् । **चैतन्य** पारिजातलाई प्रगतिवादी शिविरकी एक सशक्त लेखिका मान्छन् भने **गंगाप्रसाद उप्रेती** उनलाई देवकोटा पछिको सर्वाधिक चर्चित, बहुआलोचित साहित्यकार ठान्छन् ।

त्यसरी नै **पारिजात स्मृति ग्रन्थ** र **स्मृति अंकहरूमा**समेत पारिजातका निबन्ध, संस्मरणका बारेमा चर्चा एवम् टिप्पणी गरिएको पाइन्छ । **जगदीशचन्द्र भण्डारी**ले **पारिजात : आफ्नै आत्मकथा** लेखमा उनका आत्मकथामा आस्थागत द्वन्द्व र अर्न्तःजगतका बीच सङ्घर्ष रहेको बताएका छन् । **राजेन्द्रप्रसाद अधिकारी**ले पारिजातका निबन्धमा नारीका समस्या र प्रश्नलाई पारिजातले वर्गीय रूपमा हेरेको बताएका छन् । **रुद्र खरेल** पारिजात इमान भएको साहित्यकार भएको र आफूप्रति आलोचक बनी आफ्ना खराबी विरुद्ध सङ्घर्ष गरेको मान्छन् । **निनु चापागाई** पारिजातमा कमजोरी भए पनि ती सबल पक्षको तुलनामा नगण्य भएको जनाउँछन् । **डी.आर. पोखरेल** पारिजातलाई **शिरीषको फूल** भित्र मात्र खोज्नु उनको अपमान गर्नु हो भन्ने तर्क आदि सार्छन् ।

यसरी पारिजातको बारेमा यस अवधिमा शोध, समालोचक र संस्मरण लेखन पहिलेभन्दा अत्यधिक भएको पाइन्छ । यस्ता कार्यले पारिजातको योगदानलाई जनसमक्ष ल्याउनमा थप मद्दत पुऱ्याउने निश्चित देखिन्छ ।

## ५.३ निष्कर्ष

आधुनिक नेपाली साहित्यको क्षेत्रमा विशिष्ट योगदान दिने स्रष्टा पारिजातको लेखनका विभिन्न आयामहरू छन् । यस अवधिमा भएका अध्ययन सामग्रीहरूको विश्लेषण गर्दा पारिजातको उपन्यास र कथा विधामा सर्वाधिक अध्ययन एवम् शोधकार्य भएको पाइन्छ । त्यसपछि कविता विधामा अध्ययन भएको पाइन्छ । पारिजात सम्बन्धमा आफ्ना संस्मरणहरू लेख्ने क्रम पनि बढेको पाइन्छ । निबन्ध एवम् आत्मकथाका बारेमा आंशिक रूपमा अध्ययन भए तापनि नाटकको बारेमा चर्चा हुन पाएको छैन । उपन्यासमा पनि सबै कृतिमा समान ध्यान पुगेको देखिँदैन । अघिल्लो चरणका कथा, कविता कृतिको अध्ययन कम भएको पाइन्छ । नेपाली साहित्यको क्षेत्रमा सर्वाधिक चर्चामा रहेका साहित्यकार मध्ये प्रमुख स्थानमा रहने पारिजातको समग्र अध्ययन गर्ने चलन बढ्दै गएको छ । फूटकर रूपमा गरिएको अध्ययनमा केही कृति विशेषको अध्ययन कम भए पनि प्रायः सबै विधालाई हुने गरी अध्ययन भएको पाइन्छ ।

# छैंटौं परिच्छेद

# pk ;xf/

**(मूल्याङ्कनात्मक निष्कर्ष)**

## ६.१ शोधनिष्कर्ष

यस शोधकार्यमा नेपाली साहित्यको अग्रणी साहित्यकार पारिजातको बारेमा भए गरेका अध्ययनको सर्वेक्षण र मूल्याङ्कन प्रस्तुत गरिएको छ । प्रारम्भदेखि २०३० सम्मको सर्वेक्षण **कृष्णप्रसाद अधिकारी**ले, वि.सं. २०३० देखि २०५० मृत्युपूर्वसम्मको सर्वेक्षण शोधकार्य **राजेन्द्र पौडेल**ले गरिसकेकोमा यस शोधमा वि.सं. २०५०, मृत्युपछि - २०६२ सम्मको सर्वेक्षणमूलक शोधकार्य गरिएको छ ।

यस शोधपत्रको **पहिलो परिच्छेद**मा शोध परिचय प्रस्तुत गरिएको छ । यसमा पारिजातको संक्षिप्त परिचय दिनुका साथै पारिजातको बारेमा वि.सं. २०५०, मृत्युपछि भए गरेका कार्यहरूको विवरण दिइएको छ । शोधको उद्देश्य पारिजात सम्बन्धमा पत्रपत्रिका, पुस्तक, शोधपत्र, शोधप्रबन्ध आदिमा भएका सामग्रीहरूको सर्वेक्षण एवम् मूल्याङ्कन गर्नु भनेर देखाइएको छ । यस शोधपत्रलाई ६ भागमा विभाजन गरेर देखाइएको छ ।

**दोस्रो परिच्छेद**मा 'पारिजातको साहित्यिक योगदान' प्रस्तुत गरिएको छ । पारिजातले उपन्यास, कथा, कविता, निबन्ध, आत्मकथा र संस्मरण, नाटक र समालोचना विधामा योगदान गरेकी छन् । पारिजातको सबैभन्दा बढी उपन्यासकार व्यक्तित्व सबल छ, त्यसपछि क्रमशः कथा, कविता, निबन्ध, संस्मरण, नाटक र समालोचना विधामा आफ्नो सिर्जनात्मक खुबी देखाएकी छन् ।

**तेस्रो परिच्छेद**मा पारिजातको अध्ययन परम्पराको सर्वेक्षण (अनुसन्धानात्मक शोधकृतिहरू/पुस्तकाकार कृतिहरू) रहेको छ । पारिजात सम्बन्धमा यस अवधिमा भएका ५ वटा विद्यावारिधि शोधप्रबन्ध र १७ वटा स्नातकोत्तर भएका ५ वटा विद्यावारिधि शोधप्रबन्ध र १७ वटा स्नात्तकोत्तर शोधपत्रमा गरेर २२ जनाले पारिजातको लेखनका विभिन्न पक्षको बारेमा चर्चा भएको पाइन्छ । पारिजातको उपन्यास लेखनको बारेमा सबैभन्दा बढी शोध भएको पाइन्छ । उपन्यास पनि **शिरीषको फूल** र **अनिदो पहाडसँगै**लाई बढी महत्त्व दिएको पाइन्छ । त्यसपछि कथा, निबन्ध, आत्मसंस्मरणमा उपन्यासभन्दा कम शोध भएको र ती कृतिहरूमा पारिजातको प्रगतिवादी चिन्तनको बढी चर्चा भएको पाइन्छ । यस अवधिमा प्रकाशित भएका पुस्तकाकार कृतिमा पारिजातको लेखनको बारेमा २६ जना लेखनले आफ्नो दृष्टिकोण प्रस्तुत गरेको पाइन्छ । यी कृतिहरूमा पारिजातको कृतित्वको वृहत् मूल्याङ्कन गर्ने कार्य निनु चापागाई, चैतन्य, राजेन्द्र सुवेदी, कृष्णहरि बराल र नेत्र एटम, गङ्गाप्रसाद उप्रेती, रामप्रसाद ज्ञवाली र कृष्णप्रसाद घिमिरे, सुकुम शर्मा, डी.आर पोखरेलले गरेको पाइन्छ भने अन्य लेखकहरूले पनि पारिजातको लेखनका विविध पक्षमा प्रकाश पारेको पाइन्छ । समालोचनाका साथै सम्झना समेत प्रस्तुत गरिएको छ ।

सबैभन्दा बढीले उपन्यास त्यसपछि कथा, कविता, निबन्ध, संस्मरण, नाटक विधामा चर्चा गरिएको पाइन्छ ।

**चौथो परिच्छेद**मा 'पारिजातको अध्ययन परम्पराको सर्वेक्षण (पत्रपत्रिका, स्मृति अङ्क र स्मृति ग्रन्थको) बारेमा चर्चा गरिएको छ । यस अवधिमा पत्रपत्रिका २५ जना लेखकहरूमा सामग्रीहरू प्रकाशित पाइन्छन् । गोपीन्द्र पौडेल, इन्द्रकुमार श्रेष्ठ 'सरित्', खगेन्द्र सङ्ग्रौला, खुमलाल पौडेल, रामप्रसाद ज्ञवाली, कृष्णप्रसाद घिमिरे, बालाकृष्ण अधिकारी, ऋषिराज बरालका लेखमा पारिजातको बारेमा सूक्ष्म विश्लेषण गरिएको पाइन्छ । यस अवधिका पत्रपत्रिकामा समीक्षा, समालोचना भन्दा आफ्ना धारणा एवम् सम्झना प्रस्तुत गर्ने कार्य बढी भएको पाइन्छ । यस अवधिमा प्रकाशित पारिजात स्मृति ग्रन्थ महत्त्वपूर्ण ग्रन्थ हो । यसमा विभिन्न लेखकका संस्मरणका साथै समालोचना प्रस्तुत गरिएको पाइन्छ । जनस्तरबाट पारिजातको बारेमा गरिएको यो महत्त्वपूर्ण कार्य हो । राज्यस्तरबाट केही हुन नसके पनि जनताले पारिजातलाई अपार श्रद्धा गरेका छन् । यसै क्रममा **जनमत र ज्ञानगुनका कुरा**ले पनि पारिजात स्मृति अङ्क प्रकाशित गरेको पाइन्छ ।

**पाँचौ परिच्छेद**मा 'पारिजातको अध्ययन परम्पराको मूल्याङ्कन' प्रस्तुत गरिएको छ । पारिजातसँग सम्बन्धित उपन्यास, कथा, कविता तथा अन्य विधामा केन्द्रित अध्ययनको यसमा मूल्याङ्कन गरिएको छ । पारिजातको लेखनको बारेमा सबैभन्दा बढी उपन्यास, त्यसपछि कथा, कविता तथा अन्य विधाको बारेमा चर्चा एवम् मूल्याङ्कन भएको कुरा यस परिच्छेदमा देखाइएको छ ।

छैंठौं परिच्छेदमा उपसंहार (मूल्याङ्कनात्मक निष्कर्ष) दिइएको छ । त्यस्तै सम्भावित शोधशीर्षक सूची पनि दिइएको छ । त्यसपछि परिशिष्टमा पारिजातका कृति, पत्रपत्रिका सूची, फोटो, मूर्तिको फोटो, विज्ञप्तिका साथै पारिजातको हुलाक टिकटको तस्वीर दिइएको छ भने सन्दर्भखण्डमा अनुसन्धानात्मक शोध सूची र सन्दर्भ कृति सूची दिइएको छ ।

वि.सं. १९९० मा दार्जिलिङको लिङ्गिया कमानमा जन्मेकी पारिजात नेपाली साहित्यकी विशिष्ट एवम् प्रतिभाशाली साहित्यकार हुन् । पारिजातको सबैभन्दा बढी १० वटा उपन्यास कृति प्रकाशित भएको पाइन्छ । विभिन्न साहित्यिक चिन्तनको प्रभाव उनका उपन्यासमा पाइन्छ । प्रारम्भमा अस्तित्ववादी, विसंगतिबोध चिन्तन प्रस्तुत गर्छिन् भने पछिल्ला उपन्यासमा समाजवादी यथार्थवादी चिन्तन प्रबल भएर देखा पर्दछ ।

पारिजातको दोस्रो र सशक्त व्यक्तित्व कथा लेखनमा पाइन्छ । अस्तित्ववादी चिन्तनबाट प्रारम्भ भएको उनको कथाकारिता, विसंगतिवादी चिन्तनभित्रको अस्तित्ववादी राल्फाली अराजकतावादी चिन्तन हुँदै मार्क्सवादतर्फ फड्को मारेको देखिन्छ । उनका कथामा नवीन प्रयोगका साथै नवीन शैलीसमेत पाइन्छ ।

पारिजातको साहित्य यात्राको आरम्भ गर्ने विधा कविता हो । प्रारम्भमा स्वच्छन्दतावादी रुमानी प्रवृत्ति पाइन्छ । उनका रचनामा अस्तित्ववादी चिन्तन पनि पाइन्छ । पछिल्लासङ्ग्रहमा रहेका कवितामा भने प्रगतिवादी स्वर टड्कारो रूपमा देखा पर्दछ ।

पारिजातको निबन्ध लेखन पनि सशक्त छ । उनका निबन्धमा नारी स्वतन्त्रता, नारी मुक्तिका स्वर पाइन्छन् । आत्मसंस्मरणमा पारिजातले आफूलाई इमान्दार रूपमा प्रस्तुत गरेको छन् । आफ्ना व्यक्तिगत खराबीप्रति स्वयं आलोचक बन्दै कलात्मक एवम् कलात्मक भाषाशैलीको प्रयोग गरेकी छन् ।

पारिजातका पूर्णाङ्की नाटकमा जीवनमुखी स्वर पाइए तापनि एकाङ्कीमा भने अस्तित्ववादी विसंगतिवादी चिन्तन पाइन्छ ।

फूटकर लेख, रचना, समीक्षा, अन्तर्वार्तामा पारिजातको समालोचकीय रूप देख्न पाइन्छ । पारिजातको लेखन मूलतः सृजनशील साहित्य लेखनमा केन्द्रित भए तापनि उनमा अंशतः द्रष्टा व्यक्तित्व पनि पाइन्छ ।

'पारिजातको अध्ययन परम्पराको मूल्याङ्कन' शीर्षक अन्तर्गत पारिजातको लेखनको मुख्य केन्द्रको रूपमा आख्यान विधा रहेको पाइन्छ । ४१ जना समालोचकहरूले आख्यान विधा सम्बन्धमा आफ्ना दृष्टिकोण आदि सारेको पाइन्छ । जसमध्ये २९ जनाले उपन्यास सम्बन्धमा आफ्नो लेखन केन्द्रित गरेको पाइन्छ । अधिकांश अध्येताहरूले **शिरीषको फूल** को बारेमा चर्चा गर्ने गरेको पाइन्छ । मार्क्सवादी क्षेत्रका अध्येताहरूले पारिजातलाई **शिरीषको फूल** मा सीमित गर्नु उनको लेखनको अपमान हुने ठहऱ्याउँछन् भने मार्क्सवादइतर क्षेत्रका समालोचकहरू यस कृतिलाई उत्कृष्ट कलात्मक कृति ठहऱ्याउँछन् । त्यसपछि **उसले रोजेको बाटो र अनिदो पहाडसँगै** अध्ययन भएको पाइन्छ । १२ जना लेखकहरू पारिजातको कथा लेखनको चर्चा गर्छन् । उनका अघिल्ला कृतिका तुलनामा पछिल्ला चरणका कृतिको बारेमा अध्ययन बढी भएको पाइन्छ । त्यस्तै कवितातर्फ ७ जना लेखकहरूले टिप्पणी एवम् समालोचकीय दृष्टि दिएको पाइन्छ । प्रायः **बैंसालु वर्तमान** कृतिको बारेमा अध्ययन गरिएको पाइन्छ । पारिजातको निबन्ध, आत्मकथाका बारेमा कम अध्ययन भएको पाइन्छ । अन्तर्वार्ता र नाटक बारेमा समालोचकको दृष्टि पुग्नसकेको छैन ।

पारिजातको पछिल्लो चरणमा प्रकाशित कृतिभन्दा पहिले प्रकाशित एवम् चर्चामा आएका कृतिहरूको बारेमा अध्ययन बढी भएको पाइन्छ । यस अवधिमा सबैभन्दा बढी उपन्यास, त्यसपछि कथा, त्यसपछि कथा र त्यसपछि निबन्ध, आत्मकथाको बारेमा भएका मूल्याङ्कन बढी रहेको पाइन्छ ।

## ६.२ सम्भावित शोधशीर्षकहरू

(क) शोधप्रबन्धमा केन्द्रित पारिजातको अध्ययन परम्परा ।

(ख) विभिन्न पत्रपत्रिकामा प्रकाशित सामग्री केन्द्रित पारिजातको अध्ययन परम्परा ।

(ग) विभिन्न पुस्तकहरूमा केन्द्रित पारिजातको अध्ययन परम्परा

(घ) पारिजातको अध्ययन परम्परा (वि.सं. २०६२ पछि)

# cg';Gwfgflds zf]w ;'rL


अधिकारी, कृष्णप्रसाद, “पारिजातको अध्ययन परम्परा”, अप्रकाशित, स्नात्तकोत्तर शोधपत्र, कीर्तिपुर : नेपाली केन्द्रीय विभाग, २०६६ ।

आचार्य, दिनमणि, “अनिदो पहाडसँगै उपन्यासको कृतिपरक अध्ययन”, अप्रकाशित, स्नात्तकोत्तर शोधपत्र, चितवनः वीरेन्द्र बहुमुखी क्याम्पस, २०५८ ।

आचार्य, प्रभुराम, “पारिजातको अनिदो पहाडसँगैको अध्ययन”, अप्रकाशित, स्नात्तकोत्तर शोधपत्र, कीर्तिपुर : नेपाली केन्द्रीय विभाग, २०६० ।

आचार्य, पुष्पलाल, “पारिजातका उपन्यासका नारीपात्रहरूको अध्ययन”, अप्रकाशित, स्नात्तकोत्तर शोधपत्र, काठमाडौं : त्रिचन्द्र बहुमुखी क्याम्पस, २०६२ ।

कार्की, अम्बुभवानी, “पारिजातको कथाकारिता”, अप्रकाशित, स्नात्तकोत्तर शोधपत्र, कीर्तिपुर : नेपाली केन्द्रीय विभाग, २०५२ ।

कार्की, बिना, “पारिजातको कथाकारिता”, अप्रकाशित, स्नात्तकोत्तर शोधपत्र, कीर्तिपुर : नेपाली केन्द्रीय विभाग, २०६१ ।

गेलाल, भैरवप्रसाद, “कवि पारिजातको कवित्त्वको अध्ययन, विश्लेषण र मूल्याङ्कन”, अप्रकाशित, स्नात्तकोत्तर शोधपत्र, कीर्तिपुर : नेपाली केन्द्रीय विभाग, २०५४ ।

गौतम, दीपक, “समकालीन प्रगतिवादी नेपाली कथाका प्रवृतिहरू”, अप्रकाशित, विद्यावारिधि शोधप्रबन्ध, कीर्तिपुर :नेपाली केन्द्रीय विभाग, २०६२ ।

चापागाईं, हरिहर, “परिभाषित आँखाहरू उपन्यासको कृतिपरक अध्ययन”, अप्रकाशित, स्नात्तकोत्तर शोधपत्र, कीर्तिपुर : नेपाली केन्द्रीय विभाग, २०६० ।

जोशी, खगेन्द्र, “अन्तर्मुखी उपन्यासको कृतिपरक अध्ययन”, अप्रकाशित, स्नात्तकोत्तर शोधपत्र, कीर्तिपुर : नेपाली केन्द्रीय विभाग, २०६२

थापा, ‘श्रीष’, पाशाकान्त, “पारिजातका अन्य विधाको विश्लेषणात्मक अध्ययन”, अप्रकाशित, स्नात्तकोत्तर शोधपत्र, कीर्तिपुर : नेपाली केन्द्रीय विभाग, २०५५ ।

थापा, मंगला, “पारिजातको उसले रोजेको बाटो उपन्यासको विश्लेषण तथा मूल्याङ्कन”, अप्रकाशित, स्नात्तकोत्तर शोधपत्र, काठमाडौं : पद्मकन्या बहुमुखी क्याम्पस, २०५७ ।

थापा, मीठाराम, “उसले रोजेको बाटो उपन्यासको कृतिपरक अध्ययन”, अप्रकाशित, स्नात्तकोत्तर शोधपत्र, काठमाडौं : त्रिचन्द्र बहुमुखी क्याम्पस, २०६० ।

पराजुली, शंकर, “अनुराधा, शिरीषको फूल र सुम्निमा उपन्यासको तुलनात्मक अध्ययन”, अप्रकाशित, स्नात्तकोत्तर शोधपत्र, विराटनगर : स्नात्तकोत्तर क्याम्पस, २०५७ ।

पाण्डेय, ताराकान्त, “समकालीन नेपाली कवितामा अभिव्यञ्जित यथार्थ”, अप्रकाशित, विद्यावारिधि शोधप्रबन्ध, कीर्तिपुर : नेपाली केन्द्रीय विभाग, २०५५ ।

पाण्डेय, भवानीप्रसाद, “पारिजातका उपन्यासमा समाजवादी यथार्थवाद”, अप्रकाशित, विद्यावारिधि शोधप्रबन्ध, कीर्तिपुर : नेपाली केन्द्रीय विभाग, २०६२ ।

पाण्डे, ज्ञानु, “विश्वेश्वरप्रसाद कोइरालाका उपन्यासमा अस्तित्ववाद”, अप्रकाशित, विद्यावारिधि शोधप्रबन्ध, कीर्तिपुर : नेपाली केन्द्रीय विभाग, २०६२ ।

पौडेल, गोपीन्द्र, “प्रगतिवादी नेपाली कथाका प्रवृति”, अप्रकाशित, विद्यावारिधि शोधप्रबन्ध, कीर्तिपुर : नेपाली केन्द्रीय विभाग, २०६२ ।

पौडेल, राजेन्द्र, “पारिजातको अध्ययन परम्परा”, अप्रकाशित, स्नात्तकोत्तर शोधपत्र, कीर्तिपुर : नेपाली केन्द्रीय विभाग, २०६६ ।

भट्टराई, राजन, “पारिजातका उपन्यासमा अभिव्यक्त विसङ्गतिवादी अस्तित्ववाद”, अप्रकाशित, स्नात्तकोत्तर शोधपत्र, काठमाडौं : रत्नराज्यलक्ष्मी क्याम्पस, २०६१ ।

रोका, रमेशचन्द्र, “पारिजातका अन्य विधाको विश्लेषणात्मक अध्ययन”, अप्रकाशित, स्नात्तकोत्तर शोधपत्र, कीर्तिपुर : नेपाली केन्द्रीय विभाग, २०५५ ।

श्रेष्ठ, चन्द्रमान, “उसले रोजेको बाटो उपन्यासको कृतिपरक अध्ययन”, अप्रकाशित, स्नात्तकोत्तर शोधपत्र, कीर्तिपुर : नेपाली केन्द्रीय विभाग, २०६० ।

शर्मा ‘हेमन्त’, बाबुराम, “नेपाली साहित्यमा राल्फा आन्दोलन”, अप्रकाशित, स्नात्तकोत्तर शोधपत्र, कीर्तिपुर : नेपाली केन्द्रीय विभाग, २०५० ।

ज्ञवाली, लीलाधर, “पारिजातको प्रगतिवादी उपन्यासको विश्लेषण”, अप्रकाशित, स्नात्तकोत्तर शोधपत्र, कीर्तिपुर : नेपाली केन्द्रीय विभाग, २०६२ ।

**सन्दर्भ कृतिसूची**

अधिकारी, डी.पी., **नेपाली उपन्यास र जनजीवन**, काठमाडौं : चेतना अधिकारी, २०६२ ।

अवस्थी, महादेव, **नेपाली कथा, भाग-२**, काठमाडौं : साझा प्रकाशन, २०५५ ।

उप्रेती, गङ्गाप्रसाद, **व्यक्ति, कृति र प्रवृति**, काठमाडौं : प्रतिभा प्रकाशन, २०५८ ।

गौतम, कृष्ण, **रचनाको रोमाञ्च**, काठमाडौं : नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान, २०५६ ।

घिमिरे, कृष्णप्रसाद र रामप्रसाद ज्ञवाली, **आख्यानकार पारिजात**, काठमाडौं : हजुरको प्रकाशन, २०५८ ।

घिमिरे, कृष्णप्रसाद, (सम्पा.) **पारिजातको नाटकको समीक्षा**, काठमाडौ : क्षितिज प्रकाशन, २०६४ ।

______________, **(सम्पा.)**, **पारिजातका नाटक**, काठमाडौं : साझा प्रकाशन, २०६५ ।

चापागाइँ, निनु, **यथार्थवादी रचनादृष्टि र विवेचना**, काठमाडौं : दिल वरदान/महिम चापागाइँ, २०५१ ।

चापागाइँ, निनु र खगेन्द्र सङ्ग्रौला, **पारिजात स्मृति ग्रन्थ**, काठमाडौं : पारिजात स्मृति केन्द्र, २०५१ ।

चामलिङ, पवन, सम्पा., **पारिजातका संकलित रचनाहरू (भाग १-६)**, सिक्किम : निर्माण प्रकाशन, २०५४ ।

चैतन्य, **मार्क्सवादी कलादृष्टि र समीक्षा**, काठमाडौं : चिन्तन प्रकाशन, २०५४ ।

पराजुली, कृष्णप्रसाद, **सम्झनाका क्षितिजमा**, वाराणसी : साहित्य संगम, २०५९ ।

पराजुली, रञ्जुश्री, **कृति विवेचना**, काठमाडौं : सुनकोशी साहित्य प्रतिष्ठान, २०५६ ।

प्रधान, कृष्णचन्द्रसिंह, **कृति अवलोकन**, काठमाडौ : साझा प्रकाशन, २०५९ ।

प्रभात, विष्णु, **पारिजात र हरिमाया**, काठमाडौं : कल्पवृक्ष प्रकाशन, २०५९ ।

प्रसाई, नरेन्द्रराज, **पारिजातको जीवनकथा**, काठमाडौं : एकता प्रकाशन, २०५७ ।

पाण्डेय, ताराकान्त, **कलासाहित्य : भूमिका र मूल्याङ्कन**, काठमाडौं, चिन्तन प्रकाशन, २०५३ ।

पौडेल, गोपीन्द्र, **सौन्दर्यबोध र समीक्षा विविध**, काठमाडौं : उर्मिला पौडेल, २०५९ ।

बराल, ईश्वर र अन्य, **नेपाली साहित्य कोश**, काठमाडौं : नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान, २०५५ ।

बराल, ऋषिराज र कृष्णप्रसाद घिमिरे, **नेपाली कथा-भाग ३**, काठमाडौं : साझा प्रकाशन, २०५५ ।

बराल, कृष्णहरि र नेत्र एटम, **उपन्यास सिद्धान्त र नेपाली उपन्यास**, ते.स., काठमाडौं, साझा प्रकाशन, २०६६ ।

भट्टराई, घटराज, **नेपाली साहित्यकार परिचय कोश**, काठमाडौं : नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान, २०५१ ।

भट्टराई, जयदेव, **व्यक्तित्व र कृतित्त्व**, काठमाडौं : साझा प्रंकाशन, २०५३ ।

__________, **साहित्यकार परिचय कोश**, काठमाडौं : नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान, २०५४ ।

रावल, ललिजन, **सम्पा., बैंसालु वर्तमान**, काठमाडौं : नेपाल साहित्य गुठी, २०५० ।

रेग्मी, चूडामणि, **पारिजात : परिचय र मूल्याङ्कन**, झापा : वेदकुमारी रेग्मी, २०५० ।

__________, **चिन्तन र समालोचना**, झापा : जुही प्रकाशन, २०५९ ।

__________, **बाईस समालोचना**, झापा : जुही प्रकाशन, २०५९ ।

लुइँटेल, खगेन्द्रप्रसाद, **कविता सिद्धान्त र नेपाली कविताको इतिहास**, काठमाडौं : नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान, २०६० ।

लुइँटेल, खगेन्द्रप्रसाद र अन्य, **नेपाली कविता**, काठमाडौं : विद्यार्थी पुस्तक भण्डार, २०५४ ।

लुइँटेल, लीला, **नेपाली महिला कथाकार**, काठमाडौं : नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान, २०६० ।

शर्मा, सुकुम, **पारिजातका कविताको अध्ययन**, काठमाडौं : सनलाइट पब्लिकेसन, २०६२ ।

सुवेदी, राजेन्द्र, **नेपाली उपन्यास : परम्परा र प्रवृति**, काठमाडौं : साझा प्रकाशन, २०५३ ।

__________, **सृजन विधाका परिधिमा पारिजात**, वाराणसी : भूमिका प्रकाशन, २०५३ ।